न्यायिक समितिका असल अभ्यासहरु

MUNICIPAL ASSOCIATION OF NEPAL
2050

© नेपाल नगरपालिका संघ

सल्लाहकार

- कविता ढुङ्गाना, उपाध्यक्ष, नेपाल नगरपालिका संघ
- भिम प्रसाद ढुङ्गाना, महासचिव, नेपाल नगरपालिका संघ
- प्रभा बराल, संयोजक, केन्द्रीय महिला विभाग, नेपाल नगरपालिका संघ
- बिमला राई, सहसंयोजक, केन्द्रीय महिला विभाग, नेपाल नगरपालिका संघ

बिश्लेषणकर्ता

- इन्दु तुलाधर

सामग्री सम्पादन

- मोतीराम तिमिल्सिना
- नगेन्द्र सापकोटा

सामग्री संयोजन

- सरिता सापकोटा
- रवि वेंजू

प्रकाशन संख्या : २,००० प्रति

डिजाइन र सेटिङ : राम थापा

मुद्रक : बि.जी. प्रिन्टिङ सर्भिस
काठमाडौं, फोनः ०१-४४२५५७८
इमेलः bgprinting2070@gmail.com

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"... Center of Excellence for Judicial Education."

मन्तव्य

नेपालको संविधान (२०७२) को धारा २१७ ले स्थानीय तहको विवाद निरुपण गर्न गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था गरेको छ। संविधानले न्याय छिटो छरितो, प्रभावकारी तथा पहुँच अभिवृद्धि गर्न ससाना विवादहरुको समितिमार्फत निर्णय र मेलमिलाप गरी निरोपण गर्ने व्यवस्था गरेको हो। संविधानमा भएको व्यवस्थालाई पूर्णता दिन न्यायिक समितिको अधिकारक्षेत्र र अन्य व्यवस्थाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके अनुसार कार्यान्वयनको अवस्थामा छ। यसै सन्दर्भमा नेपाल नगरपालिका संघले मौजुदा संविधानमा व्यवस्था भएपछि पहिलो पटक गठन भएका विभिन्न न्यायिक समितिहरुले न्याय निरुपणका सन्दर्भमा गरेका असल अभ्यासहरुलाई संकलन गरी प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। न्यायिक समितिहरुका असल अभ्यासहरुलाई अभिलेखमा राख्ने कार्यले मेलमिलापबाट विवादहरुलाई निरुपण गर्ने नयाँ दृष्टिकोणको उजागर भएको तथा समाजमा न्याय र शान्ति कायम गर्ने लक्षमा सहयोग पुगेको अनुभुति हुन्छ। साथै सेवाग्राहीहरुको घर दैलोमा न्याय पुऱ्याउने उद्देश्य केही हदसम्म सफल भएको देख्दछु। अवश्य पनि प्रस्तुत पुस्तक न्यायिक समितिका पदाधिकारीहरुका लागि सहयोगी हुने र काम कारबाही सहज बनाउन उपयोगी हुने ठान्दछु।

न्यायिक समितिका पदाधिकारीहरू मार्फत हुने विवाद निरुपणको प्रक्रिया वा कार्यविधि व्यवस्थित, सरल, सहज र अनुमानयोग्य तथा विश्वासयोग्य हुन आवश्यक छ। राष्ट्रिय न्यायिक प्रतिष्ठानले समेत स्थानीय स्तरमा विवाद निरोपणका सन्दर्भमा पालना गर्नुपर्ने कार्यविधिहरुको दिग्दर्शन तथा प्रशिक्षण निर्देशिका प्रकाशन गरी प्रशिक्षण संचालन गर्न लागेको सन्दर्भमा प्रस्तुत प्रकाशन स्थानीय न्यायिक समितिमा पदाधिकारी तथा कर्मचारीहरुका लागि थप अध्ययन सामग्रीका रुपमा प्रयोग गर्न सक्ने महसुस भएको छ । यस सन्दर्भमा प्रस्तुत पुस्तकको प्रकाशन मार्फत नेपाल नगरपालिका संघबाट गरिएको प्रयासलाई स्वागत गर्दै भविष्यमा पनि यस्तै प्रकारको सामग्री प्रकाशनका लागि शुभकामना समेत व्यक्त गर्दछु ।

२०७७/१२/१०

वैद्यनाथ उपाध्याय
कार्यकारी निर्देशक

मनमैजु, काठमाडौं
E-mail : info@njanepal.org.np
Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451

मन्तव्य

नेपालको संविधानको भाग १७ को धारा २१७ मा व्यवस्था गरिएको न्यायिक समिति अर्न्तगत उपधारा १ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाँउपालिका वा नगरपालिकाले प्रत्येक स्थानीय तहको उपप्रमुखको संयोजकत्वमा तीन सदस्सीय एक न्यायिक समिति रहने ब्यवस्था गरेको छ। न्यायमा पहुँच आधारभूत मानव अधिकार हो। नेपालको संविधान अन्तर्गत सबै नागरिकका हकमा यसको सुनिश्चितता गर्ने दायित्व राज्यको हुने गरी संरक्षित छ।

न्याय प्रशासन छिटो, छरितो, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी हुनुपर्छ। न्यायिक प्रक्रिया सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधि मैत्री हुनुपर्छ। न्याय प्रशासन र न्यायिक प्रकियाबीच सन्तुलन भयो भने सबैका लागि न्याय सुनिश्चित हुन्छ। विवादको सिर्जना हुने बित्तिकै नागरिक सँगै रहेको सरकारले तुरून्तै न्याय दिएको खण्डमा सबै नागरिकहरूमा न्यायिक पहुँच सरल र सहज हुन्छ। न्यायलाई पहुँचयोग्य बनाउनका लागि न्यायिक समिति एक महत्त्वपूर्ण संयन्त्र हो। संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र अनुरूप बनेका उचित कानुनको प्रभावकारी र सन्तुलित कार्यान्वयनबाट जनताले लोकतन्त्रिक लाभहरू पाएको अनुभूत गर्ने वातावरण निर्माण गर्नुपर्छ। लोकतान्त्रिक लाभहरूको वितरणमा अन्याय भएमा वा लाभबाट वञ्चित हुने वातावरण सिर्जना भएमा वा कसैले कसैलाई लाभ पाउने अवसरमा आघात गरेका तुरून्तै न्याय दिनु स्थानीय सरकारको कर्तव्य हो। यो कर्तव्य पूरा गर्नका लागि न्यायिक समितिको भूमिका महत्वपूर्ण हुन्छ।

संघीयता सहितको राज्यसंरचना अँगालेपछि मुलुक तीन तहको सरकारको अभ्यासमा गएको छ। जनताको सबभन्दा नजिकको सरकार स्थानीय सरकार भएका कारण सकेसम्म स्थानीय विवादहरूलाई स्थानीय तहमै समाधान गर्ने संविधानको मकसद रहेको छ। नेपालका २९३ ओटै नगरपाकिलाकामा न्यायिक समिति मार्फत विवाद निरूपणका अभ्यासहरू भईरहेका छन्। यसै परिवेशमा नेपाल नगरपालिका संघले नेपालका नगरपालिकाहरूबाट न्यायीक निरूपणमा भएका अभ्यासहरू संकलन गरी एक पुस्तक प्रकाशन गर्ने जमर्को गरेको छ। विभिन्न नगरपालिकाहरूमा आउने विवादका प्रकृति र तिनका कानुन सम्मत निरूपणको प्रकृया, नागरिकहरूको न्यायमा पहुँचको अवस्था र नगरपालिकाहरूले संविधान प्रदत्त प्राप्त हकहरूको प्रयोगको अवस्था चित्रण गरिएको प्रस्तुत प्रकाशनबाट सबै सरोकारवालाहरू लाभान्वित हुने अपेक्षा राखेको छु।

अशोक कुमार व्याञ्जु श्रेष्ठ
अध्यक्ष

भूमिका

संविधानको धारा २१७ अनुसार कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० मा न्यायिक समितिले १३ वटा देवानी प्रकृतिका र ११ वटा मेलमिलापका माध्यमबाट मात्र विवाद निरुपण गर्ने प्रस्ट अधिकार दिएको छ । यसर्थ सानातिना झै-झगडा स्थानीयस्तरमै जनप्रतिनिधिहरुबाट मेलमिलाप वा निरुपण गरी समाजमा अमनचयन कायम गर्न मद्दत गर्ने र अदालतमा मुद्दा-मामिला घटाउनु यसको मूल ध्येय देखिन्छ । यसरी स्थानीय तहमा उपप्रमुखहरुको अध्यक्षतामा तीन सदस्यीय न्यायिक समितिले हाल स्थानीय इजलास चलाइ विवाद निरुपण र मेलमिलाप गराइरहेका छन् ।

स्थानीय सरकारका २२ वटा संवैधानिक एकल अधिकारमध्ये १२औँ बुँदामा गाउँ, नगरसभालगायत 'स्थानीय अदालत', मेलमिलाप र मध्यस्थताको व्यवस्था छ । यस प्रावधानका बारे सरोकारवालाहरुले अनभिज्ञता प्रकट गर्छन् भनौं वा धेरैको अझै ध्यान पुगेको छैन । 'स्थानीय अदालत' बारे स्थानीय सरकार सञ्चालन ऐन पनि मौन रहेपछि यसबारे थप प्रस्टता हुने कुरै भएन । न्यायिक समिति स्थानीय अदालत होइन भन्ने कुरा त स्थानीय सरकार सञ्चालन ऐन वि.सं. २०७४ ले दिएको अधिकारको सीमितताबाट पनि प्रस्ट हुन्छ ।

न्यायिक समितिमा राजनीतिक व्यक्तिहरु रहने भएकाले यसको निष्पक्षताबारे सुरूदेखि नै जसरी प्रश्न उठाइने गरेको छ त्यसैगरी समग्र न्यायिक समिति सदस्यहरुको क्षमताका विषयमा विज्ञ तथा न्यायपालिकाबाटै पनि टिप्पणीहरु हुने गरेको छ । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको विगतमा गरेको एक फैसलालाई दृष्टिगत गर्नुपर्ने हुन्छ । प्रमुख जिल्ला अधिकारीले अर्धन्यायिक अधिकार प्रयोग गर्ने आधारको मुद्दाको फैसलामा सबै अर्धन्यायिक निकायहरुले सो भूमिका निर्वाह गर्नुअगाडि न्याय सेवा तालिम केन्द्र वा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट तालिम लिनुपर्ने आदेश छ । तथापि यसको कार्यान्वयनमा सम्बद्ध पक्षले आदेश पालना गरेको देखिँदैन । सङ्घीयताको कार्यान्वयनसँगै विद्यमान न्यायिक समिति अधिकांश महिला उपप्रमुखहरुको नेतृत्वमा सञ्चालन हुनु गर्वको कुरा भएकाले उनीहरुको क्षमता र नेतृत्व विकासमा तीनै तहका सरकार सचेत हुनुपर्छ ।

न्यायिक सेवा संवेदनशील विषय भएकोले सबै नागरिकको पहुँच न्यायिक सेवामा पुऱ्याउनकै निम्ति संविधानले जनताको नजिकको स्थानीय सरकारमा न्यायिक समितिको व्यवस्था गरेको हो । यसलाई सबल र सक्षम बनाउन नेतृत्व तथा क्षमता विकास, कार्यक्षेत्र र संरचनाको प्रस्टता, संस्थागत विकास र व्यवस्थापनमा तीनै तहको सरकारको सहकार्य र समन्वय आवश्यक छ । आगामी दिनमा न्यायिक समितिका कामलाई थप व्यवस्थित र व्यवसायिक बनाउन यो प्रकाशनमा सङ्कलित अभ्यासहरु पनि सहयोगी हुनेछन् भन्ने हाम्रो विश्वास छ ।

.....

कलानिधि देवकोटा
कार्यकारी निर्देशक

विषयसूची

क्र.सं.	विवरण	पृष्ठ
१.	न्यायिक समितिका असल अभ्यासहरूको विश्लेषण	१
	परिच्छेद १: परिचय तथा अध्ययन विधि	१
	परिच्छेद २ : न्यायिक समितिले गरेका विवादहरूको विश्लेषण	५
	परिच्छेद ३ : निष्कर्ष र सुझावहरू	१४
२.	आमा निकालेर पैसाको पोको	१९
३.	सिँचाइ कुलोको विवादमा मलहम बन्यो न्यायिक समिति	२१
४.	मेलमिलापले गरायो जग्गा बाँडफाँड	२२
५.	न्यायिक समितिले जोगायो सुकुम्बासी बन्न	२३
६.	मिलापत्रले दिलायो दुवै पक्षलाई न्याय	२५
७.	अभिभावक खोजिदिने न्यायिक समिति	२७
८.	श्रीमानको स्वीकारोक्तीमा श्रीमतीको माफी	२९
९.	कमला र राजेन्द्रले पाए न्यायिक सम्मान	३१
१०.	असहायको सहारा बन्दै न्यायिक समिति	३३
११.	सदस्यको पैसामा सहकारीको मनपरी	३४
१२.	घर भाडाले उब्जाएको सङ्कट	३६
१३.	अटेरीको सेवा रोक्का	३८
१४.	टुट्न लागेको सम्बन्ध जोगियो	४०
१५.	सरकारी रकममा नक्कली कृषक	४१
१६.	एकल महिलामा फर्किएको खुशी	४२

१७.	जेष्ठ नागरिकको पीडामा मलहम	४४
१८.	मिलापत्रबाट वृद्धालाई न्याय प्राप्त भयो	४६
१९.	वर्षौंदेखिको जग्गाको झमेलामा मेलमिलाप	४८
२०.	पारिवारिक बेमेलपछि घनिष्ट प्रेम	४९
२१.	तारले टुटाएको सम्बन्धमा न्यायिक समिति	५१
२२.	आमालाई सन्तानले पोखरीमा फालेपछि	५२
२३.	माना चामलको दाबीमा नगद उपलब्ध	५४
२४	पानी प्रयोगमा छिमेकीको अवरोध	५६
२५	२९ महिनापछि श्रीमान-श्रीमतीको पुनर्मिलन	५७
२६	इन्गेजमेन्ट (सगाई) को कबोल भङ्ग	५९
२७	मन मिलेपछि आफ्नै काखमा	६०
२८	घरको टप छिमेकीको जग्गामा	६२
२९	सम्बन्ध छुटेको ३० वर्षपछि पुनर्विवाह	६४
३०	सार्वजनिक सम्पत्ति संरक्षणमा न्यायिक समिति	६६
३१	अंशपछि बधशाला व्यवस्थापन	६८
३२	प्लटिङले उत्पादनमा क्षति, क्षतिपूर्तिले मिलायो मन	६९
३३	अवैध फर्मले निम्त्याएको सङ्कट	७१
३४	उजाडिएको बासको क्षतिपूर्ति	७३
३५	विदेशिएका श्रीमान र अंशदावीको मुद्दा	७५
३६	झिनो विषयले निक्लेको कलहलाई न्याय	७७
३७	न्यायिक समितिले छोरालाई बाबु पाल्न सम्झायो	७८
३८	विवाहअगाडि जन्मिएका विशाललाई १४ वर्षपछि अधिकार	८०

३९	प्रतिमाको दुःख-सुखमा न्यायिक समिति	८२
४०	विवाहको २१ वर्षपछि न्याय पाएकी पूर्णिमाको कथा	८४
४१	मजदुरलाई क्षतिपूर्ति	८६
४२	जिउँदै आमाको सम्पत्ति हडप्न छोरोको असफल प्रयास	८८
४३	जिन्दगीको नयाँ मोडमा रमाको हाइहाइ	९०
४४	विवाद कार्यान्वयन तहमै न्यायिक समिति	९२
४५	न्यायिक समितिको निर्णयमा अदालतको सदर	९४
४६	मन मिल्यो, सम्बन्ध फर्कियो	९६
४७	जग्गाधनीको निधनपछि करारले निम्त्याएको सङ्कट	९८
४८	संरक्षणात्मक आदेशपछि मेलमिलापको माध्यमबाट खुशी	१००
४९	टुटेको मन र छोडेको घरमा पुनर्मिलाप	१०२
५०	मिलापत्रबाट समस्याको समाधान	१०४
५१	छिमेकी जिउँदाको जन्ती, मर्दाको मलामी	१०६
५२	सँधियारको समस्यामा अभिभावक बन्यो न्यायिक समिति	१०८
५३	नागरिकको न्यायमूर्ति	११०
५४	छोरीबिरूद्व बाबुको उजुरी	११२
५५	श्रीमतीलाई न्याय, सम्बन्धविच्छेदका लागि पुनरावदेन	११४
५६	गालीगलौजले बढाएको दूरी न्यायिक समितिले मेटायो	११६
५७	फाटेको प्रेममा हुर्किएको बच्चाको भविष्य	११८
५८	जेष्ठ नागरिकप्रतिको व्यवहार परिवर्तन	१२०
५९	छोरी गुमेपछि पैसाको टोकसो	१२१
६०	च्यापेको जग्गा छाडिदिएपछि मिलिजुली	१२३

६१	भत्केपछिको सुन्दर पारिवारिक जीवन	१२५
६२	९२ वर्ष पुगेपछि जीउनीमा खटपट	१२६
६३	साँधले निम्त्याएको सङ्कट समाधान	१२८
६४	आमा-छोरीलाई रक्सी खाएर यातना	१३०
६५	सम्बन्धको तगारोमा ऋणको विश्वास	१३२
६६	वर्षौंपछि डडुवाबासीलाई खानेपानी	१३४
६७	श्रीमानबिरूद्ध श्रीमतीको उजुरी	१३६
६८	सन्दर्भ-सामग्री	१३८

न्यायिक समितिका असल अभ्यासहरुको विश्लेषण

परिच्छेद १: परिचय तथा अध्ययन विधि

१.१ परिचय

स्थानीय तह नेपालको संविधानले सुनिश्चित गरेको राज्यको मूल संरचनाको एक अङ्ग हो । नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानूनबमोजिम गर्ने व्यवस्था गरिएको छ । [१]स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था पनि संविधानमा गरिएको छ ।[२] यी निकायको व्यवस्थापिकालाई गाउँसभा वा नगरसभा भनिन्छ । कार्यपालिकीय कार्यका लागि स्थानीय कार्यपालिकाको रूपमा गाउँ कार्यपालिका र नगरकार्यपालिका रहने व्यवस्था गरिएको छ । यस व्यवस्थाअन्तर्गत वि. सं. २०७४ सालको वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनले सङ्घीय संरचनाअन्तर्गत नेपालको इतिहासमा पहिलो पटक स्थानीय स्वायत्त सरकारको गठन गरी स्थानीय सरकारको अभ्यासको सुरुवात गरेको थियो ।

औपचारिक न्याय प्रणालीमा रहेको कमजोरीलाई सुधार गर्दै कार्यविधिगत रूपमा औपचारिक र अनौपचारिक दुवै प्रकृतिको मिश्रित न्यायिक कार्यविधिसहित संविधानले ७ सय ५३ वटा स्थानीय सरकार (गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका) मा न्यायिक समिति स्थापना गर्ने कार्यादेश दिएको छ । सोही कार्यादेशअनुसार स्थानीय सरकार गठन भएपछि, संविधानको धारा २१७ बमोजिम उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा स्थानीय सभाले न्यायिक समितिको गठन भएको छ । हाल मुलुकभर ७ सय ५३ वटा स्थानीय न्यायिक समिति क्रियाशील छन् । स्थानीय तहको निर्वाचनको परिणामस्वरूप ९१ प्रतिशत स्थानीय तहमा उपाध्यक्ष र उपप्रमुखको रूपमा महिला विजयी भएका कारण, ९१ प्रतिशत न्यायिक समितिको संयोजकको रूपमा महिलाहरूले न्यायिक समितिको नेतृत्व गरिरहेको अवस्था छ ।[३]

त्यसैगरी, न्यायिक समितिले निरूपण गर्ने भनी तोकिएको न्यायिक समितिको अधिकार क्षेत्रको मूल स्रोत नेपालको संविधानको धारा २१७ हो । संविधानको उक्त धाराअनुसार नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा दिइएको २२ वटा अधिकारसित सम्बन्धित विवादहरूको निरूपण गर्ने अधिकार न्यायिक समितिमा रहेको देखिन्छ । तर न्यायिक समितिलाई विभिन्न कानूनले दिएको अधिकार क्षेत्रको विश्लेषण गर्दा ती अधिकारहरू दिएको पाइँदैन ।

स्थानीय तहमै न्याय प्रदान गर्ने प्रणालीलाई संविधानमार्फत नै सुनिश्चित गरी समुदायस्तरमै न्यायिक सेवा पुऱ्याउने उद्देश्यले संविधानले न्यायिक समितिको परिकल्पना गरेको देखिन्छ । समय, लागत तथा प्रभावकारिताका हिसाबले पनि स्थानीय न्यायिक समिति नागरिकहरूको आवश्यकताप्रति बढी उत्तरदायी हुने अपेक्षा राखिएको छ ।[४] न्यायिक समितिको

१ धारा ५६ (१) र (२), नेपालको संविधान, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
२ धारा ५६ (४), नेपालको संविधान, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
३ नेपालमा न्यायिक समिति नजिकबाट नियाल्दा, नेपाल कानून समाज, २०७६ माघ ।
४ ऐ.ऐ. पेज नं १ ।

सेवामा नागरिकहरू विशेषगरी स्थानीय तहमा विद्यमान अन्तर्विविधतालाई ध्यानमा राखी पितृसत्ता र त्यसले सृजना गरेका संरचनागत भेदभाव र असमानताको परिणामस्वरूप विभेदमा परेका महिला, दलित महिला, विविध पहिचान भएका व्यक्तिहरू, ज्येस्ठ नागरिक, अल्पसङ्ख्यक, सिमान्तकृत र समाजमा पछाडि परेका वा पारिएका व्यक्तिहरूको सहज पहुँच, समानता र न्याय, जवाफदेहिता र पारदर्शिता, निष्पक्षता, स्वतन्त्रता र स्वायत्तताको विद्यमानता तथा महिला, विविध पहिचान भएका व्यक्तिहरू, अल्पसङ्ख्यक, सिमान्तकृत र समाजमा पछाडि परेका वा पारिएका व्यक्तिहरूलाई कानूनले दिएको अधिकार क्षेत्रभित्र रहेर विधिसम्मत रूपमा क्रियाशील हुनु नै न्यायिक समितिको सकारात्मक पक्ष हो । यस परिप्रेक्ष्यमा न्यायिक समिति स्थापना भएको लगभग दुई वर्षको अवधिमा न्यायिक समितिले गरेका न्याय सम्पादनको प्रभावकारिता र यसको सबल पक्ष र सुधार गर्नुपर्ने विषयमा नेपाल नगरपालिका संघले विभिन्न समयमा विभिन्न किसिमका क्रियाकलापहरूमार्फत सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको सन्दर्भमा यो अध्ययन गरिएको छ। यसका निमित्त संघले आफैँ न्यायिक समितिहरूलाई पत्राचार गरी उनीहरूबाट प्रभावकारी रूपमा गरिएका विवाद समाधानका घटनाहरू पठाउन अनुरोध गरिएको थियो । त्यसरी प्राप्त भएका घटनाहरूको विश्लेषण परामर्शकर्तामार्फत गराइएको थियो ।

१.२ अध्ययनको उद्देश्य

न्याय प्रशासन राज्यको एउटा प्रमुख कार्य हो । न्यायविना शान्ति, शान्तिविना विकास र विकासविना राज्यको अस्तित्व कल्पना गर्न सकिँदैन । शान्ति र विकासको दृष्टिले मात्र होइन, राजनीतिक आदर्शको रूपमा स्वीकारिएको लोकतान्त्रिक प्रणालीको अस्तित्व पनि धेरै हदसम्म न्यायको शाश्वत मूल्य र मान्यतामा आधारित रहेको हुन्छ । सोही कारण हरेक राज्यमा न्याय सम्पादन कार्यको प्रभावकारिताका लागि विशेष प्रबन्धहरू गरिएको पाइन्छ । यसै सिद्धान्तलाई मध्यनजर गर्दै नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय राज्य व्यवस्थाअन्तर्गत स्थानीय तहहरूमा भएका न्यायिक समितिहरूबाट सम्पादन भइरहेको कार्यहरूको प्रभावकारी अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

अध्ययन तथा विश्लेषणको निचोडलाई प्रकाशन गरी भइरहेका सकारात्मक पक्षहरूको प्रचारप्रसारबाट न्यायिक समितिहरूबाट भइरहेका न्याय सम्पादनका कार्यहरूलाई अझ मजबुत बनाउन योगदान दिनु पनि यस अध्ययनको अर्को उद्देश्य हो । न्यायिक समितिको यो अभ्यास नेपालको सन्दर्भमा एक किसिमले नयाँ अभ्यास भएको कारण न्यायिक समिति गठन भई कार्य गर्दाका बखत भएका कार्यहरूमध्ये सुधार गर्नुपर्ने पक्षहरूलाई सिकाइका रूपमा ग्रहण गरी भविष्यमा सुधारेर अगाडि बढ्न मार्गनिर्देशनका रूपमा पनि यस अध्ययनको निचोडलाई प्रयोग गर्ने उद्देश्य रहेको छ ।

१.३ अध्ययनको क्षेत्र (स्कोप)

यस अध्ययनको क्षेत्र निम्नबमोजिम छन्–

- न्यायिक समितिका कार्यहरूको विश्लेषण गरी न्यायिक समितिले गरेका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरू केलाउने ।
- कानूनले दिएको न्यायिक समितिको अधिकार क्षेत्र र त्यसले व्यवहारमा गरेका कार्यहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- न्यायिक समितिको कार्यलाई अझ प्रभावकारी बनाउन सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी आगामी कार्यक्रमहरूमा आवश्यक परिमार्जनसहित नगरपालिकाहरूको क्षमता विकासमा महत्वपूर्ण टेवा पुऱ्याउन सुझावहरू प्रस्तुत गर्ने ।

१.४ अध्ययनमा प्रयोग गरिएको विधि

स्थानीय तहमा न्याय सम्पादनसँग सम्बन्धित कार्यहरूका लागि संवैधानिक रूपमा जिम्मेवारी प्राप्त न्यायिक समितिका गतिविधिहरूलाई पुस्तक प्रकाशन गरी अभिलेखीकरण गर्ने क्रममा नेपाल नगरपालितका संघले नेपालका २ सय ९३ वटा नगरपालिकाहरूका न्यायिक समितिहरूलाई समितिहरूले विवाद निरूपणमा भए-गरेका सफल कामहरूमध्ये बढीमा दुईवटा उत्कृष्ट कामको विवरण पठाउन पत्राचार गरेको थियो । विवरण पठाउँदा प्रीति फन्टमा १ हजार ५ सय शब्द नबढाई, विवादित पक्षहरूको अनुमतिमा मात्र फोटो र वास्तविक नामहरू खुलाउन र तथ्यपरक एवं छरितो रूपमा पठाउन अनुरोध गरिएको थियो । तत्पश्चात् यस संघअन्तर्गत सातैवटा प्रदेश कार्यालयहरूमार्फत सम्बन्धित नगरपालिकाका न्यायिक समितिहरूमा टेलिफोन सम्पर्क तथा प्रत्यक्ष सम्पर्क गरी प्रकाशनको उद्देश्यमाथि प्रकाश पार्दै आवश्यक तथ्य र फर्मेटहरूको जानकारी गराउँदै उक्त घटना-विवरणहरू इमेलमार्फत माग गरिएको थियो । पत्र प्रेषित गरिसकेपछि भएका संघका हरेक कार्यक्रम, गोष्ठी, बैठक, सभा-समारोहमा यसबारे जानकारी गराउँदै माग गरिएका घटना-विवरणहरूको सङ्कलन गरिएको थियो । यसरी २ सय ९३ वटा पालिकामा पत्राचार गरिएका २ सय ९३ वटा पालिकाहमध्ये यस अध्ययनको अवधिभित्र ६६ वटा पालिकाबाट विवरणहरू प्राप्त भएका थिए । त्यसपछि प्राप्तमध्ये ५० ओटा विवरणहरूलाई विश्लेषण गरिएको थियो ।

यस अध्ययनको लागि प्राप्त विवरणहरूमध्ये तोकिएको ढाँचाअनुसार तथा आवश्यक सूचना समावेश भएका ५० वटा विवरणहरूलाई अभ्क मिहिन रूपमा केलाई प्रतिवेदन तयार गरिएको छ । यस क्रममा ४८ नगरपालिका, १ महानगरपालिका, र १ उपमहानगरपालिका समेटिएको थियो ।



१.५ यस अध्ययनको सिमा

यस अध्ययनको सिमा निम्नबमोजिम रहेको छन्–

- यो विश्लेषण प्रतिवेदनमा नेपाल नगरपालिका संघले मिति २०७६ माघमा पठाएको पत्रको आधारमा मिति २०७६ फागुनभित्र प्राप्त भएका विवरणहरूलाई मात्र समावेश गरिएको छ ।
- प्राप्त घटना विवरणहरूमध्ये पनि तोकिएको ढाँचामा नभएका, न्यायिक समितिले हस्ताक्षर गराएको सहमतिपत्र

जस्ताको त्यस्तै स्क्यान प्रति भएका, हातले तयार गरी फोटोको रूपमा पठाएका, आवश्यक विवरणहरूसमेत अपुग भएका विवरणहरूलाई समावेश गरिएको छैन । अतः जम्मा ५० वटा उपलब्ध विवरणलाई मात्र आधार मानि यो विश्लेषण तयार गरिएको छ । तसर्थ यस प्रतिवेदनको निष्कर्षलाई सामान्यीकरण गर्न सकिँदैन ।

- घटना विवरण सङ्कलनका क्रममा, कस्ता विवरण माग्ने भन्ने सूची तयार गर्दा, विवरण माग्दा कस्तो ढाँचामा माग्ने आदिजस्ता अध्ययन विधि तयार गर्ने क्रममा विश्लेषकको कुनै संलग्नता नभएको र उक्त घटनाहरू न्यायिक समितिका पदाधिकारीहरूले संघको पत्रका आधारमा, तथा प्रत्यक्ष सम्पर्क र टेलिफोनमा गरिएको अनुरोधका आधारमा आफैँले प्रेषित गरी सङ्कलन गरिएको हो । सङ्कलित विवरणहरूका आधारमा मात्र यो विश्लेषण प्रतिवेदन तयार गरिएको हो ।
- यो विश्लेषण नितान्त उपलब्ध गराइएका विवरण तथा न्यायिक समितिलाई कानूनले दिएको अधिकार क्षेत्र तथा कार्यविधिका आधारमा गरिएको छ । यस विश्लेषणका क्रममा विश्लेषकले सम्बन्धित मुख्य सूचनादाताहरूसँग सम्पर्क गरी अन्तर्वार्ता गर्ने, पठाइएको विवरण सही हो होइन भनी पुनः प्रष्टिकरण गर्ने वा सम्बन्धित न्यायिक समितिमा स्थलगत भ्रमण गर्ने तथा सेवाग्राहीहरूसँग छलफल तथा परामर्श गर्ने कार्य गरिएको छैन ।

१.६ प्रतिवेदनको ढाँचा

यो प्रतिवेदनलाई तीनवटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेद अध्ययनको परिचय र अध्ययन विधिसँग सम्बन्धित छ । दोस्रो परिच्छेद न्यायिक समितिले गरेको विवादहरूको विश्लेषणसँग सम्बन्धित छ भने तेस्रो परिच्छेद निष्कर्ष र सुझावहरूसँग सम्बन्धित रहेको छ । आवश्यकताअनुसार प्रत्येक परिच्छेदमा शीर्षक उपशीर्षकहरू दिइएको छ ।

परिच्छेद २ : न्यायिक समितिले गरेका विवादहरुको विश्लेषण

२.१ न्यायिक समितिको अधिकार क्षेत्र र न्यायिक समितिले समाधान गरेका विवादहरुको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ ले न्यायिक समितिलाई निश्चित प्रकृतिको देवानी तथा व्यक्तिवादी प्रकृतिको फौजदारी विवादमा विवादको निरूपण तथा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने अधिकार मात्र दिएको छ जुन तालिका नं.१ मा दिइएको छ ।

तालिका नं.१ : न्यायिक समितिको अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) ले दिएको निरुपण गर्न सक्ने अधिकार	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) ले दिएको मेलमिलापबाट मात्र विवाद समाधान गर्न सक्ने अधिकार
(क) आलीधुर, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग,	(क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाहकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको,
(ख) अर्काको बाली नोक्सानी गरेको,	(ख) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) चरन, घाँस, दाउरा,	(ग) पति-पत्नीबीचको सम्बन्धविच्छेद,
(घ) ज्याला मजदुरी नदिएको,	(घ) अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,	(ङ) गाली बेइज्जती,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,	(च) लुटपिट,
(छ) नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान, लाउन वा शिक्षा-दीक्षा नदिएको,	(छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरूलाई असर पारेको,
(ज) वार्षिक २५ लाख रूपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,	(ज) अरूको आवासमा अनधिकृत प्रवेश गरेको,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,	(झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,	(ञ) ध्वनि प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,
(ट) सँधियारको जग्गातर्फ ईयाल राखी घर बनाउनुपर्दा कानूनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको,	(ट) प्रचलित कानूनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादहरू,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,	
(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।	

माथि उल्लिखित ऐनदेखिबाहेक अन्य विभिन्न सङ्घीय ऐनहरूले पनि न्यायिक समिति, स्थानीय तह तथा जनप्रतिनिधिहरू, वडा कार्यालयलगायतलाई घरेलु हिंसा, बालबालिका, ज्येस्ठ नागरिक, दलित तथा कमैयालगायतको सवालमा विवाद हेर्ने, विवादका सम्बन्धमा सम्बन्धित विवाद हेर्ने अधिकारीसमक्ष समन्वय गरेर पीडितको न्यायमा पहुँच सुनिश्चित गर्ने अधिकार दिएको छ। मूलतः देहायका ऐन तथा प्रावधानहरूले निम्न प्रकृतिका विवादहरू स्थानीय तहले हेर्न सक्ने भनी तोकेका छन्। ती ऐनहरूले स्थानीय तह भनी उल्लेख गरिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) (ङ) ले सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकिएको अन्य विवाद न्यायिक समितिले हेर्न सक्ने प्रावधान राखेको हुनाले उल्लिखित विवादहरू पनि न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्दछन्, जुन तल तालिका नं. २ मा दिइएको छः

तालिका नं. २ : विभिन्न ऐनहरुले न्यायिक समितिलाई दिएको अधिकार[५]

सम्बन्धित ऐन	प्रावधानहरु
घरेलु हिंसा (कसूर तथा सजायँ) ऐन, २०६३ को दफा ४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित व्यवस्थाअनुसार)	घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको सम्बन्धमा न्यायिक समितिमा उजुरी गर्न सकिन्छ। तर घरेलु सम्बन्ध भित्रकाले नै अङ्गभङ्ग गरेको, तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छ्यापिई वा सो पदार्थले पोली, डामी, दली, वा घसी शरीरमा पीडा पुऱ्याएको, शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना, यौनजन्य यातनासम्बन्धी घटनाहरू आएमा न्यायिक समितिले उजुरी दर्ता नगरी यस्ता उजुरीहरू नजिकको प्रहरी कार्यालयमा पठाउने व्यवस्था गर्नुपर्दछ।
ज्येस्ठ नागरिक ऐन, २०६३ को दफा ५४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित व्यवस्थाअनुसार)	ज्येस्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धमा उठेको विवाद न्यायिक समितिले हेर्न सक्दछ। तर ज्येस्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येस्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिनसक्ने व्यवस्था ज्येस्ठ नागरिक ऐन, २०६३ ले गरेको छ। ज्येस्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलग राख्ने वा अलग बस्न बाध्य गराएको अवस्थामा पनि सम्बन्धित पालिका तथा वडा कार्यालयमा उजुरी दिन सकिन्छ।
बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६४	बालबालिकाको अधिकार सुनिश्चित गर्न न्यायिक समितिले बालबालिकासम्बन्धी ऐन, २०७५ अनुसार स्थानीय बालअधिकार समितिसँग मिलेर काम गर्नुपर्ने व्यवस्था गरिएको छ। बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा वा बालअधिकार उलङ्घन भएमा वा कसैले उलङ्घन गरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउन सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे, बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ।

५ तुलाधर, इन्दु, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यास दिग्दर्शन, संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना काठमाडौं, नेपाल, २०७७ काठमाडौं।

सम्बन्धित ऐन	प्रावधानहरु
जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजायँ) ऐन, २०६८ दफा ५ को उपदफा ३ र ४	यस ऐनले जातीय विभेद वा छुवाछूत भनी तोकेको कसूरमा प्रहरीमा उजुरी गर्न सक्ने व्यवस्था गरेको छ। तर, उक्त कसूरसम्बन्धी घटनाको उजुरी प्रहरीले दर्ता नगरेमा वा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही नगरेमा, सो सम्बन्धमा सम्बन्धित व्यक्तिले राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा उजुरी गर्न सक्ने व्यवस्था छ। यसरी स्थानीय तहमा उजुरी पर्न आएका बखत स्थानीय तहले उजुरी दर्ता सम्बन्धमा के भएको हो बुझी आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनुपर्ने व्यवस्था छ।
कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ : दफा १५	यस ऐनमा तोकिएको मुक्त कमैयाको हक अधिकार हनन् गरेको अवस्थामा सोसम्बन्धी स्थानीय निकायका पदाधिकारीले आफूसँग भएसम्म प्रमाण राखी मुद्दा हेर्ने अधिकारीको रूपमा तोकिएको सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी गर्न सक्ने व्यवस्था गरेको छ। यसमा न्यायिक समितिको अधिकार नतोकिएको भए पनि स्थानीय तहको न्यायसँग सम्बन्धित विषयमा विवाद हेर्ने जिम्मेवारी पाएका न्यायिक समितिका संयोजक र सदस्यहरूले मुक्त कमैयाको न्यायको पहुँच सुनिश्चित गर्न पहल गर्न सक्दछन्।

यसरी कानूनले न्यायिक समितिले कस्ता विवादहरू हेर्न सक्दछ भन्ने विषयमा प्रस्ट व्यवस्था गरेको छ। यस सन्दर्भमा यस अध्ययनको प्रयोजनका लागि सङ्कलन गरिएको ५० वटा विवाद समाधानको विवरणको विश्लेषण गर्दा न्यायिक समितिहरूले सम्बन्धविच्छेद, पारिवारिक झगडा, सँधियारले आफ्नो हक नपुग्ने जग्गामा घर, संरचना बनाएको, जग्गा च्यापी खाएको, मदिरा सेवन गरी कुटपिट गरेको, गाली बेइज्जती गरेको, पति-पत्निबीचको झगडा, घरको साँध-सिमानाको विवाद, रकम सापटी लिएको विवाद, कुटपिटजस्ता विवादहरू मेलमिलापको माध्यमद्वारा मात्र समाधान गर्नुपर्ने विवादहरू हेरेको देखिन्छ। त्यस्तैगरी, न्यायिक समिति आफैंले निरूपण गर्न सक्ने अन्तर्गतको विवादमा महिला, ज्येस्ठ नागरिकलाई खान लाउन नदिएको, जग्गा प्लानिङ गर्ने कन्स्ट्रक्सन कम्पनी बिरूद्ध बाली नोक्सान गरेको कारण क्षतिपूर्ति माग गरेको विवादहरू दर्ता भई सो सम्बन्धमा न्यायिक समितिले विवाद समाधान गरेको देखिन्छ।

तालिका नं. ३ न्यायिक समितिमा आएका विवादको प्रकृति

विवाद समाधानका विधिका आधारमा विवादको प्रकृति	न्यायिक समितिमा आएका विवादहरु	सङ्ख्या
मेलमिलापबाट मात्र समाधान गर्न सकिने	सम्बन्ध विच्छेद	६
	सँधियारले हक नपुग्ने जग्गामा संरचना बनाएको	१
	जग्गा च्यापि खाएको	१
	कुटपिट	३
	गाली बेइज्जती	२
	पति पत्निबीचको झगडा	२
	साँध सिमाको विवाद	१
	लेनदेन	१

विवाद समाधानका विधिका आधारमा विवादको प्रकृति	न्यायिक समितिमा आएका विवादहरु	सङ्ख्या
आफैँले निरूपण गर्न सकिने विवाद	महिला, बालबालिका तथा ज्येस्ठ नागरिकलाई खान लाउन नदिएको	१३
	बाली नोक्सान गरेको	१
	बहाल असुल उपर	१
	घरको टप छिमेकीको जग्गामा पुग्ने गरी निर्माण	१
	लेनदेन	३
	पानीको मूलसम्बन्धी विवाद	२
	सिँचाइ	१
	जग्गाको क्षेत्रफल विवाद	१
अन्य	सार्वजनिक कुलो अतिक्रमण	१
	विवाहमा लेनदेन	१
	बाबु नाता कायम	१
	जग्गा खरिद विवाद	१
	जग्गा धितो विवाद	१
	टेलिफोन जडान विवाद	१
	नक्कली किसानलाई अनुदान तथा लेनदेन	१
	नक्कली सँधियार	१
	सहकारीबाट रकम झिक्न नदिएको	१
	ढाँटेर जग्गा पास	१
जम्मा		५०

यसका अतिरिक्त, न्यायिक समितिले विवाद समाधान गरेका विवादहरूलाई केलाउँदा केही न्यायिक समितिले समाधान गरेका विवादहरू न्यायिक समितिको अधिकारक्षेत्रभित्र नपर्ने प्रकृतिका देखिन्छन् । उदाहरणका लागि :

भ्रष्टाचारको प्रकृतिसित मिल्ने विवाद हेर्ने र मिलाउने, नक्कली सँधियार खडा गरी कुखुरा फार्म सञ्चालन गरेको र कर नतिरी व्यवसाय गरेको, वातावरण दुर्गन्धित गरेको, सहकारीबाट रकम झिक्न नदिएको, पितृत्वसम्बन्धी विवाद आदिमा न्यायिक समितिलाई त्यस्तो विवाद हेर्ने अधिकार न्यायिक समितिलाई नभएको अवस्थामा पनि अधिकार क्षेत्रभन्दा बाहिर गएर केही न्यायिक समितिले विवादहरू समाधान गरेको देखिन्छ । लिखित कानून भएको मुलुकमा कुनै पनि

अधिकारी, संस्था वा निकायको अधिकार के हो भन्ने बारेमा कानूनले नै स्पष्ट व्यवस्था तोकेको हुन्छ । कानूनको शासन बलियो भएको समाज तथा राज्यमा कानूनले दिएको उक्त अधिकारभन्दा बाहिर गएर कार्य गर्ने अधिकार कुनै पनि व्यक्ति, अधिकारी वा निकायलाई हुँदैन । न्यायिक समितिले पनि आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर कानूनले अधिकार नदिएको विषयमा 'अधिकार क्षेत्र' ग्रहण गर्न मिल्ने देखिँदैन । कानून नमान्ने अधिकार कसैलाई पनि छैन । न्यायिक समिति र यसका संयोजक र सदस्यहरूले आफ्नो अधिकारको क्षेत्र वा सीमालाई बुझी विवादको समाधान गरेमा मात्र न्यायिक पारदर्शिता, सुशासन र न्यायिक उत्तरदायित्व सुनिश्चित हुन्छ र न्यायिक समितिको संस्थागत दिगोपनालाई सघाउँदछ । परिणामस्वरूप न्यायको उद्देश्य पूरा हुन्छ ।

२.२ न्यायिक समिति आफैंले निरुपण गरेका विवादहरु

न्यायिक समितिको हालसम्मको प्रवृत्तिलाई हेर्दा मेलमिलापबाट नै विवाद समाधानका निमित्त उत्प्रेरित रहेको देखिन्छ । तर मेलमिलापबाट विवाद समाधान गर्न प्रयत्न गर्दा पनि मेलमिलाप हुन नसकेका कतिपय विवादहरू निरूपण गर्ने सूचीमा रहेको अवस्थामा न्यायिक समितिले विवाद समाधानका निमित्त आफ्नो अधिकार प्रयोग गरी विवादको निरूपण गरेको देखिन्छ । जस्तोः श्रीमानले खान लाउन नदिएको विवाद, खानेपानी व्यवस्थापनका सम्बन्धमा एक टोल र अर्को टोलबीच प्रदेश सरकारबाट आएको रकमको प्रयोग कसले गर्ने भन्ने एकपक्षीय रूपमा हस्तक्षेप गरी प्रयोग गरेको जसले परापूर्वकालदेखि प्रयोग गरी आएको मुहानमा समेत हस्तक्षेप गरेको सम्बन्धमा विवाद पानी प्रयोगमा छिमेकीको अवरोध गरेका जस्ता विवादहरूमा सहमतिको प्रयत्न गरेको भए तापनि विवादका पक्षहरूबीच सहमति हुन नसकेपछि न्यायिक समितिले विवादको निरूपण गरेको देखिन्छ । तर यसरी निरूपण गरिएका विवादहरू अत्यन्त कम देखिन्छ ।

भ्रष्टाचारजन्य प्रकृतिको विवादको समाधान

नक्कली किसानलाई अनुदान रकम दिएको सम्बन्धमा विवाद भएकोमा कृषि विकास शाखाका कर्मचारीलाई अनुदानबाट आएको रकम दिएको भन्ने देखिएको कारण सहमतिअनुसार ५० हजार ७ दिनभित्र निज कर्मचारीलाई बुझाउने र अन्य मनमुटाव नगर्ने भन्ने सहमतिसहित मेलमिलाप गराएको । उक्त मेलमिलाप गराउन नगरपालिकामा छलफल गरी सहमति गराएको ।

जिरी नगरपालिकाबाट प्राप्त विवाद समाधानको घटना अध्ययनबाट प्राप्त जानकारीमा आधारित

पितृत्व कायमसम्बन्धी विवादमा न्यायिक समितिमा छलफल गराई बच्चा जन्मँदाका बखत जुन श्रीमानसित थियो सोहीलाई बाबु कायम गर्ने गरी जन्मदर्ता गर्ने गरी मिलापत्र गराइएको ।

विदुर नगरपालिकाबाट प्राप्त विवाद समाधानको घटना अध्ययनबाट प्राप्त जानकारीमा आधारित

२.३ मेलमिलापका माध्यमबाट समाधान गरेका विवादहरुको प्रकृति

न्यायिक समितिले सूचीकृत मेलमिलापकर्ता वा मेलमिलाप केन्द्रमार्फत निश्चित विवादमा मात्र मेलमिलाप गराउन सक्ने अधिकार राख्दछ । यो सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनलगायत अन्य केही ऐनले पनि सो सम्बन्धमा प्रस्ट व्यवस्था गरेको छ । अतः कानूनले मेलमिलाप गराउन सक्ने भन्ने विषयदेखिबाहेक अन्य विवादहरू जसमा कुनै पनि कानूनले सो विवाद हेर्ने अधिकार न्यायिक समितिलाई दिएकै छैन, सो विषयमा मिलापत्र गराउने अधिकार भनै

हुँदैन । यस परिप्रेक्ष्यमा उपलब्ध ५० वटा घटना अध्ययनलाई विश्लेषण गर्दा न्यायिक समितिको कार्यसम्पादन मिश्रित प्रकृतिको देखिन्छ । न्यायिक समितिले महिला ज्येस्ठ नागरिकलाई खान लाउन नदिएको,जग्गा लिने-दिनेसम्बन्धी करारसित सम्बन्धित विवाद, श्रीमानले खान-लाउन नदिएको, सँधियारले आफ्नो हक नपुग्ने जग्गामा घर संरचना बनाएको, सम्बन्धबिच्छेद, खानेपानी व्यवस्थापनका सम्बन्धमा एक टोल र अर्को टोलबीच प्रदेश सरकारबाट आएको रकमका प्रयोग कसले गर्ने भन्ने एकपक्षीय रूपमा हस्तक्षेप गरी प्रयोग गरेको जसले परापूर्वकालदेखि प्रयोग गरी आएको मुहानमा समेत हस्तक्षेप गरेको सम्बन्धमा उत्पन्न विवाद, उपभोक्ता समितिहरूबीच सिँचाइ कुलो, जग्गाको क्षेत्रफल मिलान, बहाल असुरउपर, छोराको पालनपोषन एकल वृद्धा महिलाको पालनपोषण- जिउनी जग्गाबाट धानबाली दिलाई पाऊँ, पानी प्रयोगमा छिमेकीको अवरोध, ९२ वर्षको व्यक्तिको जिउनी जग्गा बुहारी र नातिको नाममा रहेको भन्ने विवाद, इन्गेजमेन्टमा लिएको लेनदेनको मुद्दा, गाली-बेइज्जती तथा कुटपिट, रकम सापटी लिएकोजस्ता विवादहरूमा मेलमिलाप गराएको देखिन्छ । यी विवादहरू मेलमिलाप गराउन सक्ने प्रकृतिअन्तर्गत नै पर्दछन् ।

तर कतिपय पालिकाका न्यायिक समितिहरूले आफ्नो अधिकार क्षेत्र नपर्ने र हेर्न नमिल्ने विवादमा समेत मेलमिलाप गराएको पाइन्छ । पितृत्व कायम गर्नेसम्बन्धी विवाद, भ्रष्टाचारसित जोडिएको विवाद, सम्बन्धबिच्छेद नगरी दोस्रो विवाह गरेको देखिएको तर सम्पत्ति दिने गरी मेलमिलाप गराइएका विषयहरू यसका केही प्रमाणहरू हुन् । ५० वटा विवाद समाधानको विवरण अध्ययन गर्दा यस्ता घटनाहरू कम देखिए तापनि अधिकार क्षेत्रभित्र नपरेको र कानूनले मेलमिलापबाट विवाद समाधान गर्न अधिकार नदिएको विषयमा मेलमिलाप गराउनु कानूनका बिरूद्ध हुन जान्छ । यसले समाज र राष्ट्र तथा विवादका पक्षहरूलाई पर्ने गम्भीर असर अपूरणीय हुनजान्छ । अतः यस्ता कार्यहरू नगर्न न्यायिक समिति, जनप्रतिनिधि

न्यायिक समितिको चुनौती सम्बन्धमा

"सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको सङ्गठन संरचनामा (कर्मचारी दरबन्दीमा) हरेक स्थानीय तहमा १ जना कानून अधिकृत रहनेछ भनी प्रस्ताव गरे पनि पछिल्लो समय प्रशासनतर्फको सहायकस्तर पाँचौं तहको कर्मचारीको मात्र व्यवस्था छ । अतः कानून अधिकृतको व्यवस्था नभएसम्मको लागि वार्षिक रूपमा कानूनी सल्लाहकार परामर्श सेवाबाट लिने भन्ने निर्णय भए पनि प्रत्येक विवादमा कानूनी परामर्श नचाहिने र कानूनी परामर्श आवश्यक पर्दाको बखतमा कानूनी सल्लाकारको समय उपलब्ध नहुने, कुन समय कस्तो प्रकृतिको विवादमा कानूनी परामर्श लिएबापत कति पारिश्रमिक दिने लिने भन्नेमा पनि अन्योल छ । धेरैजसो जग्गासम्बन्धी विवाद आउने र उक्त विवादको सम्बन्धमा विवादका पक्षहरूबाट फिल्ड सर्भेक्षणका लागि प्राविधिक माग गर्ने गरेका छन् । कार्यालयमा पर्याप्त कर्मचारी नहुँदा नापी कार्यालयसँग समन्वय गरी जानुपर्दा दुवै पक्षको समय, दुवै कार्यालयको समय र कानूनी प्रक्रियाले गर्दा विवाद समाधनमा केही ढिलाई भएको महशुस गरिएको छ । साथै, उक्त कार्यमा खटिएका कर्मचारीहरूका लागि थप सेवा सुविधा उपलब्ध गराउनसमेत नसकिरहेको अवस्था छ । न्यायिक समितिको प्रशासनिक काम गर्ने जिम्मेवारी दिएको कर्मचारीलाई पनि कार्यालयले अन्य शाखाहरूको समेत महत्वपूर्ण जिम्मेवारी दिएकाले काम गर्न केही समस्या भएको र अतिरिक्त काम गरेबापत केही सुविधा दिइएको छैन । साथै, कानूनी सल्लाहकारसमेत राख्न सकिएको छैन । न्यायिक सम्पादन गर्ने काम एक संवेदनशील र कानूनी प्रक्रिया पूरा गर्नुपर्ने हुँदाहुँदै पनि जनप्रतिनिधिको नाताले नगरबासी मतदाताहरूको तहबाट धेरै आशा भरोसासाथ साथै धेरै दबाब र अत्यावश्यक दबाब हुँदाहुँदै पनि न्यायिक मनले छिटोछरितो न्याय सम्पादन गर्ने गरिएको छ ।"

गोरखा नगरपालिका

तथा समुदायलाई यस विषयमा सूचना तथा जानकारी दिन आवश्यक हुन्छ, भने न्यायिक समितिलाई अनुगमन गर्ने सम्बन्धित जिल्ला अदालतहरूले पनि यस्ता विषयहरूलाई अनुगमनको प्रतिवेदनमा उल्लेख गरी सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै सुधारका निमित्त पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

२.४ विवाद समाधान र मेलमिलाप

यस अध्ययनका लागि प्राप्त भएका ५० वटा विवाद समाधानको विश्लेषण गर्दा ५० वटा विवादहरूमध्ये अधिकांश विवादहरूमा न्यायिक समितिले मेलमिलापको माध्यमद्वारा विवाद समाधान गरेको पाइएको छ । जम्मा ५० वटा विवादहरूमध्ये ३७ वटा विवाद मेलमिलापबाट, तीनवटा विवादहरूमा न्यायिक समिति आफैंले निरूपण गरेको देखिन्छ भने १० वटा विवादहरू मेलमिलापबाट समाधान गरिएको वा निरूपण गरेको हो भन्ने विषयमा प्रस्ट छैन ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा (२), (३), (४) र (५) मा व्यवस्था गरिएको न्याय सम्पादन प्रक्रियाले न्यायिक समितिलाई मेलमिलापबाट विवाद समाधान गर्न प्रेरित गरेको देखिन्छ । दफा ४७ (२) लाई अनिवार्य मेलमिलाप गराउनुपर्ने सूचीअन्तर्गत राखिएको छ । दफा ४७ (१) मा राखिएको सूचीका सम्बन्धमा पनि यदि कुनै विवाद समितिमा पेश हुन आएमा निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहित गरी पक्षको सहमतिमा मेलमिलाप गराउनुपर्ने व्यवस्था दफा ४९ को उपदफा (२) मा गरिएको छ । मेलमिलापलाई विवाद समाधान गर्ने प्रभावकारी वैकल्पिक उपायहरूमध्ये एक महत्वपूर्ण उपायको रूपमा लिइएको छ ।

खासगरी, स्थानीय तहमा हुने विवाददेखि पारिवारिक विवाद, घरेलु हिंसासित जोडिएका कतिपय विवादहरूमा मेलमिलाप विधि अपनाई विवाद समाधान गर्ने अभ्यास नेपालमा धेरै पहिलेदेखि रहँदै आएको छ । सामान्यतया मेलमिलाप प्रक्रियामा विवादका पक्षहरू स्वयंले समग्र रूपमा अनौपचारिक वातावरणमा पूर्ण विश्वसनीय ढङ्गले विवाद समाधान गर्ने अवसर प्राप्त गर्दछन् र दुवै पक्षको जीत-जीतको अवस्था रहन्छ भनेर मानिन्छ । यस विधिमा विवादका पक्षहरूले यसको आधारभूत प्रक्रिया र परिणाममा नियन्त्रण राख्न सक्दछन् भन्ने विश्वास गरिन्छ । यहाँ मेलमिलापकर्ताको भूमिका भनेको विवाद समाधानको निमित्त सहजीकरणको कार्य गरिदिनु मात्र हो । विवादका पक्षहरू स्वयं सहभागी भई आफ्नो विवाद आफैं समाधान गर्नेतर्फ अग्रसर हुने हुँदा यो विधिलाई समावेशी र सहभागितामूलक विधिको रूपमासमेत लिइन्छ । यस परिप्रेक्ष्यमा यसलाई विश्लेषण गर्दा स्थानीय न्यायिक समितिले विवाद समाधानका निमित्त मेलमिलाप विधि तथा प्रक्रियामा जोड दिनु आफैंमा अत्यन्त सकारात्मक पहल हो ।

२.५ न्यायिक समिति र मेलमिलाप विधि

न्यायिक समितिको न्याय सम्पादन विधिको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ जुन तलको चार्टबाट प्रस्ट हुन्छ । यसरी दफा ४७ (१) र (२) को सूचीमा रहेको विवाद मेलमिलाप गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताकहाँ पठाउनुपर्ने व्यवस्था दफा ४९ को उपदफा ३ मा गरिएको छ । मेलमिलापको माध्यमबाट

नगर प्रमुख, वकिललगायतको संलग्नतामा मेलमिलाप

अदालतबाट फैसला भइसकेको जग्गा खरिद-बिक्रीसँग सम्बन्धित लेनदेनको विवाद जग्गा लिने-दिने गरी वकिल, मेलमिलापकर्ता, कार्यपालिका प्रमुखको संलग्नतामा मेलमिलाप गराएको ।

कालिका नगरपालिकाबाट प्राप्त विवाद समाधानको घटना अध्ययनबाट प्राप्त जानकारीमा आधारित ।

विवाद समाधान गराउन प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्नुपर्ने, योग्य मेलमिलापकर्ता सूचीकृत गर्नुपर्नेजस्ता विषयहरू प्रस्ट रूपमा व्यवस्था गरेको देखिन्छ । यसरी मेलमिलापबाट विवाद समाधान गर्ने कानूनी व्यवस्थालाई हेर्दा न्यायिक समितिको भूमिका भनेको दफा ४७ (२) को सूचीअन्तर्गतको विवाद छ भने सो विषयलाई यकिन गरी आफ्नो कार्यालयमा दर्ता गरी उक्त विवाद समाधान गर्न मेलमिलाप केन्द्रमा पठाउने र सोका लागि विवादका पक्षहरूलाई जानकारी दिनेसम्म रहेको देखिन्छ । दफा ४७ (१) को सूचीमा रहेको विवादका सम्बन्धमा न्यायिक समितिलाई विवाद निरूपण गर्ने अधिकार भए तापनि यदि मेलमिलाप गराउन सक्ने सम्भावना देखेमा मेलमिलाप केन्द्र पठाउनुपर्ने हुन्छ । यस अर्थमा न्यायिक समितिका संयोजक र सदस्यहरू स्वयंले मेलमिलाप गराउने, मेलमिलाप प्रक्रियामा सहभागी हुने भन्ने विषयको परिकल्पना कानूनले गरेको देखिँदैन । कानूनले मेलमिलाप 'योग्य' र 'व्यवसायिक' मेलमिलापकर्ताबाट हुने भन्ने व्यवस्था गरेको छ ।

यस परिप्रेक्ष्यमा न्यायिक समितिले मेलमिलापलाई जोड दिनु आफैँमा यसको सुन्दर पक्ष भए तापनि उल्लिखित ५० वटा घटना अध्ययनको विश्लेषण गर्दा जम्मा ३५ वटा (७० प्रतिशत) विवादमा न्यायिक समिति स्वयंले मेलमिलाप गराएको देखिन्छ भने जम्मा ९ वटा (१८ प्रतिशत) विवादमा मेलमिलाप केन्द्रबाट विवाद समाधान गरेको देखिन्छ । बाँकी ६ वटा (१२ प्रतिशत) विवादमा मेलमिलापबाट विवाद समाधान गरिएको भनिए तापनि न्यायिक समिति स्वयंले गरेको हो कि मेलमिलाप केन्द्रमार्फत सूचीकृत मेलमिलापकर्ताको माध्यमबाट गराएको भन्ने विषयमा प्रस्ट देखिँदैन । कतिपय अवस्थामा वकिल, मेलमिलापकर्ता, कार्यपालिका प्रमुखको संलग्नतामा मेलमिलाप गराएको पनि पाइयो । कानूनले न्यायिक समितिलाई विवाद निरूपण गर्ने अधिकार दिएको छ, तर स्वयंले मेलमिलाप गराउन सक्ने अधिकार दिएको छैन । त्यति मात्र होइन, कानूनले मेलमिलापकर्ताको योग्यता तोक्नुका साथै सम्बन्धित पालिकाले सूचीकृत गरेको दक्ष र योग्य मेलमिलापकर्ताको माध्यमबाट मात्र मेलमिलाप प्रक्रिया अगाडि बढाउनुपर्ने भन्ने व्यवस्था गरेकोमा स्वयं न्यायिक समितिले मेलमिलाप गराउनुले 'विधिसम्मत' रूपमा मेलमिलापको प्रक्रिया अपनाइएन, मेलमिलापका लागि न्यूनतम योग्यता नभएका व्यक्ति र निकायमार्फत मेलमिलाप गराइयो





भन्ने देखिन्छ । यो स्वयम् कानूनको शासनका स्थापित र संस्थागत गर्नका निमित्त ठूलो चुनौती हो । किनभने जुन कानूनले जुन अधिकारी वा निकायलाई जुन विवाद जस्तो तरिकाले समाधान गर्नु भनी तोकेको हुन्छ, सोही अधिकारी वा निकायले मात्र तोकिएको तरिकाले विवाद समाधान गर्नुपर्छ । जस्तै : न्यायिक समितिले निरूपण गर्ने भनी तोकिएको विवाद न्यायिक समितिका तीनैजना सदस्यले संयुक्त रूपमा निरूपण गर्नुपर्छ, कुनै एक सदस्यले वा अन्य व्यक्तिले निरूपण गर्न पाइँदैन । त्यसैगरी, मेलमिलाप गराउने कार्य पनि सूचीकृत मेलमिलापकर्तामार्फत नै गर्नुपर्ने हुन्छ । सूचीकृत मेलमिलापकर्ता भएन, मेलमिलाप केन्द्र स्थापना गरिएको छैन, मेलमिलापसम्बन्धी कार्यविधि बनाइएको छैन । त्यसैले 'आवश्यकता' को सिद्धान्तका आधारमा यस्तो कार्य गरेको हो भन्ने छूट कानूनले दिएको छैन । यसले मेलमिलाप र सो माध्यमबाट गराएको 'मेलमिलाप' को वैधता वा त्यसको 'कार्यान्वयन' मा प्रश्न उठाएको अवस्थामा न्यायिक समितिको उक्त कार्यले वैधता नपाउने अवस्था रहन सक्छ । यो न्याय र न्यायको पहुँच सुनिश्चित गर्ने दुवै सवालका निमित्त ठूलो चुनौतीको रूपमा रहन सक्दछ । तसर्थ यस्तो अभ्यासलाई न्यायिक समितिको स्वस्थ अभ्यासको रूपमा लिन सकिने अवस्था नभएकाले यसमा तत्काल सुधारको आवश्यकता देखिन्छ ।

परिच्छेद ३ : निष्कर्ष र सुझावहरु

३.१ निष्कर्ष

'न्यायिक समिति'लाई नेपालको संविधानले स्थानीय तहको क्षेत्राधिकारभित्रका विवादहरूको निरूपण गर्न स्थापित गरेको महत्वपूर्ण न्यायिक संरचनाको रूपमा लिइएको छ । न्यायिक समितिलाई नेपालको न्यायपालिकाको अङ्गको रूपमा परिकल्पना नगरेको भए तापनि तीन तहको सङ्घीय संरचनामा स्थानीय तहमा न्यायिक समितिको जुन व्यवस्था गरिएको छ, स्थानीय तहलाई न्याय प्रदान गर्नेसम्बन्धी न्यायिक अधिकार दिइनु स्थानीय तहको स्वायत्तता र मजबुतीका निमित्त पनि अत्यन्त सकारात्मक पक्ष हो । यद्यपि न्यायिक समितिमा राजनैतिक पृष्ठभूमिबाट आएका निर्वाचित स्थानीय प्रतिनिधिहरू रहन्छन् । तर स्थानीय सरकार सञ्चालन, ऐन, २०७४ को दफा ४७ को उपदफा (१) मा न्यायिक समितिले आफूसमक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गर्ने उपदफा (२) अन्तर्गतको विवाद न्यायिक समितिले अनिवार्य मेलमिलापमा पठाउने व्यवस्थाले राजनैतिक प्रभाव र हस्तक्षेपबाट न्यायिक समितिलाई मुक्त राख्ने प्रयास गरेको देखिन्छ । जुन आफैँमा सकारात्मक पक्ष हो । यसले न्यायिक प्रक्रियामा विवादका पक्षहरूलाई स्वयं विवाद समाधानका निमित्त उत्प्रेरणा दिने तथा मेलमिलापकर्ताहरू 'योग्य' र 'व्यवसायिक' हुनुपर्ने विषयलाई जोड दिएको छ ।

यस सन्दर्भमा माथिको घटना अध्ययन विश्लेषणले के देखाएको छ भने स्थानीय तहमा न्यायिक समितिहरू गठन भई जुन रूपमा कार्य भइरहेको छ त्यो आफैँमा उत्साहप्रद देखिन्छ । यद्यपि राज्यको तीन तहको पुनर्संरचनापछि पहिलो पटक गठन भएको न्यायिक समितिको अधिकार क्षेत्र, कार्यविधि, न्याय सम्पादन विधि, यस विषयसँग सम्बन्धित कानूनको ज्ञानको कमी, न्यायिक समितिको सञ्चालनका निमित्त आवश्यक पूर्वाधारको निर्माण, मानवस्रोतको व्यवस्थापनलगायत सो सम्बन्धमा अनुभव र पूर्वसिकाइको अभावमा पनि न्यायिक समितिको कार्यलाई जसरी सक्रियतासाथ अगाडि ल्याउने प्रयत्नहरू यो दुई वर्षको अवधिमा भएको छ, यसलाई स्थानीय सरकारको न्यायिक समितिको संस्थागत विकासका निमित्त उपलब्धिमूलक मान्नुपर्दछ ।

समग्रमा न्यायिक समितिमा आएका विवादहरूलाई अध्ययन गर्दा अनिवार्य मेलमिलापबाट विवाद समाधान गर्नुपर्ने प्रकृतिको सम्बन्धबिच्छेद, पारिवारिक झगडा, सँधियारले आफ्नो हक नपुग्ने जग्गामा घर, संरचना बनाएको, जग्गा च्यापी खाएको, मदिरा सेवन गरी कुटपिट गरेको, गाली बेइज्जती गरेको, पति-पत्नीबीचको झगडा, घरको साँध सिमानाको विवाद, रकम सापटी लिएको विवाद, कुटपिटजस्ता विवादहरू आएको देखिन्छ भने केही विवादहरू न्यायिक समितिले निरूपण गर्ने प्रकृतिको पनि रहेको देखिन्छ ।

यसका अतिरिक्त जिल्ला अदालतमा नामसारी बदरमा अनिवार्य जानुपर्ने प्रकृतिका विवाद, पितृत्वसम्बन्धी विवाद, सहकारीबाट रकम झिक्न नदिएको सम्बन्धमा भ्रष्टाचारको प्रकृतिसित मिल्ने विवाद हेर्ने र मिलाउने अधिकार न्यायिक समितिलाई कुनै कानूनले दिएको देखिँदैन । कतिपय पालिकाहरूले यस्ता विवादहरूमा समेत अधिकारक्षेत्र ग्रहण गरी विवाद हेरेको देखिनुलाई न्यायिक समितिको स्वस्थ अभ्यासको रूपमा लिन सकिँदैन । यस अवस्थालाई तत्काल सम्बोधन गर्न आवश्यक देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (३) ले मेलमिलापका लागि न्यायिक समितिले आफूले

सूचीकृत गरेको मेलमिलापकर्ताबाट मात्र मेलमिलाप गराउनुपर्ने व्यवस्था गरेकोमा यहाँ न्यायिक समिति आफैंले गरेको देखिन्छ । तर, न्यायिक समितिको कार्यसम्पादनलाई अध्ययन गर्दा मूलतः मेलमिलापको सन्दर्भमा न्यायिक समिति स्वयंले अधिकांश विवादमा मेलमिलाप गराएको पाइन्छ । कानूनले मेलमिलापकर्ता र मेलमिलाप केन्द्रमार्फत मेलमिलाप गराउनुपर्ने प्रस्ट व्यवस्था गरेको अवस्थामा पनि न्यायिक समिति, यसका सदस्यहरू र कतिपय अवस्थामा पालिकाका प्रमुख तथा कानून व्यवसायीहरूको संलग्नतामा मेलमिलापहरू कानूनको शासन र न्यायिक समितिले परिकल्पना गरेको उद्देश्य हासिल गर्न स्वस्थ अभ्यासका रूपमा रहेका छैनन् ।

अझ कतिपय अवस्थामा न्यायिक समिति स्वयंले पितृत्व कायम गर्ने, भ्रष्टाचारजस्ता आफ्नो अधिकार क्षेत्रभित्र नभएका विवादहरू हेरेको र त्यस्ता विवादहरूमा मेलमिलापसम्म गराएको देखिन्छ । यो भनै चुनौतीपूर्ण र कानूनको शासनको एकहदसम्मको उलङ्घन हो । यस्तो कार्यलाई निरुत्साहित गर्नुपर्ने हुन्छ ।

न्यायिक समिति र मेलमिलापको सन्दर्भलाई विश्लेषण गर्दा पनि न्यायिक समिति र मेलमिलाप केन्द्रको अधिकार, मेलमिलाप प्रक्रियमा न्यायिक समितिका पदाधिकारीहरूको भूमिका के हुने, मेलमिलापकर्ताको भूमिका, योग्यता, मेलमिलाप केन्द्रको व्यवस्थापन, मेलमिलापकर्ताको योग्यताजस्ता महत्वपूर्ण सवालहरूमा अझै कानूनतः प्रस्टता ल्याउन सकेको अवस्था छैन । लैङ्गिकमैत्री मेलमिलापका बारेमा कुनै पनि कानूनी व्यवस्था हुन सकेको देखिँदैन ।

यसले के पुष्टि गर्दछ भने न्यायिक समितिका पदाधिकारीको न्याय सम्पादन क्षमता, ज्ञान र सीपका निमित्त विशेष क्षमता विकास कार्यक्रम सञ्चालन गर्न व्यवस्थित कार्ययोजना लागू गर्नुपर्ने आवश्यकता छ । साथै, कानूनी ज्ञान भएका प्राविधिकहरूको व्यवस्था, भौतिक पूर्वाधार, स्रोत र साधनको यथोचित विनियोजनजस्ता विषयहरूलाई पनि स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको विषयलाई समेत यसले उजागर गरेको छ । यसका अतिरिक्त न्यायिक समितिको अनुगमनको प्रभावकारिता, न्यायिक समितिका पदाधिकारीहरू को प्रति उत्तरदायी हुने र न्यायिक समितिका संयोजक र पदाधिकारीले गरेको गलत मनसाययुक्त कार्यहरूका सन्दर्भमा के-कस्ता कारबाहीका व्यवस्थाहरू गरिनुपर्ने हो, सो सम्बन्धमा पनि प्रस्ट कानून तत्काल बनाउनुपर्ने आवश्यकतालाई पनि यस अध्ययनले उजागर गरेको छ ।

३.२ सुझावहरु

समग्रमा न्यायिक समितिको सबलीकरणका पक्षहरूलाई केलाउँदा निम्न पक्षहरूलाई ध्यान दिनुपर्ने निष्कर्ष निकाल्न सकिन्छ :

- न्यायिक समितिको प्रकृति के हो, न्यायिक समितिको क्षेत्राधिकार, कार्यविधि, मेलमिलाप आदिका सम्बन्धमा भएका अवधारणागत अस्पष्टतालाई सम्बोधन गर्न वर्तमान कानूनको पुनरावलोकन गरी संशोधन गर्ने,
- न्यायिक समितिलाई प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीहरूको क्षमता मजबुत बनाउन पालिका तहबाट नै योजना तर्जुमा, स्रोत विनियोजन र कार्यान्वयन गर्ने ।
- मेलमिलाप केन्द्र स्थापना गर्ने र व्यवसायिक एवं दक्ष मेलमिलापकर्ताहरू सूचीकृत गर्ने ।
- स्थानीय तहमा परिकल्पना गरिएको र हाल अभ्यासमा रहेको सामुदायिक मेलमिलापको अवधारणानै फरक छ । हाल अभ्यासमा रहेको मेलमिलापसम्बन्धी पाठ्यक्रम स्थानीय तहको बाध्यात्मक मेलमिलाप गराउनका निमित्त

आवश्यक ज्ञान, सीप र टुल्सहरू दिन पर्याप्त छैन । अतः मेलमिलाप परिषद्ले तयार गरेको पाठ्यक्रमलाई परिमार्जन गर्न आवश्यक छ ।

- न्यायिक समिति स्थानीय तहको विवाद निरूपण गर्ने महत्वपूर्ण माध्यम हो । यसका संयोजक र सदस्यहरू विभिन्न शैक्षिक तथा राजनीतिक पृष्ठभूमिबाट आएको हुँदा न्यायिक समितिलाई सहजीकरण गर्न स्थानीय तहको सरकारले बजेट तथा आवश्यक मावनस्रोतको व्यवस्थापनसहितको प्रभावकारी सचिवालयको व्यवस्था गर्ने ।
- जिल्ला अदालतले कसरी न्यायिक समितिको अनुगमन गर्ने भन्ने सम्बन्धमा न्याय प्रशासन ऐन, २०७३ प्रस्ट देखिँदैन । यसमा प्रस्टता ल्याउन न्याय प्रशासन ऐन तथा नियमावली संशोधन गर्ने । साथै, आवश्यक निर्देशिका तथा कार्यविधिहरू बनाउने ।
- आपसी चाहना बाझिने विषयको सम्बोधनका निमित्त छुट्टै निर्देशिका जारी गर्ने ।

न्यायिक समितिका असल अभ्यासहरु

आमा निकालेर पैसाको पोको

नवलपरासी जिल्ला बर्दघाट नगरपालिका वडा नं. ९ बस्ने वर्ष ७८ की बुद्धिसरा परियारले बर्दघाट नगरपालिका वडा नं. १० बस्ने आफ्नै ५० बर्षिय छोरा ओमप्रकाश परियारबिरूद्ध पालनपोषण नगरेकाले पालनपोषणका साथै जेष्ठ नागरिक भएर प्राप्त गर्नुपर्ने हक प्राप्त गरी पाउँ भनी न्यायिक समितिमा उजुरी दर्ता गराउनु भएको थियो ।

निवेदकका तीन भाइ छोरामध्ये जेठो हरिबहादुर, माइलो ओमप्रकाश र कान्छो किरण परियार रहेकोमा सबैले पैतृक सम्पत्ति आफ्नो नाममा लिइसकेको अवस्था छ । सोही समयमा आमाको नाममा रहेको जिउनी दुई छोरा जेठो र माइलो मिली आ-आफ्नो घर खर्च चलाउने आमालाई दुवै भाइ मिली पालनपोषण गर्ने सहमति गरेका रहेछन् । हरिबहादुर परियारले ५० हजार र माइलो छोरा ओमप्रकाश परियारले ३ लाख रूपैयाँ घर खर्चका लागि लिएको भए पनि उनीहरूले आमालाई त्यसबापत केही नगरेको गुनासो आमाको रहयो । न्यायिक समितिमा दर्ता भएको उजुरीका आधारमा पटकपटक छलफल भयो । यसअघि मेलमिलापकर्ता बसेर छलफल गरी सहमतिमा आए पनि कार्यान्वयन हुन सकेको रहेनछ । वि. सं. २०७५ कार्तिक ८ गते वडा नं. १० कार्यालयमा छलफल गरी दुवै भाइले दिनुपर्ने रकम दिने भनी वडाध्यक्ष राजु मिश्रको रोहवरमा सहमति भई कागजमा सहीछाप गरे । दुवैले दिनुपर्ने रकम आमालाई नदिएको साथै पालैपालो राम्रो हेरविचार गर्ने भनिए पनि माइलो छोरा ओमप्रकाश परियारको परिवार (श्रीमती, छोराहरू आफूसमेत) ले अमानवीय व्यवहार गरेको, समयमा खान-लाउन नदिने, बुहारीले खाना घोप्टाइदिने, नातिहरू र छोरा सबैले गालीगलौज गर्ने गरेकाले जेठो छोरासँग बस्न थालेको बताउनुभयो । जेठो छोरासँगको व्यवहार म आफैँ मिलाउँछु तर मलाई माइलो छोराले दिनुपर्ने रकम दिलाई दिनुहोस् भन्ने व्यहोराको गुनासो लिएर आमा बुद्धिसरा परियार २०७५ कार्तिक ११ गते न्यायिक समितिमा गुनासो लिएर आउनुभयो । विपक्षी ओमप्रकाश परियारलाई

> हरिबहादुर परियारले ५० हजार र माइलो छोरा ओमप्रकाश परियारले ३ लाख रुपैयाँ घर खर्चका लागि लिएको भए पनि उनीहरुले आमालाई त्यसबापत केही नगरेको गुनासो आमाको रह्यो ।

म्याद सूचना पठाइयो तर त्यसको पनि अवज्ञा गरी उपस्थित हुन नमानेको भए पनि पटकपटक फोन सम्पर्क गर्ने क्रम जारी रहयो । कार्तिक १८ गते दुवै पक्ष उपस्थित भई छलफल गर्दा एकमुष्ठ रकम दिन नसक्ने र किस्ताकिस्ता गरी चुक्ता गर्ने सहमति भए पनि सहमति कार्यान्वयन नभएको कारण पुनः निवेदक पक्षबाट गुनासो आउने क्रम जारी रहयो । त्यसपछि पटकपटक सम्पर्क गरी छलफलमा आउन आग्रह गरेपछि २०७६ जेठ ४ गते तीनै भाइ छोरासहित निवेदक उपस्थित भई छलफल भयो । छलफलको क्रममा दाजुले आमालाई दिनुपर्ने रकम नदिने मलाई

मात्र के खाँचो ? पहिले दाजुले आमालाई रकम दिए मात्र म दिन्छु नत्र दिन्न भन्ने कुराले छलफल चलिरहयो । केहीबेरपछि वडा नं. १० बाट स्थानीय बुद्धिजीवी तथा छिमेकी प्रकाश अधिकारी उपस्थित भई धेरै समयसम्म सम्झाइ-बुझाइ गर्दा सबै रकम दिन सक्दिन १ लाख ५५ हजार मात्र दिन तयार भए । त्यति भए पनि दिनु भनी निवेदक मान्न तयार भएपछि पूर्णरूपमा जेठो छोरासँग बस्ने गरी तोकेबमोजिमको रकम प्राप्त भएअनुरूप न्यायिक समितिबाटै मिलापत्र गरी विवाद टुङ्ग्याइएको थियो ।

न्यायिक समितिमा बर्दघाट नगरपालिका उपप्रमुख मायादेवी पौडेलको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ । समितिमा ध्रुब थारु र रूद्रप्रसाद न्यौपाने सदस्य छन् ।

सिँचाइ कुलोको विवादमा मलहम बन्यो न्यायिक समिति

बर्दिवास नगरपालिका वडा नं. ६ स्थित रातो सिँचाइ योजना जल उपभोक्ता संस्था र किसान नगर जल सतह उपभोक्ता समितिबीच चर्को विवाद भई न्यायका लागि बर्दिवास नगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता भएको थियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) को (क) अन्तर्गत उक्त विवादलाई न्यायिक समितिमा मेलमिलापको माध्यमबाट छलफल गराउँदा विवाद मिल्न नसक्दाको कारण हिउँदको समयमा सिँचाइका लागि पानी अभाव भएका कारण भन्ने निष्कर्ष निस्कियो ।

विवादमा दुवै उपभोक्ता समितिले आ-आफ्नो जेसीवी रातु खोलाको बगरमा कुलो खन्दै मुहान खोज्दै मनपरी ढङ्गले पानी खोजी गरेको देखियो । स्थलगत सर्वेक्षणले दुवै पक्षलाई घटनास्थलमा भेला गराई बृहत् छलफल गरी वि. सं. २०७५ मङ्सिर १७ गते विभिन्न विषयमा छलफल भई निष्कर्षमा पुग्ने काम सम्पन्न भएको छ । विवादका पक्षहरूलाई एक-आपसमा छलफल गरी दुवै पक्षको कुलोको मुहान समानान्तर रहने गरी ३० मिटरको फरकमा मुहान कायम गरी पानी कूलो सञ्चालन गर्ने, धनुषा लालगढ धनौजीको पानीको मुहानभन्दा १ सय मिटर दक्षिण तल मुहान कायम गर्ने, दुवै पक्षबीच कायम भएको मुहानमा कुनै किसिमको समस्या भई पानी सुकी समस्या पर्न आएमा दुवै पक्षबीच एक-आपसमा छलफल गरी समस्या समाधान गर्ने, मुहान खन्ने बेलामा दुवै पक्षका प्रतिनिधिको रोहवरमा सहमति कुलो निर्माण गर्ने निर्णयमा सहमत भए । उक्त सम्झौतालाई कायम गरी दुवै पक्षले आ-आफ्नो पानी सञ्चालनमा ल्याएका छन् । न्यायिक समितिको उक्त निर्णयका कारण पुनःविवाद नरही मेलमिलाप भएको छ ।

कुलोसँगै देखिएको सिमाना विवादमा न्यायिक समितिले मेलमिलाप गराएको छ । बर्दिवास नगरपालिका वडा नं. ४ को सिमाना विवाद सम्बन्धमा जग्गा खिचलो सम्बन्धमा महोत्तरी बर्दिवास नगररपालिका ४ मा बस्ने विष्णुमाया र गोरेबहादुरले अमरबहादुर घिसिङ र दिलबहादुर घिसिङलाई विपक्षी बनाई बर्दिवास नगरपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । नक्साबमोजिम महोत्तरी २५ नं. हादुरगञ्ज वडा नं. ६ (ख) कि न. १२० र कि. न. ११९ को जग्गा नाप नक्सा गरी आ-आफ्नो सिमाना कायम गर्ने, अमरबहादुर घिसिङ र दिलबहादुर घिसिङको जमिनसम्म पुग्न मुख १० फिट कायम गरी गोरेबहादुरको नाप नम्बरीबाट बाटो निकाश गर्ने, अमरबहादुरले बनाएको पक्की शौचालय नक्साअनुसार जग्गामा परेमा निशर्त छाडिदिने, अन्य भौतिक संरचनाको हकमा जो-जसको जमिनमा पर्छ आफैंले नाप नक्साअनुसारको स्थानमा ठाउँसारी गरी लिने २०७४ साल माघ ११ गते सहमति भई कार्यान्वयन भएको छ । मेलमिलापको माध्यमबाट गराएको उक्त निर्णयले स्थानीयहरू खुशी छन् ।

> विवादमा दुवै उपभोक्ता समितिले आ-आफ्नो जेसीवी रातु खोलाको बगरमा कुलो खन्दै मुहान खोज्दै मनपरी ढङ्गले पानी खोजी गरेको देखियो ।

मेलमिलापले गरायो जग्गा बाँडफाँड

बेलौरी नगरपालिका वडा नं. ६ बस्ने गङ्गानाथ शर्माले वि. सं. २०७६ असार १२ गते सोही ठेगानाकी ताराकुमारी सुवेदीको बिरूद्ध जग्गाको क्षेत्रफल मिलान गरी पाउँ भन्ने विषयमा न्यायिक समितिमा निवेदन दर्ता गर्नुभयो । जग्गाको क्षेत्रफल मिलान गरी पाउँ भनी दर्ता भएको निवेदनउपर स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ४७ (२) को (क) मा व्यवस्था भएको सरकारी, सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची, घुसाई खाएको भन्ने बुँदाअन्तर्गत पर्ने भएकाले न्यायिक समितिले ताराकुमारी सुवेदीलाई आफ्नो भनाइसहित उपस्थित

२०७६ असार २९ गते निवेदक मात्रै उपस्थित भएपछि २०७६ साउन १ गते प्रतिउत्तरसहित प्रतिवादी उपस्थित भएको बैठकमा छलफल सुरु भयो ।

हुन १५ दिने म्याद २०७५ असार १३ सहित सूचना जारी गऱ्यो । २०७६ असार २९ गते निवेदक मात्रै उपस्थित भएपछि २०७६ साउन १ गते प्रतिउत्तरसहित प्रतिवादी उपस्थित भएको बैठकमा छलफल सुरू भयो । साविक कित्ता नं. १२३ र हाल को कित्ता नं. ११०८ र गङ्गानाथ शर्माको कित्ता नं. ६५९ का विषयमा छलफल गर्दा दुवै पक्ष समाजसेवी बुद्धिजीवीसमेतको सल्लाह परामर्शअनुसार मेलमिलापको वातावरण तयार भयो ।

आपसी समझदारीका आधारमा मिचिएको जग्गाको क्षेत्रफलमा हेरफेर गर्न सक्ने धारणा आए । जग्गाको क्षेत्रफल कम भएको भन्ने सन्दर्भमा नापी कार्यालय बेलौरीबाट प्राविधिक लिई दुवै पक्षको उपस्थितिमा अन्य सँधियार र समाजसेवी बुद्धिजीवीको उपस्थितिमा प्रचलित ऐन-नियमको परिधिभित्र रही नाप नक्सा र कित्ताको आधारमा भएको जग्गाको बाँडफाँट गर्ने न्यायिक समितिमा दुवै पक्षबीच सहमति भयो । दुवै पक्षबीच मेलमिलापको वातावरण रही सौहार्दपुर्ण सम्बन्ध रहेको दुवै पक्षले बताउनुभएको छ । बेलौरी नगरपालिका न्यायिक समितिले विवाद निरूपण गर्ने क्रममा विभिन्न समस्याहरू भोग्नुपरेको छ । गाउँघरमा हुने सानातिना विवाद मिलाउन संविधानले व्यवस्था गरेको स्थानीय तहको न्यायालयको व्यवस्थाको कार्यान्वयन चुनौतीपूर्ण देखिन थालेको छ । समितिमा पर्न आउने उजुरीको प्रकृति र त्यससम्बन्धी विशेषज्ञ एंव कानूनी विज्ञताको अभाव सुरूको अवस्थाभन्दा केही हदसम्म समाधान भए पनि पूर्णरूपमा यससम्बन्धी समस्याहरू समाधान हुन सकेका छैनन् । जनशक्तिको अभाव, कानूनी परामर्शको कमी अझैसम्म पनि बेलौरी नगरपालिका न्यायिक समितिले समेत व्यहोर्दै आएको मुख्य समस्या हो जसका कारण सहज रूपमा न्याय निरूपण गर्न कठिनाई देखिए तापनि न्यायको सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र विवेकको प्रयोग गरेर निष्पक्ष रूपमा न्याय प्रदान गर्ने कार्यमा बेलौरी नगरपालिका न्यायिक समिति निरन्तर प्रयासरत रहेको छ ।

स्थानीयस्तरका विवादहरूलाई स्थानीयस्तरमै समाधान गरी सर्वसुलभ रूपमा न्याय प्रदान गर्ने हेतुले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले न्यायिक समितिको व्यवस्था गरेको छ । स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा गठित समितिले विभिन्न शीर्षकमा कानूनले दिएको अधिकार क्षेत्रभित्र रहेर न्याय सम्पादन तथा नागरिकहरूको समस्यामा काम गरिरहेको छ ।

न्यायिक समितिले जोगायो सुकुम्बासी बन्न

मोरङ जिल्ला बेलबारी नगरपालिका वडा नं २ बस्ने ४५ बर्षिय शम्सेर गुरूङले उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. १२ गाईघाट बस्ने ४८ बर्षिय द्वारिकाप्रसाद पराजुलीबिरूद्ध जग्गा धितोसम्बन्धी विवाद न्यायिक समितिमा दर्ता गराए। शम्सेर गुरूङले द्वारिकाप्रसाद पराजुलीलाई वि. सं. २०७४ वैशाख २४ गते आफ्नो नाममा दार्ता कायम रहेको २ कट्ठा १० धुर जग्गा धितोमा राखी २०७५ वैशाख २४ गतेसम्ममा पैसा बुझाई धितो फिर्ता गर्ने शर्तनामा लेखी-लेखाई आफ्नो बिरामी बुबाको उपचार गर्न ४ लाख मात्र ऋण लिनुभएको रहेछ।

धितो फिर्ता गर्ने समयावधी पूरा नहुँदै शम्सेर गुरूङले २०७४ माघ महिनामा शर्तबमोजिमको साँवा ब्याज लिई द्वारिकाप्रसाद पराजुलीलाई बुझाउन जाँदा पराजुलीले थाहा नै नदिई तेस्रो पक्षकी राधिका बस्नेतलाई १४ लाख ८० हजारमा धितो राखेको खुल्न आएछ। वादीले पटकपटक रकम बुझी आफ्नो जग्गा फिर्ता गरिदिन गरेको आग्रह विभिन्न वहानामा पन्छाउदै आलटाल गर्ने गरेकाले प्रतिवादीलाई इलाका प्रहरी कार्यालय बेलबारीमार्फत झिकाई २०७५ माघ २५ गतेभित्रमा जग्गा फिर्ता गरिदिने शर्तनामा कागज लेखी सहीछाप भएको, सो कागज गर्दाका बखत द्वारिकाप्रसाद पराजुलीका ससुरा सुन्दर हर्रैचा नगरपालिका ७ का रत्नबहादुर खनालले प्रतिवादी द्वारिकाप्रसाद पराजुलीले जग्गा फिर्ता नगरे म आफैं तेस्रो व्यक्ति राधिका खबतरीलाई निजको पैसा भुक्तानी गरिदिएर जग्गा फिर्ता गराइदिनेछु भनी जमानी बसी सहीछाप गरिदिएका रहेछन्।

माघ २५ गतेको भाकामा पनि जग्गा फिर्ता हुन नसकेपछि प्रतिवादीलाई सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेको, मोबाइल सधैं स्वीचअफ हुने गरेको, घर ठेगानामा खोजी गर्दा पनि भेटाउन नसकिरहेको अवस्थामा अचानक शम्सेर गुरूङको नाममा अदालतबाट निषेधाज्ञा मुद्दाको म्याद तामेली हुन आएछ। यसपछि शम्सेरले आफ्नो जग्गा फिर्ता पाउनु त कहाँ हो कहाँ उल्टै आफूबिरूद्धको मुद्दामा अदालत धाउनुपर्ने भएछ। निषेधज्ञाको मुद्दामा

> निषेधज्ञाको मुद्दामा प्रतिवादीहरुनै तारिख गुजारी बसेकाले उच्च अदालतबाट तामेलीमा राखिदिने निर्णय भएको रहेछ। जब न्यायिक समितिमा उक्त विषयमा उजुरी पर्‍यो त्यसपछि न्यायिक समितिले वादीको निवेदन अध्ययन गर्‍यो।

प्रतिवादीहरूनै तारिख गुजारी बसेकाले उच्च अदालतबाट तामेलीमा राखिदिने निर्णय भएको रहेछ। जब न्यायिक समितिमा उक्त विषयमा उजुरी पर्‍यो त्यसपछि न्यायिक समितिले वादीको निवेदन अध्ययन गर्‍यो। न्यायिक समितिले हेर्न नमिल्ने साथै त्यसको हदम्याद १ वर्ष मात्र रहने हुनाले जतिसक्दो चाँडो अदालती प्रक्रियाद्वारा नै समाधान खोज्न सुझाएको थियो। वादीले आर्थिक अवस्था नाजुक रहेको, अदालती प्रक्रियामा जाँदा समय र लगानी दुवै बढी लाग्ने, कानूनी उपचारबाट सबै जग्गा फिर्ता गर्न सक्ने सम्भावना न्यून रहेको साथै तत्काल कारबाही

प्रक्रिया अघि नबढाए सो जग्गा तेस्रो व्यक्तिले पनि बेच्न लागेको खबर प्राप्त भएकोले तत्काल सबै पक्षलाई झिकाइ न्यायिक समितिबाट नै मेलमिलापको माध्यमबाट विवाद समाधान गरिदिनुहुन भनी आग्रह गरेकाले निवेदनलाई न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) को (ट) अन्तर्गत दर्ता गराई समाधानका लागि आफ्नो कार्य प्रक्रिया अगाडि बढाएको थियो ।

इलाका प्रशासन कार्यालय बेलबारीको परामर्श र सहयोगमा वादी र न्यायिक समिति दुवै द्वारिकाप्रसादको खोजीमा निरन्तर लागिरहेको अन्ततः इटहरीको एक होटलबाट द्वारिकाप्रसादलाई भेटी वादीले नै न्यायिक समितिमा उपस्थित गराए । करिब दिनको तीन बजेतिर मदिरा सेवन गरी आफ्नै ज्यान समाल्न नसक्ने अवस्थमा द्वारिकाप्रसाद न्यायिक समितिमा उपस्थित भए । लरबरिएको बोली त्यसमा पनि न सुरको कुरा गर्छ त्यस्तो मान्छेसँग कस्तो मेलमिलाप हुन सक्थ्यो र ! त्यही दिन उजुरीउपर छलफल गर्न सम्भव थिएन । भोलिसम्म निजलाई निगरानीमा राखी अर्को दिन छलफलमा उपस्थित गराउनमा पनि कहाँ राख्ने, कसको जिम्मामा राख्ने, त्यो अवस्थामा अझै स्वास्थ्य बिग्रियो भने जिम्मेवार को ठहर्ने ? जस्ता कानूनी जटिलताले निकै तनाव भएको थियो, न्यायिक समितिलाई । अन्त्यमा शम्सेरलाई नै द्वारिकाको रेखदेख गरी भोलिपल्ट न्यायिक समितिमा उपस्थित गराउने गरी आदेश भएबमोजिम द्वारिका शम्सेरको घरमा बसेका थिए । भोलिपल्टको लामो छलफलमा द्वारिकाप्रसादले आफ्नो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले अरू केही समय पर्खिन आग्रह गरेको तर उसले राखेको भाखामा फिर्ता गर्छ भन्ने विश्वासनीय आधार नदेखिएकाले न्यायिक समितिले निजको नाममा रहेको वादीको सम्पत्ति बराबरको सम्पत्ति जग्गा फिर्ता नहुन्जेलसम्मका लागि वादीलाई पास गरिदिने र जग्गा फिर्ता गरिसकेपछि सो सम्पत्ति वादीले प्रतिवादीलाई नै फिर्ता गरिदिने गरी मेलमिलाप गराएको थियो । यसबाट वादी घरबारविहीन हुनबाट बच्नुभएको थियो भने न्यून समय र लागतमा विवाद मिलमिलाप भएको थियो ।

मिलापत्रले दिलायो दुवै पक्षलाई न्याय

भिमदत्त । वि. सं. २०७६ साउन ८ गते भीमबहादुर कुमालले भीमदत्त नगरपालिकाको न्यायिक समितिमा निवेदन दर्ता गराउनुभयो । मर्निङ ग्लोरीका अध्यक्ष भोजराज भट्टसमेतले मेरो घरमा स्कूल सञ्चालनका लागि मसँग, मासिक १० हजार रूपैयाँ बहाल दिने गरी करार सम्झौंता गर्नुभयो । घर भाडामा लिई स्कूल सञ्चालन गरेकोमा मलाई सम्झौताबमोजिमको घर भाडा नदिएपछि धारा, पानी, बिजुलीसमेतको घर भाडा असुल गराइ पाउँ भन्ने व्यहोराको निवेदन मैले दर्ता गराएँ ।

घरधनी भीमबहादुर कुमालले दाबी गरेबमोजिमको घर भाडा हामीले तिर्न बुझाउन बाँकी छैन, घर भाडा बुझाइ घरधनीलाई उल्टै करिब १० लाख जति रकम बढी गएकाले बढी दिएको रकम दिलाइ-भराइ पाउँ भन्ने व्यहोराको निवेदन मर्निङ ग्लोरीका अध्यक्ष भोजराज भट्ट र प्रिन्सिपल दिपक भट्टको मिति २०७६ भदौ १३ को प्रतिउत्तर पत्र न्यायिक समितिमा पठाउनुभयो । कार्तिक १७ गते भीमदत्त नगरपालिकाको न्यायिक समितिको इजलासले मुद्दाको दुवै पक्षको हित र अडानका विषयमा छलफल भई मेलमिलापको प्रयास जारी राख्यो । न्यायिक समितिको मङ्सिर २४ गते बसेको इजलासले मुद्दाका दुवै पक्षको हित र अडानका विषयमा थप छलफल भई पक्षहरू मेलमिलापको नजिक पुगेको र केही विषयमा सहमति हुन नसकेकाले घरसारमा समेत मेलमिलापका विषयमा छलफल चलाउने सहमति भयो ।

न्यायिक समितिको माघ २१ गतेको पत्रानुसार माघ २९ गते मेलमिलापका लागि न्यायिक समितिमा उपस्थित हुन पठाएको जानकारीअनुसार यस न्यायिक समितिको इजलासमा मुद्दाका दुवै पक्ष उपस्थित भई महिनौँदेखि चल्दै आएको मेलमिलापसम्बन्धी छलफलको आधारमा पुस २९ गते स्कूलले घर भाडामा लिएवापतको घर बहाल, धारा, पानी, बिजुली, मर्मत-सम्भारसमेत गरी प्रतिवादी पक्षले घरधनी पक्ष भीमबहादुर कुमाललाई एकमुष्ठ ५ लाख रूपैयाँ नगद बुझाइसकेको र घरधनी पक्षले बुझिसकेको व्यहोरा ठीक साँचो हो ।

घर भाडामा लिई स्कूल सञ्चालन गरेकोमा मलाई सम्झौताबमोजिमको घर भाडा नदिएपछि धारा, पानी, बिजुलीसमेतको घर भाडा असुल गराइ पाउँ भन्ने व्यहोराको निवेदन मैले दर्ता गराएँ ।

यस मुद्दामा लेनदेनको यो विषयबाहेक हामी दुवै पक्षका बीच अरू कुनै किसिमको मनमुटाव, रिसइबी अरू केही पनि छैन । यस विषयमा अबउप्रान्त अन्यत्र कहीं, कतै, कुनै किसिमको उजूरबाजूर गर्ने छैनौं, गरे बदर होस् ।

माथि उल्लेखित रकम आपसमा हामीले लेनदेन गरिसकेकाले हामी दुवै पक्ष हाम्रा स्वतन्त्र सहमति, मञ्जुरी र मनोमान राजीखुशीले यस विवादको यही अन्त्य हुनेगरी आजैका मितिमा यस न्यायिक समितिको इजलासमा बसी यो मिलापत्र भयो ।

भीमदत्त नगरपालिकाको यो प्रयासले स्थानीय तहका विवाद स्थानीय तहमा नै निरूपण हुन थालेका छन् । सम्भव भएसम्मका मुद्दाहरू स्थानीय तहको न्यायिक समितिले मेलमिपाल गराई दुवै पक्षलाई न्याय दिलाउने काम भएको छ। अर्को खुसीको कुरा के भने स्थानीय तहका न्यायिक समितिले स्थानीय तहमा सम्भव भएसम्मका मुद्दा मेलमिलाप, आपसी मिलापत्र र सम्झौता गराए । न्यायिक निरूपण गर्ने भएकाले दुवै पक्षको जीत हुन थालेका छन् । यसले स्थानीय तहमा मनमुटावको घटना कम गराएको छ भने आपसी सम्बन्धलाई झन् प्रगाढ गराएको छ ।

अभिभावक खोजिदिने न्यायिक समिति

समाजमा विभिन्न खाले विकृतिहरू छन् जसले समाजलाई नै जडखडाएर राखिरहेको छ। झुट, ढाँट, छल, धोका सबै हुन्छ । एउटा अबोध बालकको जन्म हुन्छ । जन्म हुनुमा उ आफैंको के हुन्छ दोष ? तर समाजमा सबैले हेर्ने दृष्टिकोण फरक छ । विदुर नगरपालिकाको न्यायिक समितिमा बाबुको पहिचान गरी जन्मदर्ता गराइ पाउँ भन्ने निवेदन दर्ता भयो । १५ वर्षदेखि मामवलीकै संरक्षणमा रहेका उनी त्यहींको रहनसहनमा हुर्केका रहेछन् । जसले जन्म दियो त्यो उनको साथमा थिएन र छैन । जन्मदाता उनलाई छाडेर अन्य स्थानमा अर्को बिहे गरिसकेकी छन् । विवाह भएको स्थानमा पनि दुई सन्तान जन्माइसकेकी छिन् । तर उनैले जन्माएको पहिलो बच्चा अभिभावकविहीन छ ।

जन्मदाता उनलाई छाडेर अन्य स्थानमा अर्को बिहे गरिसकेकी छन् । विवाह भएको स्थानमा पनि दुई सन्तान जन्माइसकेकी छिन् । तर उनैले जन्माएको पहिलो बच्चा अभिभावकविहीन छ ।

बालकको हक र अधिकार संरक्षण हुनैपर्छ । उनको माग जसको कोखबाट जन्म भयो उसकै थरबाट नागरिकता बनाउन मिल्ने गरी जन्मदर्ता गरियोस् ? थर जोडिएका पहिलो पति अर्थात बालकका बाबु कुनै पनि हालतमा त्यो स्वीकार्न तयार छैनन् । अझ बच्चा नै आफ्नो होइन भन्दै पन्छन खोज्छन् । श्रीमतीलाई अन्य पुरूष सँगसँगै देखिएको र तत्कालै उक्त पुरूषको जिम्मेवारीमा सुम्पिएकाले उक्त बालकको जन्म हुँदाका बखत महिला अर्कै पुरूषको भइसकेको कागज न्यायिक समितिमा पेश गरेका छन् । दोस्रो विवाह गरेका पतिले महिला ल्याएको स्वीकार गरे पनि पहिलो बच्चा आफ्नो नभएको जिकिर गरिरहन्छन् । अबोध बालकको अभिभावकको पहिचान र जिम्मेवारीका हिसाबले भएको झगडाले बालमस्तिकमा कस्तो प्रभाव परिरहेको थियो होला ? बालकले भएको बाबु र आमालाई समेत आफ्नो भन्न नपाउने कस्तो स्वार्थी समाज ? यस्तै पीडामा परेका बालकलाई न्याय दिनु न्यायिक समितिको चुनौती थियो । दायित्व पनि थियो ।

महिलाका दुवै श्रीमान बच्चा स्वीकार्न तयार नभएपछि डिएनए परीक्षणको माग उठ्यो । न्यायिक समिति त्यस्तो मुद्दामा अगाडि बढ्ने क्षमतामा थिएन र छैन पनि । पटकपटक स्थानीयस्तरमा छलफल भयो । न्यायिक समितिमा पक्ष-विपक्ष राखेर छलफल भयो । पहिलो बाबुले कुनै हालतमा बच्चा आफ्नो होइन भनेपछि बच्चा जन्मँदाको बखतमा श्रीमती स्वीकार्ने श्रीमानको नामबाट बालकको जन्मदर्ता गर्ने सहमति हुन्छ । न्यायिक समितिको अथक प्रयासबाट बच्चाले अभिभावक प्राप्त गर्न सम्भव भयो । बालकको पहिचान भएसँगै उनको थप अधिकारको ग्यारेन्टी भएको छ । बच्चाहरूको जन्म त दिन्छौ तर कानूनी ज्ञानको अभावले भनौ वा लापरबाहीले बालकको जन्मदर्ता

गर्न आलेटाले गर्छन् किन जन्मदर्ता गर्नुपर्‍यो र नागरिकता बनाँउदा चाहिने त हो नि जस्ता कुराले जन्मदर्ताजस्तो संवेदनशील कुरामा सामान्य रूपले लिन्छौ । तर यथार्थमा भन्ने हो भने नेपालको कानून र संहिताहरूले नै बालकले जन्मेपछि जन्मदर्ता गर्न पाउने अधिकार मातृत्व, पुत्रित्व पहिचान गर्न पाउने अधिकारलाई मध्यनजर गर्नु आजको आवश्यकता एकातिर छ भने अर्कातिर कुनै पनि लेनदेन गर्दा कागज गर्नुपर्ने अर्को आवश्यकता छ । जसले न्यायिक प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाउन सक्छ, उसले समस्याको मुर्त रूप दिन सक्छ ।

श्रीमानको स्वीकारोक्तीमा श्रीमतीको माफी

विदेशमा हुँदा होस वा स्वदेशमा परस्त्रीसँगको सम्बन्धमा रमाउने श्रीमानका कारण टुट्न लागेको परिवार न्यायिक समितिको अथक प्रयासबाट जोगिएको छ । श्रीमतीको उजुरीमा श्रीमानको स्वीकारोक्तीमा श्रीमतीले माफी गरिदिएपछि श्रीमान-श्रीमतीको सम्बन्ध परालको आगो भनेजस्तै पहिलाकै अवस्थामा फर्किएको छ ।

झापा बिर्तामोड नगरपालिका-२ घर भएका एक दम्पतीको सम्बन्धमा बढेको अविश्वासले परिवार टुट्न लागेको थियो । श्रीमान विदेशमा रहँदा परस्त्रीसँग सम्बन्ध राखेकाले आफूसँगको सम्बन्ध तोडेर नयाँ घरबार गर्ने चेतावनी दिएसँगै श्रीमती न्यायका लागि न्यायिक समिति पुग्नुभएको थियो । सम्बन्ध तोड्ने कुराले मात्रै श्रीमतीलाई पीडा भएन । जीवनभर श्रीमान, उहाँकै सम्पती रूँगेर जीवन बिताएका कारण श्रीमानका नाममा भएको सम्पत्ति र ११ बर्षिया छोरीसमेतको बिचल्ली हुने डरले सताउन थाल्यो । अंश हक लाग्ने जग्गा जमिनसमेत आफूलाई नदिई बिक्री हुन सक्ने आशङ्का गरी बिर्तामोड नगरपालिका न्यायिक समितिमा जग्गा रोक्कासमेतको सिफारिश मालपोत कार्यालयमा पठाइदिन र पति विदेशबाट आएपछि आवश्यक छलफल गराई विवाद समाधानका लागि वि. सं. २०७५ पुस ४ मा निवेदन दर्ता गरिन् । निवेदनमा छोराले गल्ती नै गरेको ठहर गर्दै उनकी सासुसमेत बुहारीलाई लिएर उजुरी दर्ता गर्न आएकी थिइन् । छोरी नाबालक भएकीले छोरीको लालनपालन, शिक्षादिक्षासमेतमा पतिले कुनै सहयोग नपुऱ्याएको, घर व्यवहारमा चासो नदिएको, विदेशमा कमाएको रूपैयाँ खर्चका लागि नपठाउने गरेका कारण जीवन धान्नै धौ-धौ परिरहेको निवेदनमा उल्लेख छ । पीडित महिलाको समस्यालाई मध्यनजर गर्दै न्यायिक समितिले कानूनी प्रक्रियामार्फत मालपोत कार्यालय भद्रपुरमा उनका नाममा भएको रोक्का राखी दिएको थियो । २०७५ चैत्र १७ गते श्रीमान घर आएसँगै पटकपटक जग्गा फुकुवा गर्न दवाव दिने, अपशब्द प्रयोग गरी गालीगलौज गर्ने गरेसँगै न्यायिक समितिमा

सम्बन्ध तोड्ने कुराले मात्रै श्रीमतीलाई पीडा भएन । जीवनभर श्रीमान, उहाँकै सम्पती रुँगेर जीवन बिताएका कारण श्रीमानका नाममा भएको सम्पत्ति र ११ बर्षिया छोरीसमेतको बिचल्ली हुने डरले सताउन थाल्यो ।

भिकाइ आवश्यक सुरू भयो । २०७६ वैशाख ४ गते पहिलो चरणको छलफल भयो । छलफलमा उनीहरू मिलेर बस्न सहमत भएनन् । पाउने जति अंश भाग गरी छुट्टै बस्ने निष्कर्षले नाबालक छोरीको पढाई र मानसिकतामा असर पर्ने कुरामा न्यायिक समितिले जोड गऱ्यो । एक महिनाको तारेख दिइ पुनः छलफल भयो । दुवै जनालाई छुट्टाछुट्टै रूपमा एकान्तवार्ता गरी पुनः पारिवारिक सम्बन्ध सुमधुर बनाएर बस्न न्यायिक समितिले २०७६ जेठ २४ गते दोस्रो चरणको छलफल गरी मेलमिलापका माध्यमबाट समस्या समाधानका लागि पहल गऱ्यो । नाबालक छोरीको भविष्यप्रति सचेत गराई

औपचारिक एवं अनौपचारिक छलफलमा श्रीमान विदेशमा हुँदा आफूले अर्की महिलासँग सामाजिक सञ्जाल र फोनमार्फत कुरा गर्ने गरेको र कहिलेकाहीँ भेट हुने गरेको, महिला पनि विवाहित नै रहेकाले नेपाल आएपछि उनीसँग भेट भए पनि परिवारको चिन्ताले अगाडि बढ्न नसकेको स्वीकार्न‘ भयो । पत्नीले एक पटकलाई माफी दिने कुरामा सहमति जनाएपछि श्रीमान उक्त सम्बन्ध त्याग्न तयार भए । विवाह भएको १४ वर्ष बितिसकेको अवस्थामा एक वर्षदेखि सम्बन्धमा आएको खटपटले तनावमा रहेको परिवार पुनः मिलेर बस्न सक्ने सहमतिले उमङ्ग र उत्साह भरिदिएको छ ।

श्रीमान-श्रीमतीको सम्बन्धले नयाँ उचाई प्राप्त गरेपछि पुराना कुरा बिर्सदै रोक्का राखेको जग्गाबाट ऋण लिएर ट्रयाक्टर किन्ने र स्वदेशमै काम गर्ने योजना बन्यो । उक्त जग्गा बैङ्कमा धितो राखी बैङ्कबाट ऋण निकाली आफ्नै ट्रयाक्टर किनी स्वदेशमै व्यवसाय गरी हाँसीखुशी जीवनयापन गरिरहेका छन् । उनको माइतीघर भारतको सिक्किम हो । माइती टाढा भए पनि घरका सासु-ससुरालगायत सम्पूर्ण परिवारले उनलाई छोरीलाई गर्न‘पर्ने व्यवहार गरेका कारण बीचको खटपट मिलाउन सहज भयो । छोरा-बुहारीको व्यवहार मिलाउन सधैँ सकारात्मक रूपमा भूमिका खेलेका कारण उनलाई थप सहज भयो । सासुले बुहारीलाई छोरीको जस्तै भूमिकामा राख्ने, एक-अर्काले गल्ती स्वीकार्ने र पुरानै सम्बन्धलाई अगाडि बढाउने कुराले व्यक्ति हत्या, महिला हिंसाका घटना न्यूनीकरणमा न्यायिक समितिले महत्वपूर्ण भूमिका खेलेको छ । न्यायिक समितिकै कारण बिग्रिएको परिवार जोड्ने काम भएको छ । स्थानीय सरकारका थुप्रै राम्रा कामहरूमध्ये न्यायिक समितिको जिम्मेवारी र दायित्व अर्को महत्वपूर्ण कार्य हो । नगरपालिकामा दर्ता भएकामध्ये ८ वटा यस्ता मुद्दामा सहमति कायम भएको छ ।

कमला र राजेन्द्रले पाए न्यायिक सम्मान

बुटवल । बुटवल उपमहानगरपालिका वडा नं. ११ का कमला चौधरीको राजेन्द्र चौधरीसँग वि. सं. २०५७ साल वैशाख ५ गते मागी विवाह भयो । उक्त दम्पत्तिबाट २०६१ सालमा छोराको जन्म भयो । पति राजेन्द्र चौधरीले गत करिब १० वर्षदेखि मादक पदार्थ सेवन गरी पत्नीलाई कुटपिट गर्ने, गालीगलौज गर्ने, अन्य अभद्र व्यवहार गरी म र छोराको हेराबिचार नगरी मानसिक पीडा दिलाउँदै आएका व्यहोराको निवेदन २०७६ साल मङ्सिर १५ गते बुटवल उपमहानगरपालिकाको न्यायिक समितिमा दर्ता गराउनुभयो ।

२०७५ फागुनबाट त पति राजेन्द्र चौधरी घरमा आउन छाडी मोतीपुर रानीगञ्जमा बस्ने गरेका छन् । यस्ता अमानवीय घटना घटाउने गरेको, घरमा समेत नआउने म र छोराको लालनपालन, खाने, बाँच्ने, बस्ने अधिकार खोसेको, छोरालाई पढाउन कठिन भएको छ । म शारीरिक रूपमा विगतदेखि अत्यन्त कमजोर भएको हुँदा पति राजेन्द्र चौधरीलाई भिकाइ मेरो र छोराको खाने-लाउने र छोरालाई पढाउनका लागि पति चौधरीलाई आवश्यक प्रबन्धको व्यवस्था गर्नका लागि न्यायिक समितिमा पत्र दिनुभयो ।

कमलाको निवेदन उपर न्यायिक समितिले पति राजेन्द्र चौधरीलाई प्रतिउत्तर पत्र पेश गर्नका लागि १५ दिने म्याद तामेल गराई मङ्सिर ३० गते पति राजेन्द्र चौधरीले लिखित जवाफ न्यायिक समितिमा पेश गर्नुभयो ।

उहाँको प्रतिउत्तरमा पत्नीलाई कुटपिट गर्ने, छोराको हेरविचार नगर्ने, गालीगलौज गर्ने, अन्य अभद्र व्यवहार गर्ने, मानसिक पीडा दिने काम मबाट भएको छैन । पत्नी वादीले पेश गरेको दावी झुट्टा र निराधार छ । मैले आफ्नो औकातले भ्याएसम्म पत्नी र छोराको सबै आवश्यकता पूरा गरेको छु । पत्नीको नाममा घडेरीसमेत पास गरिदिएको छु । नागरिकतासमेत म आफूले सनाखत गरी बनाईदिएको छु । वादी निवेदकले आफ्नो माइती बाबु आमाको मात्र कुरा सुन्दा हाम्रो बीचमा मनमुटाव हुन गएको हो ।

उक्त सहमति पालना गर्ने, आपसमा मिलेर बस्ने र पत्नी कमला चौधरीको नाममा रहेको घडेरीमध्ये एकवटा बेचेर अर्को घडेरीमा घर बनाएमा, राजेन्द्र चौधरीले अनुमति दिने सहमति गरियो ।

निजको बाबुआमासमेत झिकाई पाउँ भनी प्रतिउत्तर पत्र पति राजेन्द्र चौधरीले न्यायिक समितिमा पेश गर्नुभयो ।

न्यायिक समितिले वादीको दावी र प्रतिवादीको प्रतिवादी जिकिर आएकोमा मिति २०७६ पुस ७ गते न्यायिक समितिको इजलाश बैठक बसी वादी उजुरकर्ताको मागदावी र प्रतिवादी विपक्षको प्रतिउत्तर जिकिरका विषयमा छलफल भयो ।

इजलाश बैठकद्वारा दुवै पक्षका बाबुआमाको समेत कुरा सुनी बयान बुझ्न आवश्यक भएकाले सात दिनभित्र झिकाई अर्को इजलाश बैठकमा पेश गर्नु भनी आदेश गरेकोमा फेरि मिति २०७६ पुस १० गते

दोस्रो इजलाश बैठक बसेको र विवादको विषयमा निवेदकको बाबुआमा र प्रतिवादीको बाबुआमाको समेत राय बुझ्दा मेलमिलापको माध्यमबाट विवाद समाधान हुने सम्भावना रहेकाले प्रस्तुत विवाद बुटवल उपमहानगरपालिकाको मेलमिलाप केन्द्रमा पठाइयो । सामुदायिक मेलमिलाप केन्द्रमा दोस्रो पटक भएको छलफलबाट २०७६ माघ १७ गते दुवै पक्षलाई मेलमिलाप गराइयो । न्यायिक समितिले गराइएको मेलमिलापमा पति र पत्नी दुवै पक्ष मिलेर बस्ने, पत्नी र छोरालाई मासिक रूपमा पालनपोषण र शिक्षादिक्षाका लागि रू १५ हजार दिने सहमति गराइयो । त्यस्तै पतिले आफ्नो आनीबानी सुधार गर्ने, शङ्का नगर्ने, गालीगलौज नगर्ने, माया गर्ने सहमति भयो ।

उक्त सहमति पालना गर्ने, आपसमा मिलेर बस्ने र पत्नी कमला चौधरीको नाममा रहेको घडेरीमध्ये एकवटा बेचेर अर्को घडेरीमा घर बनाएमा, राजेन्द्र चौधरीले अनुमति दिने सहमति गरियो ।

यसरी सुरुवाती चरणमा आ-आफ्नो अडानमा अडिग भएको र दिनहुँ झैझगडा भई अशान्त वातावरणमा रहेको उल्लेखित परिवार हाल आएर शान्त र मेलमिलापसँग हाँसीखुशी बसेका छन् । न्यायिक समितिले पटकपटकको अनुगमन तथा सम्पर्क गर्दा दुवै पक्ष हासीखुशी बसेको पाइएको छ ।

असहायको सहारा बन्दै न्यायिक समिति

चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ६ बस्ने खजुरा नेपालीको छोरी वर्ष १८ की रीता नेपालीले नन्ने शाहीको छोरा वर्ष ३५ को नरेन्द्रबहादुर शाहीबिरूद्ध न्यायिक समितिमा उजुरी गर्न‘भएको थियो । चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ६ बस्ने खजुरा नेपालीको छोरा वर्ष १८ की रीता नेपाली आफ्नै बारीमा फागुन ४ गते साँझ ४ बजेको समयमा खाने साग टिपिरहेको अवस्थामा एक्कासी सोही ठेगाना बस्ने नन्ने शाहीको छोरा वर्ष ३५ को नरेन्द्रबहादुर शाहीले मदिरा सेवन गरी हातमा हतियार लिई मारिदिन्छु भन्दै आक्रमण गर्न खोज्दा उपस्थित समाजका अन्य मानिसहरू आई बचाउनुभएको थियो । नरेन्द शाहीले किन कति कारणले आक्रमण गर्न खोजेको हो ? उसलाई कार्यालयमा झिकाई बुझी न्याय दिलाई पाउँ भन्ने व्यहोराको निवेदन वि. सं. २०७५ फागुन ९ गते न्यायिक समितिको कार्यालयमा निवेदन दर्ता भएको थियो ।

न्यायिक समितिले नरेन्द्र शाहीलाई पत्र पठाउँदा उपस्थित भएनन् । जम्बुकाँध अस्थायी प्रहरी पोष्टको सहयोगमा नरेन्द्रबहादुर शाहीलाई २०७५ साल फागुन २२ गते न्यायिक समितिको कार्यालयमा पत्रसहित उपस्थित गराएको थियो । न्यायिक समितिको पत्रलाई अटेर गर्ने शाहीलाई प्रहरीले पक्राउ गरी उपस्थित गराएको थियो । सोही दिन दुवै पक्षलाई न्यायिक समितिका संयोजक तारा शाही र निरकबहादुर शाहीको रोहवरमा राखी छलफल गर्दा विपक्षी नरेन्द्रबहादुर शाहीले मदिरा सेवन गरेकाले जे गरेँ सबै गल्ती भयो अब आइन्दा यस्तो गल्ती गर्ने छैन मलाई माफ गरिदिनुहोस् भने । निवेदक रिता नेपालीले पनि एकै ठाउँमा बस्ने दाजु-बहिनी भई बसेका हामी झगडा गरी बस्नुभन्दा मिली बस्नु ठीक छ भनी आउने दिनमा मदिरा सेवन गरी ममाथि यस्तो खाले व्यवहार नदेखाउनु होला यस पटकलाई मैले माफ गरिदिएँ अब मिली जाउँ भनी मिलापत्र कागजमा हस्ताक्षर गर्न तयार भए ।

विवादको पहिलो पक्ष रिता नेपालीले भन्नुभयो- ‘मैले न्याय नपाएको भए दैलेख अदालतमा गई मुद्दा दिन सक्ने थिइन । बारम्बार यस्तो अन्याय खेपिरहनुपर्थ्यो । त्यसैले मैले न्याय पाएकोले एकदमै खुशी छु ।’ न्यायिक समितिबाट न्यायिक कार्य सम्पादन गर्दा विवादका पक्ष र विपक्षीहरू विवाद निरूपण भई सकेपछि न्यायिक समितिमा आइ न्याय माग्दा निष्पक्ष न्याय सरल, सहज र सुपथ रूपमा

विवादको पहिलो पक्ष रिता नेपालीले भन्नुभयो- ‘मैले न्याय नपाएको भए दैलेख अदालतमा गई मुद्दा दिन सक्ने थिइन । बारम्बार यस्तो अन्याय खेपिरहनुपर्थ्यो । त्यसैले मैले न्याय पाएकोले एकदमै खुशी छु ।’

न्याय मिलेको अनुभव सुनाएका छन् । अदालत तथा प्रशासन पुगेर मुद्दा लड्न गाह्रो हुने थियो भन्ने पीडितहरूको गुनासोलाई न्यायिक समितिले सम्बोधन गर्न सकेकोमा खुशी लागेको न्यायिक समितिका संयोजक शाहले बताउनुभयो । न्यायिक समितिमार्फत न्याय सम्पादन गर्दा नागरिकहरूले न्यायिक समितिसँग गरेका आशा र अपेक्षालाई हेर्ने हो भने अझै पनि न्यायिक समितिलाई आवश्यक पर्ने क्षमता अभिबृद्धि तालिम र न्यायिक समितिलाई कार्यसम्पादन गर्दा प्राविधिक कठिनाइलगायत अदालती कार्यविधिसम्बन्धी अप्ठ्याराहरू भएको हुनाले यथाशक्य कानूनी विषयसम्बन्धी जानकारी, जनशक्तिको व्यवस्थापन हुन सकेको खण्डमा पीडित नागरिकहरूलाई सुलभ र सहज रूपमा स्तरीय न्याय प्रदान गर्न सकिने थियो ।

सदस्यको पैसामा सहकारीको मनपरी

चन्द्रागिरि नगरपालिका वडा नं. ६ बस्ने अमित बलामीले इटाखेल बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई विपक्षी बनाई सहकारीमा जम्मा गरेको रकम झिक्न नदिएको भन्दै नगरपालिकाको न्यायिक समितिमा उजुरी परेको थियो । आफूले दुःख गरीगरी बचत गरेको रकमसमेत निकाल्न नपाउँदा सहकारीका सदस्यहरू अन्योलमा परे । विभिन्न स्थानमा उनीहरूले सहकारीले रकम नदिएको गुनासो गरे तर पनि रकम पाउन सकेनन् । अन्ततः उनीहरू न्यायिक समितिमा निवेदन आएका थिए । सदस्यहरूले न्यायिक समितिमा उजुरी दिएलगत्तै प्रक्रिया सुरू भयो । निवेदकले सहकारीमा कुनै पनि रकम जम्मा नगरेको भन्दै सहकारीको तर्फबाट लिखित प्रतिउत्तर दर्ता भयो । दुवैलाई छलफलका लागि न्यायिक समितिमा उपस्थित गराउने निर्णय भयो ।

सहकारीको आन्तरिक व्यवस्थापनको कमजोरीका कारण निवेदक र सहकारी दुवै मर्कामा परेको तथ्यमा खुल्न आयो । दुवै पक्षको साझा धारणा त्यही विवादको बन्न गयो । सहकारीको व्यवस्थापनका कमजोरीका कारण संस्था तथा सञ्चालकहरूसमेत बदनाम हुन सक्नेमा उजुरीकर्ताले समयमै सजग गराइदिएको निष्कर्ष दुवै पक्षको साझा निष्कर्ष रह्यो । उजुरीकर्ताले दावी गर्नुभएको रकम ४ लाख ८ सय ५१ सहकारीका अध्यक्ष श्यामकृष्ण मानन्धरको नाममा रहेको बैङ्क खाताबाट चेक काटी उजुरीकर्तालाई फिर्ता दिनुभयो । घटना सामान्य भए पनि समयमै उजुरी नपरेको अवस्थामा संस्था नै विघटन हुन सक्ने र संस्थाका सबै बचतकर्ताहरूको रकम डुब्न सक्ने अवस्था रहेको थियो । उक्त उजुरीका कारण विवादका पक्षहरूले एक-अर्कालाई सहयोग गरेको निष्कर्ष निस्कनु नै सम्झनलायक पक्ष रहेको छ ।

न्यायिक समिति गठनपूर्व दर्ता भई नगरपालिकामा थन्किएर बसेका उजुरीहरुको फरस्यौंट न्यायिक समितिका लागि पहिलो चुनौतीको विषय थियो । उजुरीका पोकाहरु मात्र थिए । कुनै पक्ष हाजिर थिएनन् ।

चन्द्रागिरि नगरपालिकामा वि. सं. २०७४ सालको निर्वाचन सम्पन्न भएको एक वर्षपछि मात्र न्यायिक समितिको गठन भएको थियो । २०७४ सालमा एक पटक मात्र नगरसभा बस्यो । चन्द्रागिरि नगरपालिकाले २०७४ सालमा हिउँदे नगरसभाको आवश्यकता महशुस नै गरेन । २०७५ सालको असारको नगरसभामा न्यायिक समितिका सदस्यहरूको निर्वाचनको एजेण्डासमेत समावेश भएकाले नगरसभाले नगरसभाका सदस्यहरू माधव के. सी. र श्री सुरेन्द्र के.सी. लाई न्यायिक समितिको सदस्य निर्वाचित गऱ्यो । २०७५ साल असार ३० गते चन्द्रागिरि नगरपालिकाका नगर उपप्रमुख लिशा नकर्मीको संयोजकत्वमा नगरसभाले निर्वाचित गरेका सदस्यहरू समेतको न्यायिक समिति गठन भएको थियो । न्यायिक समिति गठन हुँदाको समयमा थुप्रै विवादहरू नगरपालिकामा विचाराधीन रहेका थिए ।

धेरै विषयहरूमा नयाँ सुरुवात भएको हुँदा कसैको अनुभवले सहयोग गर्न सक्ने अवस्थासमेत थिएन । तथापि एउटा नयाँ चुनौतीको सामना गर्न चन्द्रागिरि नगरपालिका न्यायिक समिति निरन्तर लागिपरेको र आफ्ना कार्यहरूमा अधिकतम सफलता हासिल गरिरहेको गौरवपूर्ण तथ्य रहेको छ ।

न्यायिक समिति गठनपूर्व दर्ता भई नगरपालिकामा थन्किएर बसेका उजुरीहरूको फस्छ्यौंट न्यायिक समितिका लागि पहिलो चुनौतीको विषय थियो । उजुरीका पोकाहरू मात्र थिए । कुनै पक्ष हाजिर थिएनन् । उजुरकर्तालाई समेत पत्राचार गरी बोलाउनुपर्ने अनौठो अभ्यास चन्द्रगिरी नगरपालिका न्यायिक समितिले गऱ्यो । अनेकन प्रयासका बाबजुत पनि हालसम्म विवादका सबै पक्ष हाजिर भइसकेको अवस्था छैन । अर्कोतर्फ विवाद निरूपणमा मेलमिलापलाई प्राथमिकता दिनुपर्ने र धेरैजसो विवादको समाधान वा निरूपण मेलमिलापको माध्यमबाट मात्रै गर्न सकिने कानूनी व्यवस्था छ । मेलमिलाप गराउँदा सूचीकृत मेलमिलापकर्तामार्फत गराउनुपर्ने भएको हुँदा मेलमिलापकर्ताहरूको सूचीकरण न्यायिक समितिको अर्को चुनौतीको रूपमा रहेको थियो । नगण्य सेवा-सुविधाको कारण नगरपालिकामा सूचीकृत हुने मेलमिलापकर्ता पाउन त्यति सहज थिएन । चन्द्रागिरि नगरपालिका न्यायिक समिति आफैंले मेलमिलापकर्ताहरूको उत्पादनसमेत गर्नुपर्ने बाध्यता रहयो । यसै कारण न्यायिक समितिले प्रत्येक वडाबाट कम्तीमा एकजना महिलासहित तीनजना मेलमिलापकर्ता उत्पादन गर्ने सोच बनाइ वडा कार्यालयमार्फत व्यक्ति छनोट गराई पठाइदिन माग गऱ्यो । विभिन्न वडामार्फत नामावली सङ्कलन गरी न्याायिक समितिले दुई चरणमा गरी ४० जनाभन्दा बढीलाई मेलमिलापसम्बन्धी ४८ घण्टे आधारभूत तालिम दिइसकेको छ ।

घर भाडाले उब्जाएको सङ्कट

बैतडी जिल्ला सुर्नया गाउँपालिका वडा नं. ८ दोरा स्थायी ठेगाना भई डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका ५ बस्ने मने महराको छोरा वर्ष ३३ को नरेन्द्रबहादुर महरा प्रथम पक्ष भई डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. २ बस्ने तीर्थबहादुर भण्डारीको छोरा वर्ष ३० को सुरजकुमार भण्डारी दोस्रो पक्षबीच घर बहाल असुलउपरसम्बन्धी विषयमा वि.सं. २०७६ भदौ २ गते स्थानीय न्यायिक समिति डडेल्धुरामा उजुरी परेको थियो ।

अमरगढी नगरपालिका वडा नं. ५ तुफान डाँडामा बनेको कित्ता नं. १२७१ क्षेत्रफल ०(३(१(० रहेको जमिनमा बनेको घरमा रहेको पक्की घरको भुइँ तला पूरै, पहिलो तलाको पूर्वतर्फको १ कोठा, दोस्रो तलाको २ कोठा, तेस्रो तलाको सटर र पछाडिको कोठाको मासिक २० हजारमा दोस्रो पक्षले होटल प्रयोजनका लागि ५ वर्षसम्मका लागि भाडामा लिने सहमतिमा कागज बनेको थियो ।

विपक्षी सुरजबहादुर भण्डारी र नरेन्द्रबहादुर महराका बीचमा २०७४ साल फागुन १ गते भएको सम्झौताबमोजिम अमरगढी नगरपालिका वडा नं. ५ तुफान डाँडामा बनेको कित्ता नं. १२७१ क्षेत्रफल ०(३(१(० रहेको जमिनमा बनेको घरमा रहेको पक्की घरको भुइँ तला पूरै, पहिलो तलाको पूर्वतर्फको १ कोठा, दोस्रो तलाको २ कोठा, तेस्रो तलाको सटर र पछाडिको कोठाको मासिक २० हजारमा दोस्रो पक्षले होटल प्रयोजनका लागि ५ वर्षसम्मका लागि भाडामा लिने सहमतिमा कागज बनेको थियो । दोस्रो पक्षले पहिलो पक्षलाई मासिक भाडा सम्झौताको बुँदा नं. २ मा उल्लेख भएबमोजिम प्रथम पक्ष निवेदकको दाइ हरिबहादुर महराको डडेल्धुरास्थित तुफान डाँडामा रहेको सिद्धार्थ बैङ्क लिमिटेडमा रहेको खाता नं. ०३११५०४७४१७ मा जम्मा गर्नुपर्ने भनी उल्लेख भएको थियो । दोस्रो पक्षले २०७५ पुसदेखि हालसम्म भाडा बैङ्कमा जम्मा नगरी आफ्नो कर्तव्य पूरा गरेको खुलेन । घर बहालको विषयमा लगानी गरेको रकमको हरहिसाब नहुन्जेल भाडा तिर्दैन भनी सम्झौताविपरीतको कार्य गर्दै आउनुभएको छ, जुन बैङ्कको स्टेटमेन्टबाटै थाहा हुन्छ । उल्टो आफूले लगाएको लगानी म पहिलो पक्षले तिर्नु बुझाउनु पर्‍यो । पसलमा लगाएको लगानी पनि मूल्याङ्कन सामान किन्नपर्‍यो तब मात्र भाडा तिर्छु भनी हामी घरधनीलाई दुःख हैरानी गर्ने, निहुँ खोज्ने काम गर्दै आएका छन् । दोस्रो पक्षले सम्झौताविपरीत कार्य गरेकाले बैङ्कलाई तिर्नुपर्ने रकम तिर्न नसकेको कारण बैङ्कले मलाई जरिवना तिर्न बाध्य पारेको अवस्था छ । सम्झौताको बुँदा नं. १० मा दोस्रो पक्षले ६ महिनाभित्र पहिलो पक्षलाई ५० हजार दिने भनेकोमा निजले ६ महिनामा उक्त रकम बुझाएको छैन । घर बिक्री गर्छु भन्दा दोस्रो पक्ष, घर खरिद गर्ने व्यक्ति र म बसी तपाईंले लगाएको लगानीबारे छलफल गरी मिलाउन सकिन्छ भन्दा उक्त विषयमा कुनै वास्ता नराखी घर बिक्री भएमा स्वागत छ भनी भन्दै आएका छन् । पहिलो पक्ष दोस्रो पक्षबाट अन्यायमा परेको छु न्याय पाउँ भनी पहिलो पक्षले जिकिर गरेको थियो ।

उजुरीकर्ता र मेरोबीचमा मासिक २० हजार भाडा लिने-दिने गरी वि. सं. २०७४ फागुन १ गतेका दिन सम्झौता भएको साँचो हो। सम्झौता भएको दिनदेखि १ वर्षसम्म मैले आफ्नो व्यवसाय गरी बस्दै आएको थिएँ। २०७६ सालको माघ महिनादेखि पहिलो पक्षले मलाई कुनै जानकारी नै नदिई घर बिक्री गरिसके अझै दोस्रो पक्षले घर खाली गरेको छैन भनी मेरो व्यापार व्यवसायमा घाटा पर्ने गरी मेरो बेइज्जत हुने काम व्यवहार, प्रचारप्रसार गरिआउनुभएको रहेछ । प्रथम पक्षलाई अग्रीम १ लाख रूपैयाँ बुझाएर ५ वर्षपश्चात घर बहाल छोड्दा पाउने गरी सम्झौतामा भए मुताविक पैसा समेत एड्भान्स दिएकोमा सोको कुनै वास्ता नगरी बहाल दिएको छैन भन्दै बेइज्जत हुने कार्य गर्नुका साथै व्यापार व्यवसायलाई बैङ्किङ कारोबारमा सामेल गरी व्यापार बढाउनमा लागि ऋण कर्जा गर्नबाट समेत बाधा व्यवधान पुऱ्याएका हुन्। घर बहालमा लिँदा घरको अगाडिपट्टि तथा रोड साइड मोहडामा बनेको टिनको छानो भएको भागलाई घरधनीसँग सम्झौता नै नभई अर्को व्यक्तिबाट ५ लाख ६० हजार नगद रूपैयाँ दिई खरिद थप मर्मत गर्दा अन्य रूपैयाँसमेत खर्च भएको हो । टिनको टहरासम्बन्धी सम्झौता नभएकाले टिनले चर्चेको भागका मतलब छैन तिमी जे गर्छौ गर भन्दै जवाफ दिँदै आएका छन् । निजको घर नछोड्ने मनसाय राखी घर बहालमा बसेको होइन, निज र मेरो बीचमा कुनै औपचारिक वार्ता नभई ५ महिना अगाडिबाट नै घर बिक्री गरिसकेँ भनी बाहिर-बाहिर भन्दै हिँड्दा कसलाई के-कति दिने कोसँग सम्झौता गर्ने, मैले दिएको अग्रीम १ लाख मलाई कहिले दिने भन्ने विषयमा छलफल नभई झमेलामा पार्ने मेरो व्यापार व्यवसाय धरासायी पार्ने मनसाय राखी झुठा उजुरी दिएका हुन् भन्ने दोस्रो पक्षको प्रतिउत्तर प्राप्त भयो ।

वादी र प्रतिवादीका तर्फबाट रहेका उल्लेखित विषयलाई एकआपसमा मनमुटाव, असमझदारी, बेमेल भएको भए पनि अमरगढी नगरपालिकाको न्यायिक समितिमार्फत वडा नं. ५ अन्तर्गत रोजेको मेलमिलापकर्ताको पहलमा विगतमा जे-जस्ता असमझदारी रहे पनि घर बहाल असुल उपर गराई पाउँ भन्ने मुद्दामा रहेको दावी छोडी दुवै पक्ष समझदारीमा मिलोमतो गर्ने कुरामा सहमत भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (२) बमोजिम मिलापत्र गरेका छौं भनी दुवै पक्षले हस्ताक्षर गरेका छन् ।

अटेरीको सेवा रोक्का

मान्छे आफ्नो इमान, जमान, नैतिकतादेखि विमुख हुँदै गएको छ । कानूनमा आफूमाथि पर्ने महशुश गरेपछि सम्पत्तिका लागि आफ्नो नाता, इमान्दारिता तथा नैतिक दायित्वबाट पन्छिन खोजेको घटनाले सधैँ मन जलिरहेको छ । झापा जिल्ला दमक नगरपालिका वडा नं. ७ बस्ने नातामा काका बलबहादुर कार्की र सोही वडामा बस्ने नातामा भतिज फणिन्द्रबहादुर कार्की परिवारको बीचमा भएको जग्गा खरिद विवादमा न्यायिक समितिको भूमिकामा दुवैबीच मेलमिलाप गराई विवाद निरूपण भएको छ । समाजमा हुने यस्ताखाले घटनाले परिवार, आफन्त समाजमा हुनुपर्ने आलोचित घटनाबाट बच्न पनि मेलमिलाप जरूरी छ । न्यायिक समिति यस्ता घटना मेलमिलाप गराउनेमा उदाहरण बनेको छ ।

बलबहादुर कार्कीले थप ग्रारिएको म्यादमा समेत कार्य नगरेकाले न्यायिक समितिले २०७५ फागुन २८ गते बलबहादुर कार्कीलगायत एकासंगोलको परिवारलाई दमक नगर कार्यपालिका तथा वडा कार्यालयले उपलब्ध गराउने सबै सेवा-सुविधा रोक्का राख्ने निर्णय गरी सम्बन्धित व्यक्तिलाई सो को जानकारी दिइयो । सहमति पूरा गर्न कुनै चासो देखाएनन् ।

'गरिबीको कारण श्रीमान वैदेशिक रोजगारमा हुनुहुन्छ । मेरो परिवारको नाममा कहीं पनि जग्गा छैन । मेरो पतिले दुःखले कमाई गरी पठाएको पैसाले घर बस्नका लागि थोरै जग्गा किन्न खोज्दै गर्दा मेरो सहोदर काकासुरा दमक-७ बस्ने बलबहादुर कार्कीले मसँग ६ धुरको जग्गा रहेको छ मिलाएर दिन्छु, बजारभित्र नै पर्छ भन्नुभयो । नाताले भनेको कुरामा विश्वास नगर्ने कुरा थिएन । १४ लाख ५० हजारमा रूपैयाँमा १ वर्षअघि उल्लेखित जग्गा खरिद गरेपछि नापजाँच गर्दा धनी पुर्जामा ६ धुर उल्लेख भएको तर नक्शामा चार धुर मात्र रहेछ । जग्गा नाप्दा पनि ४ धुर रहेछ । म अन्यायमा परेकोले मेरो किनेको थैली १४ लाख ५० हजार दिलाई जग्गा फिर्ता गरी पाउँ ।' ६ धुर जग्गा पूरा गरी पाउँ भनी दमक–७ झापा बस्ने फणिन्द्रबहादुर कार्कीको पत्नी गोमा कार्कीले वि. सं. २०७५ साल असार महिनामा दमक नगरपालिका न्यायिक समितिमा निवेदन दर्ता गरिन् । न्यायिक समितिले मिति २०७५ साल असार ३१ गते दुवै पक्षलाई झिकाई छलफल गऱ्यो । छलफलमा बलबहादुर कार्कीले मैले मेरी भतिजी बुहारी गोमा कार्कीलाई मेरो जग्गा धनी दर्ता प्रमाण पुर्जामा ६ धुर भएको जग्गा बिक्री गरेको हो । जग्गा फिल्डमा कति छ मलाई थाहा छैन । मैले श्रेस्ताअनुसारको जग्गा बिक्री गरेको हो । यसमा मेरो कुनै थप दायित्व छैन । कानुनले मलाई गर्न भन्छ भने गर्छु । अन्यथा म गर्दिन भनी आफ्नो कुरामा अडिग भए । लामो छलफल दवावपछि ठीक छ, मेरो परिवारभित्रको कुरा पऱ्यो । मेरो भतिज हो । नापजाँच गरी हेरौँ जग्गा कम रहेछ भने पुन छलफल गर्ने सहमति गरी छलफल सकियो ।

दमक नगरपालिकाका अमिन ज्ञानेन्द्र गौतमलाई जग्गा श्रेस्ता हेरी नापजाँच गरी प्रतिवेदन पेश गर्न

खटाउँदा धनी पुर्जामा ६ धुर उल्लेख भएको, नक्शामा ४ धुर भएको र फिल्डमा समेत ४ धुर जग्गा भएको प्रतिवेदन पेश भयो । प्रतिवेदन प्राप्त भएपछि दुवै पक्षलाई झिकाई छलफल गर्दा निज बलबहादुर कार्कीले मेरो जग्गा त्यहाँ अरू बाँकी छैन भनेकाले विभिन्न विकल्पहरूमा छलफल गर्दा १४ लाख ५० हजारमा जग्गा बिक्री गरेकोमा २०७५ साल मङ्सिर महिनाको पहिलो हप्ताभित्रमा १७ लाख फिर्ता गरी जग्गा फिर्ता गर्ने सहमति भयो । उल्लेखित भाकाभित्र शर्त पूरा नगरेकाले सहमतिअनुसार काम गराई पाउँ भनी गोमा कार्कीले न्यायिक समितिमा पुनः निवेदन गरिन् । न्यायिक समितिको तर्फबाट निजलाई सहमतिअनुसारको काम गर्न पटकपटक टेलिफोनबाट अनुरोध गर्दासमेत नगरेकाले लिखित पत्राचार भयो । बलबहादुर कार्कीले २०७६ साल मङ्सिर १४ गते मैले तोकिएको समयमा सहमति पूरा गर्न सकिन पुनः २ महिनासम्मको म्याद थप गरी पाउँ भनी निवेदन दिए । उक्त म्यादसमेत न्यायिक समितिले उपलब्ध गरायो । बलबहादुर कार्कीले थप गरिएको म्यादमा समेत कार्य नगरेकाले न्यायिक समितिले २०७५ फागुन २८ गते बलबहादुर कार्कीलगायत एकासंगोलको परिवारलाई दमक नगर कार्यपालिका तथा वडा कार्यालयले उपलब्ध गराउने सबै सेवा-सुविधा रोक्का राख्ने निर्णय गरी सम्बन्धित व्यक्तिलाई सो को जानकारी दिइयो । सहमति पूरा गर्न कुनै चासो देखाएनन् । समय बित्दै गयो बलबहादुरले व्यवसायिक ग्रील उद्योग खोल्न चाहेकाले सो को सिफारिश गरिदिन निवेदन लिई वडा कार्यालयमा जाँदा वडा कार्यालयले तपाईंको सबै प्रकारको सेवा तथा सिफारिश न्यायिक समितिबाट रोक्का भएको छ। फुकुवा लिएर आएपछि मात्र सुविधा प्राप्त हुन्छ भन्ने जवाफ पाएपछि बलबहादुरका छोरा भाष्कर कार्की बाबुको प्रतिनिधि भई न्यायिक समितिसमक्ष उपस्थित भए । बाबु बलबहादुरबाट सहमति कार्यान्वयन नभएको र १७ लाख रूपैयाँसमेत फिर्ता गर्न सक्ने अवस्था नभएकाले पुनः विकल्पमाथि छलफल गरी पाउँ भनी निवेदन गरेकोले निवेदकतर्फका पति-पत्नी फणिन्द्रबहादुर कार्की र गोमा कार्की, दोस्रो पक्षका प्रतिनिधि छोरा भाष्कर कार्की वडा अध्यक्ष भीमप्रसाद पौडेलसमेतको उपस्थितिमा लामो छलफल हुँदा जग्गा फिर्ता गर्न नसकेकोले निवेदिकालाई दोस्रो पक्षले ५ लाख दिने र जग्गा सम्बन्धित सबै विवादको मिलापत्र गर्ने सहमति भयो । दमक नगरपालिकाको न्यायिक समितिको रोहवरमा २०७६ साल भाद्र महिनाको १२ गते रूपैयाँ लेनदेन गरी विवादलाई मिलापत्रबाट निरूपण भएको छ ।

टुट्न लागेको सम्बन्ध जोगियो

सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. ९ स्थायी घर भएका लोकबहादुर श्रेष्ठले आफ्नै श्रीमती शोभा श्रेष्ठसँग घरयासी झगडा भएकाले एक-अर्काबीच सँगै बस्न नसक्ने भन्दै सम्बन्धविच्छेदको उजुरी दर्ता गराउनुभयो । न्यायिक समितिको मेलमिलाप सत्रमा दुवै पक्षबीच भएको छलफलले श्रीमान-श्रीमतीबीच सुरू भएको असमझदारीमा खुलेर छलफल भयो । एकले अर्काबीच भन्न नसकेका थुप्रै भावनात्मक कुराहरू मेलमिलापकर्ताहरूको साथमा प्रस्तुत भए । एकले अर्कोसँग खुलेर कुरा गर्ने वातावरण बनेसँगै

न्यायिक समितिको मेलमिलाप सत्रमा दुवै पक्षबीच भएको छलफलले श्रीमान-श्रीमतीबीच सुरु भएको असमझदारीमा खुलेर छलफल भयो । एकले अर्काबीच भन्न नसकेका थुप्रै भावनात्मक कुराहरु मेलमिलापकर्ताहरुको साथमा प्रस्तुत भए ।

दुवैले सुरक्षा, माया ममता र संरक्षणको विश्वासका आधारमा दुवै पक्षबीच सुमधुर सम्बन्ध कायम गर्ने र एक-अर्कालाई इज्जत गर्ने गरी वि. सं. २०७६ भदौ ११ गते मिलापत्र भएको छ ।

लोकबहादुर श्रेष्ठले श्रीमान-श्रीमतीबीच बारम्बार झगडा गर्ने, रिसाउने गरेको बताउनुभयो । 'एक-अर्कालाई सम्मान गर्दैनथ्यौं, भावनात्मक विश्वास र सम्बन्ध हुन सकेन'- लोकबहादुर श्रेष्ठले भन्नुभयो- 'दुधौली नगरपालिकाको न्यायिक समितिमा निवेदन दिएपछि भएको परामर्श र एक-अर्काबीचको प्रगाढ छलफलका कारण हामी पुनः मिलेर बस्न तयार भयौं ।' न्यायिक समितिमा भएको छलफल र मेलमिलापपछिका दिनहरू सुखमय र रमाइलोसँग बितिरहेको उहाँले बताउनुभयो । 'हामी वैवाहिक सम्बन्धमा बाँधिएको ९ वर्ष भयो तर हामीले एक-अर्का लाई बुझ्ने प्रयास नै गरेका रहेनछौं । वैवाहिक सम्बन्धलाई कसरी अगाडि बढाउने र सुमधुर सम्बन्ध कायम गर्ने अन्योलमा थियौं ।' श्रीमती शोभा श्रेष्ठले भन्नुभयो- 'न्यायिक समितिले हामी दुवैलाई न्याय दिएर मेलमिलाप गराइदिनुभयो, हाम्रो सम्बन्ध अगाडि बढाउन सहयोग गर्नुभयो । दुधौली न्यायिक समितिलाई धन्यवाद छ ।' 'धन्न मेरो श्रीमानले सही समयमा सही ठाउँमा आएर निवेदन दिनुभएछ नत्र हाम्रो सम्बन्ध बिग्रिने अवस्थामा थियो म मेरो गल्ती स्वीकार गर्दैन थिए होला सानो-सानो कुरामा पनि हाम्रो झगडा हुन्थ्यो' शोभाले भन्नुभयो ।

'विगतका दिनहरू सम्झिन पनि मन लाग्दैन जोकोहीसँग बोल्दा पनि मेरो श्रीमानले मलाई शङ्काको दृष्टिकोणले हेर्नुहुन्थ्यो । हाम्रो झगडाका कारण मुख्य त्यही थियो । त्यसैले गर्दा छोराछोरी मामाघरमा थिए तर अहिले हाम्रो परिवार एक भएको छ । हामी मिलेर एकैठाउँमा बसेका छौं । हामी एक-अर्कालाई बुझ्छौं र विश्वास गर्छौं । हाम्रो वैवाहिक सम्बन्ध राम्रोसँग अगाडि बढेको छ ।' उहाँले भन्नुभयो- ' फेरि पनि धन्यवाद मेलमिलाप केन्द्र र न्यायिक समिति दुधौलीलाई ।' बिग्रिन लागेको सम्बन्धलाई नयाँ जीवन दिई सम्बन्ध जोडेर सुमधुर बनाई मिलेर बस्न अभिप्रेरित गरी हातेमालो गर्दै सफल हुँदै अगाडि बढिरहेकामा लोकबहादुर र शोभाजस्ता थुप्रै व्यक्तिको शुभकामना र धन्यवादको थलो बनेको छ दुधौली न्यायिक समिति ।

सरकारी रकममा नक्कली कृषक

जिरी नगरपालिका, जिरी दोलखामा रहेको न्यायिक समितिमा दर्जनौ उजुरीहरू दर्ता भएका छन् । न्यायिक समितिमा दर्ता भएका दर्जनौ विवादका उजुरीहरूमध्ये केही अनौठा र नमुना छन् । वि. सं. २०७६ साउन ३० मा दर्ता भएको प्राङ्गारिक यार्सा कृषक समूहले कान्छाबहादुर जिरेललाई विपक्ष बनाई तत्कालीन कृषि विकास कार्यालय, चरिकोटबाट यार्सा कृषक समूहको नाममा २०७५ जेठ २५ गतेदेखि २०७५ असार ५ गते कार्य सम्पन्न गर्ने गरी सामुदायिक तरकारी नर्सरी स्थापना गर्ने भनी २ लाख मात्र बजेट खर्च हुनेगरी जिल्ला कृषि विकास शाखा चरिकोट र यार्सा कृषक समूहबीच भएको सम्झौतामा कान्छाबहादुर जिरेल त्यस संस्थाको कुनै पनि सदस्य नभएकोले उक्त रकम तत्कालीन कृषि विकास शाखा जिरीबाट सिफारिश भएको र के-कति कारणले सिफारिश भएको हो । सो सम्बन्धमा छलफलको लागि नगरपालिकामा निवेदन दर्ता भएकोले निवेदनको आधारमा न्यायिक समितिले मेलमिलापका लागि २०७६ साल भाद्र १ गते नगर उपप्रमुखको संयोजकत्वमा छलफल भएको थियो ।

कान्छाबहादुर जिरेल छलफलमा समेत अनुपस्थित भए । २०७६ साल भाद्र १८ गते पुनः छलफलमा उनलाई बोलाइएको थियो । छलफलमा कृषि सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूलाई न्यायिक समिति तथा प्राङ्गारिक खेती यार्सा कृषक समूहलाई प्रस्ट पारिदिनका लागि उक्त रकम के-कसरी कान्छाबहादुर जिरेलको नाममा निकासा भएको हो ? कहिले सम्झौता गरी कति नम्बरको चेकबाट रकम भुक्तानी भएको हो ? समूहको सक्कलै कागजात उपलब्ध गराउन सम्बन्धित निकायलाई पत्राचार गरिएको थियो । कान्छाबहादुर जिरेलले कुनै पनि चेक तथा रकम नबुझेको तर सो चेक तत्कालीन कृषि विकास शाखा जिरीको कर्मचारीले बुझेको भनी कान्छाबहादुर जिरेलले भनेको र सम्झौता काजगातमा कान्छाबहादुर जिरेललाई हस्ताक्षर गर्न लगाएको सम्झौतापत्र उपलब्ध गराउने गरी पत्रचार गरिएपश्चात २०७६ भाद्र २४ गते जिरी नगरपालिकामा पुनः छलफल भयो ।

छलफलमा प्राङ्गारिक कृषि समूह यार्सालाई कुनै पनि कालोसूचीमा पर्न नदिने गरी प्राप्त कार्यक्रमहरू उपलब्ध गराउने, कृषि विकास शाखा जिरीमा कार्यरत कर्मचारीलाई सहमतिअनुसार रकम ५० हजार सात दिनभित्र तिर्न लगाउने, कुनै पनि व्यक्ति तथा सङ्घ-संस्थासँग मनमुटाव तथा रिसइवी नलिने, कान्छाबहादुर जिरेलले कुनै पनि संस्थागत तथा व्यक्तिगत दोष लगाई मद्यपान गरी विभिन्न गाली तथा आफैंलाई हानी पर्ने कार्य गरेमा संस्था जिम्मेवारी नहुने गरी निर्णय सहमति भएको थियो । उक्त सहमतिपछि मेलमिलापले नगरपालिकामा राम्रो सन्देश दिएको छ । नगरपालिका तथा सो संस्थाको सदस्यहरूसमेत हर्षित भई शाखामा कार्यरत कर्मचारीहरूसमेत सचेत भएको हुँदा यसबाट नगरपालिकामा कुनै किसिमको विवाद तथा कार्यहरू नभएमा नगरपालिकाको विकासमा अझ टेवा पुग्ने छ ।

नगरपालिका तथा सो संस्थाको सदस्यहरुसमेत हर्षित भई शाखामा कार्यरत कर्मचारीहरुसमेत सचेत भएको हुँदा यसबाट नगरपालिकामा कुनै किसिमको विवाद तथा कार्यहरु नभएमा नगरपालिकाको विकासमा अझ टेवा पुग्ने छ ।

एकल महिलामा फर्किएको खुशी

मुलुक गणतन्त्रमा छ । हामी त्यही गणतन्त्रमा रहेर स्वतन्त्राको उपभोग गरिरहेका छौं । नेपालको संविधानमा उल्लेख भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार छ । नेपालको संविधानको धारा २४३ अनुसार प्रत्येक स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था गरिएको छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ४६ मा स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोकत्वमा निर्वाचित जनप्रतिनिधिहरूमध्ये कार्यपालिकाको दुईजना सदस्यसहित तीन सदस्य न्यायिक समितिको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ४७ को उपधारा १ र २ मा न्यायिक समितिको कार्यक्षेत्रको अधिकार तोकिएको छ । सोही धाराअनुसार न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेको मुद्दाहरू निरूपण गर्ने तथा मेलमिलाप गराउने कार्य गर्दै आइरहेको छ ।

कर्जन्हा न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रभित्रका मुद्दाहरूको निरूपण तथा मेलमिलाप गराउने गरेको छ । समितिमा दर्ता हुन आएका विभिन्न प्रकृतिका मुद्दाहरूलाई न्यायिक समितिले मद्दाको निरूपण तथा मेलमिलाप गराउने गरेको छ । कर्जन्हा न्यायिक समितिका तीनजना सदस्यहरूको आपसी छलफल तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेअनुसार अधिकार क्षेत्र प्रयोग गरिरहेको छ । त्यसमध्ये एउटा यस्तो मुद्दामा न्यायिक समितिले गरेको छलफलले जेष्ठ नागरिकहरूको जीवनमा नयाँ आयाम थपिदिएको छ । ७० वसन्त पार गरेका कर्जन्हा नगरपालिका वडा नं. २ का स्व. प्रेमप्रसाद गौतमकी पत्नी पवित्रा गौतम श्रीमानको मृत्युपश्चात् एकल जीवन बिताइरहनुभएको थियो । छोरा, बुहारी र नाति-नातिनीहरूसँग हाँसीखुशी बसिरहेको अवस्थामा दैवको लिला कसैले थाहा पाउँदैन भनेझैं पवित्रा गौतमको जीवनमा ठूलो बज्रपात हुन पुग्यो । श्रीमानपछि छोरा दिलिप गौतमलाई २०७५ फागुन महिनामा पवित्राले गुमाउनु पऱ्यो । पवित्रा गौतमलाई झन् सकस भयो । श्रीमानको स्वर्गवासपछि छोराको सहारामा जीवन गुजारा गरिरहेको पवित्रा गौतम छोराको मृत्युपश्चात् झन बिचल्ली भयो । गरिबी जीवन बिताइरहेका गौतम परिवारको जीनव झन् कष्टकर हुनपुग्यो । छोराको मृत्युपछि छोराले कमाएको सम्पत्ति र रकम बुहारी र नातिले कब्जा गरी पवित्रालाई एक्लो बनाई खान-बस्नसमेत अप्ठ्यारो पार्दै गए । बारम्बार बुहारी र नातिहरूले दुःख दिई एकल महिलालाई मानसिक चोट पुऱ्याउन थाल्यो । यस्तो पीडा सहन

श्रीमानको स्वर्गवासपछि छोराको सहारामा जीवन गुजारा गरिरहेको पवित्रा गौतम छोराको मृत्युपश्चात् झन बिचल्ली भयो । गरिबी जीवन बिताइरहेका गौतम परिवारको जीनव झन् कष्टकर हुनपुग्यो । छोराको मृत्युपछि छोराले कमाएको सम्पत्ति र रकम बुहारी र नातिले कब्जा गरी पवित्रालाई एक्लो बनाई खान-बस्नसमेत अप्ठ्यारो पार्दै गए ।

नसकी गाउँघरका भद्र-भलादमीहरूसँग छलफल गराउँदासमेत अवस्थामा सुधार हुन सकेन, बरू पवित्रा गौतमलाई घर नै छोडी जान बाध्य पारियो । दुःख दिन थाले । यस्तो अप्ठ्यारो अवस्थामा स्थानीय व्यक्तिहरूको सहयोग तथा सल्लाह सुझावमा पवित्रा गौतम न्यायिक समितिको सम्पर्कमा आउनुभयो । बुहारी र नातिबिरूद्ध मुद्दा दर्ता गराउनुभयो । न्यायिक समितिमा मुद्दा दर्ता भएपश्चात् छलफल सुरू भयो । छलफलका क्रममा विभिन्न बाधा अवरोधहरू आए । तर पनि न्यायिक समितिले हार खाएन । अन्ततः बुहारी र नातिले आफूबाट भुल भएको स्वीकार गर्दै पवित्रालाई इज्जत आमदअनुसार राख्न प्रतिबद्ध भए । घरबाट निकालिएकी पवित्रालाई नाति र बुहारीले घर लिएर गएपछि उहाँको अनुहारमा खुशी छायो ।

पवित्राले न्याय प्राप्त गरिसकेपछि बुहारी र नातिहरूसँग पुनः हाँसीखुशी जीवनयापन गरिरहेका छन् । न्यायिक समितिका संयोजक ज्ञानकुमारी श्रेष्ठले फरकफरक खालका उजुरीमा न्याय दिन पाउँदा आनन्द भएको महशुस गरेको बताउनुभयो ।

जेष्ठ नागरिकको पीडामा मलहम

विधिको विधान, सृष्टिको चक्रअनुसार हरेक भाग्यमानी जोडिहरूले मात्र सन्तानहरूलाई जन्म दिन्छन् र तिनै सन्तानहरूको लालनपालन र शिक्षादिक्षामा आफ्नो जीवनको अधिकांश ऊर्जा खर्च गर्दछन् । उनीहरूले न्यानो पारिवारिक माया र स्नेहका साथ आफ्ना बुढेस कालका सहाराहरूलाई हुर्काउँछन् । आमाबाबु जब बूढा हुन्छन्, अशक्त हुन्छन् तिनै सन्तानहरूको सहारा लिएर बुढेस कालको जीवन व्यतीत गर्दछन् ।

स्थानीयहरुको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकार, एवं उक्त सरकारको एक अङ्गको रुपमा रहेको न्यायिक समिति र न्यायिक समितिमा रहनुभएका नगर उपप्रमुख एवं न्यायिक समिति संयोजक सरस्वती रिजाल खड्का, सदस्यद्वय सुनिता नकर्मी र मिलन महर्जनले यो समस्यालाई निर्णयभन्दा मेलमिलापको बाटोबाट टुङ्ग्याउँदा दुवै पक्षले जित्ने मनसायका साथ विभिन्न चरणमा छुट्टाछुट्टै र संयुक्त रुपमा मेलमिलापमा विभिन्न चरणहरु र सम्भावित उपायहरु प्रयोग गरी छलफलमा राख्नुभएको थियो ।

यो रित परिवारमा चलिरहन्छ । तर केही परिवार त्यस्ता हुन्छन् जहाँ भावना र आत्मियताले चल्नुपर्ने सम्बन्ध औपचारिकतामा सीमित हुन्छ । सानो-तिनो कुरामा खटपट हुन्छ । परिवारभित्रैका सदस्यहरूबीच बेमेलको स्थिति खडा हुन जान्छ । विवाद चर्किंदै द्वन्द्वको स्थितितर्फ धकेलिन्छ । सम्बन्धमा खाडल देखा पर्दछ । परिवारका सबै सदस्यहरूसँगै बस्ने वातावरण बन्दैन । आपसमा भाँडभैलो चल्छ । पारिवारिक बेमेलको कुरा घरपरिवार, छरछिमेक, वडा कार्यालय हुँदै किर्तीपुर नगरपालिकाको न्यायिक समितिसम्म न्याय पाउँ भन्ने विषयमा उजुरी परेको छ ।

वि. सं. २०७६ साल असोज १० गते । कीर्तिपुर नगरपालिका वडा नं. ६ निवासी ६५ वर्षिय एकल पुरूष नरबहादुर महर्जन आफ्नी विवाहित छोरीको साथ कीर्तिपुर नगरपालिका कार्यालयमा उपस्थित भई छोरा महन्त महर्जन र बुहारी शकुन्तला महर्जनले इज्जत आमदअनुसार खान-लाउन नदिएको, छोरा-बुहारीले बिरामी हुँदासमेत हेरचाह नगरेको, आफ्नो नाममा रहेको जग्गाको लालपुर्जा र नागरिकतासमेत उनीहरूले नै लिएको र आफू विजोग अवस्थामा रहेको र मागेर दैनिकी गुजार्नुपर्ने अवस्था रहेको व्यहोराको उजुरी किर्तीपुर नगरपालिका कार्यालयमा दर्ता भएको थियो । नेपालको संविधानको धारा ४१ मा व्यवस्था भएबमोजिम जेष्ठ नागरिकलाई विशेष संरक्षणको व्यवस्था रहेबमोजिम एवं संविधानको धारा २१७ मा व्यवस्था भएको स्थानीय न्यायिक समिति र न्यायिक समितिको अधिकार क्षेत्र सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को (१) मा व्यवस्था भएको न्यायिक समितिको अधिकार क्षेत्रबमोजिम उक्त उजुरीलाई न्यायिक समितिको इजलासमा पेश गरिएको थियो । २०७६ साल कार्तिक ५ गते दुवै पक्षलाई न्यायिक समितिको इजलासमा उपस्थित गराई पहिलो चरणको छलफल गरिएको उक्त छलफलमा दुवै पक्षका धारणा

सुन्ने क्रममा वादीले उजुरी निवेदनमा उल्लेख गर्नु भएबमोजिम इज्जत आमदअनुसार खान-लाउन नदिएको, बिरामी हुँदासमेत हेरचाह नगरेको, मर्यादित व्यवहार नगरेको, छोरा महन्त महर्जन र आफ्नो नामको संयुक्त खातामा सहकारीमा जग्गा रहेको रकमसमेत आफूलाई जानकारी नै नदिई किर्ते गरी हिनामिना गरेकोलगायतका विषयहरूमा छलफल भएको थियो ।

छोरा महन्त महर्जन र बुहारी शकुन्तला महर्जनले बाबु महन्त महर्जनलाई इज्जत आमदअनुसार नै खान-लाउन दिएको, तर निजले छोरा-बुहारीसँग बस्न मन नगरेको साथै गलत मनसाय राखी छरछिमेक एवं विवाहित छोरीहरूले दिएको सल्लाहका कारण परिवारमा फाटो आएको तर अझै पनि आफ्नो बाबुलाई स-सम्मान हेरचाह र पालनपोषण गर्न आफूहरू प्रतिबद्ध रहेको धारणा व्यक्त गरेका थिए । स्थानीयहरूको घरदैलोको सरकारको रूपमा रहेको स्थानीय सरकार, एवं उक्त सरकारको एक अङ्गको रूपमा रहेको न्यायिक समिति र न्यायिक समितिमा रहनुभएका नगर उपप्रमुख एवं न्यायिक समिति संयोजक सरस्वती रिजाल खड्का, सदस्यद्वय सुनिता नकर्मी र मिलन महर्जनले यो समस्यालाई निर्णयभन्दा मेलमिलापको बाटोबाट टुङ्ग्याउँदा दुवै पक्षले जित्ने मनसायका साथ विभिन्न चरणमा छुट्टाछुट्टै र संयुक्त रूपमा मेलमिलापमा विभिन्न चरणहरू र सम्भावित उपायहरू प्रयोग गरी छलफलमा राख्नुभएको थियो । छलफलपश्चात दुवै पक्ष सोही दिनदेखि बाबु नरबहादुर महर्जन र छोरा-बुहारी घरमा सँगै बस्ने, सँगै खाना खाने एक-अर्कालाई मर्यादित व्यवहार गर्ने, बाबु नरबहादुर महर्जनलाई स-सम्मान जेष्ठ नागरिकको हैसियतमा पालनपोषण गर्ने प्रतिबद्धता गर्नुभएको थियो । प्रतिबद्धता मुताविक बाबु नरबहादुर महर्जन पनि बस्न मञ्जुर भई छोरा-बुहारी एवं नाति-नातिना सँगसँगै बस्ने र बाँकी जीवन परिवारसँगै हाँसीखुशी बिताउने मनशाय राख्नुभएको थियो । दुवै पक्षले एक-अर्कालाई चित्त दुख्ने गरी दूर्वचन कदापी प्रयोग नगर्ने, पारिवारिक मर्यादा र सम्मान कायम राख्ने र कुनै समस्या आइपरेमा पुनः नगरपालिकामा उपस्थित भई आफ्ना कुरा राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यो उमेरमा परिवारबाट भएको पीडा समाधान भएकोमा उहाँ खुशीले गद्गद् हुनुभएको थियो ।

मिलापत्रबाट वृद्धालाई न्याय प्राप्त भयो

लुम्बिनी सांस्कृतिक । नेपाली समाजमा सदियौँदेखि देखापरेका न्यायमा समानता, अपहेलना सामाजिक रीतिरिवाज, मानवताको दायित्व, परिवारमा अनमेल सम्बन्ध वैमनस्यता, उत्तरदायित्वजस्ता मानवले गर्ने विभिन्न क्रियाकलापमा आफूले दिनुपर्ने सम्मान आदर मानवीय उपकार तथा आफुले गर्नुपर्ने दायित्व समाजमा अझै विद्यमान रहेको छ ।

सन्तानको जन्म दियो, हुर्कायो, बढायो, पढायो समाजमा हिँड्ने बाटो देखायो तथापि उही सन्तानले बुढेसकालमा यिनै वृद्धालाई सम्मानसहित खान-लगाउन, औषधी-उपचार, स्याहार-सुसार गर्नुको साटो अपमानित हेलत्वको शिकार बनाउने अवस्था हाम्रो समाजमा अझै विद्यमान छ ।

दैवको लिला ८१ वर्षकी आमा चेतकुमारीलाई पालनपोषण हेरचाह औषधी उपचार मान-सम्मान यिनै छोरी ज्वाइँबाट हुन्छ भन्ने ठूलो आशा भरोसा बोकेकी (वादीदावीअनुसार) मा निजकै नाममा रहेको जग्गा जमिनसमेत ललाईफकाई छोरी ज्वाइँले आफ्नो नाममा जग्गा जमिन पास गराई यो वृद्ध अवस्थामा स्याहारसुसार पाउने ठाउँमा अपहेलना, कुटपिट घर निकालाजस्ता अमानवीय व्यवहार सहनु पऱ्यो ।

प्रसङ्ग लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. ११ मौजा मुगलहवा बस्ने ठकुर तेलीकी बुहारी स्व. गोलु तेलीकी श्रीमती ८१ वर्षकी चेतकुमारी तेलीको हो । तेजकुमारी तेली वि. सं. १९९४ सालमा जन्म भई जीवनका आरोहअबरोह पार गर्दै गोलु तेलीसँग आफ्नो संस्कारअनुसार विवाह भई निजबाट तीन सन्तान छोरीको जन्म हुन्छ । तीनै छोरीलाई लालनपालन गरी हुर्काई, बढाई, पढाई, लेखाई आफ्नो संस्कारअनुसार छोरी राजकुमारीको फैरै तेलीसँग विवाह वन्धनमा गाँसियो । श्रीमान गोली तेली र स्वयम् आफै जीवन सङ्घर्ष गर्दै छोरीहरूको भविष्य उज्वल बनाउन दुवैको अथक प्रयास रहन्छ ।

अन्त्यमा श्रीमान गोलुले यस संसारबाट एक्लो श्रीमतीलाई (तीन छोरीमध्ये राजकुमारीको काखमा सुम्पिएर परलोक हुनुभयो । दैवको लिला ८१ वर्षकी आमा चेतकुमारीलाई पालनपोषण हेरचाह औषधी उपचार मान-सम्मान यिनै छोरी ज्वाइँबाट हुन्छ भन्ने ठूलो आशा भरोसा बोकेकी (वादीदावीअनुसार) मा निजकै नाममा रहेको जग्गा जमिनसमेत ललाईफकाई छोरी ज्वाइँले आफ्नो नाममा जग्गा जमिन पास गराई यो वृद्ध अवस्थामा स्याहारसुसार पाउने ठाउँमा अपहेलना, कुटपिट घर निकालाजस्ता अमानवीय व्यवहार सहनु पऱ्यो ।

यिनै वृद्धा गाउँ समाजको सहारा लिई लुम्बिनी सांस्कृतिक नगरपालिकाका न्यायिक समितिमा न्याय माग्न पुग्छिन् । नियमानुसार निवेदन दर्ता गरी प्रतिवादी आफ्नै छोरी ज्वाइँ फैरै तेली र राजकुमारी तेलीको नाममा न्यायिक समितिबाट १५ दिने म्याद सूचना जारी हुन्छ । नियमानुसार म्याद तामेली भई प्रतिउत्तरमा मेरो आमाबुबाको छोरा नभई छोरी मात्र हामी तीन बहिनी छौँ र म मात्र आफ्नो आमाबुबाको सुसार, देखभाल गर्दै आइरहेको हुनाले मेरो बुबाले

आफ्नो नाममा रहेको जग्गा जमिन हालको बकसपत्र आफ्नो मनोमानी खुशीराजीले लेखिदिनु भएको थियो र मेरो बुबाको मृत्युपछि आमा मात्र हुनुहुन्छ र आमाको सेवा-सत्कार, देखपाल, खान-लाउन, औषधी-उपचारसमेत हामी गर्दै आइरहेका छौं । मेरा छोराको श्रीमती र मेरा छोरी निज विपक्षीको नातिनीका घरभित्र केही भनसुन हुनाले मेरो आमाले रिसबश यस कार्यालयमा निवेदन हालेकी हुन् र निवेदनमा लेखेको व्यहोरा झुठ्ठा हुन् भन्ने व्यहोराको प्रतिवादीबाट प्रतिउत्तर दायर हुन्छ । न्यायिक समितिबाट मेलमिलापको लागि मेलमिलाप गराइदिन पत्र जारी गरिन्छ ।

मेलमिलापकर्ताबाट दुवै पक्षलाई बोलाई सम्झाई-बुझाई गरी सहमतिमा ल्याउन वृद्धालाई स्याहार-सुसार, उपचार, खाने-लगाउने व्यवस्था गर्ने गालीगलौज र धाकधम्की नदिने राम्रो व्यवस्था मिलाई सुमधुर सम्बन्ध कायम गर्ने सहमतिअनुसार दुवै पक्षबीच २०७५।११।०२ मा सहमतिसहित यस न्यायिक समितिबाट मिलापत्र गराइन्छ ।

अन्ततोगत्वा वृद्धा आमालाई २०७५ चैत्र १० गते भएको मिलापत्रबाट न्याय प्राप्तपछि नयाँ आशा पलाएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिकाबाट वृद्ध आमा चेतकुमारी तेलीको पूर्ण दीर्घायूको कामना गर्दछौं ।

वर्षौंदेखिको जग्गाको झमेलामा मेलमिलाप

महालक्ष्मी नगरपालिका ललितपुरमा रहेको न्यायिक समितिमा वि. सं. २०७५ मङ्सिर १० गते महालक्ष्मी नगरपालिका वडा नं ४ निवासी रामनारायण शाहले सीता खत्री र राधेश्याम खत्रीका बिरूद्ध साँध सिमानाको खिचलो हटाई पाउँ भन्ने विषयको निवेदन दर्ता गराउनुभएको थियो। खिचोलाको विषयमा साविक इमाडोल गाउँ विकास समिति हुँदादेखि मेलमिलापको लागि पटकपटक प्रयास गर्दा पनि मेलमिलाप हुन सकेको थिएन। जिल्ला प्रशासन कार्यालय ललितपुर, नापी कार्यालय ललितपुरबाट समेत मेलमिलाप गराई

असाध्यै पीडा भोगेकी जेष्ठ नागरिक कुसुमको औषधोपचार, लालनपालनसहितको व्यवस्थापनमा न्यायिक समितिको पहल महत्वपूर्ण रह्यो ।

विवाद समाधानका लागि प्रयास गरिएको थियो। १० वर्ष देखिको झमेलामा धेरै पटक धेरै व्यक्तिहरूको प्रयासमा पनि विवाद समाधान हुन सकेको थिएन।

न्यायिक समितिले दुवै पक्षलाई पटकपटक छलफल गराई नगरपालिकाकै अमिनमार्फत दुवै पक्षको उपस्थितिमा स्थलगत नापजाँच गरी साँध-सिमाना एकिन गरी पर्खाल लागाउने काम नगरपालिकाको न्यायिक समितिका संयोजक, समिति सदस्यहरू, सम्बन्धित वडा कार्यालयका वडा अध्यक्षसहित प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न गरी निकै लामो समयदेखि समाधान हुन नसकेको विवाद नगरपालिकाले करिब ८ महिनाको प्रयासपछि मिति वि. सं. २०७६ साउन १४ गते मेलमिलापको माध्यमबाट समाधान गरेको छ । न्यायिक समितिको अनुभवमा कठिन विवाद समाधान भएको ठहर छ।

न्यायिक समितिमा रहेका विभिन्न विवादहरूमध्ये सँधियारको झगडामध्ये बुढेसकालको साहारा भनिएका आफ्नै सन्तान कठोर होलान् भन्ने कसलाई लाग्छ र ? तर कहिलेकाहीं यस्ता घटनाहरू घट्दारहेछन् । ९४ वर्ष उमेर भएकी श्रीमान गुमाएकी ५ सन्तानकी आमा विष्णुकुमारी कार्की साविक ओखलढुङ्गा जिल्ला फूलबारी गाविस वडा नं १ स्थायी ठेगाना भई महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीमा माइलो छोरा हुवराज सिहसँग बस्दै आएकी थिइन् । सँगै बसेको छोराको निधन भएपछि बुहारी र नातिले घर बेचेर अन्तै गएको कुरा ती वृद्धा आमालाई निकै लामो समयसम्म थाहा नभएको र पछि मात्र घरधनीले निस्केर जानु भनेपछि थाहा भयो । छिमेकी कुसुम रिजालको सहयोगमा न्याय माग्दै २०७५ असोज १८ मामहालक्ष्मी नगरपालिकाको न्यायिक समितिमा संरक्षणसहित खान-लाउन पाउँ भन्ने विषयको निवेदन दर्ता गराइन् । निवेदनको कारबाही गर्ने सन्दर्भमा उहाँका चार छोराहरूसँग सम्पर्क गर्दा उहाँहरूको व्यवहार आमाप्रतिको व्यवहार दुःख लाग्ने खालको थियो। असाध्यै पीडा भोगेकी जेष्ठ नागरिक कुसुमको औषधोपचार, लालनपालनसहितको व्यवस्थापनमा न्यायिक समितिको पहल महत्वपूर्ण रह्यो।

स्थानीयस्तरमा न्यायिक समितिको गठन र क्रियाकलापले नागरिकहरू सन्तुष्ट छन्।

पारिवारिक बेमेलपछि घनिष्ट प्रेम

वि. सं. २०७५ साल साउन महिनाको कुरा हो । न्यायिक समिति भर्खर-भर्खर न्याय सम्पादनतर्फ अगाडि बढेको थियो । न्यायिक समितिको प्रक्रियाबारेमा स्थानीयस्तरमा खासै जानकारी थिएन । उजुरी प्रशासकको रूपमा महिला विकास अधिकृत कार्यरत हुनुहुन्थ्यो । संयोगले एकजना महिला विकास अधिकृत खोज्दै आउनु हुँदा न्यायिक समितिको कार्यकक्षभित्र प्रवेश गर्नुभयो जहाँ न्यायिक समितिका संयोजक एवं नगरपालिका उपप्रमुख हुनुहुन्थ्यो ।

फिदिम नगरपालिकाको वडा नं. १ बजार क्षेत्रभित्र सामान्य होटल व्यवसाय चलाउँदै आएकी करिब ४५ वर्षकी महिला आफ्नो कुरा राख्न अनकनाइ रहनुभएको थियो । साथमा अर्की महिलासमेत हुनुहुन्थ्यो । आफ्ना कुरा राख्न उहाँको प्रयास थियो तर भन्न असजिलो मान्दै हुनुहुन्थ्यो । उहाँ यताउता हेर्दै एकदम आक्रोश, रिसाएको जस्तो अनुहारबाट बुझिन्थ्यो । थोरै कुरा थाहा भयो अर्थात् ती महिलाले बिस्तारै श्रीमानसँग डिभोर्स गर्न आएकी डिभोर्स गर्ने तरिका भन्दिनु, म आजै त्यो पनि अहिल्यै नै छोडपत्र गर्छु मलाई श्रीमानले गाली गर्छन, पिट्छन् । एकछिन पनि सँगै बस्न सक्दिन । आज राति पनि मार्छु-काट्छु भन्यो । खुकुरीले ढोकासमेत काट्यो म भागेर छोरीको डेरामा सुत्न गएँ, आदिआदि बताउँदै जानुभयो । उहाँका अनुसार साँच्चै नै पो फटाहा श्रीमान हुन कि भन्ने पऱ्यो । श्रीमानलाई बोलाएर कुराकानी गर्ने आश्वासनसहित उहँलाई घर फर्काइयो । परिवारमा मिलेर बस्नुभन्दा दोस्रो विकल्प सहज हुन्न भन्ने सम्झाउँदा पनि उहाँले मान्नु भएन । दोस्रो दिन श्रीमान-श्रीमतीलाई नै बोलाएर कुराकानी गर्ने सम्झाउने काम भयो । श्रीमतीले कुनै हालतमा श्रीमानसँग बस्दै नबस्ने जिकिर गरिरहिन् तर श्रीमानले म यस्तो गर्दिन अब आइन्दा केही गर्दिन भन्ने कबोल गरे । तेस्रो दिन महिला फेरि आइन् । जड कुरा पो छ कि भनेर उनीसँग एक्लै कुरा गर्ने अवसर मिलायौ र सबैलाई बाहिर राखेर न्यायिक समिति संयोजक र उजुरी प्रशासक बसेर कुरा गर्न थाल्यौं । घरमा को-को रहनुहुन्छ ? श्रीमान-श्रीमती बस्छौं, सानी नातिनी

थोरै कुरा थाहा भयो अर्थात् ती महिलाले बिस्तारै श्रीमानसँग डिभोर्स गर्न आएकी डिभोर्स गर्ने तरिका भन्दिनु, म आजै त्यो पनि अहिल्यै नै छोडपत्र गर्छु मलाई श्रीमानले गाली गर्छन, पिट्छन् । एकछिन पनि सँगै बस्न सक्दिन । आज राति पनि मार्छु-काट्छु भन्यो ।

पनि सँगै छ । मेरो छोरीको डेरानजिकै छ त्यसैले नातिनी पनि सँगै बस्छे । तपाईंको श्रीमान कति उमेरको हुनुभयो भन्दा ४७ वर्ष भएको बताउनुभयो । यसो भन्दै गर्दा आज त राति मेरो घाँटी थिचेर झण्डै माऱ्यो, नातिनीलाई पनि लाग्यो भनेपछि अझै अर्को खालको समस्या पो हो कि ? शङ्का उत्पन्न भयो । तपाईंहरूसँग नातिनी पनि सँगै सुत्छिन् त ?

तपाईंको श्रीमान उमेरको हुनुहुँदो रहेछ । प्राकृतिक नियम श्रीमान-श्रीमतीबीच आपसी प्रेम हुन्छ, यौन चाहाना हुन्छ यो स्वभाविक प्रक्रिया हो । जब तपाईंले नातिनीलाई बीचमा सुताउनु भएपछि

तपाईंको श्रीमानलाई रिस उठ्छ कि उठ्दैन तपाईं आफैं भन्नोस् त ? हामीले गलत भनेका हौं ? यो संसारमा नभएको कुरा हो र यदि तपाईंलाइ इच्छा छैन भने पनि कुरा गर्नुस् भन्नुस्, बच्चाको अगाडि यस्तो कुरा गर्न मिल्दैन । दुवैले कुरा गर्न नपाएपछि रिस पोख्ने माध्यम भएको रहेछ । एक-अर्काको कुरा वा श्रीमान-श्रीमतीबीचको कुरामा तगारो बन्दा समस्या आउँछ कि आउँदैन ? उनी कन्भिन्स हुँदै टाउको हल्लाउन पुगिन् । आज विचार गर्नुस् नातिनिलाई उसको ममीको घर पठाईदिनुस् । श्रीमान-श्रीमतीबीच छलफल गर्न'स् । फेरि यस्तो झगडा भयो भने तपाईंहरूको छोडपत्रको प्रक्रिया अगाडि बढाउँला होइन भने श्रीमान-श्रीमतीले एकै क्षणको आवेगमा यस्तो निर्णय गर्नु हुँदैन, छुट्टिएर बस्दा समाजको दृष्टिमा, जिम्मेवारीको सहायतामा एक्लो भइन्छ भनेर सम्झाएर फर्काइयो । अर्कोतर्फ श्रीमानलाई पनि श्रीमतीलाई कुट्नु-पिट्नु राम्रो होइन सर-सल्लाहले मात्र घर चल्छ तपाईंजस्तो बुझेको मान्छेले सम्झाउनुस्-बुझाउनुस् भनेर सम्झायौं । मुद्दा हाल्छेस् भन्दै धम्क्याउनु, कुट्नु, पिट्नु, काट्न खोज्नु, ढोका काट्नुजस्ता व्यवहारले कस्लाई पीडा गर्दैन ? लोग्ने-स्वास्नीको झगडा परालको आगो भन्ने थाहा छ नि हैन ? उनी पनि कन्भिन्स भए ।

दुईबीचको समस्याको जड पत्ता लगाएर समस्याको नजिक पुगेर समाधानको पहल भएपछि उनीहरूको मिलन सुरू भयो । उनीहरू फेरि मुद्दा बोकेर न्यायिक समितिमा आएनन् । पछि दुवै जनासँग भेट भयो उनीहरू खुशी थिए । सुखी थिए । सँगै जीउने कसम खाएकाहरूले नबुझेको सानो कुराले उत्पन्न समस्या समाधानमा न्यायिक समितिले खेलेको भूमिकालाई धन्यवाद दिए । बिग्रन लागेको परिवार जोगिएकोमा धन्यवाद व्यक्त गरे । फिदिम नगरपालिकाको न्यायिक समिति पाँचथरलाई पनि उनीहरूले धन्यवाद व्यक्त गरे ।

तारले टुटाएको सम्बन्धमा न्यायिक समिति

प्यूठान नगरपालिका न्यायिक समिति प्यूठानमा टेलिफोन तार जडानको क्रममा भगवती कवरको अबरोधका बारेमा उजुरी पऱ्यो । वि. सं. २०७४ भदौ २३ गते परेको उक्त उजुरीका सम्बन्धमा प्रारम्भिक सुनुवाई सुरू भए पनि भदौ ५ गते तत्कालीन प्रजिअ यदुनाथ पौडेलसमक्ष निवेदन दर्ता भएको रहेछ । प्रमुख जिल्ला अधिकारीको दर्ता भएको निवेदनउपर न्यायिक समितिले छलफल गरी विवाद समाधान गर्न सक्ला त ? चुनौती थियो तर पनि प्रयास गर्दा असफल भएन ।

प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा उक्त विवादमा मेलमिलाप हुन सकेन । न्यायिक समितिसमक्ष वडा कार्यालयको माध्यमबाट उक्त विवादको उजुरी दर्ता भयो । न्यायिक समितिले छलफल गर्दा प्राविधिक सहायताबाट तथ्य-सत्य आउने विश्वास व्यक्त भयो । २०७४ कार्तिक १ गते नापी कार्यालय खलङ्गा प्यूठानलाई राजकुमार योगी र भगवती कवरबीच भएको बाटो डोहाको विवादमा कसको जग्गा हो ? सार्वजनिक जग्गा कुन हो ? छुट्याउनपर्ने भएकाले प्राविधिक सहयोगका लागि पत्राचार गर्ने निर्णय भयो ।

प्यूठान नगरपालिका भगवती कवरको घरनजिकको फाँट जाने बाटो, डाहा सम्बन्धमा तेरो-मेरो विवाद भएकोले सो बाटो डोहाका दायाँबायाँ, तल माथिको कसको जग्गानजिक कति मिटरको बाटो पर्छ दुवै पक्षको रोहवरमा २०७४ कार्तिक मसान्तसम्ममा अमिन ल्याई रेखाङ्कन गर्ने र सोही रेखाङ्कनलाई मान्यता दिने कुराले उत्साह भरिदयो । दुवै पक्ष उक्त निर्णयमा सहमत भयो ।

मोटर बाटोदेखि पोलबाट राजकुमार योगीले टेलिफोन तार जडान गरी आफ्नो घरतर्फ लगेकोमा सो तारले भगवती कवरलाई असर परेकोले तार भगवतीले काटी अबरोध गर्दै आएकोमा पछि भगवतीले आफ्नो घर संरचना निर्माण गर्दा कुनै पोल तारले असर पर्ने अवस्था आएमा सो तार सहमतिमा वरपर सार्ने निर्णयमा पनि दुवै पक्षको सहमति भयो । भगवती योगीको घरनजिक रहेको विद्युतको पोल पछि नाप-नक्सा गर्दा उक्त तार लिएपछि कुनै असर पर्न गएमा घर निर्माण गर्दा असजिलो हुन गएमा सो पोल व्यावस्थापन गर्न नेपाल विद्युत प्राधिकरण प्यूठान शाखामा अनुरोध गर्ने निर्णय कार्यान्वन भयो ।

भगवती योगीको घरनजिक रहेको विद्युतको पोल पछि नाप-नक्सा गर्दा उक्त तार लिएपछि कुनै असर पर्न गएमा घर निर्माण गर्दा असजिलो हुन गएमा सो पोल व्यावस्थापन गर्न नेपाल विद्युत प्राधिकरण प्यूठान शाखामा अनुरोध गर्ने निर्णय कार्यान्वन भयो ।

उक्त निर्णयमा दुवै पक्ष सहमत भएसँगै एक-आपसमा झगडा नगर्ने, मुद्दा परे कानूनी दण्ड सजायँ व्यहार्ने, दुवै पक्ष विवाद नगर्ने, एक-आपसमा मिलिजुली बस्ने र गालीगलौज नगर्ने निर्णय भयो । उक्त सहमतिले छिमेकीहरूलाई समेत सहज भएकाले न्यायिक समितिलाई धन्यवाद दिएका छन् । उक्त घटनापछि दुवै परिवारबीच कुनै प्रकारको झगडा पनि भएको छैन । तार जडानको क्रममा अबरोध भएको बाटो पनि सुचारू भएको छ । अन्य समयमा पनि उक्त घटनाको उदाहरण दिँदै विवाद समाधान गर्ने प्रयासमा न्यायिक समितिसँगै स्थानीयहरू पनि अग्रसर भएका छन् । उक्त टोलमा भएको सहमतिको उदाहरण अन्य क्षेत्रमा नमुना बनेको छ ।

आमालाई सन्तानले पोखरीमा फालेपछि

सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. १२ दमावती टोल बस्ने ७७ वर्षकी निवेदिका एकल महिला वृद्धा आमाको जीवनमा त्यसबेला बज्रपात भयो जब उनले हुर्काएका छोरोले आफ्नी श्रीमती र छोराको मद्दतले बिरामी अवस्थामा आफ्नै घरदेखि १ सय मिटर पर पोखरीको छेउमा फालिदिए । वि.सं. २०७३ सालको छठ पर्वको रमझममा व्यस्त भएको त्यो दिन उहाँका लागि कहालीलाग्दो बन्यो । यो दिन देख्नुपर्नेछ भन्ने कल्पनासमेत गर्न‘भएको थिएन ।

तारेखबारे जानकारी नराख्ने र अरुले सम्झाउँदासमेत नियम-कानूनबारे त्यति जानकारी नभएका वृद्धा निवेदिका प्रत्येक दिन कार्यालय समयमा लुखुरलुखुर लठ्ठी टेक्दै राजविराज नगरपालिकाको न्यायिक समितिको संयोजक तथा नगर उपप्रमुख साधना झाको कार्यकक्ष अगाडि आइपुग्थे र मुद्दाको बारेमा शोधखोज गरिरहन्थे ।

सायद हरेक अभिभावकले सन्तानबाट गर्ने आश र भरोसा त्यो स्तरको हुँदैन र छैन पनि ।

जीवनको अधिकांश समय छोराछोरीको हेरचाहमा बिताएकी निवेदिका जब थला परेर हिँड्डुल गर्न लठ्ठीको सहारा लिन थालिन् तब उनै छोराहरूले बेवास्ता गर्न थाले । आफैँले हुर्काएको जेठो छोराले उनलाई यस्तो दिन देख्न बाध्य पाऱ्यो । स्थानीयहरूले जब घरबाट निकालिका बिरामी वृद्धा निवेदिकाको बारेमा कुरा गर्न थाले अनि मात्र माइलो छोरा गजेन्द्रनारायण सिंहले सगरमाथा अञ्चल अस्पताल राजविराजमा लगी एक महिना उपचार गराए । न्यायको खोजीमा रहेका उनलाई कहाँ जाने, के गर्ने भन्ने जानकारी थिएन । न्यायका लागि अदालतबाट प्रक्रिया अपनाउँदा खर्च र समयको हिसाबले उपयुक्त नरहेको उनको धारण थियो । २०७४ सालको स्थानीय तहको निर्वाचनपछि प्रत्येक स्थानीय तहमा न्यायिक समितिको गठन भयो । उनको जीवनमा न्यायको आशासमेत हराएको थियो । जब उनले न्यायिक समितिबारे थाहा पाइन् त्यसपश्चात् उनी २०७६ साल असार २ गते राजविराज नगरपालिकाको न्यायिक समितिमा “जिउनी जग्गाको धानबाली दिलाई पाउँ” भन्ने व्यहोराका निवेदनबारे जानकारी पाइन् । तीनैजना छोराहरूको बिरूद्धमा दायर गरेको मुद्दामा जिउनीबापत पाएको ५ कट्ठा १० धुर जग्गाको उब्जाउ जेठो छोरोले लिने गरेका थिए । मुद्दामा प्रतिवादीहरूलाई हाजिर हुन म्याद तामेलीका लागि पठाउँदा दुईवटा छोराहरू धनकुटा जिल्लाको धनकुटा नगरपालिका वडा नं. १ मा रोजगारीको सिलसिलामा रहेकोले मुद्दा तामेलीमा समय लाग्ने भयो । तारेखबारे जानकारी नराख्ने र अरूले सम्झाउँदासमेत नियम-कानूनबारे त्यति जानकारी नभएका वृद्धा निवेदिका प्रत्येक दिन कार्यालय समयमा लुखुरलुखुर लठ्ठी टेक्दै राजविराज नगरपालिकाको न्यायिक समितिको संयोजक तथा नगर उपप्रमुख साधना झाको कार्यकक्ष अगाडि आइपुग्थे र मुद्दाको बारेमा शोधखोज गरिरहन्थे । छोराहरूलाई म्याद पठाउँदा माइलो छोराले मात्र म्याद

बुझेको थियो भने बाँकी दुई छोराहरूको घरदैलोमा सूचना टाँस गरी म्याद तामेली गरियो ।

न्यायिक समितिको सचिवालयबाट फोन सम्पर्क गरी म्याद तामेलीबारे जानकारी गराइयो । यता वृद्धा आमालाई पटकपटक तारेखको दिनबारे जानकारी गराउँदा पनि उनी प्रत्येक दिन उपप्रमुखको कार्यकक्ष धाउन छाडेकी थिइन् । उनी बिहान-साँझसमेत उपप्रमुखसँग भेटेर न्याय मागिरहेकी हुन्थिन् । २०७६ साउन ६ गते जेठो छोरोको तर्फबाट उनको पत्नी, माइला छोरा र कान्छा छोरा उपस्थित भए । आमालाई माइला छोराले आफ्नो घरमा राखेर हेरचाह गर्ने र २०७६ साल भाद्र ८ गतेका दिन सबैजना उपस्थित हुने गरी तारेखमा सहमति भयो । २०७६ साल भाद्र ९ गते आमालगायत तीनैजना छोराहरूबीच वडा नं. १२ का वडा अध्यक्षको रोहवरमा आमाको हकको उक्त ५ कट्ठा १० धुर जग्गा माइला छोराले उब्जाउने र आमालाई स्याहारसुसार तथा औषधी उपचारसमेत गर्ने सहमति भयो । साथै, अघिल्लो सालको बाली जेठो छोराले १२ मन धान आमालाई दिने गरी सहमति मिलापत्र भयो । आमा हाल माइलो छोरासँग बस्दैछिन् । यसरी न्यायिक समितिको अथक प्रयासले मेलमिलापको माध्यमबाट विवादको निरूपण गरी एक वृद्धा आमाले सुखी जीवनयापन गर्न सफल भएकी छिन् ।

माना चामलको दाबीमा नगद उपलब्ध

राप्ती नगरपालिकाको न्यायिक समितिको कार्यालयमा वि. सं. २०७५ माघ २५ गते निर्मला राईले परिवारका कारण भोग्नुपरेको पीडाका बारेमा उजुरी दर्ता गराउनुभयो । उजुरीपछि २०७५ फागुन ६ गते राप्ती नगर न्यायिक समितिका संयोजक इमान सिं लामाको अध्यक्षतामा बैठक बसी निर्मला राईले दिनुभएको माना चामलको विषयमा छलफल भयो । छलफलमा संयोजक लामासहित न्यायिक समितिका सदस्य पूर्णप्रसाद आचार्य, गोमादेवी धरेल, वडा नं. ३ का अध्यक्ष राजकुमार उप्रेती र वडा नं. ३ का मेलमिलाप संयोजक पुष्पराज ओलीको समेत उपस्थिति रहेको थियो ।

दाजु विदेश गएर कमाइ गरेपछि छुट्टिनु भयो । दाइ आफैंले जग्गा-जमिन छुट्टयाएर घर बनाइ बस्नुभयो । धेरै कमाए पनि थोरै कमाए पनि हामीलाई मतलब भएन ।

छलफलमा निवेदिका निर्मला राईको सासु-ससुरा र देवरलाई प्रतिवादीका रूपमा बोलाइएको थियो । निर्मला राईको श्रीमान विदेशमा रहेका कारण उपस्थित थिएनन् । राईले सुरूमा आफ्नो बच्चाले पढ्न पाउनुपर्ने, धेरै मानसिक यातना खेप्नुपरेको कुरा राखिन् । श्रीमानले दोस्रो विवाह गरेर अर्कै घरमा बसेको, आफू परिवारबाट छुट्टिएर बसेको, बालबच्चालाई कसरी पढाउने, औषधी उपचार कसरी गर्ने, श्रीमानले खर्च पनि नदिने, हेरचाह पनि नगर्ने सासु-ससुरा देवरहरूले पनि वास्ता नगर्ने भएकाले श्रीमानले पाउने अंशबाट आफूले पाउनुपर्ने हकदावी गरिन् । प्रतिवादीका तर्फबाट निवेदिकाका ससुरा वीरबहादुर राईले बुहारीलाई केही नभनेको, कानूनी रूपमा अंशवण्डा नभएको, छोरा आफैं घर बनाएर छुट्टिएर बसेको, घरबाट लखेटेको नभई घर आएर बसी खेतिपाती गरेर खान अनुरोध गरे । के को माना चामल दिने ? निवेदिकाकी सासु बुद्धिमाया राईले छुट्टिएर बसेकाहरूले आफैं गरेर खान्छन् हामीले कर लगाएर पठाएका होइन जग्गा-जमिन पनि आफैं छुट्याएर बसेका हुन् आफ्नो राजीखुशीले छुट्टिएर बसेकालाई के को माना चामल दिने ? जवाफ दिनुभयो । देवर ध्रुव राईले दाजु-भाउजुले राजीखुशीले प्रेम विवाह गरेको र प्रेम विवाहलाई घरमा स्वीकार पनि गरेको हो । दाजु विदेश गएर कमाइ गरेपछि छुट्टिनु भयो । दाइ आफैंले जग्गा-जमिन छुट्याएर घर बनाइ बस्नुभयो । धेरै कमाए पनि थोरै कमाए पनि हामीलाई मतलब भएन । दाइ-भाउजु छुट्टिएर बसेको १२-१३ वर्ष भइसक्यो । यो बीचमा भाउजुसँग बोलचाल पनि भएन । आवतजावत पनि भएन के कसो गरेर बस्नुभयो केही खबर भएन छुट्टिएर बसेकालाई कसरी माना चामल दिने ? माना चामल त आफ्नो श्रीमानसँग पो माग्ने हो त ? हामीलाई कसरी यो विषयमा विवादित बनाइयो ?

दुवै पक्षको कुरा सुनेपछि निवेदिका पक्षका छोराछोरीलाई उनको श्रीमान ईश्वर राईले एकमुष्ट ७५ हजार रूपैयाँ दिने, उक्त रकम ३ किस्ता गरी दिने र पहिलो किस्ताको २५ हजार रकम वि. सं. २०७५ फागुन १५ मा, दोस्रो किस्ता २५ हजार चैत्र १५

सम्म र तेस्रो किस्ता २५ हजार रकम २०७६ वैशाख १५ सम्म दिने सहमति भयो । श्रीमान विदेशमा भएकाले तत्काललाई बालबच्चाहरूलाई पढाउन र पालनपोषण गर्नका लागि वादीका काका र हजुरबुबा तथा ससुरा, देवरले रकम दिने गरी सहमति भयो । ७५ हजार रकम दाजु ईश्वर राईबाट नगद वा पैतृक सम्पत्तिबाट भाइ र बुबालाई पछि मिलान गर्ने गरी न्यायिक समितिको कार्यालयमा बसी छलफल गरी सर्वसम्मत रूपमा सहमति र निर्णय गरियो । पीडित निर्मला तत्कालको समस्यासँगै दीर्घकालीन समस्यामा न्यायिक समितिले खेलेको भूमिकाप्रति खुशी हुनुभयो । परिवारका सदस्यहरू पनि छलफलबाट निकास निस्किएकोमा खुशी भए ।

पानी प्रयोगमा छिमेकीको अवरोध

षडानन्द नगरपालिकाको न्यायिक समिति भोजपुरमा वि. सं. २०७६ भाद्र १२ गते षडानन्द नगरपालिका ६ भोजपुर बस्ने सिता श्रेष्ठले सार्वजनिक स्थानमा रहेको धाराको पानी २०७६ वैशाख ८ गते इलाका प्रहरी कार्यालय दिङ्लामा भएको हप्ताको एकदिन १ हजार लिटर पानी पाइप प्रयोग गरी हिलट्याङ्कीमा भर्न पाउने गरी भएको सहमतिविपरीत विपक्षी दलबहादुर श्रेष्ठ तथा निजका परिवारले पानी बन्द गरी पाइप काटिदिएका थिए। उक्त क्षेत्रमा पानीको चरम समस्या थियो। लामो समयदेखि पानीका कारण समुदायबीच विवाद हुँदै आएको थियो। पटक-पटकको विवादका कारण समुदायले सहमतिमा एक हप्तामा एकदिन १ हजार लिटर पानी पाइप प्रयोग गरी भर्न पाउने नियम बस्यो। उक्त नियममा पनि केही पक्षले विरोध गरेका थिए। त्यसमा पर्न भयो, सिता श्रेष्ठ। सुरूमै उहाँलाई गरेको गालीगलौज तथा सार्वजनिक स्थलमा गरिएको दुर्व्यवहारबिरूद्ध सिताले प्रहरी कार्यालयमा निवेदनमा दिनुभएको थियो।

तीनपटकसम्म प्रयास गर्दा विपक्षीहरुको अवरोध गर्ने पाइप राख्न नदिने निर्णय कार्यान्वयन गरे जिउ ज्यानमा खतरा हुनेभँै झगडा गर्नेजस्ता कार्यले निर्णय कार्यान्वयन गर्न कठिन भएपछि इलाका प्रशासन कार्यालय र नगर प्रमुख वीरबल राईको प्रयासमा दुवै पक्षलाई राखी निर्णय कार्यान्वयन गरिएको छ ।

इलाका प्रहरी कार्यालयमा भएको सहमतिबमोजिमको व्यवस्था मिलाई पाउँ भनी पुनः सिताले न्यायिक समितिमा निवेदन दिनुभयो। विपक्षी तथा निजको परिवारले निवेदकले १ हजार लिटरभन्दा बढी पानी प्रयोग गरेको र सो धारा आफ्नो जग्गामा रहेको हुँदा पाइपबाट पानी लान दिन्न भन्ने व्यहोराको अडानमा रहे। अझै मेरो घरमा जोडेको पाइप पनि हटाउँछु भनी जिकिर गरेकाले सहमति वा मेलमिलाप हुन सकेन। सहमति वा मेलमिलाप दुवै हुन नसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ४७ (१) बमोजिम न्यायिक समितिले २०७६ भाद्र २६ गते इलाका प्रहरी कार्यालयमा भएको सहमतिबमोजिमको पानी निवेदकले पाउने गरी निर्णय गरेको तर तीनपटकसम्म प्रयास गर्दा विपक्षीहरूको अवरोध गर्ने पाइप राख्न नदिने निर्णय कार्यान्वयन गरे जिउ ज्यानमा खतरा हुनेभँै झगडा गर्नेजस्ता कार्यले निर्णय कार्यान्वयन गर्न कठिन भएपछि इलाका प्रशासन कार्यालय र नगर प्रमुख वीरबल राईको प्रयासमा दुवै पक्षलाई राखी निर्णय कार्यान्वयन गरिएको छ।

यसरी निर्णय कार्यान्वयन गर्दा निवेदकले न्याय पाए पनि सामाजिक रूपमा दुई पक्षको सम्बन्ध भने सकरात्मक रहेको पाइएन जितहारको स्थिति रहृयो दुवै पक्षबीच बोलचाल तथा अन्य व्यवहारहरू सम्बन्धहरू टुटेको हुँदा न्यायिक समितिको मर्म र भावनाअनुरूप कार्य सफल हुन नसकेको जस्तो भएको छ। विवाद मिले पनि अझै मन मिलेको छैन। पानीको समस्या तत्कालका लागि समाधान भए पनि अन्य सम्बन्ध विस्तार हुन सकेको छैन। न्यायिक समिति अझै उहाँहरूको सम्बन्ध सुधारमा प्रयासरत छ। तर पहिलो समस्या पानी थियो। पानीको समस्या समाधानमा न्यायिक समितिसँगै नगरपालिकाका प्रमुख र इलाका प्रहरी कार्यालयले समेत चासो देखाएकाले सहज भएको छ।

२९ महिनापछि श्रीमान–श्रीमतीको पुनर्मिलन

अछाम जिल्लाको साँफेबगर नगरपालिका नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत रहेको न्यायीक समितिले न्याय सम्पादन गर्ने क्रममा विभिन्न कठिनाइका बाबजुद पनि नियमित क्रियाकलापहरू अगाडि बढाइरहेको छ । स्रोत, साधन र अपर्याप्त दक्ष कर्मचारीका अभावका बीच न्यायिक क्षेत्रमा गर्नुपर्ने कामको प्रकृति जानकार प्राप्त व्यक्तिहरूमार्फत सुझाव-सल्लाह लिई न्याय सम्पादन प्रक्रियामा अगाडि बढ्दै गइरहेको छ । साँफेबगर नगरपालिका न्यायिक समितिले विशेषतः न्याय सम्पादन गर्दा मेलमिलापको नीतिलाई बढी जोड दिएको छ । साँफेबगर नगरपालीका न्यायिक समितिले गरेका कार्यमध्ये २९ महिनासम्म अलगअलग बस्दै आएका श्रीमान र श्रीमतीबीचको विवादलाई मेलमिलापको माध्यमद्वार ासँगै बस्ने वातावरण तयार छ ।

वि. सं. २०७५ साल कार्तिक १३ गते साँफेबगर नगरपालिका निवासी एक महिलाले साँफेबगर नगरपालिकाको न्यायिक समितिमा श्रीमानबिरूद्ध सम्बन्ध स्थापित तथा श्रीमानसँगै बस्ने वातावरण मिलाई दिन निवेदन दर्ता गर्न‘भयो । श्रीमतीले विनेदन दिएसँगै निवेदकलाई खबर गरी न्यायिक समितिको कार्यालयमा बोलाई एकल रूपमा कुरा गर्दै विवाद हुनका कारण र त्यसपछि अलगअलग बस्नैपर्ने बाध्यताका बारेमा खोतल्ने प्रयास भयो । निवेदकका कुरा सके लगत्तै निवेदकका श्रीमानलाई केही दिनपछि एकल रूपमा न्यायिक समितिको कार्यालयमा बोलाई श्रीमतीसँग विवाद हुनुको कारण, के कसरी समस्या उत्पन्न भयो र अलग बस्नैपर्ने बाध्यता कसरी आइपऱ्यो ? सुन्ने र बुझ्ने काम भयो । विवादित पक्षका आफन्तहरू बुबा, आमा, दाइ, भाइलगायतसँग विवादका बारेमा बुझ्ने कोशिस भयो । २०७५ साल मङ्सिर २२ गते दुवै पक्ष, पक्षका आफन्तहरू, सम्बन्धित पक्षका वडाका अध्यक्ष र प्रहरी प्रशासनलाई समेत जानकारी गराई न्यायिक समितिको कार्यालयमा बृहत्त छलफल सुरू भयो ।

समाजमा केही त्यस्ता व्यक्ति जोकोही कसैलाई आपसमा मिलेर बसेको देख्दा पनि डाह गर्छन् । त्यस्ता व्यक्तिको कारणले उनीहरुलाई एक-अर्काको कुरा छुल्याइँ-फट्याइँ गरी विवाद उत्पन्न गराउने काम गरेका रहेछन् ।

समाजमा केही त्यस्ता व्यक्ति जोकोही कसैलाई आपसमा मिलेर बसेको देख्दा पनि डाह गर्छन् । त्यस्ता व्यक्तिको कारणले उनीहरूलाई एक-अर्काको कुरा छुल्याइँ-फट्याइँ गरी विवाद उत्पन्न गराउने काम गरेका रहेछन् । एकदिन दुईदिन गर्दागर्दै उनीहरूलाई एक-आपसमा एक-अर्काप्रति नकारात्मक बन्दै गए र अलगअलग बस्न बाध्य बनाएका रहेछन् । जे हुनु भयो, सँगै बस्न सक्दैन सम्बन्धविच्छेद नै गराईदिनुपऱ्यो भनी निवेदकका श्रीमान र आफन्तबाट कुरा आएपछि निवेदक र उनका आफन्तबाट पनि त्यसो भए ठीकै छ हाम्रो तर्फबाट पनि सम्बन्धविच्छेद गर्दा ठीकै होला भन्ने कुरा आयो । छलफलका

क्रममा सबै पक्षबाट मेलमिलाप गर्दाका फाइदाहरू र न्यायिक समितिले मेलमिलापको क्षेत्रमा हालसम्म गरेका प्रयास र उपलब्धिका बारेमा जानकारी गराउने प्रयास भयो । विवादित पक्षलाई एकान्त वार्तामा सहमति गराई फरक-फरक रूपमा कानूनी व्यवस्थाले ल्याउन सक्ने थप जटिलता र मेलमिलाप गर्दा हुने पारिवारिक फाइदाका विषयमा जानकारी गराइनुका साथै मेलमिलापको क्षेत्रमा अवलम्बन भएका विभिन्न उदाहरणसहित जानकारी गराइयो । स्थानीय महिला अधिकारकर्मी र केही अन्य व्यक्तिलाई सहजीकरणका लागि जिम्मेवारी दिने गरी उक्त दिनको छलफल सकियो ।

लामो समयको अन्तरालसम्म पनि साँफेबगर नगरपालिका न्यायिक समितिले सहजीकरण समिति र विवादित पक्षको सम्पर्कमा रही के-के कार्य कसरी भइरहेको छ ? विवादित पक्ष कुन अवस्थामा पुगे सो को जानकारी लिने कार्य भइरहेको थियो । सहजीकरण समितिको सुझावअनुसार र विवादित पक्षको फोन सम्पर्कका आधारमा २०७५ साल फागुन ५ गते सरोकारवाला पक्ष, विवादित पक्ष र विवाद उत्पन्न गराउन भूमिका खेल्ने तेस्रो पक्षसमेतलाई साँफेबगर नगरपालिका न्यायिक समितिको कार्यालयमा बोलाई छलफल गराइयो । छलफलमा सहजीकरण समितिका तर्फबाट भए-गरेका काम र त्यसबीचमा भएका दुवै पक्षका भनाई र सम्बन्धित पक्षका आफन्तका भनाइसमेत प्रस्तुत भयो । तेस्रो पक्ष भनिने विवाद उत्पन्न गराउने व्यक्तिका भनाइलाईसमेत व्यक्त गर्न लगाइयो । तेस्रो पक्षका कारण केहीबेर स्थिति तनावग्रस्त भयो र प्रहरी, न्यायिक समिति र अन्य सरोकारवालाको सहायतामा स्थितिलाई सामान्य अवस्थामा ल्याउन पहल भयो । पक्षहरूको बसाई व्यवस्थापनमा समेत हेरफेर गरी बसाइ पनि व्यवस्थित भयो । तेस्रो पक्षलाई पुनः कुरा गर्न अनुमति दिइयो र यी दुवै पक्ष मेरा आफन्त हुन्, मबाट यस्तो कार्य भएको छैन । कहिलेकाहीं मैले मेरै नजिकको सम्झेर सम्झाउने बुझाउने गर्दा कहीं कतै मबाट त्यस्तो असर पर्न गएको छ भने क्षमा चाहन्छु आगामी दिनमा तपाईंहरू दुवैजना मिलेर बसेमा मलाईसमेत फाइदा हुनेछ । मैले के गर्न सक्छु त्यसका लागि तयार छु भन्ने कुरा व्यक्त भयो । त्रिपक्षीय कुरा भएपश्चात् सबैका कुराहरू सुन्ने र बुझ्ने काम भयो । विवादित पक्ष, तेस्रो पक्ष र विवादित पक्षका आफन्तहरूका बीच एक-आपसमा अन्य घरायसी कुराहरूसमेत भए । विगतका सकारात्मक रूपमा मिलेर बसेका विगतका दिनहरू पनि स्मरण गरे । अन्ततः सबै कुराहरू भइसकेपछि विवादित पक्ष, पक्षका आफन्त र तेस्रो पक्ष मिलेर बस्ने कुरामा सहमत भएपछि सम्बन्धित ठाउँका वडा अध्यक्ष, प्रहरी र न्यायिक समितिको रोहवर तथा साक्षीमा मेलमिलापसम्बन्धी कागज तयार गरी दायाँबायाँ र हस्ताक्षर गरी निष्कर्षमा पुगेर विवादलाई मेलमिलापमार्फत अन्त्य गराउन न्यायिक समिति सक्षम भयो ।

इन्गेजमेन्ट (सगाई) को कबोल भङ्ग

रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ५ बस्ने राजेश कलवारको छोरी वर्ष २१ की सुरभी कलवार र सोही ठाउँ सिद्धार्थनगर नगरपालिका वडा नं. १२ बस्ने दिलिप जैसवालको छोरा दियान्सु जैसवालले रीतिरिवाजबमोजिम वि. सं. २०७५ कार्तिक २९ गते होटल पौवा सिद्धार्थनगरमा इन्गेजमेन्ट (सगाई) गरी ८ लाख रूपैयाँको लत्ताकपडा, सुन-चाँदीका गरगहना दिने लिने २०७५ माघ महिना भित्रमा विवाह सम्पन्न गर्ने सगाई सम्पन्न भएको थियो ।

सगाई सम्झौताबमोजिमको रकम लिने-दिने गर्दा दुवै पक्षबीच विवाद उत्पन्न हुन गयो । दुवै तर्फबाट आपसी अविश्वास सुरू भयो । एक-अर्कोमा अविश्वास भएपछि विवाह हुने कुरै भएन । विवाह नहुने भएपछि हामीबीच इन्गेजमेन्ट (सगाई) मा भएको लेनदेन रकम फिर्ता दिनुभन्दा सिद्धार्थनगर नगरपालिकाका वडा नं. १२ बस्ने विपक्षी दियान्सु जैसवालकी आमा गीता जैसवालले गालीगलौज अपशब्द प्रयोग गरी रकम दिन इन्कार गरेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ बमोजिम न्यायिक समितिमा उजुरी दिनुभएको थियो । सुरभी कलवारले दर्ता गरेको निवेदनमा न्यायिक समितिबाट छलफल सुरू भयो । वि. सं. २०७५ फागुन १९ दुवै पक्षलाई मेलमिलाप प्रयोजनका लागि मेलमिलाप केन्द सिद्धार्थनगर नगरपालिकामा २०७५ फागुन २७ गते उपस्थित हुन पत्राचार भयो । उक्त विवादमा लामो बहस र छलफल भयो । सुरूमा दिएको रकम र गरगहना यथार्थ एकीन भयो । मेलमिलाप केन्द्र सिद्धार्थनगरले सोही दिन दुवै पक्षलाई राखी छलफल गराउँदा इन्गेजमेन्ट (सगाई) मा दिएको ५ लाख रूपैयाँसहित सुनको औँठी, चाँदीका सामान गरगहना पाँच थान २०७६ साउन मसान्तभित्रमा लिनु-दिनु गर्ने सहमति भएको छ ।

मेलमिलाप केन्द्र सिद्धार्थनगरमा भएको २०७५ फागुन

सगाई सम्झौताबमोजिमको रकम लिने-दिने गर्दा दुवै पक्षबीच विवाद उत्पन्न हुन गयो । दुवै तर्फबाट आपसी अविश्वास सुरु भयो ।

२७ को सहमतिबमोजिम २०७६ असार मसान्तसम्म मेलमिलाप केन्द्र सिद्धार्थनगरमा दुवै पक्ष बसी सहमति भएबमोजिमको रकम गरगहनाहरू मेलमिलाप केन्द्र सिद्धार्थनगरका संयोजक भिष्मराज पन्थी र न्यायिक समितिको रोहवरमा लिनु-दिनु गरी दुवै पक्षको बिग्रेको सम्बन्धलाई पुनः सामान्यतर्फ लैजान मेलमिलाप केन्द्र र न्यायिक समितिको भूमिकाले दुवै पक्षलाई सहयोग पुगेको विश्वास लिएका छौं । तराईका विभिन्न जिल्लामा यस्ता घटनाहरू भइरहने गरेका छन् । दाइजो विरोधी अभियान सुरू गर्न, छोरीहरूलाई नगद तथा गरगहनामा बिक्री गर्ने परम्पराको पनि अन्त्य गर्नु जरूरी छ ।

मन मिलेपछि आफ्नै काखमा

सुरूङ्गा नगरपालिका वडा नं. ५ साविक सपप्तारी गाविस कुशहा वडा नं. ७ स्थित किशोरकुमार चौधरीले सोही ठेगाना भएका लिलमकुमारी चौधरीबिरूद्ध गाली-बेइज्जतीसम्बन्धी मुद्दा न्यायिक समितिमा दर्ता गर्न‘भएको थियो । विपक्षी लिलमकुमारी चौधरीसँग वि. सं. २०६१ सालमा बिहे भइ एक छोरा र एक छोरीको जायजन्म भएको, विवाहित घरमा नबसी माइतीमा गएर कोठा भाडा लिएर बसेको, आफूखुशी विवाहित बुहारी घरबाट हिँडेकी, उनी बसेको ठाउँमा जाँदा खाना खानसमेत नदिने, पतिको कुनै वास्ता नगरी उल्टै गालीगलौज गरेकाले आवश्यक कारबाही गरी पाउँ भनी निवेदन दर्ता गराउनुभएको थियो ।

दुवैजनाको शारीरिक सम्बन्धबाट जायजन्म भएका छोराछोरीहरुको भविष्यको विचार गरी निजहरुको मानसिक तथा शारीरिक रुपमा आँच पुग्ने सम्भावनालाई मध्यनजर गरी पतिले पत्नीलाई र पत्नीले पतिलाई सम्मानजनक व्यवहार गर्ने, गालमुखाल तथा कुटपिट नगर्ने, प्रतिवादीलाई इज्जत आमदअनुसार खान-लगाउन दिइ पति-पत्ननीको नाता सम्बन्ध यथावत राख्ने सहमतिका साथ दुवै पक्षले स्वेच्छापूर्वक मिलापत्र गरी हाँसीखुशी पति-पत्नी न्यायिक समितिलाई धन्यावाद दिँदै फर्किएका छन् ।

किशोरकुमार चौधरीले दर्ता गरेको निवेदनउपर न्यायिक समितिले प्रक्रिया सुरू गरेको थियो । प्रक्रियाअन्तर्गत न्यायिक समितिको पत्रअनुसार विपक्षी भनिएकी लिलमकुमारी चौधरीले प्रतिउत्तर दर्ता गर्न‘भएको थियो । प्रतिउत्तरमा भनिएको छ- ‘हामीहरूका बीच सामाजिक रीतिरिवाजअनुसार विवाह भएको हो । छोराछोरीको जायजन्म भएपश्चात विपक्षी विदेश गएका, विदेशमा बस्दासमेत मलाई र छोराछोरीलाई खान-लगाउन लेखपढ गर्ने खर्च नदिएकाले लहानमा बसी कपडा सिलाउने पसल गरी बालबच्चाको भरणपोषण र पढाइ गरी आएको थिएँ । पति विदेशबाट फर्की आउँदासमेत मेरो इज्जतमा आँच आउने किसिमले अन्य पुरूषसँग तेरो अवैध सम्बन्ध रहेको छ भनी प्रचारप्रसार गरी मादक पदार्थ सेवन गरी गालीगलौज तथा कुटपिट गरेकाले विपक्षीसँग वैवाहिक सम्बन्ध राख्न सक्ने छैन । कसैले करकाप लगाई वैवाहिक सम्बन्ध राख भनेमा आत्महत्या गर्न सक्ने भएकाले निज पतिसँग विवाह ऐनअनुसार सम्बन्धविच्छेद गराई पाऊँ ।’

दुवै पक्षको निवेदन र निवेदनपछिको प्रतिउत्तर अध्ययन गरी न्यायिक समितिले विवाद समाधानका लागि मेलमिलाप गर्न वडामा पठाई मेलमिलापकर्तालाई छलफल गराउन अनुरोध गऱ्यो । किशोरकुमार चौधरीसँग पति-पत्नीका रूपमा बस्न नसक्ने, छोडपत्र नै चाहिन्छ भनी लिलमकुमारी चौधरी आफ्नो अडानमा अडिक रहेकीले मिलापत्र हुन नसकेको व्यहोरा न्यायिक समितिमा पठाएको थियो । न्यायिक समितिले पुनः दुवैजनाबीच सहमतिको छलफल प्रारम्भ गऱ्यो । दुवैजनाबीचको गालीगलौजको झगडाभन्दा

फरक भित्री तथ्य ९ज्ष्ममभल क्ष्कककगभ० जसरी भए पनि निवेदक किशोरकुमार चौधरीसँग छोडपत्र गरी अलग भई स्वतन्त्र बस्ने प्रतिवादी लिलमकुमारीको भनाई र मेलमिलाप गर्दासमेत निवेदकसँग छोडपत्र हुने भएमा मात्र मिलापत्र हुनसक्ने कुरामा बढी केन्द्रीत रहेको पाइएकोले निवेदन माग दावीभन्दा बाहिरको भित्री रहस्य लुकेको देखिएको भए तापनि मुद्दाको तथ्यभन्दा बाहिर रहेर न्यायिक समितिले मिलापत्र गराउन नसक्नुका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) अन्तर्गत सम्बन्धविच्छेद मुद्दा दर्ता गर्न पाउने क्षेत्राधिकार रहेको भए तापनि त्यस्तो मुद्दा फैसला गर्न पाउने कानूनी व्यवस्था नभई न्यायिक समितिले मेलमिलापको मध्ययमबाट मात्र किनारा लगाउन सक्ने प्रावधान रहेको हुँदा दुवैजनाको शारीरिक सम्बन्धबाट जायजन्म भएका छोराछोरीहरूको भविष्यको विचार गरी निजहरूको मानसिक तथा शारीरिक रूपमा आँच पुग्ने सम्भावनालाई मध्यनजर गरी पतिले पत्नीलाई र पत्नीले पतिलाई सम्मानजनक व्यवहार गर्ने, गालमुखाल तथा कुटपिट नगर्ने, प्रतिवादीलाई इज्जत आमदअनुसार खान-लगाउन दिइ पति-पत्ननीको नाता सम्बन्ध यथावत राख्ने सहमतिका साथ दुवै पक्षले स्वेच्छापूर्वक मिलापत्र गरी हाँसीखुशी पति-पत्नी न्यायिक समितिलाई धन्यावाद दिँदै फर्किएका छन् ।

घरको टप छिमेकीको जग्गामा

तारकेश्वर नगरपालिकामा न्यायिक समिति गठन भएसँगै स्थानीय नागरिकहरूका समस्या समाधानका लागि निरन्तर कार्य भइरहेको छ । थुप्रै उजुरीहरू दर्ता भएका छन् । केही उजुरीहरू दर्ता नगरी फिर्ता भएका छन् । केही समाधान भएका छन् । केही विचाराधीन अवस्थामा छन् । तीमध्ये निरूपण भएको एउटा विवाद अनुकरणीय रहयो ।

स्थानीयहरूबीच जग्गा सिमाना विवादसम्बन्धी उजुरी दर्ता भयो । तारकेश्वर नगरपालिकाको न्यायिक समितिमा वि. सं. २०७५ जेठ २३ मा जिल्ला

अदालत, प्रहरी प्रशासन तथा अन्यत्र जाँदा खर्च मात्रै नभई दुवै परिवारबीचको सम्बन्ध भताभुङ्ग हुन पुग्थ्यो । न्यायिक समितिको अथक प्रयासबाट उक्त विवाद समाधान भएकाले दुवै पक्ष खुशी छन् ।

नुवाकोट मदानपुर-१ बस्ने बहादुर पाण्डेका नाममा रहेको काठमाडौँ जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ६ साविक धर्मस्थली गाविस वडा नं. ५ मा रहेको कित्ता नं. १३३२, १३७४ जग्गा र बहादुर श्रेष्ठको नाममा रहेको साविक धर्मस्थली गाविस वडा नं. ५ ख कि. नं. ८३२, ८८६, ८९०, ९१० को जग्गामा निर्माण भइरहेको घरको सम्बन्धमा विवाद रहेकाले तत्काल उक्त निर्माण कार्य स्थगन गरी छलफलको लागि भिकाउन माग भएको थियो । भवन निर्माण गर्दा छिमेकी कि. नं. १३७२ र १३७४ को जग्गा मिची सम्बन्धित निकायको स्वीकृतविना नै निर्माण कार्य गरेकाले उत्पन्न विवादमा न्यायिक समितिले सात दिनको पत्र काटेको थियो । म्यादभित्र उपस्थित नभएका कारण काठमाडौँ महानगरपालिका वडा नं. २९ बस्ने वर्ष ४६ को श्रवणकुमार श्रेष्ठलाई वारेस अख्तियारी नामाको कागज लेखी पठाएका थिए । २०७५ जेठ ८ गते आवश्यक कागजात र प्रमाणसहित उपस्थित भएको साथै प्रतिउत्तरमा कसैको जग्गा मिची भवन निर्माण गरेको नभई २०७४ साउन १५ मा स्वीकृत लिएर पारित नक्साअनुसार निर्माण गरेको जिकिर भयो । कसैको जग्गा मिची घर निर्माण नगरेकाले शङ्का लागेमा नेपाल सरकारको नापी शाखाबाट अमिन भिकाई नाप-जाँच गर्न अनुरोध गरेका थिए । जग्गा जमिनको हकबाहेक र जग्गा मिचेको विषयमा नगरपालिकाको क्षेत्राधिकारसमेत नभएको प्रस्ट छ निवेदकको झुट्टा उजुरी खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिउत्तर जिकिर रहेको थियो ।

दुवै पक्षका दावी तथा आवश्यक प्रमाणसहित दुवै पक्ष छलफलाका लागि तयार भए । छलफललाई थाती राखि जग्गा रेखाङ्कनमा जाने र फिल्ड प्रतिवेदन हेर्ने साथै नगरपालिकाको अमिनको पनि फिल्ड प्रतिवेदन आएपछि मात्र छलफल गर्ने सहमति भयो । २०७५ जेठ २० गतेको छलफलमा तारकेश्वर नगरपालिकाको नापी कार्यालयलाई दिएको पत्र र नगरपालिका कार्यालयको अमिनलाई फिल्डमा गई के-कसो भएको हो ? फिल्ड प्रतिवेदन दिनु भन्ने निर्देशनअनुरूप दुवै जग्गाधनीको जग्गा नापजाँच गर्दा नपुग तथा नमिलेको हुँदा दुवै जग्गाधनीको

क्षेत्रफलमा जग्गा धनीबहादुर पाण्डेको जग्गा हाल निर्माण भइरहेको बहादुर श्रेष्ठको घरमा एकतला माथिबाट निकालिएको टपको कारण जग्गा नपुग हुन गएको, नपुग जग्गाको सम्बन्धमा नगरपालिकाबाट खटिएको अमिनको प्रतिवेदनसमेत मिल्न गएकोले विपक्षीहरूलाई २०७५ जेठ २० मा झिकाई छलफल गरी नापी विभागबाट र नगरपालिकाको फिल्ड प्रतिवेदनअनुसार बहादुर श्रेष्ठले पक्ष-विपक्षको मिल्ने कुरामा कुनै सङ्केत देखिएन । बहादुर श्रेष्ठले कुनै हालतमा पनि बनाइसकेको घरको टप भत्काउन्न जहाँ जानुपर्छ जे गर्नुपर्छ गर्दा हुन्छ भनी उठेर हिँड् नुभयो । भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५ बमोजिम हुने सजायँको जस्ता कानूनी प्रावधानको विषयमा समेत सचेत गराई निजसँग पटकपटक छलफल गरेपछि २०७५ जेठ २९ गते दुवै पक्षले पहिले जे-जस्तो भए पनि अब मिलेर जाने सहमति भएकोले संयुक्त मिलापत्रको निवेदन दिन तयार भए । प्रतिवेदनअनुसार दुवै जग्गाधनीको जग्गा नापजाँच गर्दा नपुग तथा नमिलेको हुदाँ दुवै जग्गा धनीको क्षेत्रफलमा जग्गा धनीबहादुर पाण्डेको जग्गा हाल निर्माण भइरहेको बहादुर श्रेष्ठको घरमा एक तला माथिबाट निकालिएको टपका कारण जग्गा नपुग हुन गएको नपुग जग्गाको सम्बन्धमा नगरपालिकाबाट खटिएको अमिनको प्रतिवेदनसमेतलाई आधार मानेर छलफल गर्दा तारकेश्वर नगरपालिकाको न्यायिक समितिको रोहवरमा बहादुर श्रेष्ठको निर्माण भएको घरको बहादुर पाण्डेको तर्फबाट भत्काई जग्गाधनीले नै सफा गर्ने सहमति कार्यान्वयन भयो । उक्त सहमतिलाई दुवै पक्षले पूर्ण पालना गरेकाले दुवै पक्ष खुशी छन् । अदालत, प्रहरी प्रशासन तथा अन्यत्र जाँदा खर्च मात्रै नभई दुवै परिवारबीचको सम्बन्ध भताभुङ्ग हुन पुग्थ्यो । न्यायिक समितिको अथक प्रयासबाट उक्त विवाद समाधान भएकाले दुवै पक्ष खुशी छन् ।

सम्बन्ध छुटेको ३० वर्षपछि पुनर्विवाह

रीतिरिवाज, रूढीवादी, प्रथा, परम्परा एवं अन्धविश्वासबाट ग्रसित हाम्रो समाज हालसम्म पनि अछुत रहन सकेको छैन । जीवनको लक्ष्य निर्धारण र कल्पनासम्म गर्न नसक्ने कलिलो उमेरमा बाबुआमाको इच्छा मुताविक बाध्यता र परिस्थितिका कारण ९-१० वर्षमा नै विवाह बन्धनमा बाँधिन पुगी पराई घर जान बाध्य भएकी पानसरा तिमिल्सेनालाई विवाहको अर्थसमेत थाहा नभई माइतीघरमा भ्मैं दैनिक आमा बाबुबाट पाउने दयामाया, स्नेह, सहानुभूति

उमेर ढल्किँदै गयो माइती पक्षका आमाबुबा जीवित रहेसम्म त एकछाक मिठो-मसिनो खान पाउने पानसराले आमाबाबु र कमाइ गर्ने दाजुसमेत गुमाएपछि बाँकी बचेको कान्छो बक्क नभएको भाइको आम्दानीको कुनै स्रोत नभएपछि बेसहारा अवस्थामा बाँच्नु परेकाले मर्नुभन्दा बौलाउनु बेस भन्ने चरितार्थ उखानलाई अवलम्बन गरिन् ।

घरमा श्रीमान, सासु-ससुराबाट समेत नपाएपछि आमाबाबुको असिम मायाका कारण विभिन्न बहानामा हप्तैपिच्छे पोइलीघर बस्न छोडी माइती घर भाग्दै गरेकी थिइन् । पटक-पटक ल्याउने-लैजाने क्रम जारी रहेको केही वर्षपछि निजको कोखबाट एउटा छोरीको जन्म भएको करिब अढाई वर्षपछि पुनःघरायसी सम्बन्धमा फाटो हुन गई असमझदारीका कारण छोरीलाई पोइलीघरमै छोडी माइतीघर गएकी श्रीमतीको रिसइवीका कारण तत्पश्चात् श्रीमतीको खोजीनीति नगरी बेवास्ता गर्दै निजका पति भोजराज तिमिल्सेनाले अछाम जिल्लाबाट कैलाली जिल्लाको टीकापुर नगरपालिकामा बसोबास गरी दोस्रो विवाह गरेको भन्ने थाहा पाएँ । त्यसको केही समयपछि आफूलाई बस्ने व्यवस्था गरी पाउनका लागि समाजका भद्र-भलादमी, समाजसेवी बोलाई छलफल गर्दा पति भोजराज तिमिल्सेनालगायत निजका सासु-ससुराले समेत बुहारी स्वीकार नगरेपछि गाँस, बास र कपासको कुनै पनि व्यवस्था हुन नसकेपछि बाध्य भई पुनः माइती घर अछाम गई माइतीको शरणमा बसेकी पानसरा तिमिल्सेनाले न त दोस्रो विवाह नै गरिन् न त उनका पोइली पक्षले नै स्वीकार गरे ।

उमेर ढल्किँदै गयो माइती पक्षका आमाबुबा जीवित रहेसम्म त एकछाक मिठो-मसिनो खान पाउने पानसराले आमाबाबु र कमाइ गर्ने दाजुसमेत गुमाएपछि बाँकी बचेको कान्छो बक्क नभएको भाइको आम्दानीको कुनै स्रोत नभएपछि बेसहारा अवस्थामा बाँच्नु परेकाले मर्नुभन्दा बौलाउनु बेस भन्ने चरितार्थ उखानलाई अवलम्बन गरिन् । गाउँनजिक रहेको मन्दिरमा गई साँझ-विहान धुप, बत्ति बाली पुजा पाठ गर्दै भक्तजनहरूले चढाएको भेटी र फलफूललाई आहारा बनाई मन्दिरमा नै बास बस्ने गरेकी पानसरा जीवनको अन्तिम क्षण ठानी आफ्नो परिचय खुल्ने विवाह दर्तालगायत नेपाली नागरिकताको प्रमाणपत्रसमेत नभई श्रीमानबाटै प्राप्त गर्ने झिनो आशा अभिलासा बोकी एकाएक अछामबाट पुनः कैलाली जिल्लाको टीकापुर आई रूमलिएर हिँडिरहेकी अवस्थामा

आफन्तजनहरूले देखी केही समयसम्म कहिले कसैको घरमा त कहिले कसैको घरमा पालैपालो आश्रय लिई दैनिक दिनचर्या बिताउँदै आउनुभएको थियो । पानसरालाई आफन्तहरूको सल्लाहबमोजिम अदालतसम्म जान सक्ने वातावरण र क्षमता नभए पनि स्थानीय तहको न्यायिक समितिसमक्ष इज्जत आमदअनुसार खान-लाउन पाउने व्यवस्थाको उचित प्रबन्धका साथै विवाह दर्ता र नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने गरी निवेदन दिन सहयोग पुऱ्याए । पति भोजराज तिमिल्सेनाबिरूद्ध छलफल तथा मेलमिलापको लागि पेश भएको निवेदन दर्ता भई विपक्षी भोजराज तिमिल्सेनाका नाउँमा न्यायिक समितिबाट कानूनबमोजिम जारी गरिएको १५ दिने म्याद तामेलअनुसार विपक्षीले निवेदकको माग दावीबमोजिम खण्डन गरी पेश गरिएको लिखित जवाफका आधारमा दुवै पक्षलाई छलफलका लागि तारेख मिलान गरी आवश्यक संलग्न कागजात प्रमाणसहित प्रतिष्ठित, समाजसेवी, देखी-सुनी जान्ने व्यक्तिहरूलाई छलफलमा सहभागी गराई विवादको वास्तविक यथार्थताको धरातलमा गई निवेदकको माग दावी उचित भई माग दावी विपक्षीले ठाडै अस्वीकार गरी ३० वर्षपछि सम्बन्ध गाँस्न आउने व्यक्तिसँग मेरो कुनै किसिमको कानूनी एवं नैतिक नाता सम्बन्ध जोडिन सक्दैन बरू अदालत गई न्याय माग । अदालतले जे निर्णय गर्छ म त्यो भोग्न तयार छु भन्दै छलफलबाट बाहिरिँदै गर्ने गरेकाले पटक-पटकको लामो छलफल पछि दुवै पक्षबीच तँ-तँ म-म को स्थिति सृजना भई हात हालाहाल कुटाकुटसमेत हुन पुग्यो । न्यायिक समितिले अन्ततः करिब अढाई महिनाको लामो अन्तरालपछि दुवै पक्षलाई सहमतिमा ल्याई माइती पोइलीको रोहवरमा विपक्षी भोजराज तिमिल्सेनाको दोहोरो बसाइ त्यसैमा दोस्रो विवाह भएको केटाकेटी बालबच्च्चासमेत रहेको हुँदा कैलाली टीकापुरस्थित घरमा दुईवटै श्रीमतीलाई एकै ठाउँमा राखी बस्न सक्ने उचित वातावरण नभई पानसरा तिमिल्सेनाले बस्न मानेमा हाललाई गाँस, बास र कपासको उचित प्रबन्ध गर्ने शर्तमा अछाम जिल्लास्थित घरमा राख्ने र त्यसको केही समयपश्चात निवेदकले माग दावी गरेअनुसारको विषयमा बिस्तारै विवाह दर्ता साथै नेपाली नागरिगकता प्रमाणपत्रको लागि सिफारिश गर्ने गरी निवेदक र विपक्षी मञ्जुरी भई विवाह भई सम्बन्ध टुटेको ३० वर्षपछि एक-अर्काले श्रीमान्-श्रीमती स्वीकार गरी मेलमिलापकक्षमै सिन्दुर हाली ढोगाभेटसमेत गरी विपक्षी र निजका आफन्तहरूले निवेदकलाई जिम्मा लिएका थिए । उक्त सहमति बिस्तारै कार्यान्वयन भएको छ भने पानसरा खुशीले पति भोजराजसँग ३० वर्षपछि सँगै बस्न थाल्नुभएको छ ।

सार्वजनिक सम्पत्ति संरक्षणमा न्यायिक समिति

तिलोत्तमा नगरपालिकामा बढ्दै गइरहेको शहरीकरण तथा बसाइँसराईका कारण तीव्र गतिमा बस्ती विस्तार भइरहेको छ । मानिसको आधारभूत आवश्यकतामध्येको आवास भएको हुँदा त्यसको आवश्यकता पूरा गर्न, न्यून आर्थिक अवस्थाको कारण भू-स्वामित्व ग्रहण गर्न कठिनाई, जग्गाको चर्को मूल्यलगायत कतिपय व्यक्तिहरूले नियतबस व्यक्तिगत लाभका लागि सार्वजनिक सम्पत्ति माथि अतिक्रमण तथा हानी-नोक्सानी गर्ने क्रम पनि बढिरहेको छ । स्थानीय सरकारलाई प्राप्त अधिकार कार्यक्षेत्रभित्र रही सार्वजनिक सम्पत्तिको संरक्षणका लागि नगरपालिकाको कार्यालय, विषयगत शाखा/ईकाई/वडा कार्यालय तथा टोल विकास संस्था एवं नगरबासीहरू सार्वजनिक सम्पत्तिको संरक्षणमा दत्तचित्त भई लागिपरेको अवस्था विद्यमान छ। तथापि कतिपय सार्वजनिक सम्पत्तिको अतिक्रमणका घट्नाहरू घटिरहेका छन् । साथै, नगरपालिकामा उजुरी तथा दर्ता भएका विषयहरूको कानूनसम्मत तरिकाले समाधान पनि हुँदै आइरहेको छ ।

नगरपालिकाको न्यायिक समिति, नगरपालिकाका प्राविधिकहरु, स्थानीय बासिन्दाहरु, एकता टोल विकास संस्थाबाट सयुक्त रुपमा स्थलगत निरीक्षण गर्दा स्पष्ट रुपमा कुलो अतिक्रमण भएको देखियो ।

तिलोत्तमा नगरपालिकाको वडा नं. ७ बुटवल-बेलहिया व्यापारिक मार्गको पश्चिमतर्फ सार्वजनिक जग्गामा रहेको कुलोले सिँचाइमार्फत स्थानीय कृषकहरूले कृषिजन्य वस्तुको उत्पादनबाट लाभ लिइरहेका छन् । प्राचीनकालदेखि उक्त कुलोबाट सिँचाइ कार्य गरी धान, गहुँ, तोरीलगायतका खाद्यबालीबाट मनग्य आर्थिक आम्दानी गर्न उक्त कुलोको महत्वपूर्ण योगदान रहेको छ । तिलोत्तमा नगरपालिका वडा नं.७, स्थित एकता टोल विकास संस्थाले नबिल बैङ्कको पूर्वतर्फ रहेको सिँचाइ कुलोको दुवैतर्फ कुलो अतिक्रमण हटाउन भन्दै वडा कार्यालयमा निवेदन दर्ता गराएको थियो । वडा कार्यालय, टोल विकास संस्था र सम्बन्धित सरोकारवालाहरूबीच पटक-पटक वडा कार्यालयमा छलफल हुँदा पनि समस्या समाधान नभएपछि एकता टोल विकास संस्थाले वि. सं. २०७५ चैत्र १२ मा तिलोत्तमा नगरपालिका वडा नं. ७ बस्ने चन्द्रमान श्रेष्ठलगायत बिरूद्ध सिँचाइ कुलो अतिक्रमण गरेको भनि नगरकार्यपालिकाको न्यायिक समितिमा निवेदन दर्ता गराएको थियो । न्यायिक समितिले सम्बन्धित व्यक्तिहरूलाई कार्यालयमा उपस्थित गराई २०७५ चैत्र १३ गते उक्त विषयमा छलफल गरी सार्वजनिक कुलोको सम्बन्धमा छलफल गरेको छ । प्रतिवादी व्यक्तिहरूलाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व सबै नागरिकको भएको, सिँचाइ कुलोको महत्वबारे जानकारी गराई स्थलगत निरीक्षण गरी उक्त विषयमा थप जानकारी लिन सार्वजनिक कुलो भएको स्थानमा गएको थियो । नगरपालिकाको न्यायिक समिति, नगरपालिकाका प्राविधिकहरू,

स्थानीय बासिन्दाहरू, एकता टोल विकास संस्थाबाट सयुक्त रूपमा स्थलगत निरीक्षण गर्दा स्पष्ट रूपमा कुलो अतिक्रमण भएको देखियो ।

कुलो अतिक्रमण हटाई उक्त स्थानमा रहेका टहराहरूलाई विस्थापित गरी अन्य स्थानमा स्थापित गर्ने कार्य नगरपालिकाका लागि चुनौतीपूर्ण रहेको थियो । तर न्यायिक समिति र सरोकारवालाहरूबीच छलफल गरिसकेपछि २०७५ चैत्र १३ कुलोको भागलाई नापजाँच गरी सोहीअनुसार कुलोको जग्गा छुट्टाउने, सार्वजनिक कुलोको भागलाई नापनक्साअनुसार सार्वजनिक कुलोको भागमा भौतिक संरचनाहरू जस्तै– पर्खाल, छेकवार वा अन्य कुनै संरचना बनेको भए तत्काल त्यसलाई सम्बन्धित घरधनीले हटाउने, उक्त संरचना हटाउन वडा नं. ७ का वडाध्यक्ष श्री दुर्गाप्रसाद पाण्डेज्यूको संयोजकत्वमा अनुगमन समिति गठन गर्ने र उक्त सहमतिबमोजिमको कार्य गरी २०७६ सालसम्म उक्त कुलोको अत्तिक्रमित भू-भागको भौतिक संरचना हटाइ कुलोलाई अतिक्रमणमुक्त बनाउने निर्णय भएको थियो । उक्त सहमति कार्यान्वयन पनि भएको र सहमति पछि सबै पक्ष खुशीसाथ सम्बन्ध सुधारमा लागेका छन् ।

अंशपछि बधशाला व्यवस्थापन

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ बस्ने शान्ता धितालले श्रीमान खिमबहादुर धितालले खान-लगाउन नदिएको विषयमा न्यायिक समितिमा निवेदन दिइन् । न्यायिक समितिबाट विपक्षी खिमबहादुर धिताललाई छलफलका लागि पत्राचार भयो । न्यायिक समितिले दिएको म्यादभित्र उनी उपस्थित भएनन् । समितिले पुनः उनलाई अर्को म्याद पठायो । पटक-पटकको ताकेतामा समेत उनले न्यायिक समितिलाई अटेर

पटक-पटकको ताकेतामा समेत उनले न्यायिक समितिलाई अटेर गरेपछि समितिले उनको पेन्सन खाता रोक्का गरी दियो त्यसपछि मात्र विपक्षी खिमबहादुर धिताल न्यायिक समितिसमक्ष उपस्थित हुनुभयो ।

गरेपछि समितिले उनको पेन्सन खाता रोक्का गरी दियो त्यसपछि मात्र विपक्षी खिमबहादुर धिताल न्यायिक समितिसमक्ष उपस्थित हुनुभयो ।

न्यायिक समितिले दुवै पक्षलाई राखेर सहमतिमा विवादको निरूपण गऱ्यो । विपक्षी खिमबहादुर धिताललले विपक्षीको नाममा दर्ता श्रेस्ता कायम भएको तुलसीपुर ६ ख कि. न.६६२ ज. वि. ९३.१३ को जग्गा अंशबापत पाउने भएको हुँदा उक्त जग्गा विपक्षी खिमबहादुर धिताललले ६ महिनाभित्रमा बिक्री गरी निवेदक शान्ता धितालललाई अंशबापत नगद ५० लाख दिने हलवार ४ ग कि. न. ३२७ ज. वि. २०४.६३, कि. न. ३२९ ज. वि. १४७.५० र कि. न. ३३१ ज. वि १२४.२८ का जग्गा निवेदक शान्ता धितालको अंश भागमा कायम हुने सहमति भयो । सोही अवधिमा उक्त जग्गा बेचबिखन गर्न नसकेको खण्डमा भाखा राखेको मितिभन्दा तीन महिना थप गरी बढीमा नौ महिनाभित्र बिक्री वितरण नभएमा ५५ लाख र भाखा राखेको १ वर्षभित्रमा बिक्री वितरण नभएमा ६० लाख दिने एक वर्षभित्र रकम दिन नसकेको खण्डमा विपक्षी खिमबहादुर धिताललले ६० लाख कपाली तमसुकसरह शान्ता धितालललाई नै दिने गरी विवाद निरूपण भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) र (२) अनुसार यस तुलसीपुर उपमहानगरपालिकामा गत आर्थिक वर्ष २०७५/२०७६ मा जम्मा ११८ मुद्दा दर्ता भएका थिए भने ३५ मुद्दा निरूपण भएका थिए । आर्थिक वर्ष २०७६/७७ को माघमसान्तसम्म ६७ मुद्दा दर्ता भएका छन् भने ४६ मुद्दा निरूपण भएका छन् । तुलसीपुर उपमहानगरपालिका वडा नं. १७ बस्ने तारा नेपालीले वडा कार्यालयबाट ग्रामीण भेगमा बधशाला सञ्चालन गर्ने अनुमति लिएको तर बजारको बीच भागमा पर्ने गरी बधशाला सञ्चालन गरेपछि निवेदक ज्ञानेन्द्र वलीले बधशालाको कारण मानव स्वास्थमा गम्भीर असर पारेको भनी तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिसमक्ष बधशाला हटाउनका लागि विपक्षी तारा नेपालीको नाममा निवेदन दिएका थिए । सोहीअनुसार न्यायिक समितिले दुवै पक्षलाई बोलाएर तुलसीपुर उपमहानगरपालिका वडा नं. १७ बन्कट्टामा रहेको बधशाला हटाउने र बधशाला व्यवस्थापन अन्यत्र गर्न २०७६ भदौ २२ देखि माघ २२ सम्मको समय दिने निर्णय भएको छ । दुवै निर्णय कार्यान्वयन भएको छ ।

प्लटिङले उत्पादनमा क्षति, क्षतिपूर्तिले मिलायो मन

गाउँ समाजमा हुने साना-तिना मनमुटावले विवाद निरूपण गर्ने उचित स्थान र समय नपाउने हो भने समाजमा द्वन्द्व बढ्न जान्छ जसले गर्दा समाजको विकासले गति लिन सक्दैन र समाज पछाडि पर्न जान्छ । न्यायिक समिति स्थानीयस्तरको विवाद निरूपण गर्ने पहुँचयोग्य माध्यम हो । न्याय पाउनका लागि न्यायमा पहुँच आवश्यक हुन्छ । नगरपालिका, गाउँपालिकाको कार्यालय स्थानीय तहमा हुने र सो पालिकाका नागरिकको सहज पहुँच हुने हुँदा न्यायिक समितिले न्यायमा पहुँच पुऱ्याउन थप सहयोग पुऱ्याएको उदाहरण बन्न थालेका छन्, न्यायिक समिति । चाँगुनारायण नगरपालिकाको न्यायिक समितिमा आएका प्रायः उजुरीहरु केही चरणका छलफलपछि मिलापत्र हुने गर्छन् । गाउँ समाजका विवाद स्थानीयस्तरमा नै मिलाउनुपर्ने र समाजमा मिली बसेका छरछिमेक, सँधियारबीच रहँदै आएको सुमधुर सम्बन्ध कायमै राख्नुपर्ने न्यायिक समिति संयोजक बिना बास्तोलाको अठोट पनि छ । विवाद निरूपणमा मेलमिलापको माध्यमलाई महत्वका साथ पहिलो प्राथमिकतामा राख्नुभएको छ, बिना बास्तोलाले ।

बढ्दो शहरीकरणले जग्गा प्लानिङ र प्लटिङ गर्ने कार्य बढ्दै गएको छ । चाँगुनारायण नगरपालिकाको कुल क्षेत्रमध्ये राजमार्गनजिक र विकासले रफ्तार लिईरहेको दुवाकोट क्षेत्र जग्गा प्लटिङ गर्ने कार्यबाट टाढा रहन सकेको छैन । जग्गा प्लटिङ गर्दा समाजमा सकारात्मक र नकारात्मक दुवै असर पर्न जान्छ । यसले जग्गाको उर्वरशक्ति घटाउनुको साथै कृषि उत्पादनमा कमी ल्याउँछ योजनाबद्ध शहरीकरण प्रवर्द्धन गर्छ । जग्गा प्लटिङ गर्ने कन्ट्रक्सनका बिरूद्ध क्षतिपूर्ति भराइ पाउन चाँगुनारायण नगरपालिकाको न्यायिक समितिमा

यसले जग्गाको उर्वरशक्ति घटाउनुको साथै कृषि उत्पादनमा कमी ल्याउँछ योजनाबद्ध शहरीकरण प्रवर्द्धन गर्छ ।

उजुरी दर्ता भयो । दुवाकोटस्थित १० रोपनी जग्गामा बालीनाली लगाइ जीविकोपार्जन गर्दै आएको अवस्थामा प्लटिङ गर्ने विपक्षीले पक्षलाई कुनै जानकारी नदिई उक्त जग्गामा प्लटिङ गर्न डोजर लगाउँदा सम्पूर्ण बालीनाली नोक्सान भएको रहेछ । नोक्सान भएको बालीको हर्जना दिलाई कारबाहीका लागि न्यायिक समितिमा दर्ता भएको जाहेरीको विषयमा छलफलका लागि प्रक्रिया सुरू भयो । पक्षले क्षतिपूर्ति भराईदिन वडा कार्यालय र जिल्ला प्रसासन कार्यालय भक्तपुरमा समेत उजुरी दिएकी थिइन् । वडा कार्यालयले वडा तहबाटै छलफल गर्दा विवाद निरूपण गर्न असफल भएपछि जिल्ला प्रसासनमा उनी पुगेकी थिइन् । जिल्ला प्रसासन कार्यालय भक्तपुरले न्यायिक समितिमा

जान अनुरोध गरेपछि उनी न्यायिक समितिमा निवेदन बोकेर न्यायिक समितिमा फर्किन ।

चाँगुनारायण नगरपालिकाको न्यायिक समितिले वडा कार्यालयसँग के-कस्तो भएको हो ? विवरण माग गरी प्रक्रिया सुरू गऱ्यो । बाली नोक्सान हुँदा २ लाख ३५ हजार ४ सय बराबरको विवरण पेश भएको रहेछ । दुवै पक्षलाई छलफलमा राखेर धारणा सुन्दा दुवै पक्षका आफ्ना-आफ्ना तर्क रहे । पटकपटकको छलफलमा मिलापत्र गराउने प्रयास असफल हुँदै गएको थियो । भुमिमाथिको अधिकार भुमि उपयोग गरिराखेको व्यक्तिमा समेत हुने हुँदा जग्गा धनीले उक्त भुमिलाई कानूनी रूपमा उपयोग गरिराखेको व्यक्तिको अधिकारको सम्मान गर्न‘पर्ने हुन्छ । उक्त स्थानमा डोजर लगाउनुपूर्व जग्गा धनीले भुमि उपयोग गरी बाली लगाई बसेको व्यक्तिलाई सूचना दिनु आवश्यक हुन्छ । प्लटिङ गर्दा उक्त जग्गामा लगाएको बालीको हर्जाना तिरी वा उक्त बाली पाकी काटिसकेपछि मात्र जग्गामा डोजर लगाउने वा जग्गाको स्वरूप परिवर्तन गर्ने कार्य गर्न‘पर्ने हुन्छ । न्यायिक समितिमा बसी केही छलफल गरी मेलमिलापको वातावरण निर्माण गरेपछि विपक्षी क्षतिपूर्ति दिन लचक भए । दुवै पक्षहरू केही प्रयासपछि मेलमिलापका लागि तयार देखिए । दुवै पक्षलाई एक-आपसमा सल्लाह गरी के-कति क्षति भएको हो ? पक्षको मागअनुसार विपक्षीले के-कति हर्जना दिन तयार रहेको हो दुईजना आपसी सहमति गरी न्यायिक समितिमा आउन तारेखमा राखियो । पक्षले मागेको रकममा केही घटाइ विपक्षीले २० दिनभित्र २ लाख क्षतिपूर्ति दिने सहमतिसँगै मिलापत्र भयो ।

न्यायिक समितिको अथक प्रयासका कारण विभिन्न स्थानमा पुगेको विवाद स्थानीयस्तरमै मिलापत्र गर्न सम्भव भयो । विवाद मात्रै मिलेन पक्षहरूको मनसमेत मिलाउने प्रयास भयो । समाजमा हुने विवाद निरूपण गर्ने निकायमा समयमै यस्ता उजुरी पुग्ने र सम्बोधन हुने हो भने त्यो विवादले ठूलो रूप नलिन सक्छ । जसले गर्दा त्यस्ता साना विवादले ठूलो रूप लिई अदालतसम्म पुगी समाजमा मिली बसेका छरछिमेकबीच चिसोपन ल्याउन सक्छ। समयमा नै त्यस्ता विवादले निरूपण गर्ने स्थानीय तहबाट पाउने हो भने स्थानीय तहमै विवाद निरूपण हुन जान्छ । न्यायिक समितिले न्यायमा पहुँच पुऱ्याउने, अदालत र पक्षहरूको समय जोगाउने, पक्षहरू अदालती प्रक्रियामा जाँदा लाग्ने खर्च र शुल्कबाट बच्ने हुँदा स्थानीय न्यायिक समिति विवाद निरूपणका लागि कोशेढुङ्गा सावित भएको छ ।

अवैध फर्मले निम्त्याएको सङ्कट

सामान्यतया न्यायको सिद्धान्तले आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकार हनन् गर्न नहुने तर्फ सङ्केत गरेको पाइन्छ । यदाकदा काम गर्ने क्रममा वा व्यवसाय सञ्चालन गर्दा त्यसको सकारात्मक तथा नकारात्मक असर समुदायमा परिरहेको हुन्छ । विभिन्न परिस्थितिहरूमा यस्ता केशहरूले समाजमा मुद्दा-मामिलाको रूप लिँदै सामाजिक द्वन्द्वको रूप धारण गर्न पुग्दछ । यस्तै समस्याहरूको सहजीकरण गर्न तथा समुदायमा मेलमिलाप र भाइचाराको सम्बन्ध कायम राख्न स्थानीय न्यायिक समितिको सफलताको कडी बन्न सक्दछ ।

धुलिखेल नगरपालिका न्यायिक समितिमा विभिन्न खालका उजुरीहरू आउने क्रममा एउटा फरक खालको उजुरी पर्न आयो । एकातर्फ समुदाय थियो भने अर्कोतर्फ उद्योग सञ्चालक थिए । उद्योग सञ्चालन भएको यतिका वर्षपछि किन उजुरी प्राप्त भयो ? समुदायको नाममा केही व्यक्तिको व्यक्तिगत स्वार्थ मात्रै त होइन ? यस सन्दर्भमा न्यायिक समितिबाट दुवै पाटोमा राम्रैसँग अनुसन्धान गरी विवादको चुरो पत्ता लगाइ उजुरीको किनारा गर्नुपर्ने देखियो । धुलिखेल नगरपालिका वडा नं. १२ नयाँ पाटीका उद्धवप्रसाद लामिछाने, प्रविण सापकोटाबाट धुलिखेल नगरपालिका वडा नं. १२ नयाँ पाटीका कुखुरा पालक व्यवसायी राम शाहीले विगत १३-१४ वर्षअघिदेखि कुखुरा पालन गरी आएको र फर्म स्वीकृत गर्न सम्बन्धित सँधियारहरूको मञ्जुरी लिनुपर्नेमा नलिई नक्कली उनाउ व्यक्तिहरू खडा गरी हस्ताक्षर गरेको र अन्य तर्फको कुनै पनि सँधियार तथा स्थानीयहरूको सहमति नलिई कानूनी रूपमा तिर्नुपर्ने करसमेत नतिरी साविक गाविस र हाल धुलिखेल नगरपालिकाबाट समेत स्वीकृतीसमेत नलिई घर टहरासमेत निर्माण गरेको हुँदा उक्त गैरकानूनी रूपमा निर्माण भएको संरचनाहरू हटाई राजश्व असुलउपर गरी साथै उक्त फर्मले मरेका कुखुराहरू जताततै फालेर वातावरण दुर्गन्धित बनाएको हुँदा उक्त फर्म हटाइ स्वच्छ र सफा वातावरणमा बस्न पाउने हाम्रो अधिकारको सुरक्षा गरी पाउँ भन्ने निवेदकको दावी रहेको थियो ।

> फर्मनजिक जाँदा मर्स्यरै निकालिएको कुखुराको मलले वरिपरिको वातावरणमा केही दुर्गन्ध आइरहेको थियो । कुखुराको भुल्लाहरु हावाले उडाएर वरिपरि घरहरुमा पनि पुऱ्याएको रहेछ । उक्त कुखुराको मललाई छोपेर राख्नुपर्नेमा नछोपी राख्नाले वातावरणमा दुर्गन्ध आएको भन्ने निरीक्षण टोलको निष्कर्ष रह्यो ।

उजुरीलाई न्यायिक समितिबाट सत्य तथ्य के हो ? भन्ने जानकारीका लागि न्यायिक समितिको आदेशअनुसार दोस्रो पक्षबाट लिखित जवाफ माग गर्नका लागि १५ दिने म्याद पठाई लिखित जवाफ माग गरियो । उक्त उजुरीको विपक्षले दिएको लिखित जवाफमा प्रतिवादीले सामान्य जीवनस्तरको व्यक्ति भएकाले म काठमाडौँमा कुखुराको मासु बेच्ने सामान्य व्यवसाय गरी परिवारको जीविका चलाई आएकोमा थिएँ । पछि का.प.जि. शङ्खु पाटिचौर गाविस ६ को हाल धु.न.पा. वडा नं. १२ मा मेरी श्रीमती सानु शाहीको नाममा साविक शारदा बतासे ८ कि. नं. १४९ क्षे. फ. ३-१५-२-०, ऐ. ऐ. कि.

नं. ८६१ क्षे. फ. २-१-०-०, र ऐ. ऐ. कि. नं. ८६० क्षे. फ. २-१-०-१ समेतका जग्गाहरू खरिद गरी स्थानीयबासीहरूको सुझाव सहयोगमा पछि स्थायी बसोबास गर्ने गरी विगत छ-सात वर्षदेखि सोही जग्गामा कुखुरा पालन फर्म सञ्चालन गरी आएको हो । श्रीमतीको नाममा दर्ता भएको हजुरको पोल्ट्री बैडिङ फर्म मेरो नाममा नामसारी गरी घरेलु तथा साना उद्योगमा दर्ता भई सोही फर्मको नाममा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रसमेत लिई व्यवसाय सञ्चालन गरी आएको र कानूनबमोजिम सम्बन्धित सङ्घ-संस्था तथा सम्बन्धित निकायमा उपस्थित भई आवश्यक कागजात तथा दर्ता शुल्कसमेत तिरी आफ्नै नाममा दर्ता श्रेस्तासमेत कायम भएको छ । नगरपालिकाको नियमानुसार मैले गर्नुपर्ने कर्तव्य तथा दायित्व म सधैँ कर्तव्यनिष्ठ भई गरिआएको छु र गर्नेछु कानूनविपरीत कुनै कार्य गरेको छैन र पछि पनि गर्ने छैन मरेको कुखुराहरूलाई आफ्नै जग्गामा खाडल खनेर गाड्ने गरेको छु भन्ने प्रतिवादी राम शाहीको प्रतिउत्तर पत्र पेश गर्नुभएको थियो ।

न्यायिक समितिका उजुरी प्रशासक शरदचन्द्र थापा तथा नगरपालिकाको प्राविधिक टोलीबाट उक्त विवादित स्थानको अवलोकनका लागि पठाइयो । निरीक्षण टोलीबाट दुई तरिकाले अनुगमन गर्ने निर्णय भयो जसअन्तर्गत टोलीले अवलोकन र प्राविधिक निरीक्षण गर्ने तथा अर्को पाटोमा स्थानीय भद्र-भलादमी तथा गन्यमान्यसँग छलफल गरी निचोडमा पुग्ने थियो । कुखुरा फर्मबाट असर त गरेको छ तर पनि राम शाहीबाट गाउँको विकास निमार्णमा सहयोग पनि गरेको कुरा बताए । कस्ता खालका विकासमा सहयोग भएको छ त भन्नेतर्फ टोलीले बुझ्दा बाटोमा ग्राबेल गरिदिने गरेको पटकपटक ढल निकास खोल्नमा सहयोग गरिदिने, धार्मिक तथा अन्य सामाजिक कार्यमा राम शाहीले सहयोग गरेको कुरा भद्र-भलादमीबाट आएपछि भनै मुद्दा अलि जटिलतर्फ जाने हो कि भन्ने पनि निरीक्षण टोलीलाई परेको थियो । राम शाहीको उक्त सहयोग त छँदैछ र पनि कहिलेकाहीँ मरेका कुखुराबाट गाउँमा दुर्गन्ध चाही यदाकदा हुने गरेको छ भन्ने भनाइले टोलीलाई अझै बढी अनुसन्धान गर्नुपर्ने देखियो । धुलिखेल नगरपालिकाको वडा नं १२ मा रहेको उक्त बस्तीको बीचमा भएको उक्त कुखुरा फर्मले केही हदसम्म असर त गरेकै देखिन्छ । फर्मनजिक जाँदा भर्खरै निकालिएको कुखुराको मलले वरिपरिको वातावरणमा केही दुर्गन्ध आइरहेको थियो । कुखुराको भुत्लाहरू हावाले उडाएर वरिपरि घरहरूमा पनि पुऱ्याएको रहेछ । उक्त कुखुराको मललाई छोपेर राख्नुपर्नेमा नछोपी राख्नाले वातावरणमा दुर्गन्ध आएको भन्ने निरीक्षण टोलको निष्कर्ष रहयो ।

प्रतिवेदन प्राप्त भएपछि दुवै पक्षलाई न्यायिक समितिबाट छलफलका लागि बोलाई छलफल गरियो । लामो छलफलबाट सकारात्मक कुरा आयो । निवेदकले भनेअनुसार इजाजत नलिई बनाएका टहराहरू प्रचलित कानूनबमोजिम दोस्रो पक्षले कानूनबमोजिम वैध बनाउने विषयमा दोस्रो पक्ष सहमतिमा आए । उक्त सिलसिलामा नै विपक्ष राम शाहीबाट आठ बुँदे मिलापत्रसम्बन्धी पत्रले उजुरीलाई किनाराको लागि केही सहज बनायो । राम शाहीले नगरपालिकासँग समन्वय गर्ने, पशु प्राविधिकसँग समन्वय गरी वातावरणमैत्री बनाउने, नीतिअनुसार राजश्व तिर्ने, समुदायसँग उचित समन्वय गर्ने, उद्योग सञ्चालन नीति-नियमको अवलम्बन गर्ने भन्नेजस्ता बुँदाहरूमा मेलमिलाप गर्न तयार रहेको निवेदनले प्रथम पक्ष पनि केही सकारात्मक देखिए । दुवै पक्षले वि. सं. २०७६ भदौ २० गते मिलापत्र गरेका छन् ।

उजाडिएको बासको क्षतिपूर्ति

धनगढी । संसार विचित्रको छ, सधैँ कर्म गरेर खानेहरू कहिलेकाहीँ भाग्यको सहारा लिन बाध्य हुन्छन् । धनगढी उपमहानगरपालिका-८ की ६८ वर्षीया आशा (नाम परिवर्तन) लाई आफ्नैले मलहम लगाएको घाउमा कोट्याएर नुन छर्कन्छन् भन्ने कल्पना पनि थिएन । ३० वर्षअगाडी श्रीमान बितेपछि उनी आफन्तको आडमा चार छोरी हुर्काएकी आशालाई ‘आफ्ना’ हरूसँगै कानूनी लडाइँ लड्नुपऱ्यो । धन्न ! न्यायिक समितिले न्याय दियो ।

आशा जेष्ठ नागरिक एकल महिला हुन् । उनको बसाई डोटीमा थियो तर श्रीमान बितिसकेपछि वि. सं. २०४५ सालतिर उनी आफ्ना छोरीहरूसहित धनगढी आइन् । माइतीको सहारामा । तीन-चार वर्षजति माइती बसिसकेपछि उनलाई जेठानी रमा (नाम परिवर्तन) ले ‘धनगढी उपमहानगरपालिका-८ मा जग्गा किनेको छ, म भारत बस्न थालेकाले खाली जमिनमा म नआउन्जेल घर बनाएर भोगचलन गरी बस्नू’ भनिन् ।

माइतीको सहारामा बसेकी आशादेवीलाई जेठानीको यो बचन ठूलो सहयोग भयो । लगत्तै आशाले आफूसँग भएको चार-पाँच तोला सुन बेचेर जेनतेन इँट्टाको गारो र टायलको छानो हालेर घर अनि गोठ बनाइन् । उनले दैनिक ज्याला मजदुरी गरेर परिवार पालिन्, छोरीहरूको विवाह गरिन् ।

सन्तानको रूपमा रहेका चारवटै छोरीको विवाह गरेपछि आशा एक्लै भइन् । उमेर बढ्दै गइरहेको थियो । ६८ वर्षकी उनलाई समय-समयमा आएर छोरीहरूले हालखबर सोध्थे । तर एकदिन उनी साँझै बिरामी भइन् । आशादेवीका देवरको छोरा ‘भतिजा’ आशालाई भेट्न आए र भने, ‘आमा अब तपाईं एक्लै हुनुहुन्छ बूढी पनि भइसक्नुभयो, अब हामी नै तपाईंलाई पाल्छौं उपचार गर्छौं’ । त्यसपछि आशादेवी आफ्नो घरमा ताल्चा लगाएर भतिजाको साथ लागी देवरको घर जान्छिन् । एक वर्ष गाउँमा भतिजासँग बस्छिन् ।

वडा कार्यालयले स्थलगत रुपमा छरछिमेक, साँध-सँधियारहरु र स्थानीय जनप्रतिनिधिहरुको रोहवरमा मुचुल्का तयार गरी घरगोठ र घरभित्रका दैनिक उपभोग्य वस्तुहरु साथै अरु सरसामानहरु एकीन मूल्य ३ लाख कायम गरी चैत ११ गते न्यायिक समितिमा पठाउँछ ।

यही समयमा जेठानी रमाले देवरानी आशालाई कुनै जानकारी नदिई २०७४ सालमा उक्त घरसहितको जग्गा रमेश (नाम परिवर्तन) र जितु (नाम परिवर्तन) लाई बेचिदिन्छिन् । जग्गा बेचिसकेपछि पनि आशालाई केही खबरबिना नै घरगोठ भत्काइन्छ । घर भत्काउनेमा रामु (नाम परिवर्तन) जिम्मामा रहने गरी रमेश, जितु र रामु मिलेर भत्काउँछन् ।

केही समयपछि आशाले घर हेर्न भनी आउँछिन् । उनले आफ्नो घर भत्किएको देख्छिन् । आशालाई घर कसले भत्काइदियो भन्ने थाहा हुँदैन । उनी रूँदै न्यायिक समितिमा पुग्छिन् ।

न्यायिक समितिमा आशाले छोरीलाई साथ लिई २०७५ साल असोज २४ गते घर भत्काउने रामुको बिरूद्धमा निवेदन पेश गर्छिन् । कार्त्तिक १५ गते रामुलाई बोलाई छलफल गर्दा जग्गा मालिक को हो ? भन्ने पत्ता लाग्दैन । किनभने रामुलाई जग्गा मालिकले नै घर भत्काउन लगाएको हुन्छ । आशा फेरि छोरीको सहयोगमा मालपोत कार्यलय पुग्छिन् । उनले जग्गा मालिक अनु (नाम परिवर्तन) भएको थाहा पाइ पुनः २०७५ मङ्सिरमा अनु र रामुबिरूद्ध निवेदन पेश गर्छिन् । त्यसपछि माघ २५ गते बसेको न्यायिक समितिको छलफलले धनगढी उपमहानगरपालिका-८ कार्यालयलाई घरगोठको मूल्य एकीन गरी पठाइदिने भन्ने निर्णय गरिदिन्छ । यसैबमोजिम २०७५ साल फागुन २ गते न्यायिक समितिले वडा नं ८ लाई पत्राचार गर्छ ।

वडा कार्यालयले स्थलगत रूपमा छरछिमेक, साँध-सँधियारहरू र स्थानीय जनप्रतिनिधिहरूको रोहवरमा मुचुल्का तयार गरी घरगोठ र घरभित्रका दैनिक उपभोग्य वस्तुहरू साथै अरू सरसामानहरू एकीन मूल्य ३ लाख कायम गरी चैत ११ गते न्यायिक समितिमा पठाउँछ । न्यायिक समितिले चैत २८ गते नै यस जग्गासँग कारोबार गर्ने सम्बन्धित सबै पक्षलाई बोलाएर पुनः छलफल गर्छ जसमा जग्गाधनी रमालगायत किनबेच गर्ने अनु, रामु, रमेश, रविलयायतको उपस्थितिमा उक्त घरगोठको मूल्याङ्कनको विषयमा छलफल गरिन्छ । र, आशालाई परेको हानी-नोक्सानी जग्गा खरिद र बिक्री कार्यमा संलग्न रमेशले ७० हजार, जितुले १ लाख २० हजार, रामुले २० हजार र रमाले ३० हजार गरी जम्मा २ लाख ४० हजार क्षतिपूर्ती रकम दिने सहमति गरी मेलमिलाप हुन्छ । यसरी बिनाजानकारी पीडित आशाको घरको बन्द ताल्चा काटी, घर भत्काउने काममा संलग्न पक्षहरूले आफूअनुकूलको कार्य गर्नु अन्याय भएको निर्णय गर्दै नगरपालिकाको न्यायिक समितिले पीडित महिलालाई सामाजिक न्यायको सिद्धान्तबाट विभिन्न चरणमा ८-१० पटक छलफल गरी न्याय दिलाएको छ । नगरपालिकाको लागि यो एउटा उदाहरणीय काम भएको छ । साथै, यसले नागरिकमा स्थानीय सरकारप्रतिको विश्वासलाई बढोत्तरी गरेको छ ।

यता नगरपालिकाको न्यायिक समितिमा सुरूमा आउँदा रूँदै आएकी आशा अन्त्यमा खुशी मन लिएर घर फर्केकी छिन् र हाल उनी आफ्नै भतिजासँग बस्न थालेकी छन् ।

विदेशिएका श्रीमान र अंशदावीको मुद्दा

खाँदबारी । सङ्खुवासभा, खाँदबारी नगरपालिका-८ की मोनिका वाग्ले (नाम परिवर्तन) ले आफ्नै ससुरा कृष्णबहादुर अर्याल (नाम परिवर्तन) को बिरूद्धमा मुद्दा हालिन् । उनले न्यायिक समितिलाई बुझाएको मुद्दाको विवरणमा 'मानाचामल दिलाई पाऊँ' भनेर लेखिएको थियो ।

यो घटना धेरैलाई झस्काउने किसिमको थियो किनकी बुढेसकालमा सहारा होला भनेर वंश बढाउन ल्याएकी बुहारीले आफ्नै ससुरालाई न्यायका लागि समाज अगाडि उभ्याउनु सामान्य घटना थिएन । बुहारी मोनिका जो 'श्रीमानको घर नै सबैथोक हो' भनेर आएकी थिइन्, यो अवस्थामा किन आइपुगिन् ? सबैलाई कौतुहलताको विषय थियो ।

स्थानीयस्तरमा हुने विवादहरू खासगरी न्यायिक समितिले देवानी प्रकृतिका विवादहरू अंशवण्डा, घरेलु झैझगडा साँध मिचिएकाजस्ता विवादहरू निरूपण गर्ने कानूनी व्यवस्था छ । यस्तो व्यवस्थामा पक्षहरूलाई कम खर्च लाग्ने, टाढा जानु नपर्ने हुँदा न्याय केही हदसम्म सजिलो भएको छ । खाँदबारी नगरपालिकामा मानाचामल, कुटपिट, जग्गा किचलो, बाटो, कुलो, ज्याला मजदुरी नदिएकोजस्ता विवादहरू आउने गरेका छन् । पीडितलाई निष्पक्ष न्याय के, कसरी दिन सकिन्छ भनेर न्यायिक समितिको ध्यान जाने भएकाले विवाद आउनेवित्तिकै कानूनी सल्लाहअनुसार उचित समाधानको बाटा अनुसरण गर्ने गरिएको छ ।

मोनिका खाँदबारी नगरपालिकामा विवाह गरेर आइन्, उनलाई ससुरा कृष्णबहादुरले नै मागेका थिए । कृष्णबहादुरले आफूले मागेर ल्याएकी बुहारीप्रतिको जिम्मेवारी बुझेका थिए । पूरा गरिरहेका पनि थिए । दुई छोरा, एक बुहारी र सासुससुरा भएको यो परिवारमा केही समयपछाडि नै कलह सुरू भयो । घरमा सासु र बुहारीको ग्रह मिलेन र झगडा पर्न सुरू भयो ।

छोरा लक्ष्मणले घरको कलहलाई थम्याउन सकेनन् र मोनिकालाई घरबाहिर राख्ने निर्णय गरे । इटहरीमा कोठा लिएर बसिरहेकै बेलामा लक्ष्मणको साउदीको भिसा लाग्यो । त्यसपछि मोनिका एक्लै परिन् । लक्ष्मण विदेश गएपछि मोनिकासँगको सम्पर्क छुट्यो । मोनिकालाई आफूलाई अलपत्र पारिएको जस्तो लाग्यो र उनले जिल्ला अदालतमा अंशवण्डाको मुद्दा हालिन् ।

ससुरा कृष्णबहादुर अदालतमा धाए, साथै बुहारीलाई मुद्दा लड्नका लागि आर्थिक सहयोग भने गरिरहे । तर उनी बुहारीलाई घर ल्याउन र छोरालाई बुहारीसँग सम्पर्कमा ल्याउन सकेनन् । त्यसपछि अदालतले मोनिकालाई 'मानाचामल दिलाई पाउँ' भनी

स्थानीयस्तरमा हुने विवादहरु खासगरी न्यायिक समितिले देवानी प्रकृतिका विवादहरु अंशवण्डा, घरेलु झैझगडा साँध मिचिएकाजस्ता विवादहरु निरुपण गर्ने कानूनी व्यवस्था छ । यस्तो व्यवस्थामा पक्षहरुलाई कम खर्च लाग्ने, टाढा जानु नपर्ने हुँदा न्याय केही हदसम्म सजिलो भएको छ ।

नगरपालिकामा निवेदन हाल्न लगाउँछ ।

खाँदबारी नगरपालिकाको पहिलो बैठकले यस विषयलाई छिन्न सकेन किनकी मोनिका घर फर्कन राजी थिइनन् । मोनिकाका श्रीमान् विदेश भएकाले उनी घर जाने पक्षमा थिइनन् । त्यसपछि बसेको दोस्रो बैठकमा सहजकर्ताको छनोट गरी मेलमिलापको प्रक्रियामा अगाडि बढाएको थियो ।

यी दुई पक्षबीच वि. सं. २०७६ साउन ६ गते मेलमिलाप भएको छ । यति बीचमा न्यायिक समितिले मोनिका वाग्लेका श्रीमान अर्जुन अर्याल अहिले वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा रहेकोमा उनी घर नफर्केसम्म बुहारीलाई ससुराले मासिक ५ हजार रूपैयँका दरले खाँदबारी नगरपालिका-८ को रोहवरमा बुझाउने सहमति भयो ।

यस्तै श्रीमान्ले पनि श्रीमती मोनिकालाई खुसी बनाई घर फर्काउने वातावरण बनाएमा मोनिका फर्किएर पहिलाकै तरिकाले घर व्यवहार सम्हाल्नेछिन् । यदि परिवारमा फर्केपछि राम्रो व्यवहार भएमा मोनिकाले आफूले अदालतमा हालेको अंश मुद्दा फिर्ता लिने बताएकी छिन् । अब मात्र अर्जुन नेपाल फिर्ने समयको पर्खाई दुवै पक्षलाई रहेको छ । मोनिका अहिले आफ्नै माइतीमा बस्दै आएकी छिन् ।

भिनो विषयले निक्लेको कलहलाई न्याय

गढीमाई । 'जिउँदाको जन्ती मर्दाको मलामी' तर यिनै छिमेकी कहिलेकाँही भिनो विषयमा झगडा गरेर बस्छन् । गढीमाई नगरपालिकाको न्यायिक समितिले २०७६ सालमा यस्तै काम गऱ्यो ।

२०७६ साल भदौ २३ गते गढीमाई नगरपालिका-१ बस्ने भिखरी साह सोनार छिमेकी रामबाबु साह सोनारको बिरूद्धमा मुद्दा हाल्न न्यायिक समिति पुगे । भिखरीको घर भदौ १२ गते रूखको तप्किनी पर्दापर्दा भत्किएको रहेछ । त्योभन्दा अगाडि पटकपटक उनले रूख काट्न भनेका थिए । धेरैपल्ट रूख काट्ने आश्वासन पाएका साहले कहिल्यै समस्याबाट मुक्ति पाएनन् । कतिपल्ट नराम्ररी भनाभन नै भयो । उता रामबाबु आफ्नो वचन पूरा नगरी 'के गर्न सक्छ र !' भन्दै रूख नकाटी बसेका थिए ।

यसो गर्दागर्दै लामो समय बित्यो । सानो रूख अझै अजङ्गको भयो र घरलाई समस्या पाऱ्यो । भन्दाभन्दै रामबाबुले रूख काटेनन् र भिखरीको घर भत्कियो । उनी र उनको परिवार घर न घाटको भए ।

भिखरीले अब राम्रो मुखले भनेको नमान्ने रामबाबुलाई कारबाही गर्न भन्दै गढीमाई नगरपालिकाको न्यायिक समितिमा निवेदन हाले । यो निवेदन आएपछि न्यायिक समितिले छलफलको लागि दुवै पक्षलाई बोलायो । सुरूमा रामबाबुले भिखरीको कुरा स्वीकार गरेका थिएनन् । तर न्यायिक समितिले यस विषयका खोजी अनुसन्धान गऱ्यो । त्यसपछि न्यायिक समितिले रामबाबुलाई उनको गल्ती स्वीकार्न लगायो अनि मेलमिलापको लागि शर्तहरू बनायो ।

त्यसपछि दुवै पक्षलाई साथै राखेर भद्र-भलादमी तथा न्यायिक समितिका प्रतिनिधिहरूबीच रामबाबु साह सोनारले अब क्षति गर्ने त्यो रूख काट्ने र त्यसमा लाग्ने खर्च आफैंले व्यहोर्ने व्यहोरा लेखियो । यस्तै रामबाबुले रूख काट्दा भिखरीको घरमा कुनै क्षति भएमा भिखारी साह सोनारले व्यहोर्न' पर्ने भनी दुवै पक्षलाई मञ्जुर गराइयो ।

यसरी सानो कुरामा असमझदारी हुँदा एकले अर्काप्रति

जो थिचोमिचोमा परे उनले न्याय पाए र जसले जानेर वा अन्जानमा गल्ती गरे उनीहरुले सिके । नगरपालिकामा न्यायिक समितिको स्थापना भएपछि आमनागरिकले अभिभावक पाएको महशुस गरेका छन् ।

क्लेस पालेर बसेका यी छिमेकीहरू एक-अर्कासँग मिलेर गए । न्यायिक समिति नहुँदो हो त न पीडित पक्षले न्याय पाउथे न त उनीहरू मिलेर समाजमा सौहार्दपूर्वक वातावरण नै निर्माण हुन्थ्यो । न्यायिक समितिको अथक प्रयासपछि छिमेकीको कलह साम्य भयो । जो थिचोमिचोमा परे उनले न्याय पाए र जसले जानेर वा अन्जानमा गल्ती गरे उनीहरूले सिके । नगरपालिकामा न्यायिक समितिको स्थापना भएपछि आमनागरिकले अभिभावक पाएको महशुस गरेका छन् ।

न्यायिक समितिले छोरालाई बाबु पाल्न सम्झायो

गरूडा नगरपालिका । सम्बन्धहरू जति सजिलै व्याख्या हुन्छन्, व्यवहारमा त्यति नै जटिल । मान्छेको मन बेलाबेला ढुङ्गा बनिदिन्छ । नत्र भने संसार देखाउने बाबुले त्यही सन्तानले 'पालेन' भन्दै न्याय माग्न जानुपर्ने अवस्था किन आउँथ्यो होला र ! गरूडा नगरपालिकाको न्यायिक समितिले यस्तै एउटा मुद्दा छिन्नुपरेको छ ।

घटना वि. सं. २०७५ सालको अन्त्यतिर भएको हो । भरत कर्ण (नाम परिवर्तन) लाई बाबु दशरथ कर्ण (नाम परिवर्तन) को हेरचाह नगरेको विषयमा

न्यायिक समितिले फेरि दुवै पक्षलाई बेग्लाबेग्लै सम्झाई-बुझाई गऱ्यो । साथै, समितिले यस्ता विवादका कारण हुन सक्ने समस्याको बारेमा पनी बुझायो । त्यसपछि दशरथ र भरत दुवै सम्झौता गर्न राजी भए ।

रौतहटको गरूडा नगरपालिकामा निवेदन आयो । निवेदक वडा नं ७ का स्थानीय बासिन्दा थिए ।

दशरथका दुई छोरामध्ये कान्छो नकुल १० वर्षअगाडि नै बितिसकेका छन् । दशरथलाई अब त्यही एउटा छोरा भरतको भर थियो । नकुल बितेपछि उनको हकवाला श्रीमतीले जिल्ला अदालतबाट अंशमुद्दा गरी अलग्गै बसिसकेकी थिइन् । दशरथका बुढाबुढी नै भरतको परिवारसँग बस्थे । एकदिन भरतले बाबुआमालाई ऋण तिर्नका लागि पैसा आवश्यक परेको भन्दै दशरथको नाममा भएकोमध्ये ३ कठ्ठा जमिन बेचिदिएछन् । त्यसपछि भरतले आमाबाबुलाई हेला गर्न थाले । बृद्ध बाबुआमाले हैरान भएर नगरपालिकामा उजुरी गरे ।

निवेदन दर्ता भएपछि नगरपालिकाको न्यायिक समितिले छलफल गऱ्यो जसमा भरतले आफूले गरेको सबै कर्म स्वीकार गरे । भरतले आफूले बाबुको नामको जग्गा बेच्नुका पछाडिको कारण पनि सुनाए, 'भाई मरेपछि बुहारीले अंश लिई छुट्टिएर बसिसकेकी थिइन् । बाबाआमा मसँग बसेको भए पनि उहाँले आफूसँग भएको पैसा छुट्टिएर बसेकी बुहारीको छोरीको बिहेमा खर्च गर्नुभयो । यही निहुँमा मेरी श्रीमती र आमाबीच झगडा भएको थियो, त्यसपछि मैले यो कदम उठाएको हुँ ।'

लामो छलफलपछि भरतले अबउप्रान्त बाबाआमा आफूसँग बस्न चाहेमा पालनपोषण, हेरचार, सेवा-सत्कार तथा खानपानमा कमी नगर्ने जवाफ दिए । त्यसपछि नगरपालिकाको न्यायिक समितिले स्थलगत अध्ययन गर्दा भरतको कुरा साँचो ठहरियो । तर न्यायिक समितिले दशरथकी कान्छी बुहारीको आर्थिक अवस्था एकदमै कमजोर भएको तथ्य फेला पाऱ्यो । कान्छी बुहारीसँग कमाउने बाटो जम्मा ७ कठ्ठा खेत रहेको र दुई छोरीमध्ये एकको विवाहका लागि हजुरबुबाले ७ कठ्ठा खेतमा ४ कठ्ठा बेचे । बाँकी रहेको ३ कठ्ठा जमिन भरतले बेचिदिएपछि दशरथसँग अब सम्पत्तिको नाममा केही पनि छैन । जेठो छोराले पालनपोषणमा ख्याल नगरेपछि दशरथ नगरपालिकाको न्यायिक समितिमा

निवेदन दिन पुगेका थिए ।

न्यायिक समितिले भरतले छलफलमा गरेको वचनअनुसार साथै बस्ने निर्णय सुनायो । तर दशरथ र उनकी श्रीमतीले जेठो छोरासँग बस्न मानेनन् । यसको सट्टा छुट्टै घर र बेचेको जति नै खेत नत्र वर्षैपिच्छे अन्न दिनुपर्ने बताए । न्यायिक समितिले दशरथले यस्तो निर्णय लिनुको कारण खोज्यो र दशरथकी श्रीमती र भरतकी श्रीमतीबीचको कलह नै यसको प्रमुख कारण भएको पत्ता लगायो ।

अन्त्यमा दशरथलाई तपाईं के गर्दा सहमत हुनुहुन्छ ? भनेर प्रश्न गरियो । दशरथले आफ्नो पुरानै अडान दोहोऱ्याए । भरतले आफू बाबाको बचन मान्न नसक्ने भन्दै आफू बाबुआमालाई राम्ररी पाल्ने प्रतिबद्धता देखाए । नत्र आफू केही पनि फिर्ता नगर्ने बताए ।

न्यायिक समितिले फेरि दुवै पक्षलाई बेग्लाबेग्लै सम्झाई-बुझाई गऱ्यो । साथै, समितिले यस्ता विवादका कारण हुन सक्ने समस्याको बारेमा पनी बुझायो । त्यसपछि दशरथ र भरत दुवै सम्झौता गर्न राजी भए । सम्झौताअनुसार 'बुबालाई जीवनभरि बस्नको निम्ति भरतले आफ्नो नाममा दर्ता भएको पक्की घर र खानका लागि वार्षिक १० मन (४ क्वीन्टल) धान र साढे १२ किलो मसुर (दाल) मङ्सिर मसान्तभित्र उपलब्ध गराउने सहमति भयो ।

त्यसपछि न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन २०७५ को दफा ५३ बमोजिम मुद्दा मिलापत्र गराई पाउँ भनी दिएको निवेदन दिए । यसरी चैतको अन्तिम समयमा दर्ता भएको जटिल मुद्दा २०७६ असार ३१ मा आएर 'मिलापत्र' भएर छिनोफानो भयो ।

विवाहअगाडि जन्मिएका विशाललाई १४ वर्षपछि अधिकार

घोराही उपमहानगरपालिका-८ का विशाल श्रेष्ठ मामाघरमा हुर्किएका हुन् । हजुरबुबाको काखमा हुर्के । उनको बाहिरी पहिचान विशाल भएपनि उनको परिचय कानूनी रूपमा अज्ञात थियो । वि. सं. २०६१ सालमा जन्मेका विशालको १४ वर्षको उमेरसम्म पनि आफ्नो जन्मदर्ता थिएन । उनलाई आफ्नो आमा को हुन् ? थाहा थियो तर बाबुको अनुहार कहिले पनि देखेका थिएनन् ।

हाल यतिका दिनसम्म जन्मदर्ता नभएको नाबालक विशाल श्रेष्ठको दिन हिजोआज फेरिएको छ । विशालका बूढो हजुर बुबाको जिम्मेवारीको काँध थोरै हलुङ्गो भएको छ भने मनमा शान्ति ।

आमा जोसँग विवाहित थिइन्, उनी विशालका बाबु थिएनन् । हुन त विशाललाई हुर्कन, पढ्न अनि बिरामी हुँदा बाबुको आवश्यकता कहिले परेन किनभने उनको हरेक समस्यामा साथ दिने हजुरबुबा थिए । तर कानूनले यो कुरा मान्दैन । उनलाई बुझ्न गाह्रो भयो, आफ्नो परिचय किन यति जटिल भयो ? जब उनी बुझ्न थाले तब उनले घोराही उपमहानगरपालिकाको न्यायिक समिति धाउन बाध्य भए ।

उनको बाबुआमाको कथा यस्तो रहेछ–

विशालका बुबा परिवर्तित नाम (दिपेश श्रेष्ठ) र आमा परिवर्तित नाम (सजिना रावत) प्रेम सम्बन्धमा थिए । यी दुईबीच विवाहअगाडि नै सहवास भयो । विवाहपूर्व नै विशाल मावलीमा जन्मिए । विशाल जन्मने भएपछि दिपेश र सजिनाको सम्बन्ध बिग्रियो र अन्ततः उनीहरू अलग हुने स्थितिमा पुगे । विशाल श्रेष्ठको जन्मपश्चात् विशालकी आमाको अन्तै विवाह भयो । दिपेशको पहिला नै अन्तै विवाह भइसकेको थियो ।

यता विशाल जन्मेपछि मामाघरमा हजुरबुबाको संरक्षणमा उनको लालनपालन, शिक्षादीक्षा हुँदै गयो । अब विशालको सबै रेखदेख उनको हजुरबुबाले गर्दै आएका थिए । उनको पढाइ-लेखाइ चलिरहेकै बेलामा उनलाई जन्मदर्ताको आवश्यकता पऱ्यो । धेरै प्रयास भए, जन्मदर्ता प्रमाणपत्र बनाउन । हजुबुबाले आफ्नै नामबाट बनाइदिन खोजे, आमाको मात्र नामले जन्मदर्ता भएन । धेरै प्रयासको बाबजुद पनि जन्मदर्ता बनेन । विशाललाई जन्मदर्ताको लागि बाबु नै चाहियो ।

विशालको परिवार दिपेशसम्म पुगे तर दिपेशले विशाल आफ्नो छोरा नरहेको बताए । विशालका हजुरबुबा अनि अन्य सङ्घ-संस्थाको धेरै कोशिस काम लागेन र अन्ततः घोराही उपमहानगरपालिकाको न्यायिक समितिमा हजुरबुबाको संरक्षणमा लालनपालन र जन्मदर्ता गराउने कार्यमा सहयोग गरिदिनुहुन निवेदन दर्ता भयो ।

न्यायिक समितिले विशालका बाबु दिपेश श्रेष्ठलाई पत्रचार गरी पटकपटक न्यायिक समितिमा बोलाएर छोराको जन्मदर्ता बनाइदिन परामर्श दियो । दिपेशले मानिरहेका थिएनन् । पटकपटकको छलफलपश्चात दिपेशले विशाल आफ्नै छोरा भएको बल्ल स्वीकारे । त्यसपछि विशालको शिक्षादिक्षा, लालनपालन पनि आफैँ गर्ने वाचा दिए । दिपेशले विशालको जन्मदर्ता पनि आफैँ बनाइदिए ।

हाल यतिका दिनसम्म जन्मदर्ता नभएको नाबालक विशाल श्रेष्ठको दिन हिजोआज फेरिएको छ । विशालका बूढो हजुरबुबाको जिम्मेवारीको काँध थोरै हलुङ्गो भएको छ भने मनमा शान्ति । न्यायिक समितिसँगको छलफलपछि छोराको लालनपालनको जिम्मा लिएका विशालको पूर्ण रेखदेख दिपेश आफैँले गर्दै आएका छन् । विशाल पनि हिजोआज खुशी छ, उसको पढाई पनि राम्रो हुँदै गइरहेको छ । १४ वर्षमा जन्मदर्ता गर्न आउने बाबाले च्यापेपछि बाबु छोराको सम्बन्ध पनि राम्रो रहेको छ ।

यसरी बुबाआमाको अपरिपक्क व्यवहारले गर्दा मावली घरमै जन्मिई आफ्नो मौलिक हकअधिकारबाट वञ्चितीकरणमा परेको विशालले न्याय पाए । विशालको अधिकार स्थापित गर्नका लागि घोराही उपमहानगरपालिकाको न्यायिक समितिले अग्रणी भूमिका खेलेको छ। यसका लागि विशाल, विशालका बाबु दिपेश, विशालकी आमा अनि विशालका हजुर बुबा कृतज्ञ छन् । उपमहानगरपालिकाले वर्षौंदेखिको कलहलाई छलफलको माध्यमबाट राम्रो सम्बन्ध स्थापना गरेर टुङ्गाइदिइको छ ।

घोराही उपमहानगरपालिका न्यायिक समितिले विभिन्न प्रकृतिका जटिल विवादहरू मेलमिलापको माध्यबाट निरूपण गरिरहेको छ ।

प्रतिमाको दुःख–सुखमा न्यायिक समिति

गोलबजार । प्रतिमा (नाम परिवर्तन) भर्खर १५ वर्ष लागेकी थिइन्, सिराहा गोलबजार-६ की उनलाई बाबुआमाले विवाह गर्ने निधो गरिदिए । प्रतिमा हुर्कँदै गरेको उनका आफ्नै बाबुआमाले देखी सहेनन् ।

विवाह पक्का भएपछि प्रतिमालाई चित्त दुख्यो । एक त सानै उमेर विवाह गरिदिन लागेका थिए । विवाह गर्ने केटा उनले मन पराएको मान्छे पनि थिएन । त्यसैले बाबुआमाले रोजेको केटासँग विवाह हुनुभन्दा ७ दिनअगाडि मात्र उनी आफैंले रोजेका प्रणभसँग भागिन् ।

> यता प्रतिमाको परिवार प्रतिमालाई घर लैजान राजी थिएन । प्रतिमाको परिवारलाई समाजको धेरै डर थियो । सामाजिक इज्जतका लागि उनीहरु छोरीको माया मार्न तयार थिए । यस्तो न्यायिक समितिको पहलमा प्रतिमाका बाबाआमा दुवैलाई धेरै सम्झाइयो । उमेर नपुगी विवाह गर्नु र गरिदिनु कानूनी अपराध भएको कुरा बुझाइयो ।

प्रणभ पनि उमेरमा कच्चा नै थिए । उनले आफ्नो खुसीले विवाह गरेको परिवारलाई मन परेन । रातदिन परिवारबाट उनलाई प्रतिमालाई छोड्नको लागि दवाव आउन थाल्यो । जीवनभर साथ दिन्छु भनेर ल्याएका प्रणभले प्रतिमालाई एक महिनामा नै छोडेर गायब भए । उनलाई प्रतिमाले कति खोज्दा पनि भेटिनन् ।

यो कुरा महिला सञ्जालसमक्ष पुग्यो । सञ्जालले 'यसरी अलपत्र पारेर छोड्न हुन्न' भन्दै प्रणभलाई खोजेर ल्यायो । त्यसपछि दुवैलाई इलाका प्रहरी कार्यालय गोलबजारमा बुझाइदियो ।

इलाका प्रहरी कार्यालयले कानूनअनुसार विवाहका लागि उमेर नपुगेको भन्दै दुवैलाई अलगअलग बस्नुपर्ने निर्णय सुनायो । प्रणभको परिवारलाई खोजेको कुरा मिल्यो । अब प्रतिमा प्रणभको घरमा नबस्ने भइन् । प्रणभ फेरि बेपत्ता भए । उता प्रतिमालाई लिन परिवार आएन ।

प्रतिमाको परिवारले 'छोरी पोइल गइसकेकी छ, समाजमा हाम्रो इज्जत रहँदैन' भनी प्रतिमालाई बहिष्कार गऱ्यो । प्रतिमा घर न घाटकी भइन् । आफ्नो घरमा बाबाआमासँग राम्ररी बसेकी उनी विवाहको अचानक निर्णय आएपछि यी सबै परिस्थितिको शिकार भइरहेकी थिइन् । उनको जाने ठाउँ कहीं पनि थिएन ।

बिचल्लीमा परेकी प्रतिमालाई केही व्यक्तिहरूको पहलमा भेटी आधारशीलामा शरण दिइयो र प्रतिमाको न्यायका लागि गोलबजार नगरपालिकाको न्यायिक समितिमा निवेदन दिइयो । प्रतिमालाई सामाजिक संस्था ओऱ्याक-नेपाल, उदयपुरले शरण दियो । यही संस्थाले प्रतिमाको न्यायको लडाइँमा साथ दियो ।

न्यायिक समितिले प्रणभ र प्रणभको परिवारको खोजी गऱ्यो । न्यायिक समितिले प्रणभको बाबु विदेश गएको हुनाले प्रणभको आमालाई छलफलका लागि नगरपालिका बोलायो । उनलाई सामाजिक

अपराध गरेको ठहर गऱ्यो र क्षतिपूर्तिवापत २ लाख ५० हजार रूपैयाँ प्रतिमालाई दिलायो ।

यता प्रतिमाको परिवार प्रतिमालाई घर लैजान राजी थिएन । प्रतिमाको परिवारलाई समाजको धेरै डर थियो । सामाजिक इज्जतका लागि उनीहरू छोरीको माया मार्न तयार थिए । यस्तो न्यायिक समितिको पहलमा प्रतिमाका बाबाआमा दुवैलाई धेरै सम्झाइयो । उमेर नपुगी विवाह गर्नु र गरिदिनु कानूनी अपराध भएको कुरा बुझाइयो ।

गोलबजार न्यायिक समितिमा आएका थुप्रै मुद्दाहरूमध्ये यो मुद्दा साऱ्है जटिल थियो । किनभने यो मुद्दामा प्रतिमाको संवेदनशीलताको ख्याल राखिनुपर्ने थियो । उनी बालिका नै थिइन् । सायद जे भइरहेको थियो त्यो उनले राम्ररी बुझेकी पनि थिइनन् । बुझाउने बाबाआमाले उनलाई गाली गरिरहेका थिए । उनलाई घर लैजान मानिरहेका थिएनन् ।

लामो प्रयासपछि प्रतिमाको बाबाआमाले कुरा बुझे । उनीहरू छोरीलाई घर लैजान तयार भए । उदयपुरस्थित ओऱ्याक-नेपालमा शरण लिएर बसेकी प्रतिमालाई परिवारले घर लगे ।

हुन त समय बित्दै जाँदा कतिपय घाउहरू पुरिन्छन् । प्रतिमाको मनका ती घाउहरू अहिले पुरिइसकेका छन् । प्रतिमालाई बाबाआमाले घर लगेर राखे र उनको उमेर पुगिसकेपछि विवाह गरिदिए । अहिले प्रतिमा आफ्नो गृहस्थी सम्हालिरहेकी छिन् ।

विवाहको २१ वर्षपछि न्याय पाएकी पूर्णिमाको कथा

हरिवन नगरपालिका । भन्छन्, 'लोग्ने स्वास्नीको झगडा परालको आगो' तर जब आगो भुस जसरी सल्किन्छ अनि त्यसलाई फुक्ने मान्छे हुन्छ तब त्यो आगोले नपत्याउने तरिकाले संसार सखाप पार्छ ।

हरिवन नगरपालिका-१० बस्ने पूर्णिमा न्यौपाने (नाम परिवर्तन) को २१ वर्षअगाडि सोही नगरपालिकाका रोहन न्यौपाने (नाम परिवर्तन) सँग विवाह भयो । उनीहरूको मागी विवाह भएको थियो । विवाहको पूर्णिमाले सोचेकी थिइन्, 'मलाई माया नगरे पनि छोराको हेरचाहमा कुनै कमी नहोला' तर सोचेविपरीत भयो । सासु र श्रीमान मिलेर बच्चालाई पनि दुःख दिन थाले । खान दिएनन्, लगाउन दिएनन्, बिरामी पर्दा उपचार खर्च दिएनन् ।

घरमा व्यवहार नबदलिएपछि उनी माइतीमा गइन् । केही समय माइती बसेर घर फर्केने गरिन् । घर फर्कनेबित्तिकै झगडा हुन थाल्यो । उनलाई कुटपिट गर्ने र मार्नेसम्मको धम्की पटकपटक दिन थाले । पूर्णिमालाई सहज होस् भनेर गाउँघरमा भएका भद्र-भलादमी र बुद्धिजीवी बसी धेरैपटक मिलापत्रको सहमति गराएका पनि थिए तर पनि घरमा बस्न सक्ने वातावरण नै रहेन ।

अहिले पूर्णिमा हाँसीखुशी आफ्नो परिवारमा बसेकी छन् । वैवाहिक जीवनको खुशी उनले विवाहको २१ वर्ष पनि भोग्न पाएकी छन् । अब उनले छोराको अधिकारका लागि लड्न नुपर्दैन । सासुको कचकच सहनुपर्दैन । उनका श्रीमानले पनि उनलाई माया गर्न थालेका छन् ।

केही दिनमा नै पूर्णिमाको परिवारमा कलह सुरू भयो । यो कलह बुढाबुढीको बीचमा मात्र हुन्थ्यो भने सल्टिन्थ्यो होला तर यहाँ बुढाबुढी बीचमा तेस्रो व्यक्तिको उपस्थिति थियो ।

पूर्णिमाकी सासु रमा न्यौपाने (नाम परिवर्तन) र श्रीमान रोहनले उनलाई बिस्तारै यातना दिन थाले । शारीरिक र मानसिक यातना सहँदासहँदै पूर्णिमाको छोरा जन्मियो । पूर्णिमाले छोरा काखमा आएपछि दुई वर्षको यातना सक्किने सोचेकी थिइन् तर झगडाको रडाको अझै ठूलो भयो ।

यो सिलसिला चलरिहेको अवस्थामा एकदिन पूर्णिमाले 'नाबालक बच्चाको जन्मदर्ता बनाइदेऊ' भनिन् । तर परिवारले त्यो कुरा मानेन । कुरा सन्तानमाथि आइलागेपछि पूर्णिमाको सहनशीलताको बाँध भत्किyो अनि उनी न्यायिक समितिसम्म पुगिन् ।

बारम्बारको यातना सहँदै आएकी पूर्णिमाले वि. सं. २०७६ सालमा निवेदन दिइन् । उनले श्रीमान्, सासु र नन्दलाई विपक्षी बनाएर निवेदन दिइन् । त्यसपछि न्यायिक समितिमा छलफल भयो । दोस्रो छलफलमा पनि मुद्दा नसल्टिएपछि न्यायिक समितिले रोहनसँग भएको सम्पत्तिको विवरण खोजी गर्‍यो ।

रोहनको सम्पत्ति २ बिगाहा जग्गा भएको त्यो पनि आमाको नाममा रहेको खुल्यो । खोजीमा रमाले आफ्नो सम्पत्ति आफ्नै छोरीलाई दिन खोजेको पनि खुल्यो । पूर्णिमाकी नन्दको विवाहपछिको घर पनि माइतीले नै हेरको थियो । उनी धरैजसो माइतीमा नै हुन्थिन् । त्यसपछि न्यायिक समितिले दुई बिगाहामध्ये एक विगाहा पूर्णिमालाई दिने निर्णय गऱ्यो ।

व्यापक छलफलपछि समितिले पूर्णिमाकी नन्द घर फर्कनुपर्ने, पूर्णिमाको छोराको जन्मदर्ता हुनुपर्ने, नागरिकता बनाइदिनुपर्ने अनि श्रीमान् र श्रीमती मिलेर बस्नुपर्ने भनी निर्णय गऱ्यो । यस्तै रोहनको परिवारले पनि पूर्णिमाले सासुलाई सम्मानपूर्ण व्यवहार गर्नुपर्ने भनी माग राख्यो । पूर्णिमा यसमा राजीखुशी सहमत भइन् ।

अहिले पूर्णिमा हाँसीखुशी आफ्नो परिवारमा बसेकी छन् । वैवाहिक जीवनको खुशी उनले विवाहको २१ वर्ष पनि भोग्न पाएकी छन् । अब उनले छोराको अधिकारका लागि लड्नुपर्दैन । सासुको कचकच सहनुपर्दैन । उनका श्रीमानले पनि उनलाई माया गर्न थालेका छन् ।

साँच्चै नै पूर्णिमालाई नगरपालिकाको न्यायिक समिति भगवानको मन्दिर भएको छ । यतिका लामो उनको लडाइँ जसलाई माइतीले सुल्झाउन सकेन, गाउँका भद्र-भलादमीले टुङ्ग्याउन सकेनन्, पूर्णिमा आफैंले सयौं कोशिस गरेर हारिन् तर हरिवन नगरपालिकाको न्यायिक समितिले छिनिदियो । पूर्णिमा र रोहनबीच लागेको आगो निभाईदियो ।

मजदुरलाई क्षतिपूर्ति

जनकपुरधाम उपमहानगरपालिका । धनुषाको धनौजी गाउँपालिका-४ का रणदीप साह (नाम परिवर्तन) ज्यामी काम गर्थे । कामको सिलसिलामा एकदिन उनी जनकपुर उपमहानगरपालिका-४ का विवेक गुप्ता (नाम परिवर्तन) को घरमा होर्डिङ बोर्ड हटाउन पुगे । होर्डिङ बोर्ड हटाउने क्रममा उनी दुर्घटनामा परे । घरको नजिकै ११ हजार हाइटेन्सनको तार थियो । बोर्ड त्यही तारमा पऱ्यो अनि रणदीपलाई करेन्ट लाग्यो । उनी गम्भीर घाइते भए । करेन्ट लागी

> लामो समयको छलफलपछि विवेक थोरै लचिकए । उनलाई न्यायिक समिति र अन्य व्यक्तिहरुले सम्झाई-बुझाई गरे । त्यसपछि रणदीपको उपचारमा लाग्रेको खर्च ३० हजार तिर्न विवेक राजी भए । त्यसपछि यी दुई मिलापत्र गर्ने भन्दै नगरपालिकाको कार्यालयमा पुनः उपस्थित भए ।

घाइते रणदीपलाई तत्कालै स्थानीयले अस्पताल पुऱ्याए । धन्न बेलैमा अस्पताल पुऱ्याएकाले उनलाई केही पनि भएन । यो घटना वि. सं. २०७५ सालको हो ।

दुर्घटनामा परी घाइतेलाई के छ, कस्तो छ ? भनेर विवेक बुझ्न एकपल्ट पनि अस्पताल गएनन् । आफ्नो घरमा काम लगाएको ज्यामी घाइते हुँदा अस्पताल लगेनन् । उनको गैरजिम्मेवारीपनले रणदीपको ज्यान झन्डै जोखिममा परेन । उपचारको २२ दिनपछि ज्यान जोगाएर घर फर्केका साहले घर मालिक विवेक गुप्तासँग क्षतिपूर्तिका लागि जनकपुर उपमाहानगरपालिकाको न्यायिक समितिमा २०७५ सालमा निवेदन दिए ।

न्यायिक समितिले १५ दिनको म्याद राखी विवेक गुप्तालाई न्यायिक समितिमा उपस्थित हुन सुचना जारी गरियो । तर रमेशले रणदीपलाई चिन्दै-नचिनेको लिखित जवाफ उपमहानगरपालिकामा पठाए । विवेकले लिखित विवरणमा आफूले निवेदक रणदीपलाई प्रत्यक्ष नचिनेको बताए । साथै, उनको लिखित विवरणमा लेखिएको थियो, 'सडक विस्तार गर्ने क्रममा घरको केही भाग भत्काउनपर्ने थियो, घर भत्काउन ठेक्कामा दिएको थिएँ । म मेरो घरमा नबसी चौरमा अस्थायी टहरामा बसिरहेको छु । मैले ठेक्कामा काम दिएको मान्छेले कहाँबाट को मजदुर ल्यायो त्यो मलाई जानकारी छैन । मैले काममा प्रत्यक्ष नलगाएको हुनाले ममाथि लगाएको दावी झुटो हो ।'

त्यसपछि उपमहानगरपालिकाको न्यायिक समितिले दुवै पक्षलाई राखेर छलफल गर्ने मिति तोक्यो । छलफलमा दुईबीच जुहारी चल्यो । रणदीपले ठेकेदारको माध्यमबाट विवेकको घरमा काम गर्न गएको तर होडिङ बोर्ड झार्ने काम विवेकले नै लगाएको बताए । त्यो बेला उनले दुर्घटनापछि उपचार खर्चका लागि कुरा गर्दा विवेकले फुटेको कौडी पनि नदिने भनी प्रतिक्रिया दिए ।

उता विवेक यो कुरा मान्ने अवस्थामा थिएनन् । उनले

आफू त्यो दिन घरमा नै नभएको बताए । उनले भने, 'त्यो दिन बिहानै म बर्दिवास गएको थिएँ, यो कुरा मैले ठेक्का दिएको श्रीहरि (नाम परिवर्तन) लाई थाहा हुन्छ ।'

साथै, उनले करेन्ट लाग्नुमा रणदीप आफ्नै गल्ती रहेको पनि बताए । उनले सुरक्षात्मक उपाय केही अनपनाई काम गर्दा करेन्ट लगेको बताए । उनी आफूले उपचार खर्च दिनु नपर्ने कुरामा अडिग रहिरहे । उनी आफ्नो जिम्मेवारीबाट टकटकिन खोजे ।

लामो समयको छलफलपछि विवेक थोरै लच्किए । उनलाई न्यायिक समिति र अन्य व्यक्तिहरूले सम्झाई-बुझाई गरे । त्यसपछि रणदीपको उपचारमा लागेको खर्च ३० हजार तिर्न विवेक राजी भए । त्यसपछि यी दुई मिलापत्र गर्ने भन्दै नगरपालिकाको कार्यालयमा पुनः उपस्थित भए ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा २ तथा मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा १९४ को उपदफा ६ बमोजिम यी दुईबीच मिलापत्र भयो । न्यायिक समितिको पहलमा विवेकले आफ्नो जिम्मेवारीलाई फेरि बुझे ।

जिउँदै आमाको सम्पत्ति हडप्ने छोरोको असफल प्रयास

लालबन्दी । प्रदेश २ अन्तर्गत सर्लाही जिल्ला, लालबन्दी नगरपालिकाको न्यायिक समितिलाई स्थापनाको सुरुवाती चरणमा नै चुनौती खेप्नुपऱ्यो । न्याय दिन गठित यो समितिले सम्बन्धात्मक मुद्दाको एउटा जटिल पाटोलाई केलाउनपर्ने भयो, जो प्रक्रियागत रूपमा त जटिल थियो नै साथै, भावनात्मक रूपमा पनि निकै कठिन ।

भनिन्छ, 'सन्तान ईश्वरको वरदान हुन्' तर इन्द्रासनदेवीका जेठो छोरा यो युक्तिसँग मिल्ने खालका भएनन् । आमाले घर छाडी हिँडेपछि खोज्नुको साटो 'आमा मरिन्' भनेर गाउँभरि हल्ला गरे । उनले अवस्थाको फाइदा उठाउँदै आमाको मृत्युदर्ता गरे र आमाको नागरिकतालाई जलाइदिए ।

घटना लालबन्दी नगरपालिका-११ को हो । नेपालको बहुजाती, भाषा, धर्म, संस्कार र संस्कृती एवं रीतिरिवाजअनुसार चल्दै र विकास हुँदै आएको साझा फुलबारी हो । यहाँको मिश्रित समाजमा जति सद्भावपूर्ण छ, त्यति नै विकृति, विसङ्गति छ । यो समाज, परिवार या मानिसको व्यवहारमा हुर्किरहेको छ । लालबन्दी नगरपालिका मधेश सम्प्रदायको बाहुल्यता रहेको समाज हो । स्थानीय सरकार गठन गरी काम गर्ने सिलसिलामा एउटा जटिल र कठिन प्रकृतिको विवाद निरूपण गर्ने अवसर प्राप्त गऱ्यो ।

घटना विवरण यस्तो थियो, जहाँ 'साखै छोराले सम्पत्तिका लागि आफ्नी जिउँदो आमाको मृत्युदर्ता गरे र आमालाई घरबारविहीन गराए ।'

लालबन्दी नगरपालिकाको हिरापुर बस्तीकी इन्द्रासनदेवी रामवरण मण्डलसँग विवाह गरेर आएकी हुन् । रामवरण मण्डलको पहिलो पत्नीको मृत्यु भएपछि दोस्रो श्रीमतीको रूपमा इन्द्रासनदेवी भित्रिएकी हुन् । यो जोडीको चार छोरा भए, राम दुलार, राम विलास, राम एकवाल र राजाराम मण्डल । इन्द्रासनदेवी र रामवरण मण्डलको अनमेल विवाह थियो, त्यसैले कुरा मिल्दैनथ्यो । सन्तान जन्मिसकेपछि पनि दुईबीचको कलह कायमै रह्यो । छोराहरू बढ्दै जाँदा परिवारको माहोल बिग्रियो । इन्द्रसनदेवीकै पहिलो छोराबाट केही असामान्य व्यवहार भएपछि उनीले बाध्य भई घर छोडिन् ।

भनिन्छ, 'सन्तान ईश्वरको वरदान हुन्' तर इन्द्रासनदेवीका जेठो छोरा यो युक्तिसँग मिल्ने खालका भएनन् । आमाले घर छाडी हिँडेपछि खोज्नुको साटो 'आमा मरिन्' भनेर गाउँभरि हल्ला गरे । उनले अवस्थाको फाइदा उठाउँदै आमाको मृत्युदर्ता गरे र आमाको नागरिकतालाई जलाइदिए । घटनाको केही महिनापछि आमा पुनः घर फर्किएर आउँछिन् र छोराको व्यवहारबाट आजित हुन्छिन् । छोरोको व्यवहार अझ रूष्ट हुँदै जान्छ । उनी घरबारविहीन हुन्छिन् । त्यसपछि उनले श्रीमानसँग मिलेर न्यायिक

समितिमा आत्मरक्षा एवं हकअधिकार प्राप्तिका लागि आइपुग्छिन् ।

नगरपालिकाको न्यायिक समितिले उक्त निर्दयीपूर्ण व्यवहारको छानविन गर्दै जाँदा इन्द्रासनदेवीको जेठो छोराले पैतृक सम्पत्तिमा हक जमाउने मनोवृत्तिले यो काम गरेको खुल्यो । त्यसपछि आमाबाबुसहित चारैजना छोराहरूलाई न्यायिक समितिमा उपस्थित गराई छलफल भयो । छलफलमा उनको जेठो छोराले व्यवहार दुरासयपुर्ण भएको प्रमाणित भयो । त्यसैले इन्द्रासनदेवीको मृत्युदर्ता बदर गराई नेपाली नागरिकताको प्रमाणपत्रका लागि प्रक्रियागत रूपमा वडा सर्जमिन बस्यो । नागरिकताका लागि सिफारिश गराई उनलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन स्थानीय न्यायिक समितिको सिफारिश एवं न्यायिक समितिका संयोजक श्री शान्तिकुमारी लामा स्वयं सनाखतमा बसिन्, इन्द्रासनदेवीले पुनः नागरिकता पाइन्, र विधिवत रूपमा, नियमसङ्गत ढङ्गले अंशवण्डाको सिफारिशसमेत गरियो ।

पछिल्लो केही वर्षदेखि आफ्नै परिवारको सदस्यहरूबाट अन्याय खेपिरहेकी इन्द्रासनदेवीलाई न्यायिक समितिले न्याय दियो । यस परिघटनालाई निर्वाचित प्रतिनिधि आएपछि र स्थानीय रूपमा न्याय निरूपण गर्न गठित स्थानीय न्यायिक समितिले ६ महिनाको अथक प्रयासपछि परिवारका सबै सदस्यसँग पैरवी गरी सल्झाएको हो । धेरै समयअघिबाट सबैको जानकारमा भएको यो घटनालाई स्थानीय सरकार गठन भएपछि बनेको न्यायिक समितिले पार लगायो । इन्द्रासनदेवी अहिले लालबन्दी नगरपालिकाको न्यायिक समितिप्रति कृतज्ञ छिन् ।

यस विषयमा लामो बहस गरी दुवै पक्षलाई एकै ठाउँमा राखेर विधिवत रूपमा मेलमिलापसहितको निर्णय गरियो । यस विषयलाई स्थानीय न्यायिक समिति- लालबन्दीले प्रथम असल अभ्यासका रूपमा लिएको छ ।

जिन्दगीको नयाँ मोडमा रमाको हाइहाइ

एकाएक रमाको जीवन कायापलट भयो । हिजो सुत्केरी व्यथाले छटपटाउँदा वास्ता नगर्ने सासुससुरा अहिले गाउँभरि 'हाम्लाई पाल्ने बुहारी त यही हो' भन्दै हिँड्छन् । रमाको ओरालोलाग्दो जीवनलाई नगरपालिकाको न्यायिक समितिले पत्तै नपाई उकालो लगाइदियो ।

रमाको जन्म वि.सं. २०४८ सालमा मध्यविन्दु नगरपालिकाअन्तर्गत पर्ने महेन्द्र राजमार्गबाट ६ किलोमिटर उत्तरमा पर्ने वसन्तपुरमा भयो । बाबा राम र आमा देवीसरा कार्कीकी जेठी छोरी थिइन्, उनी । उनीभन्दा कान्छा दुई भाइ । परिवार ज्याला मजदुरी गरेर ज्यान पाल्थ्यो । परिवार ठूलो भएपछि रमाका बुबा धन कमाउन भारत हिँडे । रमाकी आमा अशिक्षित थिइन्, सामान्य आर्थिक व्यवहार गर्थिन् । रमालाई घर अनि भाइको रेखदेख गर्ने जिम्मेवारी थियो । गाउँकै सरकारी विद्यालयमा उनको प्राथमिक शिक्षा सकियो । त्यति नै बेला गाउँलेले भन्न थाले, 'छोरी ठूली भई' । विवाहको प्रस्ताव ल्याए । २०६४ साल मङ्सिरमा रमा बल्ल १६ वर्ष पुगेकी थिइन् । उनको मध्यविन्दु नगरपालिका-१ का हरिबहादुर क्षेत्रीसँग विवाह भयो । अहिलेको कानूनले यो विवाहलाई बालविवाहको परिभाषा दिन्छ ।

रमा अब प्यूठानको लिवाङ गाविसका स्थायी बासिन्दा श्यामबहादुर र आमा भीमकुमारी क्षेत्रीको साइली बुहारी भइन् । श्रीमान् उनीभन्दा २ वर्ष मात्रै जेठा थिए । पहाडमा खरबारी मात्र भएकाले २०६० सालमा तराई झरेको क्षेत्रीको परिवार मध्यविन्दु नगरपालिका- १, सेतोपानीको सुकुम्बासी टोलमा बसेको थियो । रमाको माइती र घरको आर्थिक अवस्था उस्तै थियो । श्रीमानको हातमा न सीप, न शिक्षा, न सम्पत्ति ।

सुकुम्बासी बस्तीमा रमाको जीवनको नयाँ अध्याय सुरू भयो जुन अति नै कठिन थियो । विवाह भएको डेढवर्ष हाँसीखुशी भएकी रमा पहिलोपल्ट गर्भमा बच्चा आएपछि दुःखमा परिणत हुन थाल्यो । पहिलो गर्भ ७ महिनाको हुँदा उनलाई बेस्सरी ज्वरो आयो, तर परिवारले उनलाई अस्पताल लगेनन् । छिमेकी काकीले रमाकी आमालाई फोन गरेर जानकारी दिइन् । ७ दिनसम्म ज्वरो आएकी छोरीलाई लिएर आमा मध्यविन्दु अस्पताल पुगिन् । चिकित्सकले भर्ना लिइसकेपछि 'कि आमा कि बच्चा' बाँच्छ भने, उनको स्थिति दयनीय थियो । औषधि खाँदा मात्र ठीक हुने नत्र उस्तै । अवस्था नसुध्रिएपछि उनलाई भरतपुर अस्पताल रिफर गरियो । ७ दिनको उपचार सकेर रमालाई आमाले घर पठाइन् । गर्भको आठौँ महिनामा रमा फेरि बिरामी भइन् । माइतीबाटै आमा आएर चोरमाराको प्राथमिक स्वास्थ्य केन्द्र लगिन्, स्वास्थ्यकर्मीले उनलाई भरतपुर अस्पताल लैजान सुझाव दिए ।

सुकुम्बासी बस्तीमा रमाको जीवनको नयाँ अध्याय सुरु भयो जुन अति नै कठिन थियो । विवाह भएको डेढवर्ष हाँसीखुशी भएकी रमा पहिलोपल्ट गर्भमा बच्चा आएपछि दुःखमा परिणत हुन थाल्यो ।

भरतपुर अस्पतालमा रमाको उपचार आइसीयूमा राखेर गर्नुपर्छ भनियो, तर रमाकी आमासँग पैसा थिएन । उनले चिकित्सकलाई भनिन्, 'अस्पताल पनि चन्दा उठाएर ल्याएको हुँ ।' उनको उपचारको यतिका समयमा पनि उनको श्रीमान् उनलाई भेट्न एकपल्ट पनि

आएनन्, खर्चको पनि जोहो गरेनन् । रमाकी आमाले चिकित्सकलाई 'बरू बच्चा नभए पनि हुन्छ, मेरी छोरी बचाइदिनुहोस्' भनिन् । बच्चा जन्मियो तर दूध चुस्न जानेन । कपासबाट दुध खुवाउन पर्थ्यो ।

बच्चा जन्मेपछि घरमा फोन गर्दा श्रीमानको परिवारले वास्ता गरेन । छिमेकी आन्टीले घरमा 'ढोका थुनेर कहाँ गए थाहा भएन भन्नुभयो ।' रमाको संस्कारअनुसार माइतीमा छोरीलाई सुत्केरी हुँदा न्वारन नगरी ल्याउन हुँदैन । त्यसैले रमा माइतीको छिमेकमा बसिन् । बच्चा समयअगाडि नै जन्मिएको थियो, उसको तौल पुगेको थिएन । रमा शारीरिक रूपमा निकै कमजोर थिइन् । जन्मेको ४२ दिनमा बच्चा बित्यो ।

फेरि रमा गर्भवती भइन्, उनको गर्भको परीक्षण भएन । सुरूमा थाहा थिएन, पछि सासुले उनलाई 'हामीले नजचाए पनि बच्चा पाएम आजभोलिको बुहारीलाई जँचाउन पर्ने स्वाङ पार्छे' भन्न थालिन् । उनलाई परिवार र श्रीमानले शारीरिक र मानसिक यातना दिन थाले, तैपनि उनी सहेर काम गरेर बसिन् । उनी सुत्केरी हुने समय आउनै लागेपछि श्रीमान् कमाउन भारत गए । पैसा ससुरालाई पठाए, रमासँग खर्चको लागि पैसा थिएन ।

रमालाई प्रसव पीडा सुरू भयो, तर परिवारका मानिसले वास्ता गरेनन् र उनी एकाएक घरबाट हिँडिन् । घनघोर जङ्गलको बीचमा व्यथाले च्यापी बाटोमा एक्लै परिन् । वि. सं. २०७० सालमा उनकी दोस्रो सन्तान छोरी जन्मिइन् । रमालाई गोठाले आमाले भेट्टाइन्, खुर्पाले सालनाल छुट्टाइन् र आफ्नो घर लगिन् । रमाको जीवनमा भगवान जसरी उदाएकी गोठाले आमाले उनलाई घर लगिन् । रमाकी आफ्नै आमा खोज्दै त्यहाँ पुगिन् । छोरीको अवस्था देखेर धेरै रोइन् र आफैसँग लिएर हिँडिन् । यो पल्ट पनि बच्चाको न्वारनमा कोही पनि आएन ।

६ महिनापछि रमाले श्रीमान् फिरेको थाहा पाएर घर गइन् तर उनलाई मानसिक यातना सुरू भयो । त्यसपछि घर छाडेर माइती फर्केकी रमाले ८ वर्ष कुरिन् । भविष्य राम्रो नदेखेपछि श्रीमानसँग कानूनी रूपमा नै छुट्टिने निर्णय गरिन् । उनलाई छोरी पढाउन विदेश जाने सोच थियो ।

मध्यविन्दु नगरपालिकाको न्यायिक समितिमा सम्बन्धविच्छेदका लागि निवेदन हालेपछि छलफल गर्न मेलमिलाप केन्द्रमा पठायो । त्यहाँ दुई पक्षलाई बोलाएर छलफल गराउनुभयो । मेलमिलापकर्ताले नियमसम्वत गोपनीयताका साथ पालैपालो बोल्न लगाए । पहिलो दिन कुरा मिलेन, दोस्रो दिन रमाकी आमा र रमाका ससुरा पनि सँगै गए । अर्को छलफलमा दुईबीच सहमति भयो, 'श्रीमानले मासिक रू. ५ हजार घर खर्च गर्न दिनुपर्ने, छोरीलाई शिक्षा दिनुपर्ने, रमालाई मानसिक, शारिरीक यातना नदिने । साथै, 'श्रीमती पनि माइत जाँदा वा कतै जान परे पनि घरमा सोधेर जाने' । अहिले रमा घरमा सरसफाई गर्ने, तरकारी लगाउने, ज्यालादारी काम गर्न जाने र कमाएको पैसाले घरमा चाहिने सामानहरू जोड्छिन् । अहिले घरपरिवारले 'मेरो यही साइली बुहारी हो, लक्षिनकी छिन्, पछि हामीलाई पाल्ने बुहारी यिनै हुन्' भन्छन् । सुत्केरी व्यथा लाग्दा एक रूपैयाँ नदिने ससुरा 'हामीले पहिला जे-जति दुःख दिए पनि बिर्स है । हामीलाई हेला नगर' भन्छन् । रमा घरको पाली छाउन जङ्गलमा खर काट्न जान्छु भने पनि जाँन दिँदैनन् । उनले छानोमा टिन हालेकी छन्, श्रीमानसहित सपरिवार मिलेर बसेकी छन् । बिग्रन लागेको घर मिलेपछि रमा भन्छिन्, 'मेलमिलाप गराउन सहयोग गर्ने मध्यविन्दु नगरपालिकाको न्यायिक समितिलाई धन्यवाद !' हिजोआज सामाजिक काममा पनि सहभागी हुने रमाको गाउँभरि हाइहाइ छ ।

विवाद कार्यान्वयन तहमै न्यायिक समिति

गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. ८ स्थायी निवासी होमबहादुर रानाको कान्छी श्रीमती राममाया राना मगरबीच २५ वर्षअघि भागी विवाह भएको र उनीहरूबाट एक छोरा एक छोरीको जन्म भएको छ । श्रीमानले श्रीमती स्वीकार गरी घरमा नलगेको र श्रीमतीलाई दिनुपर्ने पैतृक सम्पत्तिसमेत नदिएको सम्बन्धमा दुवै पक्ष झिकाई पटकपटक छलफल गराउँदा भुकम्पीय आवास निर्माण गर्न कान्छी श्रीमतीको नाममा एक रोपनी जग्गा दिने र कान्छी श्रीमतीले जग्गा रोक्काका लागि दिएको निवेदन फिर्ता लिने सहमत भई विवाद समाधान भएको थियो ।

न्यायिक सम्पादन गर्ने काम एक संवेदनशील र कानूनी प्रक्रिया पूरा गर्नुपर्ने हुँदाहुँदै पनि जनप्रतिनिधिको नाताले नगरबासी मतदाताहरुको तहबाट धेरै आशा-भरोसा साथसाथै धेरै दवाव र अत्यावश्यक दवाव हुँदाहुँदै पनि न्यायिक मनले छिटो-छरितो न्याय सम्पादन गर्ने गरिएको छ ।

सोही सहमतिका आधारमा जग्गा नामसारी पास गर्ने क्रममा निजको नाममा भएको जग्गामध्ये कान्छी श्रीमतीले प्राप्त गर्ने जग्गाको क्षेत्रफल कायम गरी जिल्ला अदालतले निर्णय फैसला सुनाएको रहेछ । फैसलाका बारेमा प्रथम पक्षलाई आफूले जिल्ला अदालतमा दिएको उजुरीका बारेमा फैसला भएको जानकारी नभएको र के फैसला भए-नभएको कुनै जानकारी नभएको, त्यहाँबाट न्याय नपाएको महशुस गरी न्यायिक समितिमा निवेदन पेश हुन आएको रहेछ । तर गोरखा जिल्ला अदालतमा निजको विवादको दोस्रो पक्षको कान्छी श्रीमतीले दिएको जाहेरीको आधारमा दोस्रो पटकको छलफलमा नै श्रीमानबाट अंश पाउने फैसला भएको रहेछ । सोहीबमोजिम निजले रोक्का राखेको जग्गा फुकुवा गरी जग्गा नामसारी गरी लेनदेन हुनुपर्नेमा विवादका दोस्रो पक्ष श्रीमानले जग्गा दिन आनाकानी गरी रहेको र नियमित आउजाउसमेत नगरेको, औषधी उपचार खर्च नदिएको, चाडवाडमा आउने क्रमसमेत नभएको र निजको घर जाँदा तथानाम गाली गरेकोले प्रथम पक्ष न्यायिक समितिमा आएको रहेछ। यस सम्बन्धमा जग्गा फुकुवा तथा जग्गा नामसारी गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयमा सिफारिस लिन आउँदा र मालपोत कार्यालयमा जग्गाको कित्ताकाट गरी नामसारी गर्ने क्रममा जिल्ला अदालतबाट भएको आदेशको बारेमा सम्बन्धित कार्यालयका कर्मचारीले जानकारी गराएपश्चात् मात्र प्रथम पक्ष कान्छी श्रीमतीलाई थाहा भएको पाइन्छ ।

विवादका सम्बन्धमा आफूभन्दा उपल्लो निकायले हेरेको विवाद न्यायिक समितिले हेर्न नपर्ने विवाद हो तर विवादका पक्षहरूलाई कानूनी प्रक्रिया र भएको निर्णयको अनविज्ञता तथा न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ मा भएको अनुसूची १ अनुसारको फिराद पत्र दायर हुन आएको कारण समयको बर्बादी तथा विवादका पक्षहरूमा विनाकारण उतारचढाव आएको देखिन्छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको सङ्गठन संरचनामा (कर्मचारी दरबन्दीमा) हरेक स्थानीय तहमा १ जना कानून अधिकृत रहनेछ भनी प्रस्ताव गरे पनि पछिल्लो समय प्रशासनतर्फको सहायकस्तर

पाँचौं तहको कर्मचारीको मात्र व्यवस्था छ । अतः कानून अधिकृतको व्यवस्था नभएसम्मका लागि वार्षिक रूपमा कानूनी सल्लाहकार परामर्श सेवाबाट लिने भन्ने निर्णय भए पनि प्रत्येक विवादमा कानूनी परामर्श नचाहिने र कानूनी परामर्श आवश्यक पर्दाको बखतमा कानूनी सल्लाकारको समय उपलब्ध नहुने, कुन समय कस्तो प्रकृतिको विवादमा कानूनी परामर्श लिएबापत कति पारिश्रमिक दिने-लिने भन्ने पनि अन्योलता छ। धेरैजस्तो जग्गासम्बन्धी विवाद आउने र उक्त विवादको सम्बन्धमा विवादका पक्षहरूबाट फिल्ड सर्भेक्षका लागि प्राविधिक माग गर्ने गरेका छन् । कार्यालयमा पर्याप्त कर्मचारी नहुँदा नापी कार्यालयसँग समन्वय गरी जानुपर्दा दुवै पक्षको समय, दुवै कार्यालयको समय र कानूनी प्रक्रियाले गर्दा विवाद समाधनमा केही ढिलाई भएको महसुश गरिएको छ। साथै, उक्त कार्यमा खटिएका कर्मचारीहरूको लागि थप सेवा-सुविधा उपलब्ध गराउनसमेत नसकिरहेको अवस्था छ । न्यायिक समितिको प्रशासनिक काम गर्ने जिम्मेवारी दिएको कर्मचारीलाई पनि कार्यालयले अन्य शाखाहरूको समेत महत्वपूर्ण जिम्मेवारी दिएकाले काम गर्न केही समस्या भएको र अतिरिक्त काम गरेबापत केही सुविधा दिइएको छैन । साथै, कानूनी सल्लाहकारसमेत राख्न सकिएको छैन । न्यायिक सम्पादन गर्ने काम एक संवेदनशील र कानूनी प्रक्रिया पूरा गर्नुपर्ने हुँदाहुँदै पनि जनप्रतिनिधिको नाताले नगरबासी मतदाताहरूको तहबाट धेरै आशा-भरोसा साथसाथै धेरै दवाव र अत्यावश्यक दवाव हुँदाहुँदै पनि न्यायिक मनले छिटो-छरितो न्याय सम्पादन गर्ने गरिएको छ। न्यायिक समिति संयोजक बिना कुमारी श्रेष्ठले अनेक समस्याका बाबजुत पनि न्यायका लागि नागरिकको विश्वासलाई झनै प्रगाढ बनाउने विश्वास व्यक्त गर्न‘भयो ।

न्यायिक समितिको निर्णयमा अदालतको सदर

मकवानपुर जिल्ला मकवानपुर गढी गाविस वडा नं. ४ मा वि. सं. २०४० वैशाख २९ गते जन्म भएकी बलभद्र देवकोटाको छोरी पूर्णकुमारी देवकोटाको जिल्ला मकवानपुर साविक श्रीपुर छतिवन गाविस वडा नं. ४ हाल हेटौँडा उपमहानगरपालिका वडा नं. ८ बस्ने मधुसुदन घिमिरेका छोरा बद्रीप्रसाद घिमिरेसँग २०६३ जेठ ९ मा सामाजिक परम्पराअनुसार विवाह भएको थियो । विवाहपश्चात निजहरूको दाम्पत्य सम्बन्धबाट मिति २०६४ साउन ८ मा जेठो छोरा विशाल घिमिरे र २०६९ माघ ६ मा कान्छो छोरा विनोद घिमिरेको जायजन्म भएको थियो । निजको श्रीमान बद्रीप्रसाद घिमिरे नेपाली सेनामा जागिरे हुनुहुन्थ्यो । विवाहपश्चात दाम्पत्य सम्बन्ध सुमधुर रही आएको थियो ।

नेपाली सेनामा कार्यरत श्रीमान बद्रीप्रसाद घिमिरेले जागिर छँदै २०७२ सालमा विनिता ढकालसँग दोस्रो विवाह गर्नभएको रहेछ । तत्पश्चात श्रीमान्ले कान्छी श्रीमतीलाई मात्र हेर्ने र कान्छी श्रीमतीसँग मात्र बस्ने गर्न थालेको र आफू र छोराहरूलाई हेलाँ गर्न थाल्नुभएको उजुरी थियो । सौतासँग मिली हेलाँ गर्न थालेपछि ज्याला मजदुरी गरी आफ्नो र छोराहरूको जीवन धान्दै आइरहेकोमा विपक्षी पतिले छँदाखाँदाको नेपाली सेनाको जागिर छाडी घरमै बस्न थाल्नुभयो । जागिर छाड्दा आएको रकमसमेत परिवारलाई नदिई के कसो गर्नुभयो थाहा भएन । दुई छाक टार्न र छोराहरूको स्वास्थ्य उपचारसमेत गर्न कठिनाई हुँदासमेत पतिले कुनै सहयोग नगरेकाले एक्लो भई जसोतसो दैनिक गुजार गर्दै आइरहेकी थिइन् । श्रीमान पेन्सनवाला थिए ।

श्रीमानले खान, लाउन, शिक्षादिक्षा, स्वास्थ्य उपचारमा कुनै सहयोग नगरी बेसहारा बनाई रहेकोमा न्याय माग्न कहाँ जाने, के गर्ने केही जानकारी नहुँदा अन्याय सहँदै आइरहेकी थिइन् । स्थानीय तहको निर्वाचनपछि संविधानअनुसार उपप्रमुखको संयोजकत्वमा गठित न्यायिक समितिका बारेमा जानकारी पाएपछि निवेदन दिएकी थिइन् । निवेदक पूर्णकुमारी देवकोटाले छोराहरूको हकमा संरक्षक भई आफ्नो हकमा समेत श्रीमानलाई विपक्षी बनाई न्यायिक समितिमा खान, लाउन, र शिक्षादिक्षा खर्च दिलाई पाउँ भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) को (छ) बमोजिम मासिक १० हजार भराई पाउने गरी २०७५ साल असोज १० गते उजुरी पेश गर्नुभएको थियो । उजुरीपश्चात न्यायिक समितिले विपक्षीको नाममा १५ दिनभित्र प्रतिउत्तर लगाउन वडा कार्यालयमार्फत म्याद तामेल गरेको थियो । विपक्षी प्रतिवादीले

प्रतिवादीको प्रतिउत्तर पछि दुवैलाई मेलमिलाप गराउन उपयुक्त हुने देखि मेलामिलापका लागि मेलमिलापकर्ताकोमा पठाएकोमा मेलमिलाप हुन नसकेको भनी प्रतिवेदन प्राप्त भएको थियो । प्रतिवेदन प्राप्त भएपछि न्यायिक समितिबाट दुवै पक्षको साक्षी बुझ्कन आदेश भएपछि दुवै पक्षको साक्षी बुझी बकपत्र गरिएको थियो ।

२०७५ कार्तिक ९ गते म्याद बुझी १५ दिनको म्यादभित्रै उजुरीको खण्डन गरी प्रतिउत्तर न्यायिक समितिमा पेश गरेका थिए ।

प्रतिवादीको प्रतिउत्तर पछि दुवैलाई मेलमिलाप गराउन उपयुक्त हुने देखि मेलामिलापका लागि मेलमिलापकर्ताकोमा पठाएकोमा मेलमिलाप हुन नसकेको भनी प्रतिवेदन प्राप्त भएको थियो । प्रतिवेदन प्राप्त भएपछि न्यायिक समितिबाट दुवै पक्षको साक्षी बुझ्न आदेश भएपछि दुवै पक्षको साक्षी बुझी बकपत्र गरिएको थियो । २०७५ साल चैत्र ४ गते प्रतिवादीबाट तजविजी वादीहरूले मासिक ४ हजार माना चामल भराउने गरी फैसला गरिएको थियो । उक्त फैसलापछि विपक्षी प्रतिवादी फैसला उपर चित्त नबुझी मकवानपुर जिल्ला अदालतमा पुनरावेदन परेको थियो । पुनरावेदन परेपछि मकवानपुर जिल्ला अदालतमा वादीले लिखित प्रतिवाद पेश गरेकी थिइन् । तत्पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतबाट न्यायिक समिति हेटौँडा उपमहानगरपालिकाले गरेको निर्णयलाई नै सदर गरेको छ । फैसला कार्यान्वयनको चरणमा रहे पनि एक्ली भएकी पूर्णकुमारी देवकोटाले न्यायिक समितिबाट भएको निर्णयअनुसार मासिक ४ हजार माना चामलबापत पाउने भएकी छन् । निजहरूको दैनिकीमा केही सहज हुने विश्वास छ । छोराहरूको शिक्षादिक्षा र स्वास्थ्य उपचारमा सहयोग पनि हुनेछ ।

मन मिल्यो, सम्बन्ध फर्कियो

चितवन जिल्ला कालिका नगरपालिका वडा नं. ९ बस्ने चन्द्रबहादुर प्रजाले चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ६ बस्ने भरत पाण्डेबिरूद्ध लेनदेनको विवादमा जग्गा फिर्ता नगरेको अभियोगमा तत्काल विवाद समाधान गरी जग्गा फिर्ता गराउन न्यायिक समितिमा उजुरी पऱ्यो । चितवन जिल्ला साविक शक्तिखोर गाविस हाल कालिका नगरपालिका वडा नं. ९ स्थित बसोबास गर्ने चन्द्रबहादुर प्रजाको भरतपुर महानगरपालिका वडा नं. ६ बस्ने भरत

बिक्री भइसकेको जग्गा फिर्ता गराउने कुरा भावनात्मकबाहेक कानूनी र व्यवहारिक रुपमा सम्भव थिएन । तर पनि विगतका सम्बन्ध, आगामी दिनमा साथ र सहयोग तथा जग्गाकै आधारमा बिग्रिएका सम्बन्ध र मानसिक तनावका कारण दुवै पक्ष छलफलमा जुटेर सहमतिमा आउन बाध्य भएका थिए ।

पाण्डेबीच लेनदेनको क्रममा जग्गा क्षेत्रफल एक विगाहा जग्गा धितो राखी काम व्यवहार चलाएका थिए । उक्त जग्गाबापत रजिष्ट्रेशन पास गरी लिएको तर जग्गाको भोग-चलन जग्गाधनी चन्द्रबहादुर प्रजाले गरिरहेको अवस्थामा जग्गा फिर्ता गराई पाउँ भनी दोस्रो पक्षले जिकिर गर्दा मैले जग्गा बिक्री नगरेको कानूनी रूपमा केही त्रुटी भएको स्वीकार गरी अदालतमा लिखत बदरको मुद्दा दर्ता गरेका थिए । उक्त निर्णय भरत पाण्डेको पक्षमा भएको अवस्थामा प्रथम पक्ष चन्द्रबहादुर प्रजाले कालिका नगरपालिकाको न्यायिक समितिमा निवेदन दिनुभएको थियो । २०७४ मङ्सिर १० गते न्यायिक समितिमा उजुरी दर्ता गरेसँगै न्यायिक समितिले कार्य सुरू गऱ्यो ।

मेलमिलापकर्ताहरू संयोजक सुदर्शन अधिकारी, सदस्यहरू झनकबहादुर गुरूङ, लेखबहादुर थापा र न्यायिक समिति संयोजक कमला भट्टराई, सदस्यहरू सदस्य लिलाबहादुर गुरूङ र बालकृष्ण अधिकारी कर्मचारी धर्म सापकोटा, जनप्रतिनिधि वकिल पुर ीसहितको टिमले उक्त विवाद समाधानका लागि भूमिका खेल्यो । पक्षहरूलाई छलफलका लागि उपस्थित गराई उहाँहरूका धारणा सुन्ने काम भयो । हालसम्म भएका गतिविधि कानूनी आधारहरूबारे बुझ्ने र सुन्ने काम भयो । पक्षहरूबीच शक्ति सन्तुलन कार्य गर्न निकै अप्ठ्यारो भएको महशुस भयो । पहिलो पक्ष आफूले जग्गा बिक्री नगरेको केही पैसाको आवश्यकताले धितो राखी काम चलाएको मात्र हो भन्ने अडानमा रहनुभयो भने दोस्रो पक्षले कानूनी मूल्य-मान्यताको आधारमा रजिष्ट्रेशन पास गरी खरिद गरेको र पुनः लिखत बदरको मुद्दासमेत आफ्नो पक्षमा फैसला भएको हुँदा उक्त जग्गा खाली गराई खेतीपाती गर्ने वातावरण बनाइदिन माग गर्न थाल्नुभयो । आ-आफ्नो अडान कायम रहँदा छलफलले सार्थकता नपाउने हो कि भन्ने भयो । सोही समयमा कालिका नगरपालिकाका नगर प्रमुख खुमनारायण श्रेष्ठको विवाद समाधान गर्ने विषयमा महत्वपूर्ण भुमिका रहयो । दोस्रो बैठकसम्म आउँदा केही सकारात्मक नयाँ कुराहरू भए ।

विगतको आत्मियताबारे सम्झनुहोस्, दुई पक्षबीच कारोबार भएका व्यवहारिक कुरा पनि सम्झनुहोस् । खुल्ला प्रश्नहरूको बाढीले मेलमिलापकर्ताहरूको प्रयास, न्यायिक समिति संयोजक तथा सदस्यहरू एवं विवादित पक्षहरू स्वयंमको सुझबुझका साथ प्रथम पक्षलाई नौ कठ्ठा र दोस्रो पक्षलाई ११ कठ्ठा क्षेत्रफल जग्गा लिने-दिने र आगामी दिनमा पुनः अगाडिको सम्बन्ध कायम गर्ने सहमतिमा विवाद समाधान भयो ।

बिक्री भइसकेको जग्गा फिर्ता गराउने कुरा भावनात्मकबाहेक कानूनी र व्यवहारिक रूपमा सम्भव थिएन । तर पनि विगतका सम्बन्ध, आगामी दिनमा साथ र सहयोग तथा जग्गाकै आधारमा बिग्रिएका सम्बन्ध र मानसिक तनावका कारण दुवै पक्ष छलफलमा जुटेर सहमतिमा आउन बाध्य भएका थिए । अदालतले फैसला गरिसकेको विवादमा समेत मन मिल्न नसकेको अवस्थामा उक्त छलफल र न्यायिक समितिको प्रयासले दुवैको मन मात्रै मिलेन विगतको सम्बन्ध ब्युँतिँदै गुमेको जग्गासमेत फिर्ता भयो । भलै उनले सोचेको जति नभए पनि उनले प्राप्त गरेको ऋणका आधारमा पनि जग्गाको मूल्य र जग्गाको फिर्ता प्रक्रिया व्यवहारिक र कानूनी रूपमै सम्पन्न भएपछि न्यायिक समिति साँच्चै नागरिकहरूको अधिकार र न्यायका लागि स्थापित संस्था भएको पुष्टि भएको छ ।

जग्गाधनीको निधनपछि करारले निम्त्याएको सङ्कट

कमलामाई नगरपालिका, नगर कार्यापालिका, सिन्धुलीको न्यायिक समितिमा जग्गासम्बन्धी उजुरी दर्ता भयो । लामो समयदेखि विवाद रहेको उक्त जग्गाका सम्बन्धमा जग्गाधनी पुर्जा प्राप्त गर्न उजुरी दर्ता भएको थियो । वादी निरमहम्द मन्सुरीले प्रतिवादी दिपककुमार कार्कीलाई झिकाई आवश्यक कारबाहीका लागि वि. सं. २०७४ पुस ६ गते ०६ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा उजुरी दर्ता गरी २०७४ पुस ७ गते छलफल गराउन नगरपालिकाको न्यायिक समितिमा दर्ता भएको थियो ।

निवेदक निरमहम्द मन्सुरीले तारेख छाडी थाम्ने-थमाउने म्यादसमेत गुजारी बसेका थिए । निजको हकमा केही नबोली बाँकी निवेदकहरु र प्रतिवादीबीचको घरजग्गा विवादमा निवेदकको माग्दावी छाडी पक्षहरु मिल्न मञ्जुर भई आएकाले मुलुकी देवानी कार्यविधि ऐन २०७४ को दफा १९३ बमोजिम मिलापत्र भएको थियो ।

२०७४ फागुन २१ गते दिपककुमार कार्कीलाई छलफलको उपस्थित गराउन जानकारी गराई पक्षहरूलाई मेलमिलापमा राखी छलफल गराउँदा विवादित जग्गामा दिपककुमार कार्कीले घर बनाई बसे पनि उल्लेखित कमलामाई नगरपालिका वडा नं. ६ राममाडी बस्ने अजय थापाको नाउँमा रहेको देखिन आएकाले २०७४ फागुन ३० गते अजय थापाको श्रीमती निलम थापा (उपाध्याय) तथा विमला उपाध्यायको उजुरी पर्न आई वादी निलम थापा (उपाध्याय), विमला उपाध्याय र प्रतिवादी दिपककुमार कार्कीसमेतलाई पुनः मेलमिलाप केन्द्रमा राखी छलफल गराउँदा विवादित जग्गा तथा सो जग्गा सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ६ राममाडी बस्ने अजय थापाको नाउँमा रहेको कि. नं. १८००, ऐ कि. नं. १८०१ र १८०२ को जग्गामा जग्गाधनी अजय थापा दिने र प्रतिवादी दिपककुमार कार्की लिने भई २०७४ फागुन ११ मा दुई पक्षबीच भएको करार सम्झौताअनुसार सो जग्गामा प्रतिवादी दिपककुमार कार्कीले आफ्नो निजी लगानीमा घर निर्माण गरी अर्को दोस्रो पक्ष वादी निरमहम्द मन्सुरीलाई पुनः अर्को सम्झौता गरी भाडामा दिइ आएकोमा जग्गाधनी अजय थापाको मृत्यु भई निजको एक सगोलको हकवाला श्रीमती वादीतर्फका निलम थापा (उपाध्याय), विमला उपध्याय र प्रतिवादीतर्फका दिपककुमार कार्कीबीच मेलमिलाप केन्द्रमा बसी छलफल हुँदा वादी-प्रतिवादी नाताभित्रका मानिस हौं, अब उप्रान्त हामीबीच कुनै विवाद हुनेछैन, निवेदक वादीहरूको सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ६ राममाडीमा रहेको कि. नं. १८००, कि. नं. १८०१ , कि. नं. १८०२ को कित्ताहरूको जग्गा र सो जग्गामा बनेको

घर सहमति भएको मितिबाट वादी निलम थापा (उपाध्याय) र विमला उपाध्यायले भोग गर्न पाउने जग्गा बनेको घर प्रतिवादी दिपककुमार कार्कीले आफ्नो नीजि लगानीमा निर्माण गरेको हुँदा सो बनाउँदाको मूल्य एकिन गरी ५ लाख वादीमध्येको निलम थापा (उपाध्याय) बाट २०७५ साल साउन ७ गतेसम्ममा प्रतिवादी दिपककुमार कार्कीलाई तिर्ने बुझाउने सहमति भएको छ ।

उक्त बुँदाहरूमा दुवै पक्षले चित्त बुझाएपछि सहमति भएको थियो । निवेदक निरमहम्द मन्सुरीले तारेख छाडी थाम्ने-थमाउने म्यादसमेत गुजारी बसेका थिए । निजको हकमा केही नबोली बाँकी निवेदकहरू र प्रतिवादीबीचको घरजग्गा विवादमा निवेदकको मागदावी छाडी पक्षहरू मिल्न मञ्जुर भई आएकाले मुलुकी देवानी कार्यविधि ऐन २०७४ को दफा १९३ बमोजिम मिलापत्र भएको थियो । न्यायिक समितिका संयोजक मन्जु देवकोटा, सदस्य रामबहादुर थिङ र कान्ता ढकालले उक्त विवादमा सहमति जुटाउनु भएको थियो ।

संरक्षणात्मक आदेशपछि मेलमिलापको माध्यमबाट खुशी

कोहलपुर । विछोड हुने स्थितिमा पुगेको पति-पत्नीबीचको सम्बन्धलाई कोहोलपुरको न्यायिक समितिले पुनर्जीवित गराएको छ । यसले दुई दम्पतिको मात्र सम्बन्धलाई पुनर्जीवित नभई नाबालक बच्चाले समेत अभिभावकत्व प्राप्त गरेको छ ।

बाँकेको कोहोलपुर नगरपालिका वडा नं. २ बस्ने प्रियङ्का थारु (परिवर्तित नाम) कोहलपुर नगरपालिका

न्यायिक समितिमा उजुरी परेसँगै कोहलपुर नगरपालिकाको न्यायिक समितिले पीडित थारुलाई अभद्र व्यवहार र कुटपिट गर्ने पतिलाई अभद्र व्यवहार नगराउन आदेश दियो ।

वडा नं. ३ बस्ने रामबहादुर थारुसँग (परिवर्तित नाम) २०७२ साल माघमा विवाह भयो ।

दुई दम्पतिको विवाहपछि केही सयमसम्म पति-पत्नीबीच राम्रै सम्बन्ध कायम भयो । केही समयपछि भने दम्पतिबीच विवाद बढ्न थाल्यो । पतिले पत्नीलाई गालीगलौज गर्ने, कुटपिट गर्ने, धम्क्याउने र घरमा बस्न नदिने व्यवहार देखाउन थाले ।

वि. सं. २०७५ पुस ४ गते प्रियङ्काले छोरी जन्माइन् । पतिले सुत्केरी अवस्थामा समेत पत्नीलाई कुटपिट र अभद्र व्यवहार गर्न थालेपछि पीडित प्रियङ्काले कोहलपुर नगरपालिकाको न्यायिक समितिमा आवश्यक कारबाहीका लागि निवेदन दिइन् ।

न्यायिक समितिमा उजुरी परेसँगै कोहलपुर नगरपालिकाको न्यायिक समितिले पीडित थारुलाई अभद्र व्यवहार र कुटपिट गर्ने पतिलाई अभद्र व्यवहार नगराउन आदेश दियो ।

पीडित सुत्केरी दुई महिनाको बच्चा साथमा रहेको पतिको अभद्र व्यवहारका कारण माइतीमा बसेकाले पीडितलाई इज्जतअनुसार उचित खानपानको व्यवस्था गराउनु भनी न्यायिक समितिले दिएको आदेशले पीडितले न्याय प्राप्त गरिन् । त्यस्तै न्यायिक समितिले पतिको कुटपिटका कारण शरीरमा निलडाम बसेकाले स्वास्थ्य जाँच गरी कानूनी कारबाहीका लागि इलाका प्रहरी कार्यालयमा लेखी पठाउने, न्यायिक समितिले पति-पत्नीबीच मेलमिलाप गराइ पहिलेकै आवस्थामा सम्बन्ध कायम राख्न मेलमिलापकर्तालाई आग्रह गऱ्यो ।

न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐनअनुसार अन्तरिम संरक्षणात्मक आदेश जारी गरी तत्काल दोस्रो पक्ष पतिलाई जानकारी गराएपछि, पीडितले न्याय पाइन् ।

मेलमिलाप गर्दा दुवै पक्षलाई फाइदा हुने भएकाले न्यायिक समितिले मेलमिलापका लागि दुवै पक्षलाई छलफलका लागि बोलाइएको, महिलासँग केन्द्रित विवाद भएकाले मेलमिलापका लागि सहजीकरण गर्न माध्यमबाट दुवै पक्षबीच छलफल गर्दा दुवै

पक्षको अडानसहित विकल्प खोजी गर्दै सहजीकरण गर्दा दुवै पक्ष सहमति गर्न मञ्जुर भएपछि मेलमिलाप कायम भएको हो ।

आगामी दिनमा पत्नीलाई गालीगलौज र कुटपिट नगर्ने, छोरीको राम्रोसँग हेरचार गर्ने, बिरामी भएको बेला औषधी उपचार गर्ने, पत्नीले पनि घरयासी काममा सासुससुरालाई सघाउने, कुनै काममा जाँदा वा गर्दा पति-पत्नीबीच सल्लाह गर्ने र पति-पत्नीबीच सम्बन्ध सुमधुर गर्ने भनी मेलमिलाप कायम गरिएको हो ।

मेलमिलापबाट सम्बन्धविच्छेद हुने स्थितिमा पुगेको पति-पत्नीबीचको सम्बन्धलाई पुनर्जिवित गराउने काम कोहलपुरको न्यायिक समितिले स्थापित गरेको छ ।

स्थानीय तहमा न्यायिक समिति गठन भएपछि अहिले स-सानादेखि ठूलासम्मका विवाद र सम्बन्धविच्छेदजस्ता घटनाको मेलमिलापद्वारा पुनर्जिवन प्राप्त भएको छ । पीडित दम्पति एउटा उदाहरण मात्र हो । नगरपालिकाले यस्ता धेरै घटना मेलमिलापबाट मिलाइ दुई पक्षबीचको सम्बन्धलाई पुनर्स्थापित गराएका छन् । स्थानीय तहको निर्वाचनपछि अहिले गाउँघरमै न्याय पुगेको कुरा सर्वसाधरणले अनुभूति गरेका छन् । न्यायका लागि अड्डा-अदालत धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

टुटेको मन र छोडेको घरमा पुनर्मिलाप

माइतमा बसेको आठ वर्ष भयो । धेरै सोचैं, बिचार गरैं, नपढेको मान्छे नेपालमा जाग्रि पाउँदिन त्यसकारण छोरीलाई पढाउनुपर्छ, पढाउनका लागि पैसा चाहिन्छ । म विदेश जाने निर्णय गरैं । श्रीमानसँग सम्बन्धविच्छेदका लागि मध्यविन्दु नगरपालिकाको न्यायिक समितिमा निवेदन दिएँ ।

पूर्व-पश्चिम राजमार्गको बीचमा पर्ने मध्यविन्दु नगरपालिकाअन्तर्गत पर्ने महेन्द्र राजमार्गदेखि ६ किलोमिटर उत्तरमा चारैतिर रमणीय हरियाली वातावरणको बीचमा रहेको एउटा गाउँ वसन्तपुरमा बाबा रामबहादुर कार्की र आमा देवीसरा कार्कीको कोखबाट वि. सं. २०४८ साल भदौ ३० गतेका दिन रमाले यस धर्तीमा अति विपन्न परिवारमा जेठी छोरीका रूपमा जन्म लिइन् । परिवारमा ज्याला-मजदुरीबाहेक जीविकोपार्जनको अर्को बाटो थिएन । यसै क्रममा तीन छोराछोरी र आमाबाबु गरी जम्मा पाँचजना सदस्यको लागि खान-लाउन धौधौ थियो । बुबा काम गर्ने सिलसिलामा भारत गएपछि अशिक्षित आमा घरमा सामान्य व्यवहार गरी बस्ने म घरको जेठी छोरी भएका कारण जान्ने भएदेखि घरायसी काम र भाइको रेखदेख गर्ने जिम्मेवारी मेरो काँधमा भयो । गाउँकै सरकारी स्कूलमा मेरो प्राथमिक शिक्षा जेनतेन सकियो । छोरी ठूली भई भनेर गाउँघरमा कुरा गर्न थाले । छोरी चेली माइतीमा बसेको देखेर समाजले विवाहको प्रस्ताव ल्याई २०६४ साल मङ्सिरमा १६ वर्ष हुँदा विवाह भएको थियो । मध्यविन्दु नगरपालिका वडा नं १ (साबिक कोलुवा गाविस-३) सेतोपानी भन्ने ठाउँमा श्यामबहादुर क्षेत्री र आमा भिमकुमारी क्षेत्रीको साइलो छोरा हरिबहादुर क्षेत्रीसँग मेरो विवाह भयो । प्यूठान जिल्ला साबिक लिवाङ गाविस वडा नं ९ बस्ने श्यामबहादुर क्षेत्री र आमा भिमकुमारी क्षेत्रीको कोखबाट ६ छोरा १ छोरीको जन्म भएको हो । ६ छोरामध्ये साइलो छोरा हरिबहादुर क्षेत्रीसँग मेरो विवाह भयो । मेरो श्रीमानको जन्म २०४६ साल भदौ ३ गते भएको थियो । पहाडमा खरबारी मात्र भएको हुँदा २०६० सालमा तराई झर्ने क्रममा मध्यविन्दु नगरपालिका वडा नं १ सेतोपानी भन्ने ठाउँमा सुकुम्बासीमा आएर बस्नुभयो । जस्तो माइती त्यस्तै विपन्न परिवारमा मेरो विवाह भयो । श्रीमानको हातमा न सीप, न शिक्षा, न सम्पत्ति केही थिएन । सुकुम्बासी बस्तीमा मेरो जीवन सुरू भयो । विवाह भएको डेढ वर्षसम्म त हाँसीखुशी जीवन बित्यो । दिन बित्दै गएपछि मेरो गर्भमा बच्चा भयो । बच्चा सात महिनाको हुँदा मलाई बेसरी ज्वरो आयो । घर परिवारले बिरामी हुँदा उपचार गर्न पनि लगेनन् । छिमेकी अण्टीले केटाकेटी साह्रै सोझा छन् । भनेर मेरो माइतको आमालाई फोन गरिदिनुभयो । तपाईंको छोरीलाई ज्वरो आएको सात दिन भयो । घरकाले वास्ता गरेनन् । आमा आएर मलाई मध्यविन्दु अस्पतालमा लानुभयो । त्यहाँ मलाई भर्ना गऱ्यो । डाक्टरले भन्नुभयो कि बच्चा कि आमा मात्र बाँच्छ । स्थिति दयनीय छ । तीन दिन राख्यो । औषधी खाँदा सञ्चो हुने नत्र उस्तै । त्यहाँ नसकेर भरतपुर अस्पतालमा पठाइदियो । आमाले भरतपुर अस्पताल लैजानुभयो । त्यहाँ पनि सात दिन राख्यो । अलिअलि सञ्चो भएपछि मलाई घरमा पठाइदियो । बच्चा आठ महिना भएपछि बिरामी भएँ । आमाले प्राथमिक स्वास्थ्य केन्द्र चोरमारामा लैजानुभयो ।

त्यहाँ सक्दैनौं भरतपुर लैजान सल्लाह भयो । भरतपुरमा आइ.सि.यू.मा राख्नुपर्छ भन्यो आमासँग पैसा थिएन । चन्दा उठाएर ल्याएको हो मसँग पैसा छैन भन्नुभयो । आर्थिक अवस्था कमजोर थियो । श्रीमानको पनि कमाई थिएन । तर उहाँ मलाई भेटन आउनुभएन । आमाले मेरो छोरी बचाइदिनु बच्चा नभए केही पनि हुन्न । चन्दा उठाएर ल्याएको हो । पछि बच्चा जन्मियो बच्चाले दुध चुस्न नजानेर कपासबाट दुध खुवाउनुपर्थ्यो । बच्चा जन्मिएपछि छिमेकी अण्टीलाई आमाले फोन गरेर घरमा ल्याउनी हो कि के गर्ने हो भनी सोध्न पठाउँदा त घरपरिवारले वास्ता गरेनन् उल्टै ढोका थुनेर कहाँ गए थाहा भएन हाम्रो परम्पराअनुसार छोरीलाई माइतमा राख्नु हुन्न भनी छिमेकीको घरमा राख्नुभयो ।

बच्चा त जन्मियो तर तौल नपुगेको, किनभने म शारीरिक रूपमा तन्दुरूस्त थिइन । उमेर नपुगेर बच्चा जन्मिएर होला । बच्चा बिरामी भएर ४२ दिनमा मृत्यु भयो । फेरि मेरो पेटमा अर्को गर्भ रहृयो । बच्चा पेटमा हुँदा गर्भ जाँच गराउनुपर्छ भन्ने कुरा मलाई थाहा थिएन । घरमा पनि कसैले भनेनन् । सासुले भन्नु हुन्थ्यो, हामीले नजचाए पनि बच्चा पाएम आज भोलिको बुहारीलाई जचाउन पर्ने स्वाङ पार्छे । पेटमा गर्भ रहेदेखि घरपरिवारले यातना दिने श्रीमानले शारीरिक र मानसिक यातना दिन थाले । सकेसम्म मैले सहेर बर्सें काम पनि गरें । सुत्केरी व्यथाले च्याप्यो । घरमा कोही सदस्य थिएनन् । श्रीमान भारततिर जानुभएको थियो । तर पैसा ससुरालाई पठाउने मलाई नपठाउने । म आफू बच्न र बच्चालाई बचाउन माइतीमा गुहार मागी आमालाई फोनबाट आउन भनी खबर पठाएँ । २०७० सालमा दोस्रो सन्तान छोरीको जन्म भयो । जङ्गलमा वस्तुभाउ चराउन आएका गोठालो बूढी आमाले मेरो चित्कार सुनेर भगवानको रूप बनी बच्चाको सालनाल आफूले भिरेको खुर्पाले छुट्याउनद्रभयो । ६ महिनापछि मेरो श्रीमान भारतबाट घरमा आउनुभयो । त्यसपछि म घरमा गएँ । श्रीमानले परिवारको कुरा सुनेर मलाई मानसिक यातना दिन सुरू गरे अति भएपछि मैले आफू र बच्चाको भविष्य सम्झी घरबाट माइत गएँ ।

माइतमा बसेको आठ वर्ष भयो । धेरै सोचें, बिचार गरें, नपढेको मान्छे नेपालमा जागिर पाउँदिन त्यसकारण छोरीलाई पढाउनुपर्छ, पढाउनका लागि पैसा चाहिन्छ । म विदेश जाने निर्णय गरें । श्रीमानसँग सम्बन्धविच्छेदका लागि मध्यविन्दु नगरपालिकाको न्यायिक समितिमा निवेदन दिएँ । न्यायिक समितिले मेलमिलाप प्रक्रियाबाट छलफल गर्न मेलमिलाप केन्द्रमा पठायो । मेलमिलाप केन्द्रमा दुई पक्षलाई बोलाई छलफल गराउनुभयो । दुवैलाई घरपरिवारमा सरसल्लाह गरेर आउनु भनेर पठाउनुभयो । श्रीमानको तर्फबाट ससुराबुबा आउनुभयो । श्रीमानले महिनाको ५ हजार घर खर्च दिने, छोरीलाई शिक्षा दिने, मानसिक, शारीरिक यातना नदिने सहमति भयो । श्रीमती माइत जाँदा वा कतै जान परे घरमा सोधेर जाने भन्ने सहमति भयो । त्यसपछि म घरमा गएँ । अहिले म घरमा सरसफाई गर्ने, तरकारी लगाउने, ज्यालादारी काम गर्न जाने, घरमा चाहिने सामानहरू जोडने, घर खर्च म आफैंले गर्ने, बच्चालाई स्कूल पठाउने गाउँघरमा सामाजिक काम गर्न जाने गर्छ । घरपरिवारले साइली बुहारी नै लक्षणकी रहेछिन् भन्दै माया गरेका छन् । ससुराबुबाले समेत "हामीले पहिला जे-जति दुःख दिए पनि बिर्स है !" भन्नुहुन्छ । घरमा मान्छे लगाएर टिनको पाली हालेकी छु । म र मेरो श्रीमानसँगै मिलेर बसेका छौं बिग्रिसकेको मेरो घरपरिवारलाई पुनःमेलमिलाप गराउन सहयोग गर्ने मध्यविन्दु नगरपालिकाको न्यायिक समितिलाई धन्यवाद दिन चाहन्छु ।

(सरिता केसीले मेलमिलाप संयोजकका रूपमा उक्त कथालाई संयोजन गर्नुभएको हो ।)

मिलापत्रबाट समस्याको समाधान

महालक्ष्मी धनकुटा । घटना वि. सं. २०७६ साउन ३१ गतेको हो । धनकुटाको महालक्ष्मी नगरपालिका निवासी कृष्णबहादुर खड्काको भैंसी साउन ३१ गते ३२ हजार रूपैयाँमा तुलाराम लिम्बुखिमले एक महिनाभित्र तिर्ने गरी उधारोमा किनबेच हुन्छ । तोकिएको समयसीमाभित्र तुलाराम लिम्बुले कृष्णहादुर खड्कलाई पैसा नदिएपछि दुई पक्षबीच आपसी मनमुटाव सुरू भयो । मनमुटाव बढ्दै गएपछि सो घटना महलक्ष्मी नगपालिकाको न्यायिक समितिसमक्ष पुग्छ । सम्बन्धित वडा कार्यालयको सिफारिशमा न्यायिक समितिमा २०७६ साल पुस ९ गते मुद्दा दर्ता गराइन्छ ।

न्यायिक समितिमा दर्ता भएका विवाद सकेसम्म तीन महिनाभित्र न्याय निरुपण गर्ने अभ्यास महालक्ष्मी नगरपालिकाको न्यायिक समितिमा गरिएको छ ।

वादी कृष्णबहादुर खड्काबिरूद्ध प्रतिवादी तुलाराम लिम्बुखिम रहेको लेनदेन सम्बन्धित विवादको निरूपणमा वडाको सिफारिश र वादीको निवेदनलाई आधार मानी कारबाही अगाडि बढाइएको छ । वडाको सिफारिसमा वडास्तरमा विवाद समाधान गर्न नसकिएको र प्रतिवादी तुलाराम लिम्बुखिमले एक महिनाको भाकामा तिर्ने गरी वादी कृष्णबहादुर खड्काको रू ३२ हजार बराबरको भैंसी २०७६/०४/३१ मा उधारोमा लगेको भनी खुलाएको छ । वडाको सिफारिश मिति २०७६/०९/०४ मा भएको छ । वादीले सो सिफारिश पत्रको साथै निवेदन महालक्ष्मी नगरपालिकाको न्यायिक समितिमा मिति २०७६/०९/६ गते आइतबारका दिन न्यायिक समितिमा दर्ता गराएको हो । सम्भव भएसम्म वडास्तरमै मेलमिलापद्वारा न्यायिक निरूपण गर्ने नगपालिकाले अभ्यास गरेको छ तर सो सम्भव नहुँदा विवाद न्यायिक समितिसमक्ष पुगेको नगरपालिकाले जनाएको छ ।

सो विवाद न्यायिक समितिको क्षेत्राधिकारभित्र रहेको र हदम्यादसमेत रहेको हुँदा न्यायिक समितिमा मुद्दा दर्ता भएको हो । मुद्दा दर्ता गर्न आउँदा वादीले ३ नं. वडा कार्यालय, डाँडागाउँको सिफारिशसहित न्याय दिलाइ पाउँ भनी निवेदन दर्ता गराएको हो । विवादलाई निरूपण गर्न वडास्तरमा नै पटकपटक प्रयास भएको तर प्रतिवादी तुलाराम लिम्बुखिमले अटेर गरेको र मागेको भाका नाघेको हुँदा न्यायिक समितिमा वडाको सिफारिश पठाइएको हो । वडास्तरको मेलमिलाप केन्द्रमा विवाद निरूपण नभएको अवस्थामा न्यायिक समितिमा विवादहरू क्षेत्राधिकारभित्रका र विशेष किसिमका मेलमिलाप गर्न सकिने विवादहरूको दर्ता गरिन्छ । न्यायिक समितिमा दर्ता भएका विवाद सकेसम्म तीन महिनाभित्र न्याय निरूपण गर्ने अभ्यास महालक्ष्मी नगरपालिकाको न्यायिक समितिमा गरिएको छ । भौगोलिक रूपमा विकट र यातायात साधनको पहुँचको अवस्था न्यून रहेको विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै सर्वसाधारणको हितलाई केन्द्रमा राखी निवेदनपश्चात् प्रतिवादीलाई झिकाउने म्याद भने सम्बन्धित व्यक्तिको घरमा उपस्थित गराउने अवस्था

स्थानीय स्रोत र साधनको पहुँचभन्दा बाहिर रहेको हुँदा प्रतिवादीलाई न्यायिक समितिले फोनबाट सम्पर्क गरी झिकाउने गरेको छ । प्रतिवादीको अनुकूलता बुझी समय, स्थान र मिति तोकी छलफल तथा बहसका लागि झिकाउने गरिएको छ जुन नेपालको अदालतहरूले गरेको अभ्यासभन्दा भिन्न रहेको छ । न्यायिक समितिमा जिल्ला, उच्च र सर्वोच्च अदालतमा जस्तै म्याद तामेली गर्ने कर्मचारी नरहेको, तामेलदारको समेत दरवन्दी नरहेको र महालक्ष्मी नगरपालिका जस्तो भौतिक पूर्वाधारको रूपमा पछाडि रहेको नगरपालिकाको न्यायिक समितिमा पक्षहरूलाई झिकाएर छलफल गराउनु चुनौतीको रूपमा रहेको छ । यस चुनौतीलाई स्वीकार्दै यस न्यायिक समितिमा हामीले पक्षहरूको अनुकूलता बुझी सम्बन्धित स्थानमा समेत गएर विवाद निरूपण गर्ने गरेको छौं । प्रतिवादीले मौखिक रूपमा दिएको प्रतिउत्तरको बारेमा वादी कृष्णबहादुर खड्कालाई मिति २०७६/०९/१६ गते फोन सम्पर्क गरी जानकारी गराइयो । यसरी वादीलाई फोन सम्पर्कबाट जानकारी गराइएको तथ्यको अभिलेखीकरणसमेत गरियो ।

प्रतिवादी तुलाराम लिम्बुखिमले लिएको म्यादमा मिति २०७६/१०/१९ गते आइतबारका दिन वादीलाई एकमुष्ट ३२ हजार बुझाई मिलापत्र गराइयो । मिलापत्रको भएको आधारमा न्यायिक समितिको संयोजक श्री मञ्जुकुमारी कार्की (अधिकारी) को संयोजकत्वमा न्यायिक समितिका सदस्यहरू श्री डिकबहादुर पुरी र श्री भूमिका ताम्लीको उपस्थितिमा फैसला गरियो । यस मुद्दाको विवादित दुवै पक्षहरूलाई फैसलाको प्रतिलिपि बुझ्न न्यायिक समितिमा सात दिनभित्र आएर लिनसमेत जानकारी गराइयो । मिलापत्रले समस्याको समाधान खोज्दा कसैको हारजित नहुने र दुवै पक्षले जित भएको छ ।

छिमेकी जिउँदाको जन्ती, मर्दाको मलामी

महोत्तरी जिल्लाको मनराशिसवा नगरपालिका कार्यालयमा नारायण मण्डल खुशी देखिन्थे । २०७६ साल कात्तिक १९ गते उनी त्यति खुशी थिएनन् । उनको बेखुशी हातमा बोकिएको पन्नामा लेखिएको थियो ।

नारायणको हातमा 'चौरिया टोलमा बस्ने रामवृक्ष मण्डलको छोरा अन्दाजी वर्ष ५० को रामनारायण मण्डल सोही स्थानमा बस्ने रामजतन मण्डलको छोरा अन्दाजी वर्ष ४२ को शिवजी मण्डल माथि बाटो

'हामी आफ्नो दुश्मन छान्न सक्छौं तर छिमेकी छान्न सक्दैनौं ।' छिमेकी जिउँदाका जन्ती, मर्दाका मलामी पक्कै हुन् तर सानो कुरामा मनमुटाव निकालेर झगडा पर्ने पनि छिमेकीसँग नै हो ।

अतिक्रमण गरी इयाल खोल्न लागेको सम्बन्धमा दिएको उजुरी' विवरण थियो ।

धेरै समयअगाडिबाट छिमेकमा बस्दै आएका नारायण र रामको झगडा परेको थियो । रामलाई बाटोपट्टि इयाल हाल्नु थियो, नारायणलाई यसले समस्या निम्त्याएको थियो । त्यसैले उनी न्यायको ढोका ढकढकाउँदै नगरपालिकाको न्यायिक समितिसम्म पुगे ।

नगरपालिकाको न्यायिक समितिले यी दुईको मुद्दालाई चाखपूर्ण हेऱ्यो । मुद्दा दायर गर्ने वादी नारायणको समस्या विवरणको आधारमा रामलाई न्यायकि समितिमा ल्याइयो र दुईवटा पेशी तोकियो ।

अन्तिम समयमा प्रत्यक्षदर्शी र गाउँकै भद्र-भलादमीको सहभागितामा मेलमिलाप केन्द्रका संयोजक, सदस्य र मेलमिलापकर्ताहरूका अगाडि यी दुईबीच मिलापत्र भयो जसमा कानून मिचेर केही गर्न नमिल्ने विवरण स्पष्ट उल्लेख गरिएको थियो । नारायण पनि मारमा परेनन् रामले पनि इयाल राख्न पाए ।

एउटा प्रख्यात भनाइ छ– 'हामी आफ्नो दुश्मन छान्न सक्छौं तर छिमेकी छान्न सक्दैनौं ।' छिमेकी जिउँदाका जन्ती, मर्दाका मलामी पक्कै हुन् तर सानो कुरामा मनमुटाव निकालेर झगडा पर्ने पनि छिमेकीसँग नै हो । महोत्तरीको मनराशिसवा नगरपालिकाको न्यायिक समिति कार्यालयको मेलमिलाप केन्द्रमा आ.व. २०७६।०७७ को साउनदेखि माघ मसान्तसम्म १५ वटा मुद्दा दर्ता गरिएका छन् । जसमा धेरैजसो छिमेकी सम्बन्धित मुद्दाहरू छन् ।

कात्तिक महिनामा मनराशिसवा नगरपालिका वडा नं. १ मनरा टोलमा बस्ने शैलेन्द्र ठाकुरकी पत्नी मञ्जुदेवी र सोही स्थानमा बस्ने राम वकिल ठाकुरकी श्रीमती पवनदेवीको झगडा पऱ्यो । उनीहरूको राम्रो चिनजान थियो । कहिलेकाँही लेनदेन पनि हुन्थ्यो । मञ्जु र पवनदेवीबीच एक दिन बाजाबाज भयो । तर पवनले मञ्जुलाई धेरै नराम्रा शब्दले गाली गरिन् । केही शब्दहरू सहन नमिल्ने खालका थिए । जसले मञ्जुलाई बेइज्जत गरेको महशुस भयो ।

त्यसैले उनी २०७६ कात्तिक ३१ गते नगरपालिकाको न्यायिक समितिको ढोका ढकढकाउन पुगिन् ।

न्यायिक समितिले यो समस्यालाई सानो हो र आफ्नै टोलछिमेकमा मिलाउन सकिन्छ भनेर नगरपालिकाकै वडा नं १ लाई जिम्मा लगाइदियो ।

वडा कार्यालयले तोकिएको मितिमा असन्तुष्ट दुवै पक्षलाई उपस्थित गरायो र छलफलको लागि बोलायो। तर झगडा यति ठूलो भएछ कि वडा कार्यालयले यो समस्यालाई समाधान गर्न सकेन । अन्ततः यो मुद्दा पुनः नगरपालिकाको न्यायिक समितिमा नै पुग्यो ।

त्यसपछि नगरपालिकाको न्यायिक समितिले वादी र प्रतिवादीहरूलाई साधारण तारिख तोकी दुईवटा तारिख दियो । त्यसपछि अर्को तारिखमा झगडाका प्रत्यक्षदर्शीको भनाइ सुन्यो। गाउँका भद्र-भलादमीलाई बोलायो अनि मेलमिलाप केन्द्रको संयोजक, सदस्य र मेलमिलापकर्ताहरूको समक्ष उनीहरूलाई उपस्थित गरायो। दुवै पक्षको चित्त दुखाई सुनेपछि अब अगाडि दिनमा यस्ता झगडा नगर्ने भन्दै एक-अर्कालाई माफी मागेर मेलमिलाप गरायो ।

सँधियारको समस्यामा अभिभावक बन्यो न्यायिक समिति

मेलम्ची नगरपालिका वडा नं ७ स्थित वादी तिलकबहादुर गिरी र प्रतिवादी गुनराज गिरीले जग्गाको विषयमा भएको विवादका सम्बन्धमा मुद्दा दर्ता भएको थियो । साविक दुवाचौर गाविस वडा नं. ६ निवासी गुनराज गिरीले साविक दुवाचौर गाविस वडा नं. ६ मा रहेको कित्ता नं. १६९१ को जग्गामा घर निर्माण गर्नुपर्नेमा सँगै रहेको तिलकबहादुर गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. १६९३ को जग्गामा समेत पर्ने गरी घर निर्माण गर्न लागेको भन्दै उजुरी गर्न‘भएको थियो । आफ्नो हकभोगको कित्ता नं. १६९३ को जग्गामा साँध मिच्ने गरी घर निर्माण नगर्न बारम्बार अनुरोध गर्दा पनि परिवारलाई समेत अपशब्दहरू प्रयोग गरेर नराम्रा शब्दहरू प्रयोग गरी गालीगलौज गरेर धम्कीसमेत दिएकाले पीडा महशुस गरी जग्गाको संरक्षण गर्न र आफ्ना सपरिवारको संविधानले दिएको शान्तिपूर्वक बाँच्न पाउने अधिकार हनन भएको हुँदा गुनराज गिरीले निर्माण गर्न लाग्नुभएको घर निर्माण कार्य रोक्का राख्न लगाई आफू र आफ्नो परिवारमाथि न्याय पाउन माग गर्न‘भएको थियो ।

नगरपालिकामा उजुरी परेसँगै न्यायिक समितिले २०७४ चैत्र ५ गते तिलकबहादुर गिरीले निवेदनमा गर्नुभएको उजुरीको सम्बन्धमा के भएको हो ? आवश्यक छानविन गरी मेलमिलापको माध्यमबाट समस्या समाधान गरी ७ दिनभित्र कार्यालयमा जानकारी पठाउनु हुन अनुरोध गरिएको थियो । पत्र प्राप्त भएपछि वडा कार्यालयले सामुदायिक मेलमिलाप सेवा केन्द्रको रोहवरमा छलफल गरी विभिन्न विकल्पहरू प्रस्तुत गरिए पनि तर कुनै समाधान निस्किएन । निवेदक तिलकबहादुर गिरी २०७४ चैत्र १८ मा मेलम्ची नगरपालिकामा जग्गा मिचेर विपक्षी गुनराज गिरीले घर निर्माण गरिरहेकाले उक्त निर्माण कार्य रोक्का राखी छलफलसमेत गराई पाउँ भनी निवेदन दर्ता गराउनुभएको थियो । न्यायिक समिति र नगरपालिकाले मेलम्ची नगरपालिका कार्यालयबाट अमिन मगाएर विवादित जग्गाहरूको नापजाँच गर्न लगाएर प्रतिवेदन पेश गर्न लगाउने, गुनराज गिरीले निर्माण गरिरहेको घरको केही भाग तिलकबहादुर गिरीको जग्गामा परेको ठहरिएमा त्यो घरले ओगटेको जति जग्गाको क्षतिपूर्तिबापत मूल्याङ्कनअनुसारको रकम तिलकबहादुर गिरीलाई तिरिदिने, जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोकमा गुनराज गिरीको

मेलम्ची नगरपालिका न्यायिक समितिले उपरोक्त निवेदनको सुनुवाईको निमित्त नगरस्तरीय मेलमिलापकर्ताहरुको सक्रियतामा वादी-प्रतिवादी र उनीहरुका देखि जान्ने र सुनी जान्ने सरोकारवाला साक्षीहरुसमेत राखेर बैठक बोलाएर छलफल कार्यक्रम राखेको थियो ।

अन्यत्र स्थानमा रहेको निवेदकले रोजेको जग्गाबाट सट्टाको रूपमा रजिष्ट्रेशन पास गरिदिन लगाउने निर्णय भएको थियो । मेलम्ची नगरपालिका न्यायिक समितिले उपरोक्त निवेदनको सुनुवाईको निमित्त नगरस्तरीय मेलमिलापकर्ताहरूको सक्रियतामा वादी-प्रतिवादी र उनीहरूका देखि जान्ने र सुनी जान्ने सरोकारवाला साक्षीहरूसमेत राखेर बैठक बोलाएर छलफल कार्यक्रम राखेको थियो ।

बैठकमा नगरस्तरीय मेलमिलापकर्ताहरू समेतले न्यायिक समितिको रोहवरमा पक्ष र विपक्षको बीचमा चित्त नबुझेका कुराहरू र आ-आफ्ना मागका सम्बन्धमा प्रस्ताव राख्न लगाइएको थियो । त्यसै क्रममा दोहोरो छलफल र क्रिया-अन्तर्क्रियासमेत भइसकेपछि मेलमिलापकर्ताको तर्फबाट विवादका निवेदक तिलकबहादुर गिरीको कित्ता नं. १६९३ मा विपक्षी गुणराज गिरीले घर निर्माण गर्दा करिब ०-०-०-३ क्षेत्रफल (करिब ५.६ वर्ग मि.) जग्गा साँध मिचिएको ठहरिएको हुँदा उक्त जग्गा गुनराज गिरीको नाममा नै प्लट मिलान गर्न कित्ताकाट गरेर दिने, गुनराज गिरीको नाममा दर्ता रहेको कित्ता नं १६९४ को जग्गाबाट निवेदकको जग्गासँग जोडिएको भागपट्टिबाट मिलाएर करिब ०-२-०-० क्षेत्रफल बराबरको जग्गा गुनराज गिरीले तिलकबहादुर गिरीलाई कित्ताकाट गरेर प्लट मिलान गरेर दिने सहमति भएको छ । उक्त सहमति पछि दुवै सँधियार मिलेर बस्नुभएको छ । न्यायिक समितिले व्यक्तिको खर्च, समय र सम्पतिको समेत रक्षा गर्ने कुरामा अभिभावकत्व ग्रहण गरेको छ ।

नागरिकको न्यायमूर्ति

नागार्जुन नगरपालिकाको न्यायिक समितिबाट नेपालको संविधानको धारा २१७ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुरूप आर्थिक वर्ष ०७५/०७६ मा १ सय २ स्थान उजुरी परेको थियो। चालु आर्थिक वर्ष २०७६/०७७ मा वि. सं. २०७६ साउन १ देखि २०७६ माघ मसान्तसम्म ११ वटा उजुरी पर्न गई दुईवटा उजुरीको टुङ्गो लागिसकेको छ। केही विवादहरू न्यायिक समितिमा विचाराधीन अवस्थामा छन् । नेपाल सरकारले आधार वर्षको रूपमा मानेको सन्दर्भमा मुद्दा-मामिला हेर्नका लागि आवश्यक निर्देशिका, अनुसूची फारमहरूको विकास एवं इजलास व्यवस्थापन समेतका कार्य पूरा गर्ने काम भएको छ। न्यायिक समितिमा नगर उपप्रमुख संयोजक र अन्य दुईजना वडा अध्यक्षहरू सदस्यको रूपमा रहने गरी समिति क्रियाशील रहेको थियो । हप्तामा दुई दिन सोमबार र बिहीबार इजलास बस्ने व्यवस्था मिलाइएको छ।

> मुद्दाको सुनुवाईमा न्यायका मान्य सिद्धान्तहरु जस्तै– प्राकृतिक न्यायको सिद्धान्त, हदम्याद र वादीदावीको सिद्धान्त, क्षेत्राधिकार, हकदैया आदि विषयलाई विशेष ध्यान दिँदै निष्पक्ष सुनुवाईमार्फत कानूनी राज्यको अवधारणा अनुकूल हुने गरी मुद्दाको सुनुवाई गर्ने गरिएको छ । नागार्जुन नगरपालिकाका थुप्रै अभ्यासहरु भएका छन् ।

२०७६ वैशाख ९ मा काठमाडौँ जिल्ला अदालतका जिल्ला न्यायाधीश शुभाषबाबु पुरीबाट अनुगमन भएको थियो । २०७६ असार ६ गते न्यायिक समितिका पदाधिकारी एवं कानूनी सल्लाहकार समेतलाई न्यायाधीश पुरीले अभिमुखीकरण गरेका थिए । मेलमिलापकर्ताहरूको तालिम गतवर्ष नै सम्पन्न भई सूचीकृत गरिएको, थप जनशक्ति तयार गरी वडा-वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने, कार्य विधिगत व्यवस्थापनको कारण ११ वटा मुद्दा दर्ता भएकोमध्ये नौवटा मुद्दा विचाराधीन अवस्थामा रहेको, सङ्क्षिप्त कार्यविधि ऐन २०२८ बमोजिम नै उजुरी फस्ट्यौँट गरेका, अधिकांश उजुरीमा मेलमिलापलाई प्राथमिकतामा राखिएको थियो । काठमाडौँ जिल्ला नागार्जुन नगरपालिका वडा नं. ५ का प्रकाश बस्नेतले दिएको ध्वनि तथा प्रदूषण नियन्त्रणसम्बन्धी उजुरीमा मुद्दाका अर्का पक्ष बालहरि बस्नेतबाट काठको मिलमा ध्वनि प्रदूषण नगर्ने गरी सहमति भई कार्यान्वयन भएको छ। उक्त सहमतिका कारण २०७६ असार २ गते वातावरणीय स्वच्छता कायम भएको छ।

काठमाडौँ जिल्ला नागार्जुन नगरपालिका वडा नं. ६ की शोभाकुमारी भुजेल बलामीले छोरालाई अध्ययन व्यवस्थापनका लागि दिएको निवेदनउपर निवेदनका अर्का पक्षका रामबहादुर बलामीले आफ्नो नातिको शिक्षण शुल्कबापत मासिक ७ हजार रूपैयाँ नियमित रूपमा दिइरहनुभएको थियो । जसले आमा र नाबालक बालकको हितमा मद्दत पुगेको छ। २०७६ असार १२ गते उक्त सहमति भएको थियो। नागार्जुन नगरपालिका वडा नं. ६ रामकोटमा स्थानीय टोल

विकास संस्थाको तर्फबाट गोमा विकलगायतका पीडित पक्षहरूबाट पर्न आएको उजुरीमा प्लटिङको तर्फबाट उमेश कार्कीले २ लाख ५० हजार रूपैयाँ ओमकारेश्वर टोल विकास संस्थालाई २०७६ भदौ २३ गते न्यायिक समितिको २०७६ भदौ १२ गतेको निर्णय कार्यान्वयन भई भुक्तानी भएको छ।।

मुद्दाको सुनुवाईमा न्यायका मान्य सिद्धान्तहरू जस्तै– प्राकृतिक न्यायको सिद्धान्त, हदम्याद र वादीदावीको सिद्धान्त, क्षेत्राधिकार, हकदैया आदि विषयलाई विशेष ध्यान दिँदै निष्पक्ष सुनुवाईमार्फत कानूनी राज्यको अवधारणा अनुकूल हुने गरी मुद्दाको सुनुवाई गर्ने गरिएको छ। नागार्जुन नगरपालिकाका थुप्रै अभ्यासहरू भएका छन् । जसका कारण नागरिकहरूले न्यायको अनुभूति गरेका छन् ।

छोरीबिरुद्व बाबुको उजुरी

गोरखा जिल्लाको ऐतिहासिक नगरी चेपे र मस्याङ्दीको सङ्गमस्थलमा अवस्थित पालुङटार नगरपालिकाले संविधानले व्यवस्था गरेबमोजिम गठन गरेको न्यायिक समितिले न्याय सम्पादनमा उल्लेख्य भूमिका निभाएको छ । कानूनी प्रक्रिया पूरा गर्ने, निवेदन सङ्कलन गरी सम्बन्धित व्यक्तिलाई जानकारी गराई उपस्थित गराउनेजस्ता कार्यमा समितिले निरन्तर कार्य गरिरहेको छ ।

वर्ग विभेदित समाजमा जस्तोसुकै होस्, पढे-लेखेको मान्छेले गरेको सबै काम सही हुन्छ भन्ने संस्कार हालसम्म पनि चलिआएको छ । अल्पसङ्ख्यक सिमान्तकृत समुदायका व्यक्ति जो एक खिल्ली चुरोटमा दिनभरि पनि काम गर्न तयार हुन्छन् । अल्पसङ्ख्यक परिवारका एक व्यक्तिले पैतृक सम्पत्ति छोरीहरूलाई दाइजोस्वरूपमा एक-एक रोपनी दिने घर सल्लाह भएको रहेछ । त्यही १ रोपनी जग्गा कान्छी छोरीलाई पास गरेर दिने क्रममा आफ्नै घर छिमेकी कानून व्यावसायी पनि हुनुहुन्थ्यो । क, ख समेत नजानेका उक्त व्यक्तिलाई ढाँटेर कान्छी छोरीले फकाई २ रोपनी २ आना रजिष्ट्रेशन पास गरी लिई अर्को व्यक्तिलाई बेचेको कुरा जेठी छोरीले थाहा पाएपछि बहिनी र बुबाआमाको समेत सम्बन्ध बिग्रिन पुग्यो । सोही ढाँटछल गरी किन्ने व्यक्ति र स्वंयम आफ्नो छोरीका बिरूद्धमा पीडित बाबु र जेठी छोरीसहित सपरिवार न्यायिक निकाय धाउन थाल्नुभयो । तर न्याय प्राप्त सकेन । पत्रपत्रिकाले समेत उक्त घटनालाई प्राथमिकता राखेको रहेछ । न्यायिक निकायले पैसा दिने भए मिलाई दिन्छु भन्दै उनीहरूलाई थप पीडामाथि पीडा दिएको रहेछ। पीडितले न्याय पाउन नसकेको अवस्थामा उक्त परिवार न्यायिक समितिमा निवेदन बोकेर आउनुभयो न्यायिक समितिले आफ्नो क्षेत्राअधिकारभित्र रही विवादको फिराद गरेको मितिबाट स्थलगत निरीक्षण, स्थानीयहरूसँगको समन्वयमा वडा कार्यालयको सहजीकरणमा दुवै पक्षलाई न्यायिक समितिमा झिकाई लामो समयको छलफलपछि कानूनबमोजिम जग्गा फिर्ता गर्न र जग्गा खरिद गर्ने पक्षलाई रकम फिर्ता गराउने गरी मिलापत्र गरिएको छ । यसले सडकमा भौंतारिरहेका उक्त व्यक्तिले न्याय पाउनुभएको छ । न्यायिक समितिले दिएको न्यायका कारण उहाँले व्यक्त गर्न भएको खुशीको सिमा छैन ।

न्यायिक निकायले पैसा दिने भए मिलाई दिन्छु भन्दै उनीहरुलाई थप पीडामाथि पीडा दिएको रहेछ । पीडितले न्याय पाउन नसकेको अवस्थामा उक्त परिवार न्यायिक समितिमा निवेदन बोकेर आउनुभयो ।

न्यायिक समितिको न्यायिक सम्पादन कार्यलाई छिटो-छरितो र सुलभ तरिकाले प्रदान गर्ने मनासयले नगरभरिबाट समावेशीताको आधारमा ५० जना मेलमिलापकर्ता तयार गरिएको छ । तयार पारिएका मेलमिलापकर्ताहरूलाई पालुङटार मेलमिलाप सेवा केन्द्र सञ्चालन कार्यविधि २०७४ बमोजिम प्रत्येक वडामा मेलमिलाप सेवा केन्द्र र नगरस्तरीय एक

केन्द्रीय मेलमिलाप केन्द्र स्थापना गरी आफूलाई पायक पर्ने सेवा केन्द्रमा सूचीकृत हुने व्यवस्था गरिएको छ। न्यायिक समिति सचिवालय र मेलमिलाप केन्द्रहरूलाई आवश्यक स्रोत फर्निचरहरू, कम्प्युटर, प्रिन्टर, टेलिफोन सेट, दुइपाङ्ग्रे सवारी (मोटर साइलक), फोटो कपी मेशिन, कानूनी किताबहरू, अभिलेख फाइलहरू, विविध फारमहरू पूर्णरूपमा उपलब्ध गरिएको छ । न्यायिक समितिले वार्षिक रूपमा कार्ययोजना बनाइ सोहीबमोजिम कार्यक्रमहरू तर्जुमा गरी नगरसभाबाट आवश्यक रकम विनियोजन गरी विभिन्न सहयोगी संस्थाहरूसँग मिलेर कार्यक्रमहरू सम्पन्न गरेको छ । न्यायिक समितिको क्षेत्राधिकारबारे जनचेतना, महिला हिंसा तथा घरेलु हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम, नयाँ कानूनी व्यवस्थाबारे अभिमुखीकरण, तथा बालबालिका र जेष्ठ नागरिकहरूको अधिकारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । न्यायिक समितिले नगरपालिकाको इलाका प्रहरी कार्यालयको समन्वयमा आवश्यक सहयोग लिँदै आएको छ । न्यायिक समितिले संविधानतः स्थापित न्यायिक समितिको क्षमता अभिबृद्धि हुनुपर्छ भन्ने उद्देश्यले अन्य स्थानीय तहको न्यायिक समितिको अवलोकन गरी एक-आपसमा सिकाई आदानप्रदान गर्ने कामसमेत गदै आएको छ । न्यायिक समितिले कानूनबमोजिम राख्नुपर्ने अभिलेखहरू तयार गरी राख्ने व्यवस्था गरेको छ । आयस्रोत कमजोर भएका पीडितको तत्काल संरक्षण गर्ने उद्देश्ले न्याय सेवा कोष स्थापना गरिएको छ । यस कोषबाट न्यायिक समितिमा दिनुपर्ने फिराद दस्तुर साथै फिराद, लिखित जवाफ लेखाई खर्च भराउने गरिएको छ । न्यायिक समितिले न्याय सम्पादन कार्यविधि र विवादको क्षेत्राधिकारको विषयमा जिल्ला अदालत, जिल्ला न्यायाधिवक्ताको कार्यालय र जिल्लाबारे एशोसिएसनसँग समन्वय गरेको छ। स्थानीय तहमा स्थापित न्यायिक अधिकार प्राप्त न्यायिक समितिलाई सक्षम र स्रोत सम्पन्न बनाई न्यायमा सहज पहुँच पुऱ्याएको छ ।

२०७४ जेठदेखि २०७६ कार्तिकसम्म न्यायिक समितिमा १ सय ७४ उजुरी दर्ता भएका छन् । जग्गा विवादसम्बन्धी, पारिवारिक सम्बन्ध, घरभाडा, करार, गालीगलौज, ज्याला-मजदुरी, नाबालक लालनपालन, शिक्षा, जेष्ठ नागरिक संरक्षण, ध्वनि प्रदूषण, अंशसम्बन्धी विवाद, कुलो, पानी र साँध मिचेको र अन्य मुद्दाहरू दर्ता भएका छन् । १ सय ७४ मुद्दामा १ सय ३७ वटा मुद्दा मेलमिलाप भएका छन् । ७ वटामा निर्णय भएका छन् । २४ वटामा विचाराधीन अवस्थामा छन् । ६ वटा विवाद दर्ता नभई फिर्ता भएका छन् ।

श्रीमतीलाई न्याय, सम्बन्धविच्छेदका लागि पुनरावदेन

न्यायिक समितिले सम्पूर्ण प्रमाणहरुलाई निष्पक्ष ढङ्गबाट अध्ययन गरी दुवै पक्षको धारणासमेत लिएर धेरै पटकको छलफलपश्चात् प्रथम पक्षबाट दोस्रो पक्षलाई आवास निर्माणका लागि जग्गा र आर्थिक सहयोगको व्यवस्था गर्ने कुरामा सहमति जुटायो ।

पाँचखाल नगरपालिको कार्यालयमा न्यायिक समिति गठन हुनुपूर्व नै दर्ता भएको काभ्रेपलाञ्चोक जिल्ला साविक पाँचखाल गाविस वडा नं ६ हाल पाँचखाल नगरपालिका वडा नं ४ बस्ने प्रकाश श्रेष्ठले सिन्धुपलाञ्चोक जिल्ला बाह्रबिसे गाविस वडा नं ८ माइतीघर भई हाल काभ्रेपलाञ्चोक जिल्ला साविक पाँचखाल गाविस वडा नं ६ हाल पाँचखाल न.पा वडा नं ४ बस्ने लक्ष्मी श्रेष्ठसँग वि. सं. २०६१ वैशाख १७ मा सामाजिक परम्पराअनुसार मागी विवाह गर्न‘भएको थियो । श्रीमतीलाई खान-लाउन दिँदै आएको, वैवाहिक सम्बन्धबाट जन्मेका दुई सन्तानको पनि उचित लालनपालन गरेको भए पनि विगत ५ वर्षअघिदेखि सम्बन्धमा उतारचढाव आयो । जागिरको सिलसिलामा बाहिर जाँदा श्रीमान प्रकाश श्रेष्ठले शङ्काको दृष्टिले हेरेको, घरपरिवारसँग अनावश्यक कुरामा रिसइवी राख्ने, मुखमुखै लाग्ने गरेको, बारम्बार ज्यान मार्ने धम्की दिएको, निजलाई सम्झउँदा, बुझाउँदा पनि नमान्ने, घर परिवार र बालबच्चाप्रतिको आवश्यक जिम्मेवारी पनि पूरा नगर्ने, धेरैभन्दा धेरै मानसिक यातना दिने गरेकाले दुई वर्षदेखि अलग भई बसेका थिए ।

आफ्नो दायित्वबाट सधैँ पन्छिएर घर छोडी सधैँ माइतमा गई बस्ने गरेकाले पत्नीसँग वैवाहिक नाता कायम राख्नुभन्दा सम्बन्धविच्छेद गर्नु नै श्रेयस्कर हुने भएकाले, लोग्ने स्वास्नीको नाता सम्बन्ध नरहने सम्बन्धविच्छेद हुने गरी मुलुकी ऐन लोग्ने-स्वास्नीको १ र १ (क) नं बमोजिम राय संलग्न राखी सम्बन्धित जिल्ला अदालतमा सम्बन्धविच्छेदका लागि निर्णय पेश गरी पाउँ भनी श्रीमान प्रकाश श्रेष्ठले निवेदन दिनुभएको थियो । सम्बन्धविच्छेद गरी पाउँ भनी पाँचखाल नगरपालिकाको कार्यालयमा दिएको निवेदन तथा लोग्ने-स्वास्नीको १ नम्बरले यो निवेदन सुन्ने अधिकार नगरपालिकाको अधिकारक्षेत्रभित्र छलफल गराई मेलमिलाप गराउन मिल्ने भएकोले उजुरीलाई सदर गर्दै मेलमिलापको लागि पाँचखाल न.पा वडा नं.४ को वडा कार्यालय पठाइयो । बारम्बार प्रयास गर्दा पनि वडामा मेलमिलाप हुन नसकेकाले गर्दा यो सम्बन्धविच्छेदको मुद्दा पुनःन्यायिक समितिको उजुरी ढाँचामा सम्पूर्ण प्रमाणहरूसहित नगरपालिकाको कार्यालयमा दर्ता भयो । विपक्षी पत्नीलाई जानकारी गराई तारेख दिएर प्रतिवादी उत्तरसहित नगरपालिकामा हाजिर हुनुपर्ने

जानकारी गराइयो । प्रथम पक्षले निवेदनमा दावी गरेको सबै आरोपहरू नाटकीय शैलीको थियो । दोस्रो पक्षचाहिँ प्रथम पक्षबाट अन्यायमा परेको पुष्टि भयो । प्रथम पक्षले पति र अभिभावकको जिम्मेवारी पूरा नगरेको, आमादअनुसारको कुनै पनि आर्थिक सहयोग नगरेको, दोस्रो पक्षलाई बढी मानसिक यातना दिएको, सन्तानप्रति पूरा गर्नुपर्ने कुनै पनि जिम्मेवारी पूरा नगरेको, प्रथम पक्षले गर्दा दोस्रो पक्षलाई गाँस, बास र कपासका लागि कठिन परेको, प्रथम पक्षले बाहिर फरक व्यक्तिसँगको सम्बन्धलाई बढावा दिएको, दोस्रो पक्षले जिनतिन गरेर आफ्नो सन्तानलाई राम्रो विद्यालयमा पठनपाठन गराएको भन्ने कुराका आधारहरू फेला परे ।

न्यायिक समितिले सम्पूर्ण प्रमाणहरूलाई निष्पक्ष ढङ्गबाट अध्ययन गरी दुवै पक्षको धारणासमेत लिएर धेरै पटकको छलफलपश्चात् प्रथम पक्षबाट दोस्रो पक्षलाई आवास निर्माणका लागि जग्गा र आर्थिक सहयोगको व्यवस्था गर्ने कुरामा सहमति जुटायो । प्रथम पक्षको माग कुनै पनि हालतमा सम्बन्धविच्छेद गर्नुपर्ने भएको र दोस्रो पक्षले सकेसम्म सम्बन्धविच्छेद गर्दै नगर्ने कुरा गरकोले बारम्बारको छलफलबाट पनि यो विवादमा मेलमिलाप हुन सकेन । दोस्रो पक्षलाई मात्र अनुकूल हुने गरी न्यायिक समितिले फैसला गऱ्यो भन्दै प्रथम पक्षले काभ्रेपलाञ्चोक जिल्लाको जिल्ला अदालतमा पुनरावेदनका लागि अपिल गरे । न्यायिक समितिको अधिकार क्षेत्रभित्र सम्बन्धविच्छेदको मुद्दामा मेलमिलाप मात्र पर्ने भएकाले र बारम्बार कोशिस गर्दा पनि मेलमिलाप गराउन नसकिएकाले सम्पूर्ण सक्कल कागज र न्यायिक समितिको निर्णय र रायसहित बाँकी कानूनी प्रक्रियाका लागि यस विवादलाई सम्मानित जिल्ला अदालत पठाइयो । यो मुद्दा अदालती प्रक्रियामा चलिरहेको छ ।

विवादको विषयमा विवाद दर्ता गराउने पक्ष पीडित नभएर दोस्रो पक्ष पीडित देखिएकाले पाँचखाल नगरपालिकाको न्यायिक समितिले पीडितकै पक्षमा निर्णय गरेको काम उत्कृष्ट लागेको छ । सम्बन्धविच्छेद गर्ने कुरामा सहमति जनाए सबैथोक सुम्पन तयार हुने तर सम्बन्धविच्छेद नै नगर्ने कुराको अडानमा न्यायिक समितिले धारणा बनाउन सकेन । कानूनअनुसार उनले सम्बन्धविच्छेद गरे पनि न्यायिक समितिले गरेको निर्णयले उनको हक कायम भएको छ । अदालत पुग्नुअगावै प्राप्त गरेको न्यायले दोस्रो पक्ष खुशी छ ।

गालीगलौजले बढाएको दूरी न्यायिक समितिले मेटायो

पर्सागढी नगरपालिका पर्साको न्यायिक समितिमा दर्ता भएका थुप्रै विवादहरू छन् । तीमध्ये केही विवादहरू अचम्म मान्ने खालका हुँदा रहेछन् । न्यायिक समितिकी संयोजक अर्चना चौधरीले विवाद समाधानमा नागरिकहरूको भूमिका र न्याय महशुस गर्ने पक्षहरूले स्थानीय सरकारले दिएको सेवाप्रति गर्व गरेको बताउनुभयो । बेरोजगारीका कारण युवायुवतीहरू बरालिएर हिँड्ने, नशा तथा कुलतमा फस्ने, गाँजा चरेस खाने मात्रै होइन त्यसको ओसार पसार र व्यवसाय नै गर्ने क्षेत्रमा सक्रिय भएका छन् । कतिसम्म भने नगरपालिकाले विश्रामका लागि बनाएको गोलघरमा बसी अनाफ-सनाफ बोल्ने गरेका छन् ।

कुटपिटको क्रममा संजोगबस प्रतिवादीहरुकै पक्षकालाई लठ्ठी प्रहार गरी टाउकोमा चोट पुऱ्याएको रहेछ । उक्त विवादलाई राजनीतिकरण गरी अदालतमा लैजाने जमर्को गरेको रहेछ । उनीहरुले न्यायिक समितिमार्फत विवाद मिलाए सहज र सरल हुने निष्कर्षमा न्यायिक समितिमा उजुरी दर्ता भयो ।

पर्सागढी नगरपालिका वडा नं. ८ बस्ने रामबालक महराको छोरा वर्ष ३६ का प्रमोद रामलाई सोही ठेगाना बस्ने दशरथ महराको छोरा वर्ष ४५ को रामराज रामले प्रमोद रामलाई गालीगलौज गरी हातपात गरेको भन्दै उजुरी पऱ्यो । सोही व्यहोराको गुनासो पीडित पक्षहरूले नगर प्रमुखसमक्ष व्यक्त गरे । त्यसपछि उल्टै प्रतिवादी आफ्नो काका इनर महराको छोरा मेघराज राम र छठू रामसमेतलाई ल्याइ कुटपिट गरिएको रहेछ । कुटपिटको क्रममा संजोगबस प्रतिवादीहरूकै पक्षकालाई लठ्ठी प्रहार गरी टाउकोमा चोट पुऱ्याएको रहेछ । उक्त विवादलाई राजनीतिकरण गरी अदालतमा लैजाने जमर्को गरेको रहेछ । उनीहरूले न्यायिक समितिमार्फत विवाद मिलाए सहज र सरल हुने निष्कर्षमा न्यायिक समितिमा उजुरी दर्ता भयो ।

२०७५ साल भदौ ११ गते साविक गाविस हरपुर वडा नं. ३ हाल पर्सागढी नगरपालिकामा रहेको अवस्थामा धेरै मेहनत गरेर दुवै पक्षलाई समन्वयमा ल्याउने प्रयास भयो । दुवै पक्षलाई १५ दिनपछि समन्वयमा ल्याइ मेलमिलाप गराउँदा स्थानीयहरूले सरकार भएको महशुस गरे । उक्त विवाद समाधानपछि नागरिकहरूले प्रहरी प्रशासन, अदालत पुग्नुपर्ने अवस्थाको अन्त्य भएको छ । पैसा, समय र स्थानीयबीचको सम्बन्ध पनि सुधिएको छ । नेपालको संविधान २०७२ तयार गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा न्यायिक समितिलाई मेलमिलापसम्बन्धी ऐन २०६८ तथा मेलमिलापसम्बन्धी नियमावली २०७० ले नागरिकहरूको हक-अधिकारको सुनिश्चित गरेको छ। मेलमिलापसम्बन्धी ऐन तथा नियमावलीअनुसारको

मेलमिलापसम्बन्धी नियमावली २०७० को दफा ४३, ४४, ३६ अनुसारको तालिम दिइ मेलमिलापकर्ताको रूपमा जिल्ला अदालतले सूचीकृत गराउनुपर्ने तर यस्तो समस्या न्यायाधीशहरूसमक्ष पुऱ्याउँदा समय अभावका कारण हेर्न नभ्याउने कारण थप असहजता निम्तिएको छ ।

दलहरूले उपप्रमुख, उपाध्यक्षमा महिलाहरूलाई जिम्मेवारी दिए पनि न्यायिक समितिमा रहेर नागरिकहरूको हक र अधिकारका लागि जिम्मेवारीपूर्वक कार्य गरिरहेका छन् । समाजमा महिलाहरूलाई विश्वास नगर्ने, गरिहाले पनि नपत्याउने, जिम्मेवारी नदिने प्रचलन अझै कायम छ । स्थानीय सरकार गठनले स्थानीयस्तरमा आशा र भरोसा जगाएको छ ।

फाटेको प्रेममा हुर्किएको बच्चाको भविष्य

मन मिलेर प्रेम विवाह गरेका जोडीले चार-पाँच वर्षभित्रै सङ्कट सिर्जना गरेपछि मानसिक र सामाजिक तनावमा बिताउनु पर्दाको कल्पना गर्न समेत कठिन छ । प्रेम गरी विवाह गरेको केही समय सम्बन्ध राम्रै रह्यो । समयले कोल्टे फेर्दै गर्दा वि. सं. २०५८ सालमा गाँसेको विश्वासको धागो विविध कारणबाट कमजोर हुँदै गयो । तथापि २०५८ सालमा गाँसिएको प्रेम विवाह २०६० सालमा गीता र राजकुमारका प्रथम सन्तानका रूपमा एक बालकको जन्म भयो । घरमा नवजात शिशुद्वको आगमनमा यी जोडी र यिनका परिवार एवं शुभेच्छकहरूमा अपार हर्षको विषय बन्यो, यो अत्यन्त स्वभाविक नै थियो । बालकको उमेर बढ्दै गर्दा यता बालकका बुबाआमाको सम्बन्ध क्रमशः चिसो हुँदै गयो, सम्बन्ध चिसिँदै गयो कि २०५८ सालमा जोडिएर एकै मुटु बनेको राजकुमार र गीताको वैवाहिक सम्बन्ध काठमाडौँ जिल्ला अदालतको २०७० जेष्ठ १३ गते को मिलापत्र फैसलाबाट सदाका लागि छुट्टिएर अलग भए ।

बाबाआमाको विधिवत सम्बन्धविच्छेद भएको त्यो अबोध बालक प्रशान्तले गुमाएको त्यो मातृवात्सल्य एवं पितृ संरक्षण कहिल्यै नफर्किने गरी गयो । छुट्टियो, कठोर बज्रपात भयो ।

राजकुमार र गीता छुट्टिएर एक्लै बस्लान् चाहे भने उमेर छ विवाह दर्ता गर्लान, फेरि घरबास बसाउलान्, जायजन्म होला फेरि उनीहरूका काख भरिएलान् तिनका पिँढी र आँगनमा फेरि लालाबाला खेल्लान् बाबा, आमा बरण्डा र पिँढीमा बसेर मुस्कुराउलान दङ्ग पर्लान् तर बाबाआमाको विधिवत सम्बन्धविच्छेद भएको त्यो अबोध बालक प्रशान्तले गुमाएको त्यो मातृवात्सल्य एवं पितृ संरक्षण कहिल्यै नफर्किने गरी गयो । छुट्टियो, कठोर बज्रपात भयो । अदालतबाट भएको फैसलामा अबोध बालकको लालनपालन एवं शिक्षादिक्षाको जिम्मा बुबालाई लगाइयो तर पहिलो सम्बन्धविच्छेद भएका राजकुमारले पाँच-छ महिनामै एकजना नवयौवनालाई सङ्क्षिप्त औपचारिकता पूरा गरी विवाह गरे भित्र्याए । समयको गतिसँगै घटनाक्रम विकास हुँदै गयो राजकुमारकी कान्छी श्रीमतीले दुई वर्षमा दुईजना शिशुलाई जन्म दिइन् । घरमा परिवार बढ्दै जाँदा, आम्दानी उत्तिकै रहँदा बिस्तार राजकुमारको घरमा अभावले ठाउँ लिन थाल्यो । हिजोको जस्तो हार्दिकता क्रमशः घट्दै गयो, कलह बढ्दै गयो । कलह बढ्दै गर्दा प्रशान्तले पाएको माया-ममता पनि घट्दै गर्दा बुबाको संरक्षणबाट वञ्चित हुँदै गए । उसले बेलामा खान नपाएको, मैला कपडा लगाएर हिँडेको एक कान दुई कान मैदान हुँदै गर्दा पोखराको पल्लो छेउमा पुनर्विवाह गरेर बसेकी गीताले थाहा पाइन् । आफ्नो कोखको घाउ प्रशान्तले पाएको दुःखको खबरले गीताको प्रेसर बढ्यो, दिनको भोक र रातको निद्रा हराम भयो, हरायो । एकदिन साहस गरेर दोस्रो/कान्छा बुढालाई डराईडराई भनिन् । प्रशान्तले दुःख पाएको

र उसलाई यतै ल्याउँ ? दोस्रो बुढा (श्रीमान) हृदयका फराकिला नै रहेछन् हुन्छ भनिदिए अनि के चाहियो र गीता हुत्तिएर पहिले भित्रिएको र पछि छाडेको घर पुगिन् । मनलागुन्जेल पूर्वपतिसित बाझिन् सौता/कान्छीलाई पनि ललकारिन् अनि पूर्वनियोजित योजनाअनुसारै प्रशान्तका एकसरो कपडा र पढ्दै गरेका कापी-किताब गुटमुटाएर हिँडिन् । प्रशान्तलाई लिएर गएपछि केही समय ठीकै रूपमा बित्दै गयो । उसलाई नजिकैको बोर्डिङ स्कुलमा भर्ना गरिन् गीताले/समयसँगै प्रशान्तको लालनपालन, शिक्षादिक्षा, स्वास्थ्य उपचारको खर्च बढ्दै जाँदा बिस्तारै समस्या थपिँदै गयो ।

दिनदिनै बढ्दै जाने खर्चको जोहो गर्न मुश्किल पर्ने विषयका बारेमा टोल-छिमेकमा कुरा गर्दा कसैले उनलाई न्यायिक समितिमा नाबालकको शिक्षादिक्षा, लालनपालन एवं स्वास्थ्य उपचारका लागि खर्च व्यवस्थापन गर्न उजुरी दिन सकिने सल्लाह दिए । नाबालक प्रशान्तको संरक्षक बनी पोखरा महानगरपालिकामा वि. सं. २०७६ असार ३० मा निवेदन दर्ता भएको र निवेदनमा उल्लेख भएनुसार दोस्रो पक्षलाई छलफलका लागि म्याद जारी गरी २०७६ साउन १५ मा प्रतिउत्तर पत्र जवाफसहित उपस्थित भएपछि २०७६ साउन २९ गते र २०७६ भाद्र ४ गते क्रमशः छलफल भयो । छलफलमा चर्का-चर्की भयो । छोरा राजकुमारलाई बोर्डिङ स्कुलमा पढाउन सक्दिन, दोस्रोतर्फ पनि अब केटाकेटी भएका छन् । सामान्य वर्कशपको थोरै आम्दानीले खर्च धान्न सक्दिन भनेर राजकुमारले छलफल गर्न पनि इन्कार गरिरहे । कानूनी र व्यवहारिक विषयमा न्यायिक समितिबाट पटकपटक सम्झाउँदा पनि चर्केर कुरा गर्ने गरिरहे । आफू तनावमा भएको, प्रेसरको बिरामी भएको, औषधी खाँदै गरेको भनेर समाधानभन्दा, समस्या उल्झाउनतर्फ लागिरहे । २०७६ भाद्र ४ गतेको दोस्रो छलफलमा धेरै विचार विमर्शपछि निवेदक गीता र दोस्रो पक्षका राजकुमार, बालक छोरा प्रशान्तको माध्यमिक शिक्षासम्मको शुल्क बाबु राजकुमारले व्यहोर्ने, लालनपालन खाई खर्च आदि निवेदक आमा गीताले व्यवस्थापन गर्ने गरी सहमति/मिलापत्र भयो ।

पहिले बोलिचाली गर्न नमान्ने नचाहने विवादका पक्षपछि आउँदा अलि नजिक भएको र सहमतिमा पुग्दा न्यायिक समितिले छलफल गरी सुझाएको विकल्पमा सहमति/मिलापत्र भएको र पछि अनौपचारीक रूपमा अनुगमनका लागि बालक छोरा प्रशान्त पढ्ने विद्यालय, निवेदक गीता र बाबु राजकुमारबीच बेलाबखत/समय-समयमा भेट्ने कुराकानी गर्ने गरेको जानकारी पाउँदा असल सामाधनका रूपमा पोखरा महानगरपालिकमा गठित न्यायिक समितिले यस विवादलाई लिएको छ । छलफल एवं परामर्शका माध्यमबाट विवादको सरल र सहज समाधान हुन सके नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले परिकल्पना गरेको स्थानीय विवादको समाधान स्थानीय तहबाटै गर्ने परिकल्पनालाई साकार रूप दिन सकिने कुरामा थप हौसला र उत्प्रेरणा प्राप्त भएको छ ।

जेष्ठ नागरिकप्रतिको व्यवहार परिवर्तन

पुतलीबजार नगरपालिका, न्यायिक समिति स्याङ्जामा थुप्रै विवादहरू दर्ता भएका छन् । न्यायिक समितिले नागरिकहरूको सुविधाका लागि थुप्रै विवाहरूलाई समाधान गर्ने प्रयास पनि गरेको छ । मुहमद अलीको छोरा-बुहारी शहनशाह अलिकी श्रीमती स्याङ्जा जिल्ला साविक पुतलीबजार नगरपालिका वडा नं. ९ हाल वडा नं. १४ स्थायी घर भई हाल स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ स्याङ् जा बजार ट्याक्सी चोक बस्ने वर्ष ३६ की फातुमा निसाबीच भएको विवाद न्यायिक समितिमा दर्ता भयो । उजुरी दर्ता भएलगत्तै विवादको अन्तिम टुङ्गो नलागेसम्म एकाघरमा रहेका जेष्ठ नागरिक ससुरा वादी मुहमद अलीलाई स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी धुवाँधूलो, फोहोरमैला नगर्न' हुन र गालीगलौज नगर्नु हुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ र ४९ का आधारमा भएको संरक्षणात्मक आदेशका बारेमा जानकारी गराइएको छ । विवादका बारेमा प्रतिवादीलाई जानकारी गराउँदै सचेत गराइएको छ ।

निवेदक रमजानको नाति महबत मियाको छोरा जिल्ला साविक पुतलीबजार नगरपालिका वडा नं ९ को हाल वडा नं १४ स्थायी घर भई हाल स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १ स्याङ्जा बजार ट्याक्सी चोक बस्ने एकाघरका ससुरा मुहमद अली र मुहमद अलीको छोरा-बुहारी शहनशाह अलिकी श्रीमती स्याङ्जा जिल्ला साविक पुतलीबजार नगरपालिका वडा नं. ९ को हाल वडा नं. १४ स्थायी घर भई हाल स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १ स्याङ्जा बजार ट्याक्सी चोक ३६ की फातुमा निसाबीच विवाद मिलापत्रका लागि प्रयास सुरू भयो । विपक्षी फातुमा निशाले निवेदक ससुराको स्वाथ्यमा प्रतिकूल असर पर्ने गरी खुर्सानी पोली वा अन्य कुनै धुँवाधूलो सिर्जना नगर्ने, निवेदक मुहमद अलीले वा निजका कुनै पनि परिवारले विपक्षी फातुमा निशालाई अदालतको निर्णयअनुसारको वा निजकै नाउँ र स्वामित्वकै भए पनि हाल बसेको घरमा दिनको समयमा प्रवेश गर्ने ढोका, गल्ली र बाटो हुँदै छतमा आउने-जाने निकास दिने, आगामी दिनमा दुवै पक्ष एक-आपसमा आदर-सम्मान, माया-मोहको रूपमा मिली बस्ने सहमति भएको छ ।

जेष्ठ नागरिकलाई गरेको अपमानमा उसै त समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ । आफ्नै घरमा रहेका ससुरामाथि भएको अमानवीय व्यवहार सुधार्ने प्रतिबद्धतामा धेरै पटक छलफलको वातावरण बन्यो ।

जेष्ठ नागरिकलाई गरेको अपमानमा उसै त समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ । आफ्नै घरमा रहेका ससुरामाथि भएको अमानवीय व्यवहार सुधार्ने प्रतिबद्धतामा धेरै पटक छलफलको वातावरण बन्यो । उक्त सहमति कार्यान्वयनका लागि वादी मुहम्मद शाह जहाँ अली, फारूख अली, जलिल मियाँ मुहमद अली, जमाल अहमद, अरमान अली साक्षी बस्नुभएको छ । न्यायिक समितिले गरेको निर्णयले जेष्ठ नागरिकले पाएको न्याय अविष्मरणीय छ । अदालत, प्रशासन, प्रहरीकोमा धाउँदा पनि पाउन नसक्ने व्यवहारिक कठिनाई न्यायिक समितिले पूरा गरिदिएको छ ।

छोरी गुमेपछि पैसाको टोकसो

लमजुङ जिल्लाको राइनास नगरपालिका वडा नं. १० बस्ने डिलमाया विक निवेदक (सासु) र लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं. ६ बस्ने शम्भु विक विपक्ष (ज्वाइँ) भएको लेनदेन विषयमा राइनास नगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता भयो । निवेदक डिलमायाले आफ्नो ज्वाइँ छोरीलाई ऋण सापटिका रूपमा दिएको १ लाख रूपैयाँ असुल गरिदिन न्यायिक समितिसमक्ष वि. सं. २०७४ फागुन १४ गते निवेदन दिनुभएको थियो । सासु र ज्वाइँ-छोरीबीच लेनदेन हुँदा लिखित तमसुक कागज भएको थिएन । निवेदन दर्तापश्चात विपक्ष ज्वाइँ शम्भु विकलाई निवेदनका बारेमा जानकारी गराइ न्यायिक समितिमा उपस्थित गराई पटक-पटक छलफल भयो ।

ज्वाइँ र सासुबीच लेनदेन हुनु करिब ६ महिनाअगाडि विपक्ष शम्भु विकले निवेदकको छोरी सपनासँग प्रेम विवाह गरेका रहेछन् । उक्त विवाहमा माइती पक्षको असहमति हुँदाहुँदै केटाकेटी आफूखुशी भागी विवाह गरी लमजुङ जिल्लाकै भोटेओडारस्थित सिउडिबार भन्ने स्थानमा डेरा गरी बसेका थिए । पेशाका रूपमा शम्भु विक चालक थिए । गाडीमा हिँड्ने काम गरे पनि बजारको ठाउँमा कुनै पेशा व्यवसाय नगरी जीवनयापन गर्न कठिन हुने हुनाले निवेदकको छोरीले आमासँग केही रूपैयाँ सरसापट मागी सानो-तिनो व्यापार व्यवसाय गर्ने मनसाय व्यक्त गरेपछि छोरीको मायाले छोरी ज्वाइँले मागेजति रकम सामान्य र कमजोर आर्थिक अवस्था भएको माइती पक्षका आमाबाबुका लागि ठूलो कुरा हुने नै भयो । तैपनि छोरी-ज्वाइँले कामकाज गरी खान्छन् भने ठीकै छ भनी आफ्नै वैदेशिक रोजगारमा रहेका देवरसँग १ लाख रूपैयाँ रकम ऋण मागी छोरी-ज्वाइँलाई सापटी दिएका रहेछन् । छोरी-ज्वाइँले सुरूमा उक्त पैसाबाट सानो कस्मेटिक पसल सुरू गरी व्यापार व्यवसाय गरी जीवनयापन गर्न सुरू गरेका थिए । करिब चार महिनापछि निवेदकको छोरी सपनाले अकस्मात डेरा गरी बसेको कोठामा सलको पासो लगाई आत्महत्या गरिन् । घटनापश्चात शम्भु विक केही समय प्रहरी हिरासतमा परे । घटनाका सम्बन्धमा सत्यतथ्य बाहिर आइसकेपछि ज्वाइँ शम्भु विकको कुनै संलग्नता नदेखिएपछि निर्दोष साबित भई प्रहरी हिरासतबाट छुटेका थिए ।

छोरी गुमाएको पीडामा रहेका माइती पक्षले ज्वाइँलाई दिएको सापटी रकम फिर्ता पाउन सकेका थिएनन् । विदेशबाट फर्किएका देवरले पनि आफूले दिएको रकम फिर्ता मागेका थिए । लेनदेन विषय पनि जोडिएकाले ज्वाइँ विपक्षलाई दवाव दिइ दुःख-हैरानी दिएको भन्ने

> छोरीको मृत्युपछि त्यो पीडालाई बिस्तारै भुल्न खोजे पनि अर्काबाट जमानी बसी ज्वाइँ-छोरीलाई उपलब्ध गराइदिएको कर्जा सापटीको ताकेताले सासु डिलमायाले ज्वाइँ शम्भुलाई ऋण सापटी फिर्ता गर्न अनुरोध गर्छिन् तर ज्वाइँले सासुबाट लिएको ऋण तिर्न आनाकानी गरी ऋण नतिर्ने कुरा गर्दछन् ।

कुरा ज्वाइँ शम्भुलाई लाग्दछ । छोरीको मृत्युपछि त्यो पीडालाई बिस्तारै भुल्न खोजे पनि अर्काबाट जमानी बसी ज्वाइँ-छोरीलाई उपलब्ध गराइदिएको कर्जा सापटीको ताकेताले सासु डिलमायाले ज्वाइँ शम्भुलाई ऋण सापटी फिर्ता गर्न अनुरोध गर्छिन् तर ज्वाइँले सासुबाट लिएको ऋण तिर्न आनाकानी गरी ऋण नतिर्ने कुरा गर्दछन् । निवेदक पक्षलाई आर्थिक र मानसिक दवावको अवस्था सृजना हुनपुग्छ, हुर्के-बढेर स्वेच्छाले विवाह गरी गएकी छोरी आत्महत्या गरेर मरेको पीडा एकातिर छ भने साहुसँग जमानी बसी छोरी-ज्वाइँलाई दिएको ऋण सापटीलाई आफूले तिर्न-बुझाउन नसक्दा र साहुले पैसा फिर्ता असुलीका लागि बारम्बार गरेको ताकेताले दोहोरो पीडा पर्दछ । निवेदकले छोरी नहुँदाको पीडालाई बिर्सिए पनि अरूबाट जमानी बसी छोरी-ज्वाइँलाई दिएको सापटी रकम आफ्नो हैसियतले तिर्न नसक्ने अवस्था भएको र बारम्बार साहुले पैसा फिर्ता असुलीका लागि गरेको ताकिताले न्यायिक समितिसमक्ष पैसा असुलीका लागि गरेको निवेदनलाई व्यवहारिक पक्षलाई मध्यनजर गरी पक्ष-विपक्षका रोहवरमा पटक-पटक छलफल गरी समस्या समाधान हुनपुग्छ । सुरूमा पैसा तिर्न'पर्ने नै छैन भनी अडान लिएका विपक्ष शम्भु विकलाई सम्झाइ-बुझाइ गर्दा वि. सं. २०७५ जेठ २५ गते सासुबाट लिएको १ लाख सापटीको ब्याज निवेदक पक्षले नलिने र साँवा रकम मात्र विपक्ष ज्वाइँ शम्भुले तिर्न-बुझाउन मञ्जुर गरेपछि १५ दिनभित्र रकम तिर्ने-बुझाउने गरी सहमति भयो । सहमति गरेको भाखाभित्र उक्त रकम लेनदेन भई समस्याको मिलापत्र भयो ।

वैवाहिक सम्बन्धबाट जोडिएका अलगअलग परिवारको सम्बन्ध आय आर्जनका लागि गरेको सहयोगपश्चात उनीहरूमाथि परेको दुःखद बज्रपातका बाबजुद पनि अर्काबाट लिइएको कर्जा सापटीलाई भुक्तान गर्न नसक्दाको पीडा थियो । त्यही हुँदाहुँदै पनि न्यायिक समितिबाट छलफल गरी रकम असुल गराइ मिलापत्र गराइ कार्यान्वयन गर्न सकेकोमा राइनास नगरपालिकाको न्यायिक समितिले सन्तुष्ट व्यक्त गरेको संयोजक धनकुमारी गुरूङले बताउनद्रभयो ।

च्यापेको जग्गा छाडिदिएपछि मिलिजुली

कालीकोट जिल्ला रास्कोट नगरपालिका वडा नं. ५ बस्ने सुहुने तिरूवाका छोरा ददि तिरूवाले जग्गा विवादसम्बन्धी उजुरी वि. सं. २०७६ भदौ ७ गते न्यायिक समितिमा दर्ता गर्नभयो । रास्कोट नगरपालिका वडा नं. ५ बस्ने रति कामीले मेरो जग्गा चापी दबाई खाई आएकाले उक्त जग्गा छुट्ट्याई पाउँ भनी दिएको उजुरीका सम्बन्धमा न्यायिक समितिले ऐन-कानूनमा भएबमोजिमको कार्य गर्ने गरी प्रक्रिया सुरू गऱ्यो । विवादित पक्षलाई तारेख दिएर साक्षी सर्जिमिन गर्ने गरी २०७६ भदौ २१ न्यायिक समितिले दुवै पक्षलाई झिकायो ।

छलफलमा दुवै पक्षका साक्षी, भद्र-भलादमीहरूसमेतको रोहवरमा न्यायिक समितिमा छलफल गराई दुवै पक्षको मन्जुरी, साक्षीको बयान र दुवै वादी-प्रतिवादीको बयान सुनेपछि एउटै गाउँका दाजुभाइ एकै गाउँमा बस्नुपर्ने भएकाले मिलिजुली बस्नु उत्तम भन्ने सुझावलाई स्वीकार्दै आफ्नो हक छोड्न तयार भए । समितिमा दुवै पक्षले मेलमिलाप गरी पाउँ भनी निवेदन साथ आएपछि ऐनको ४७ ख बमोजिमको विवाद भएकाले दुवै पक्षको सल्लाह र समितिको परामर्श रायअनुसार वादीले उक्त च्यापी खाएको जग्गा पाउने र प्रतिवादीले च्यापेको जग्गा छोड्ने सहमति गरी जग्गा छोडेकाले मेलमिलापको माध्यमबाट समस्याको समाधान गरेको छ । विवाद समाधानपछि एक-आपसमा मिलिजुली बसेकाले स्थायी प्रकृतिको समाधान भएकाले खुशी लागेको बताउनु भएको छ । रास्कोट नगरपालिका न्यायिक समितिले ऐन र कार्यविधिले दिएको अधिकार पालना गर्दै निर्णय गर्ने मुद्दा र मेलमिलाप गर्ने मुद्दा एकिन गर्दै न्यायिक समिति स्थापना कालदेखि अधिकार क्षेत्रका मुद्दा निर्णय र मेलमिलाप गर्दै जनतालाई स्थानीय सरकार गाउँघरमै भएको प्रत्याभूति दिलाएको बुझाइरहेको छ ।

रास्कोट नगरपालिका न्यायिक समितिले नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम संविधानको भाग १७ को धारा २१७ अनुसार गठित न्यायिक समितिले आलीधुर, बाँध, पैनी, कुलो, पानीघाटको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सान गरेको, चरन, घाँस, दाउरा, ज्याला-मजदुरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, जेष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आदमअनुसार खान-लाउन, शिक्षादिक्षा नदिएको, वार्षिक २५ लाख रुपियाँसम्मको विगो भएको घरबहाल र घरबहाल सुविधा, अन्य व्यक्तिको घर जग्गा वा सम्पत्तिलाई

दुवै पक्षको सल्लाह र समितिको परामर्श रायअनुसार वादीले उक्त च्यापी खाएको जग्गा पाउने र प्रतिवादीले च्यापेको जग्गा छोड्ने सहमति गरी जग्गा छोडेकाले मेलमिलापको माध्यमबाट समस्याको समाधान गरेको छ । विवाद समाधानपछि एक-आपसमा मिलिजुली बसेकाले स्थायी प्रकृतिको समाधान भएकाले खुशी लागेको बताउनु भएको छ ।

असर पर्ने गरी रूख बिरूवा लगाएको, आफ्नो घर बलेसीबाट अर्काको घर जग्गामा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियार जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानूनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको, कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो वस्तुभाउ निकाल्ने निकास वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येस्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको प्रयोग गर्न नदिएको वा बाधा पुऱ्याएको, सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेको अन्य विवादमा काम गर्दै आएको संयोजक मिमसरा बम शाहीले बताउनुभयो । समितिमा अमर सार्की र विष्णुप्रसाद बराल सदस्य रहनुभएको छ ।

भत्केपछिको सुन्दर पारिवारिक जीवन

जिल्ला कैलाली, गोदावरी नगरपालिका वडा नं. १ घर भएका विपन्न परिवारका ४३ वर्षिय राम चौधरी र ३७ वर्षिया सीता चौधरी युगल जोडी हुन्। लामो समयदेखि सँगसँगै जीवनयापन गर्ने सन्दर्भमा उनीहरूबाट एक छोरा र एक छोरीको जन्म भएको छ। दुई सन्तान र आफूहरूसमेत बाँच्न मुख्य पेशा मजदुरी गरिरहेका छन् । मजदुरीबाट नै उनीहरूको जीवनयापन हुँदै आएको छ। दुवैजना श्रीमान श्रीमती मिलेर जसोतसो छोराछोरी र घर खर्चको जोहो खुशीसाथ गरिरहेका थिए। सानो परिवार सुखी परिवार।

सुखी र खुशी परिवारमा एक्कासी भुइँचालो आएझैं तनाव सृजना हुँदै गयो । दिन-प्रतिदिन एक-आपसमा खटपट र आशङ्का पैदा हुन थाल्यो । जसले गर्दा एकले अर्कालाई विश्वास नगर्ने वातावरण सृजना हुँदै गयो । यतिसम्मको कलह उत्पन्न भयो कि जुन विवादले सुन्दर परिवारको सपनालाई चकनाचुर पारी अलगअलग बस्न बाध्य बनायो । घरमा उत्पन्न भएको आमाबुबाको कलह र मनमुटावले दुई सन्तानमा पनि तनाव सृजना तथा पढाइ-लेखाइ, लालनपालनमा समेत झन जटिलता देखियो । यस्तो पारिवारक वातावरण देखेर सहन नसकी उनका परिवारका अन्य सदस्य र छिमेकीहरूले स्थानीय तहको न्यायपालिका समक्ष निवेदन पेश गर्न सल्लाह दिए। त्यही सल्लाहअनुसार उनीहरू न्यायिक समितिमा आए र प्रक्रिया सुरू भयो। दुवैजना पक्ष र बालबालिकासँग अलगअलग सँगै बसाएर परामर्श गरी समस्या बुझ्ने कार्य सुरू भयो। सोही छलफलपश्चात् दुवै पक्षका कुरा सुनेर अगाडि बढ्ने वातावरण तयार भयो। तीनपटक उनीहरूबीच छलफल भयो। छोराछोरीसँग सबै कुरा बुझ्ने कार्य भयो। श्रीमान-श्रीमतीबीचमा सहमति ल्याउन निकै सकस पऱ्यो। त्यसका बाबजुद अन्तिम समयमा दुवै पक्षलाई सँगै बसाउन नयाँ जीवन सुरुवात गर्न गाऱ्हो-साऱ्हो कुरा गरेर सहमतिका विविध बुँदाहरू राखी मेलमिलाप गराउन सफल भयो।

एकले अर्कोलाई गर्ने अविश्वास, आशङ्का, गालीगलौज, लडाइँ, झगडा, श्रीमान-श्रीमती नस्वीकार्ने यो जोडीलाई सकारात्मक रूपमा परामर्श गरी दुवैका बीचमा नयाँ जिन्दगीको सुरुवात गर्न पहल भयो । छोराछोरी र दुवैजना बुढाबुढी निकै खुशी साथ राम्रोसँग मिलेर एक-अर्काका दुःख-सुखमा साथ दिएर जीवन बिताइरहेका छन्। एकले अर्कोलाई विश्वास गर्ने वातावरण सृजना भएको छ। सिता भन्छिन् अहिले मेरो परिवारमा राम्रो मेलमिलाप भएको छ । घरपरिवारमा साऱ्है खुशी छाएको छ। स्थानीय न्यायपालिकाले गरिदिएको यो कामप्रति हाम्रो परिवार आभारी छ। यस्ता थुप्रै महिला तथा पुरूषका बिग्रेका घरहरू मिलाउनका लागि स्थानीय न्यायपालिका प्रयास गर्दै अगाडि बढेको छ। श्रीमान-श्रीमतीबीच हुने सामान्य कुराको अविश्वासले भत्कने घरहरू र व्यक्तिका जीवनहरू जोड्न न्यायिक समितिले खेलेको भूमिका सऱ्हानीय छ।

सुखी र खुशी परिवारमा एक्कासी भुइँचालो आएझैं तनाव सृजना हुँदै गयो । दिन-प्रतिदिन एक-आपसमा खटपट र आशङ्का पैदा हुन थाल्यो । जसले गर्दा एकले अर्कालाई विश्वास नगर्ने वातावरण सृजना हुँदै गयो । यतिसम्मको कलह उत्पन्न भयो कि जुन विवादले सुन्दर परिवारको सपनालाई चकनाचुर पारी अलगअलग बस्न बाध्य बनायो ।

९२ वर्ष पुगेपछि जीउनीमा खटपट

शिवसताक्षी नगरपालिका, झापाको न्यायिक समितिमा २०७५ जेठ ५ गते शिवसताक्षी नगरपालिका वडा नं. ४ निवासी ९२ वर्षकी वृद्धा आमा छोरीका साथमा जिउनीको जग्गा बुहारी र नातिको नाममा रहेकाले जग्गा दिलाई पाउँ भनी निवेदन बोकेर पुगिन् । श्रीमानको देहान्तपश्चात श्रीमान दुई श्रीमतीहरू र दुवैतिरका छोरा छोरीहरूसँग सौहार्दपूर्ण वातावरणमा पारिवारिक मेलमिलापका साथ जीवनयापन गरेका थिए । दुई श्रीमतीहरूमध्ये आफूपट्टिका ६ जना छोरी मात्र रहेकाले सबैको विवाहपश्चात दिदीपट्टिको एकमात्र छोरासँग बस्दै आएको, छोराको पनि देहान्त भए पछि पाँचजना नातिहरू आ-आफ्ना काममा व्यस्त रहँदा सबैजना परिवारसहित शिवसताक्षी नगरपालिका बाहिर बस्न थालेका थिए । वृद्धा हजुरआमालाई शिवसताक्षी नगरपालिकामा रहेको पुरानो घरमा हेरचाह गर्ने मान्छे राखिदिएर परिवारभन्दा टाढा एक्लै छोडिदिए । दमक नगरपालिकामा बसोबास गर्ने छोरीले वृद्धा आमाको बिजोग देखेर स्याहार-सुसार तथा स्वास्थ्योपचारका लागि आफूसँग लगेर राखिन् । आर्थिक अवस्था सबल नभएकाले आमाको खानपान, स्याहार-सुसार तथा स्वास्थ्योपचारका लागि आमाको जिउनीको जग्गा आमाकै नाममा भए बाँकी दिनमा पनि आमालाई आफुसँगै राख्न र आमाको आगामी जीवन सहज बनाउन सजिलो हुने जिकिर छोरीको थियो ।

निवेदनमा उल्लेख गरेको व्यहोराको अध्ययनपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-८ दफा ४७ न्यायिक समितिको अधिकार क्षेत्रअन्तर्गत उपदफा (च) मा व्यवस्था भएअनुसार जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको ठहर गरी ९२ वर्षकी वृद्धा आमाको जीवन सहज बनाउन निवेदनमाथि सम्बोधन गर्न मेलमिलापको प्रक्रिया सुरू भयो । विगतको शान्त र आत्मीय वातावरण रहेको ठूलो परिवारमा हजुरबुबाबाट सम्पत्ति हस्तान्तरण हुँदै नातिसम्म आइपुग्दा जीवित एक मात्र हजुरआमा शारीरिक रूपमा असक्त भएका बेला सम्पत्तिविहीन र बेसाहारा भएको पाइयो । छलफलका लागि दुवै पक्षलाई मिति र समय तोकेर नगर न्यायिक समिति कार्यालयमा बोलाएको संयोजक एवं उपप्रमुख भोजकुमारी नेपालले बताउनुभयो । दुवै पक्ष तोकिएको समयमा मेलमिलाप कक्षमा उपस्थित हुनुभयो । शान्त र सौहार्दपूर्ण वातावरणमा छलफल सुरू भयो । पहिलो पक्ष वृद्धा आमाको तर्फबाट आमासँग रहनुभएकी छोरी र माइतीको भदा उपस्थित हुनुहुन्थ्यो । आमाको तर्फबाट विषयसँग सम्बन्धित कुराहरू राख्नुभयो । दोस्रो पक्षका परिवारका अन्य सदस्य समेतको वारेस आमाको माइलो नाति उपस्थित

पहिलो पक्षको खुशीसँगै दोस्रो पक्षले पनि कुनै गुनासो तथा बेखुशी नरहेको बताउनुभयो । ९२ वर्षको उमेरमा जेष्ठ आमाले तेस्रो पुस्ताबाट प्राप्त गरेको जीउनीको जग्गासँगै सहज र आर्थिक सबल जीवन पाउनु भएकोमा हामीले आफैँ सफलता प्राप्त गरेको महसुश गरेका छौं ।

हुनुहुन्थ्यो । श्रीमान र एकमात्र छोराको देहान्तपश्चात बुहारी तथा नातिहरूले पुरानो घरमा अलपत्र एक्लै छोडेको र जीउनीसमेत आफ्नो नाममा नदिएको थाहा पाइयो । दोस्रो पक्षले आमाले आफ्नो भागमा रहेको जीउनी आफ्नो शेषपछि एक मात्र छोराको नाममा जाने भनी कागज गरी सकेकाले आमाको नाममा नामसारी गरिरहनु नपर्ने कुरा पेश गर्नुभयो । स्याहार-सुसार तथा खानपानको व्यवस्था गर्न ज्यालामा मान्छे राखेर हजुआमालाई घरमा राखेकै अवस्थामा फुपूहरूले आमाको सम्पत्ति हत्याउन घरबाट निकालेर लगेको कुरा व्यक्त भयो । दुवै पक्षका कुरा सुनिसकेपछि जेष्ठ आमाले जीवनको उत्तरार्द्ध अशक्त अवस्थामा आफ्ना परिवारसँग उचित वातावरणमा आवश्यक स्याहार-सुसार तथा स्वास्थ्योपचार प्राप्त गर्नुपर्छ, सम्मानका साथ सजिलो जीवन बाँच्न पाउनुपर्छ भन्ने निष्कर्षमा पुगियो ।

आमासँगै रहेकी छोरीले भाइहरूले आमालाई अशक्त अवस्थामा अर्को मान्छेको भरमा एक्लै छोडेपछि आफैँसँग राखेर हेरचाह गर्न दमक नगरपालिकामा रहको आफ्नो घरमा लगेको साँचो हो । आगामी दिनमा पनि आमालाई आफैँसँग राखेर सम्पूर्ण सेवा गर्ने प्रतिबद्धता जनाएपछि दोस्रो पक्षलाई हामीले आमाको जीउनीको जमिन आमाकै नाममा नामसारी गरिदिन सुझाव दियौँ । सुरूमा हजुरआमाको नातिले अप्ठ्यारो माने पनि सम्झाइ-बुझाइ धेरै छलफल र कसरत गर्दा जीउनी हजुरआमाको नाममा नामसारी गरिदिन मन्जुरी गर्नुभयो । निश्चित समय तोकेर उक्त समयभित्र नामसारी गर्ने काम सक्ने र तत्कालै नगरपालिकाको अमिन लगेर आमाको जग्गा छुट्ट्याउने कुरामा सबैको सहमति भयो । यो मेलमिलापबाट सबैले जितेको महशुस गरेका छौँ । पहिलो पक्षको खुशीसँगै दोस्रो पक्षले पनि कुनै गुनासो तथा बेखुशी नरहेको बताउनुभयो । ९२ वर्षको उमेरमा जेष्ठ आमाले तेस्रो पुस्ताबाट प्राप्त गरेको जीउनीको जग्गासँगै सहज र आर्थिक सबल जीवन पाउनु भएकोमा हामीले आफैँ सफलता प्राप्त गरेको महसुश गरेका छौँ । स्थानीय तहमा रहेर न्याय सम्पादन गरिरहँदा हालसम्म १ सयवटाभन्दा बढी विवादहरू समाधान भएका छन् ।

साँधले निम्त्याएको सङ्कट समाधान

सिद्धिचरण नगरपालिका वडा नं. ११ बस्ने लालसुन्दर ताम्रकार र यौवन ताम्रकार काका भतिजा हुन्। उँहाहरू सधैँ एक-आपसमा मिलेर बस्नुहुन्थ्यो। एकलाई पर्दा अर्कोले तत्कालै सहयोग गर्ने भएकोले कसैले पनि उहाहरूको कुरा काट्न सक्दैनथ्यो। छिमेकीहरूले समेत उहाँहरूको मेलमिलापको तारिफ गर्दथ्यो। वि. सं. २०७२ सालको भूकम्पले उहाँहरूको घर पूर्णरूपमा क्षति भयो। घर पुनःनिर्माणको क्रममा

नगर प्रमुख तथा उपप्रमुखले पनि पक्ष तथा विपक्षलाई काका-भतिज भएकोले मिल्नको लागि पुनःआग्रह गर्नुभयो। उक्त घरको छेउबाट दुवै पक्षले ९० एमएमको १० केजी प्रेसर पाइप राख्न र यसोदा ताम्राकारले आफ्नो घरपछाडि नयाँ घर निर्माण गर्नुपर्दा विपक्षीले बनाएको घरको पिल्लरसँगै आफ्नो नयाँ घरको पिल्लर जोडेर घर बनाउन पाउने शर्तमा काका र भतिजाको मिलापत्र भयो।

पहिले भतिजा यौवन ताम्राकारले पछाडि केही जग्गा छाडेर घर बनाउनुभयो। यसै क्रममा उहाँहरूबीच घरको साँध सिमानाका बारेमा विवाद उत्पन्न भई २०७५ फागुन ३० गते एक आपसमा छलफल गरी आ-आफ्नो जग्गाको नापजाँच गरी त्यहाँ भएको सुन्तलाको बोटलाई सिमाना कायम गरी उक्त बोटको उत्तरतर्फ यसोदा ताम्रकार (यौवन ताम्रकारको आमा र दक्षिणतर्फ सजु ताम्रकार र सानुमाया ताम्रकार (लाल सुन्दर ताम्रकारको श्रीमती) ले भोगचलन गर्ने भनी घरायसी कागज भएको थियो।

त्यसपछाडी काका भतिजाबीच राम्रोसँग बोलचालसमेत हुन छाड्यो। यसै क्रममा सजु ताम्रकार र सानुमाया ताम्रकारले आफ्नो घर निर्माण गर्ने क्रममा २०७६ वैशाख २५ गते यसोदा ताम्रकार (यौवन ताम्रकारको आमा) ले सजु ताम्रकार र सानुमाया ताम्रकारको बिरूद्धमा घरको निर्माण कार्य रोक्का गरी साँध सिमाना कायम गरी पाउँ भनी सिद्धिचरण नगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता गर्नुभयो। सिद्धिचरण नगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता भएपछि दुवै पक्षलाई नगरपालिकाको न्यायिक समितिमा झिकाई दुवैतर्फको कुरा राख्ने अवसर प्रदान गरियो। यसै क्रममा वादीको तर्फबाट २०७५ फागुन ३० गते छलफल भई दुवै पक्षको सहमतिमा तयार गरिएको घरायसी कागजको पालना नगरी साँध सिमाना कायम गरिएको सुन्तलाको रूखसमेत विपक्षीले कुनै जानकारी नै नदिई काटी मासी मेरो जग्गा मिची घर निर्माण गरेकोले उक्त घर निर्माणको कार्य रोक्का गरी पाउँ भनी बयान दिनुभएको थियो। त्यसैगरी प्रतिवादीको तर्फबाट आफ्नो कुरा राख्ने क्रममा दुवै पक्षको सहमतिमा तयार गरिएको घरायसी कागजको पालना गरेर नै घर निर्माण गरेको र घर निर्माण गर्ने क्रममा साँध सिमाना कायम गरिएको सुन्तलाको रूख काटिए पनि साँध सिमाना नमिचिएको भनी गरेको जानकारी गराउनु भएको थियो।

दुवैतर्फको बयान सुनिसकेपछी नगरपालिकामा कार्यरत अमिनलाई जग्गाको नापजाँच गरी प्रतिवेदन पेश गर्न न्यायिक समितिले आदेश दियो । अमिन कृष्ण चौलागाई विवादित स्थानमा जाँदा नक्शाबमोजिम दुवै पक्षको जग्गा फिल्डमा नदेखिएको र दुवै पक्षबाट नापी नक्शाबमोजिम स्वतन्त्र ढङ्गले नापजाँच गर्न नदिएको प्रतिवेदन पेश गर्नुभयो । अमिनको प्रतिवेदनपश्चात नगरपालिकाका प्रमुख, उपप्रमुख र कानून शाखामा कार्यरत कर्मचारीहरूसमेत उक्त जग्गामा गई अवलोकन गरी पुनः मिति २०७६ जेठ १ गते दुवै पक्षलाई नगरपालिकामा उपस्थित गराई छलफल भयो । छलफलका क्रममा नगर प्रमुख तथा उपप्रमुखबाट वादी तथा प्रतिवादीलाई आफुहरू काका भतिजा भएका कारण भैभगडा नगरी एक-आपसमा मिलेर बस्न आग्रह गर्नुभयो । यसै क्रममा वादीका तर्फबाट आफ्नो नवनिर्मित घरको छेउको जग्गा आफ्नो भएकोले उक्त घरको छेउबाट पाइप राख्न र घर पछाडि नयाँ घर निर्माण गर्नुपर्दा विपक्षीले बनाएको घरको पिल्लरँगै आफ्नो नयाँ घरको पिल्लर जोडेर घर बनाउन पाउने शर्तमा आफू मिल्न तयार भएको विचार व्यक्त गर्नुभयो । विपक्षीको तर्फबाट पनि घर निर्माण गर्ने क्रममा साँध सिमाना कायम गरिएको सुन्तलाको रूख काम गर्नेहरूको तर्फबाट लापरबाही भएर काटिएको र आफूले साँध सिमाना नमिचेको व्यहोरा जानकारी गराउँदै अन्य शर्तहरू मान्न मञ्जुर भएको तर घरछेउबाट पाइप राख्न नदिने अडान राख्नुभयो ।

पक्षको काका तथा विपक्षीको भाइ विनोद ताम्रकारले दाजुभाइ यसरी सानो कुरामा भैभगडा गरेर बस्न नमिल्ने भन्दै पहिले पनि आफ्नै रोहवरमा साँध सिमाना कायम गरिएको र पहिले कायम गरिएको रूख काटिनुमा केही कमी कमजोरी देखिए पनि सिमना नमिचिएको र नाप नक्साबमोजिम त्यस क्षेत्रमा कसैका पनि जग्गा नमिल्ने भएकोले हाल हकभोग गर्दै आइरहेको जग्गालाई कायम गर्ने गरी मिलेर बस्न दुवै पक्षलाई विशेष आग्रह गर्नुभयो । नगर प्रमुख तथा उपप्रमुखले पनि पक्ष तथा विपक्षलाई काका-भतिज भएकोले मिल्नको लागि पुनःआग्रह गर्नुभयो । उक्त घरको छेउबाट दुवै पक्षले ९० एमएमको १० केजी प्रेसर पाइप राख्न र यसोदा ताम्राकारले आफ्नो घरपछाडि नयाँ घर निर्माण गर्नुपर्दा विपक्षीले बनाएको घरको पिल्लरसँगै आफ्नो नयाँ घरको पिल्लर जोडेर घर बनाउन पाउने शर्तमा काका र भतिजाको मिलापत्र भयो । अहिले उहाँहरूबीच बोलचाल भई पुनःमेलमिलाप सुरू भएको छ ।

आमा-छोरीलाई रक्सी खाएर यातना

सुनवल नगरपालिकाको न्यायिक समितिमा हालसम्म २ सय २८ विवाद दर्ता भएका छन्। थुप्रै विवादहरूमध्ये गाली-बेइज्जतीसम्बन्धी विवादमा फरक खालको अनुभूति भएको छ। नवलपरासी जिल्लाको सुनवल नगरपालिकाको वडा नं. ९ को स्वाठीमा स्थायी बसोबास गरी बस्ने गौमाया कवरयोगीले वि. सं. २०७५ साउन २० गते गाली बेइज्जतीसम्बन्धी विषय बनाई पति दुर्गा कवरयोगीलाई प्रतिवादी बनाई पतिले ५ वर्षअगाडिदेखि मादक पदार्थ सेवन गरी कुटपिट गरी गाली-बेइज्जती गरेकोले निजलाई कार्यालयमा झिकाई छलफल गराई न्याय दिलाई पाउँ भनी निवेदन दर्ता गराउनुभएको थियो । विवादका दुवै पक्षलाई मेलमिलापको माध्यमबाट २०७५ साउन २४ गते छलफल गराइएको थियो ।

सबै काम एक-आपसमा सरसल्लाहबाट नै हुने गरेको थियो । करिब पाँच वर्षअगाडिदेखि पति दुर्गा कवरयोगी अस्वभाविक रुपमा मादक पदार्थ सेवन गरी घरमा ढिलो आउने श्रीमतीलाई राम्रो नदेख्ने अरु स्त्रीको बयान गर्ने अनेक खालका लाञ्छना लगाउने र कुटपिट गर्न थालेछन् । घरयासी खर्चको लागि पनि पैसा नदिने लगाउने लुगा कपडा सामान्य नुन, तेल पनि खरिद गरी नल्याउने र घरमा अभाव मात्र पार्ने काम भएको रहेछ ।

निवेदक पत्नी ४१ वर्षिया गौमाया कवरयोगी र पति ४२ वर्षिय दुर्गा कवरयोगीबाट एक छोरा र एक छोरी गरी दुईजना सन्तान जन्मेका रहेछन् । पतिले घर निर्माण गर्ने काम गर्ने र पत्नी गौमाया कवर गृहिणी र खेती किसानी गर्ने काम गर्दछिन्। तीमध्ये जेठो छोरा वैदेशिक रोजागारमा गएको तीन वर्ष भएको रहेछ । छोरी कक्षा ८ मा पढ्दै रहिछन् । विवाहको पाँच-छ वर्षसम्म राम्रो सम्बन्ध थियो। सबै काम एक-आपसमा सरसल्लाहबाट नै हुने गरेको थियो । करिब पाँच वर्षअगाडिदेखि पति दुर्गा कवरयोगी अस्वभाविक रूपमा मादक पदार्थ सेवन गरी घरमा ढिलो आउने श्रीमतीलाई राम्रो नदेख्ने अरू स्त्रीको बयान गर्ने अनेक खालका लाञ्छना लगाउने र कुटपिट गर्न थालेछन् । घरयासी खर्चको लागि पनि पैसा नदिने लगाउने लुगा कपडा सामान्य नुन, तेल पनि खरिद गरी नल्याउने र घरमा अभाव मात्र पार्ने काम भएको रहेछ। श्रीमतीले पतिले यति धेरै मादक पदार्थ सेवन गरी घरमा ढिलो गरी आउने घरको वास्ता नगरेको करिब तीन वर्षजति हुन थालेछ । निवेदक पत्नी गौमाया कवरले कुनै परस्त्रीसँग हिमचिम बढेको शङ्का गर्न थालिन् । यो क्रम तीव्र रूपमा बढ्दै गएपछि एक-आपसमा बोलचाल नै बन्द भएछ । छोरीलाई समेत पति दुर्गा कवरयोगीले मादक पदार्थ सेवन गरी अनेक लाञ्छना लगाउने गरेका रहेछन् । उनी घर फर्कंदा दैनिकजसो रक्सी सेवन गरी फर्कंदा रहेछन् । ८ कक्षामा पढ्ने छोरीलाई पढ्नका लागि किताब-कापी र फि तिर्न पनि बन्द गरेछन् । आमा-छोरीलाई नै अनावश्यक अपशब्द प्रयोग गरी धम्क्याउने, अरूसँग लाञ्छना लगाउने गरेको देखेर छिमेकीहरू गाउँ समाज

बसी पति-पत्नीलाई सम्झाउने काम भएछ तर पनि समस्या जस्ताको त्यस्तै । वडा नं. ९ का वडा सदस्य खेमकुमारी थारुले निवेदन दर्ता गराउन कार्यालयमा आउँदा हामीलाई बताउनु भएको थियो भने विवादका पक्षहरूबाट पनि छलफलमा बताउनुभएको थियो ।

विवादका पक्षहरूलाई वडामा रहेको मेलमिलाप केन्द्रमा रहेका मेलमिलापकर्ताबाट छलफल गराउन उपयुक्त वातावरण नभएको कारण वडा सदस्य खेमकुमारी थारुले न्यायिक समितिको कक्षमा नै छलफल गराउनुपर्ने सुझाव दिएपछि विवादका दुवै पक्षलाई न्यायिक समितिमा २०७५ साउन २४ गते छलफलको लागि बोलाइएको थियो । न्यायिक समितिका संयोजक दधिराम अर्याल, सदस्य अर्जुन सुनार र तुल्सी ज्ञवाली भएको न्यायिक समितिबाट विवादको सत्र सञ्चालन भएको थियो । निवेदक गौमाया कवरयोगी आँखाभरि आँसु लिँदै पति दुर्गा कवरयोगीले दिएको दुःख कष्ट सहँदै झेल्दै आएको र बाँकी जीवन बिताउन नसक्ने बताउनुभयो । घरीघरी घाँटी अठ्याउन खोज्ने, घाँटी च्यापेर मार्दिन्छु पख्लिस् भन्दै दावा राख्ने, छरछिमेकीसँग काम परेर बोल्दा पनि जुन व्यक्तिसँग बोल्यो त्यही व्यक्तिसँग लागिस् भन्दै नाङ्गै पार्दै कुटपिट, बेइज्जत गर्ने र कक्षा ८ मा पढ्ने छोरीलाई समेत अरू केटासँग आरोप लगाई अनावश्यक लज्जास्पद गाली-बेइज्जती गर्ने छोरीलाई दिनुपर्ने माया-ममता दिनुको सट्टा उल्टो कुटपिट गर्नेजस्ता अमानवीय कार्य पटकपटक गर्ने गरेकोले असुरक्षितसमेत भएको हुँदा छोरीसमेतको सुरक्षा माग भएको थियो ।

पति दुर्गा कवरयोगीले पत्नी गौमाया कवरयोगी धेरैजसो घरमा नबस्ने खाली छिमेकीहरूसँग नचाहिने कुराहरू गरेर बस्ने, समयमा खाना नबनाउने, खान नदिने, मेरा कपडा सफा नगर्ने र त्यही कुरालाई लिएर थोरै गाली गऱ्यो भने माइत गई बस्ने गरेकोले हप्काउने र तर्साउने गरेको बताए । छोरी पनि स्कुलबाट आफ्नो साइकलमा सरासर पढेर घर नआई, ढिलो आउने, अरूको मोटरसाइकलमा हिँडेको देखेर छोरीमाथि शङ्का गरी गाली गरेको बताए । कहिलेकाहीं कामको थकाई र घरपरिवारको तनावले गर्दा रक्सी खाएर आएको बताए । उनले पनि सँगै बस्न नसक्ने बताए । पटक-पटकको छलफल, एकान्त भेटघाटबाट दुर्गा कवरयोगीले पत्नीलाई लाउने खानेमा सहयोग गर्ने, गाली बेइज्जती नगर्ने, छोरीलाई पनि अनावश्यक गाली बेइज्जती नगरी लाउने-खाने र पढाइ-लेखाइको बारेमा हेर्ने, घर निर्माण ठेक्कापट्टा गर्ने भए पनि समयमा घर आउने घरपरिवारको ख्याल गर्ने, आफ्नो कारण परिवारमा अशान्ति हुन नदिने, पत्नी गौमाया कवरयोगीले अनावश्यक गफ गरी नबस्ने र पति दुर्गा कवरयोगीलाई समयमा खाना दिने र सरसफाईमा ध्यान दिने दुवै पक्ष एउटै घर परिवारका सदस्य भएकोले पहिलेको जस्तै राम्रोसँग मिलेर बस्ने सहमति भएको थियो । उक्त सहमतिलाई कार्यान्वयन गर्ने सवालमा पटक-पटक छलफल भएको र अनुगमनसमेत भएकाले उक्त परिवार खुशी र सुखी भई पहिलाकै जस्तो अवस्थामा जीवनयापन गरिरहेको छ ।

सम्बन्धको तगारोमा ऋणको विश्वास

बेनी नगरपालिकाको न्यायिक समितिमा परेका उजुरी निवेदनमध्ये मेलमिलापको माध्यमबाट विवाद समाधान गरी वादी तथा प्रतिवादी दुवैले राहत महशुस गरेका थुप्रै विवादमध्ये बेनी नगरपालिका वडा नं. ६ बस्ने बी. पौडेलकी ६० वर्षिया श्रीमती एस. पौडेलले ऐ. ऐ. बस्ने जी. कार्कीकी ३६ वर्षिया श्रीमती एस. कार्कीबिरूद्ध कारबाही गरी न्याय पाउन उजुरी दर्ता गर्न भएको थियो ।

मुद्दामा सहभागी वादी तथा प्रतिवादी एकै घरका दुई बहिनी हुन् । यिनीहरू पहिले अत्यन्त पारिवारिक

न्यायिक समितिमा नै भनाभन र झण्डै कुटाकुटको अवस्था सिर्जना भयो । दुवै पक्षको कुरा सुनिसकेपछि प्रतिवादी एस. कार्कीका श्रीमानको नाउँको जग्गा बिक्री गर्नका लागि न्यायिक समितिको पहलमा निजका श्रीमान कार्यरत रहेको देश दुबईमा अधिकृत वारेशनामा पठाउने काम भयो । अधिकृत वारेशनामा यहाँबाट पठाएको करिब ४० दिनमा मात्र सहीछाप भई आयो र अब प्रतिवादी एस. कार्की ले नै उक्त जग्गा बेच्न मिल्ने अवस्था भयो ।

वातावरणमा सुमधुर सम्बन्धका साथ रहँदै बस्दै आएक थिए । समय चल्दै जाँदा बहिनी एस. कार्कीको विवाहमा समेत दिदी एस. पौडेल तथा भिनाजु बी. पौडेलले बाबुआमाले निभाउनुपर्ने भूमिका निभाएको अवस्था छ। बहिनी एस. कार्कीको विवाहपश्चात एस. पौडेलका ज्वाइँ जी. कार्की वैदेशीक रोजगारीमा गएका थिए । विदेश जानुभन्दा अगाडि केही आयआर्जनका लागि पोल्टी फार्म सञ्चालन गर्नुपर्ने भयो । रकमको अभाव भएसँगै केही सहयोग गरिदिनुहोस् भनी बहिनीले भनेको र त्यसका लागि आफूसँग रकम नभएकाले जग्गाको लालपुर्जा राखी म्याग्दी बेनीस्थित एक सहकारी संस्थाबाट आफ्नै नामबाट ५ लाख रकम कर्जा लिई बहिनी ज्वाइँलाई सापटी दिएको तथा केही समयपछि पोल्टी फार्म सञ्चालनमा विभिन्न समस्या पर्न गई सञ्चालन गर्न कठिन भएको र आयआर्जन गर्न नसकेको कारण रोजगारीका लागि विदेश जानुपरेको अवस्था रहेछ । फेरि केही सहयोग गरिदिनु भनी प्रतिवादीले भिनाजुसमक्ष हार-गुहार गरेकोले निवेदकका श्रीमान् बी. पौडेलले आफ्नै श्रीमतीलाई सल्लाह नगरी आफ्नो नाममा रहेको अर्को जग्गाको लालपूर्जा म्याग्दी बेनीस्थित एक बैङ्कमा धितो राखी फेरि २ लाख रूपैयाँ आफ्नै नामबाट कर्जा लिई साली एस. कार्कीलाई सापट दिएका थिए ।

समय बित्दै जाँदा आफ्नो श्रीमानले विदेशमा पनि राम्रो कमाई गर्न नसकेको, पोल्ट्री फार्म पनि बन्द भएकोले फेरि प्रतिवादी एस. कार्कीले केही समय किराना पसलसमेत सञ्चालन गरेको र उक्त किराना पसल पनि अपेक्षित ढङ्गले सञ्चालन गर्न नसकेको अवस्था थियो । पछि घाटामा गई बन्द भएको रहेछ । प्रतिवादीले कुनै तवरबाट पनि अपेक्षित ढङ्गले आयआर्जन गर्न नसक्दा आर्थिक कारोबार नराम्रोसँग प्रभावित भई दिदी-भिनाजुबाट त्यसरी सहकारी तथा बैङ्कबाट लिएको कर्जा तथा त्यसको ब्याज सुरूको केही समय तिरे पनि आखिरी दुई वर्षदेखि तिर्न नसकेको र बैङ्क तथा सहकारीले उक्त रकम तिर्न भनी समय-समयमा बी. पौडेल तथा निजकी श्रीमती एस. पौडेललाई ताकेता गर्दा उनीहरूले समेत तिर्न नसकेको र ऋण कर्जा सापट लगेका बहिनी-ज्वाइँ लौन उक्त ऋण कर्जा छिटै तिरिदेउ

नत्र बैङ्कले घरजग्गा लिलामी गर्ने भनी पत्र पठाएको छ भनी अनुरोध गर्दा रकम तिर्नुको सट्टा उल्टै झन तेरो पैसा अहिले तिर्न सक्दिन पछि कमाइ भएछ भने तिर्ने हो । होइन-छैन भनेको छैन बढी किचकिच गरेमा झन तिर्दैतिर्दिन, भनेको र थप अनुरोध गर्दा त झन् गुण्डा लगाएर ठीक पार्छुसमेत भनी धाकधम्की दिएको रहेछ । उता बैङ्क तथा सहकारीले बी. पौडेल तथा एस. पौडेलका नाममा पुनः अन्तिम पटक केही दिनको मौका दिएको र उक्त समयमा कर्जा नतिरेमा निजहरूको धितोबापत राखेको उनीहरू बस्दै आएको घर तथा जग्गा लिलाम गर्ने भनी पत्र पठाएको र अर्कोतिर बी. पौडेल दुई घरबारे भएको हुँदा अर्कोतर्फका छोराहरूले त्यही बेलामा बाबु बी. पौडेललाई हाम्रो अंश जग्गा सालीलाई बेचेर खाइस भनी धम्कीसमेत दिने गरेकोले बी. पौडेल तथा निजकी श्रीमती एस. पौडेलले त्यस्तो तनावपूर्ण अवस्थाको सामना गर्न नसकी विपक्षी एस. कार्कीलाई समितिमा झिकाई आवश्यक कारबाही गरी न्याय पाउँ भनी नगरपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए ।

निवेदकको निवेदनमाथि क्षेत्राधिकार अध्ययन गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम हुनुपर्नेमा सो प्रस्ट रूपमा थिएन र अधिकार क्षेत्रको अभावका कारण उक्त निवेदन दरपीट गर्नेतर्फ सोच-विचार गर्दा जिल्ला अदालतमा दर्ता गर्न‘पर्ने ठहराएको भए पनि निवेदक आर्थिक रूपमा साह्रै विपन्न भएको, त्यसैमाथि भएको सबै सम्पत्ति बैङ्कमा धितो रहेको तथा निजहरू निरक्षर भएको कारण अदालतको ढोकामा गई न्याय पाउनका लागि सक्दैनौ भनेकोले यस समितिबाट निरूपण गर्ने अधिकार नभए पनि मेलमिलाप गराउने उद्देश्यले उक्त मुद्दामा प्रवेश गरेको अवस्था हो ।

विपक्षीलाई यस न्यायिक समितिमा उपस्थित गराई पक्ष तथा विपक्षीलाई साथै राखी छलफल चलाउँदा समितिलाई छलफल गराउन पनि निकै नै कठिन भएको थियो । न्यायिक समितिमा नै भनाभन र झण्डै कुटाकुटको अवस्था सिर्जना भयो । दुवै पक्षको कुरा सुनिसकेपछि प्रतिवादी एस. कार्कीका श्रीमानको नाउँको जग्गा बिक्री गर्नका लागि न्यायिक समितिको पहलमा निजका श्रीमान कार्यरत रहेको देश दुबईमा अधिकृत वारेशनामा पठाउने काम भयो । अधिकृत वारेशनामा यहाँबाट पठाएको करिब ४० दिनमा मात्र सहीछाप भई आयो र अब प्रतिवादी एस. कार्की ले नै उक्त जग्गा बेच्न मिल्ने अवस्था भयो । यता अधिकृत वारेशनामा आउने समयसम्ममा निवेदक तथा विपक्षीलाई सँगै मिलेर जग्गा किन्ने ग्राहक खोज्न लगाएका थियौं । अधिकृत वारेशनामा आउने समयमा यता ग्राहक पनि पाइएको रहेछ । त्यसपछि न्यायिक समितिको सहयोगमा प्रतिवादीका श्रीमान जी. कार्कीका नाउँमा रहेको उक्त घरजग्गा रू ४० लाखमा कारोबार गर्ने भन्ने बारेमा बेच्ने र किन्नेबीच सहमति भयो र जग्गा बिक्री गर्ने काम पनि भयो । प्रतिवादीले निवेदकका नामबाट सहकारी संस्था तथा बैङ्कबाट लिएको ऋण कर्जा ७ लाख र उक्त रकमको ब्याजसमेत गरी करिब १० लाख रूपैयाँ उक्त संस्थाहरूमा बुझाई निवेदकको नामको धितो राखेको जग्गाको लालपूर्जा फिर्ता गरिदिँदा निवेदका श्रीमान-श्रीमती खुशीले गदगद भए र न्यायिक समितिलाई आशिर्वाद दिन थाले । प्रतिवादीको अन्य ठाउँमा पनि ऋण सापट तिर्नुपर्ने रहेछ सोको समेत प्राथमिकता निर्धारण गरी सो का आधारमा तिर्न न्यायिक समितिबाट सल्लाह दियौं । अहिले प्रतिवादीका परिवार नजिकै डेरा लिई बसेका छन् र आफ्नो डुब्न लागेको कारोबार मिलाउन सकेकोमा खुशी छन् भने यता निवेदकको परिवारमा त खुशीको सिमा नै छैन । न्यायिक समितिका संयोजक सञ्जु बरूवालले बेनी नगरपालिकामा यस्ता थुप्रै विषयका विवादहरू समाधान गरेकाले नागरिकहरू सन्तुष्ट रहेको बताउनुभयो ।

वर्षौंपछि डडुवाबासीलाई खानेपानी

नुवाकोट जिल्लाको दक्षिण-पश्चिम भागमा बेलकोटगढी नगरपालिकाको वडा नं. ६ अन्तर्गत प्राकृतिक दृष्टिले रमणीय "डडद्रवा" भन्ने सुन्दर गाउँ अवस्थित छ । उक्त गाउँमा बाहुन, क्षेत्री र तामाङ जातिको मानिसहरू बसोबास गर्छन् । यस गाउँको प्रमुख पेशा कृषि रहेको छ । खेतबारीमा राम्रो उत्पादन हुने हुँदा यहाँका मानिसहरूको आर्थिक अवस्था राम्रो छ । गाउँको विकास निर्माणका लागि बाटो, खानेपानी, स्वास्थ्य, शिक्षा आदिका लागि एक जुट भएर लाग्ने यहाँको परम्परा छ । प्राकृतिक दृष्टिले राम्रो भए पनि व्यवस्थित खानेपानीको समस्याले गाउँलाई चिन्तित तुल्याएको थियो । पानी ल्याउनुपर्ने कुवा-पँधेरो घरबाट टाढा भएकाले घरको एकजना सदस्यलाई खानेपानीको व्यवस्था गर्दै दिन बित्ने गरेको थियो । खानेपानीको विषयमा त्यहाँका मानिसहरूले पटक-पटक स्थानीय सरकार र प्रदेश सरकारसँग गुनासो राखिरहेका थिए ।

प्राकृतिक दृष्टिले राम्रो भए पनि व्यवस्थित खानेपानीको समस्याले गाउँलाई चिन्तित तुल्याएको थियो । पानी ल्याउनुपर्ने कुवा-पँधेरो घरबाट टाढा भएकाले घरको एकजना सदस्यलाई खानेपानीको व्यवस्था गर्दै दिन बित्ने गरेको थियो । खानेपानीको विषयमा त्यहाँका मानिसहरुले पटक-पटक स्थानीय सरकार र प्रदेश सरकारसँग गुनासो राखिरहेका थिए ।

डडुवा गाउँका मानिसहरूको दुःखलाई मध्यनजर गर्दै आ.व ०७५/७६ को बजेटमा प्रदेश सरकारबाट २० लाख रूपैयाँ खानेपानीका लागि विनियोजन गरिएको थियो । खानेपानी समस्यालाई दिगो रूपमा व्यवस्थापन गर्नका लागि प्रदेश सरकारबाट रकम विनियोजित भएको पछि स्थानीयहरू खुशीले निकै उत्साहित थिए । प्रदेशबाट रकम विनियोजन भए पनि आफ्नो ढङ्गबाट उपभोक्ता समिति बनाई आफ्नो टोलमा खानेपानी विस्तार गर्ने, एउटा टोलले परापूर्वदेखि भोगचलन गर्दै आएको मुहान अर्को टोलले हस्तक्षेप गर्ने कार्य गरी खानेपानीबाट बढी प्रभावित टोललाई उपेक्षा गरी योजनामा अस्वस्थ प्रतिस्पर्धा गर्ने कार्य सुरू भयो । आपसी विवाद भई योजनाको सफल कार्यान्यनमा बाधा उत्पन्न भयो । विवादले चरम रूप लिएकाले वास्तविक पीडित खानेपानीबाट वञ्चित हुने भएपछि उक्त गाउँका मानिस न्याय माग्न बेलकोटगढी नगरपालिकाको न्यायिक समितिमा उपस्थित भए । वि. सं. २०७३ सालमा दर्ता भएको "डडद्रवा सद्रवेदी गोलेटोल खानेपानी समिति" को लागि आएको २० लाख अर्को पक्षले नियमअनुसार स्थानीय उपभोक्ताको भेला नगरी आफ्नै ढङ्गले "धारे कृष्ण मन्दिर डडुवा खानेपानी उपभोक्ता समिति" गठन गरी आफूखुशी योजना सञ्चालन गर्ने उद्देश्य राखी प्राविधिक कार्य अगाडि बढाएको र नगर्नुभन्दा धम्कीपूर्ण शब्द प्रयोग गरी आफूखुशी कार्यक्रम सञ्चालन गर्न खोजेकोले स्थानीयले परापूर्वकालदेखि प्रयोग गरेको खानेपानीको मुहानमा समेत हस्तक्षेप गरेकोले सो

कार्य स्थगित गराई, प्रभावित उपभोक्ताहरूको भेला बसाई उपभोक्ता समिति गठन गरी खानेपानी योजना सञ्चालन गर्न २०७६ वैशाख २७ गते इन्द्रप्रसाद सुवेदीले स्थानीयहरूको तर्फबाट उजुरी दर्ता गर्नभयो । २०७५ माघ २१ गते वडा नं. ६ का वडाअध्यक्ष अम्बिका तामाङ र वडासदस्य रामहरि घिमिरेको रोहवरमा उपभोक्ताहरूको भेला गराई "धारे कृष्ण मन्दिर डडुवा खानेपानी उपभोक्ता समिति" गठन गरी योजना सम्झौता भई अन्तिम चरणमा काम पुगेको, वडाको निर्णयअनुसार चार ठाउँमा इस्टमेट बनाएको, योजनाले फिराद परेको खानेपानी मुहानलाई कुनै असर नपारेको, २०३८ सालबाट नै झङ्कनाथ सुवेदीलाई छुट्टै एक धारो पानी छोडी योजना सञ्चालन भएको र सोही धारो पानी ट्याङ्की बनाई पम्पिङ गरी १७ घर धद्ररीले प्रयोग गर्ने गरी इस्टमेट तयार भएको जिकिर २०७६ वैशाख ३० गते पेश भयो ।

वादी-प्रतीवादी दुवैतर्फको निवेदनअनुसार दुवैतर्फका उपभोक्ता समिति र स्थानीय भद्र-भलादमी, बुद्धिजीवीलाई राखी न्यायिक समितिको इजलासमा पटक-पटक छलफल गराउँदा विवादको समाधान नभएकाले फिल्ड निरीक्षण गरेपछि मात्रै निर्णय गर्ने गरी नगरपालिकाबाट वर्षा र कच्ची बाटोको बाबजुद न्यायिक समितिको टिम पैदलयात्रामार्फत डडुवा गाउँ पुग्यो । न्यायिक समितिको टिम त्यहाँ पुग्नेबित्तिकै २३ घरधुरीको उपभोक्ता आई पिउने पानीबाट वञ्चित गराउन लागिएको, स्वच्छ पानी पिउन पाउने नैसर्गिक अधिकार वञ्चित हुन थालेकोले न्याय पाउन रून-कराउन थाले । पानी भएको विवादित मुहानदेखि हरेक घरको आँगन-आँगनमा उपस्थित भई यथार्थलाई मध्यनजर गर्दै अर्को दिन दुवै उपभोक्ता समिति र स्थानीयलाई मान्य हुने निर्णय दिलाउने प्रतिबद्धता व्यक्त गर्दै उक्त टोली फर्कियो । इन्द्रप्रसाद सुवेदीले जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा २०७६ असार १५ मा दिएको निवेदनमा जिल्ला प्रसाशन कार्यालयले यसै बेलकोटगढी नगरपालिकाको न्यायिक समितिलाई लेखी पठाएको पत्रसमेत प्राप्त भएको थियो । २०७६ असार २५ गते वादी, प्रतिवादी र स्थानीय बुद्धिजीवी, समाजसेवी र स्थानीय उपभोक्ता समेतलाई उपस्थित गराई न्यायिक समितिको इजलासमा छलफल गराउँदा, सबैजनाको विचार सुनी, स्थलगत रिर्पोटलाई समेत ध्यानमा राखी डडुवा सुवेदी गोलेटोल खानेपानी उपभोक्ता समितिमार्फत पूर्वनिर्णयबमोजिम सञ्चालन हुँदै आएको खानेपानी योजनाअर्न्तगत खानेपानीबाट वञ्चित २३ घर परिवारलाई पानी उपलब्ध गराउनुपर्ने, यो समितिअर्न्तगत रहेको मूलको पानी एकमुष्ट सञ्चालन गरी हाल रहेको ट्याङ्कीबाट नै वितरण गनुपर्ने निष्कर्ष निकाल्यो । निर्णय चित्त नबुझे ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी म्यादभित्र पुनरावेदन नगरेमा कानूनबमोजिम निर्णय कार्यान्वयन गर्नु-गराउनु भनी निर्णय भयो ।

२३ घरधुरी र भद्र-भलादमी बुद्धिजीवीले न्यायिक समितिको निर्णय स्वागत गर्दै खुसी साथ धन्यवाद दिए । न्यायिक समितिको उक्त निर्णयले उक्त क्षेत्रमा खानेपानी उपलब्ध भएको छ । न्यायिक समिति संयोजक कविता ढुङ्गानाको उक्त इजलासले उक्त क्षेत्रको समस्या समाधान गरेसँगै खानेपानी नपाएका नागरिकहरूले खानेपानी प्राप्त गरेका छन् ।

श्रीमानबिरुद्ध श्रीमतीको उजुरी

सुनसरी जिल्ला रामधुनी नगरपालिका वडा नं. ८ निवासी ३६ वर्षिया गीता कार्की दुई छोराछोरीकी आमासमेत भएकी सासु-ससुराबाट आफ्ना श्रीमान् वर्ष ४५ का डम्बर कार्की र श्रीमती गीता कार्की दुई छोराछोरीसहित छुटिई भिन्न भई आफ्नो एकलौटी व्यवहार गर्दागर्दै गीता कार्कीका श्रीमान् डम्बर कार्कीले मादकपदार्थ सेवन गरी घर व्यवहारको कामलाई लथालिङ्ग बनाई दिनभर बरालिने बेलुकी साँझ परेपछि मादक पदार्थ सेवन गरी घर आउने घर आएपछि श्रीमती गीता कार्की र छोराछोरी समेतलाई नानाथरी गाली गर्ने, अपशब्द बोल्ने, कुटपिट गर्ने, खाना पकाएर राखी दिएको फ्याँक्ने, यसो नगर्नुहोस् भन्दा नमान्ने, घरनजिकै भएको सासुआमाले सम्झाइ-बुझाइ गर्नुपर्नेमा मेरो छोरोले भनेको तँलै मान्नुपर्छ भनी छोरालाई उल्टै उक्साउने काम गर्ने र अति भएपछि पीडा खप्न नसकेर झापा जिल्लामा भएका माइती पक्षको सहयोग मागेर पुस १८ गते रामधुनी नगरपालिकाको न्यायिक समितिसमक्ष आफ्नै श्रीमान् बिरूद्ध उजुरी दर्ता गर्न'भयो ।

> पक्षहरुबीच सहमति भएर गाएको केही महिनापछि पक्षहरुको बारेमा न्यायिक समितिको तर्फबाट मेलमलापकर्ता भवानीप्रसाद ढकाल स्थलगत निरीक्षण गर्न जाँदा दुवै श्रीमान् श्रीमती मिलीजुली घर व्यवहारको काम गरेको, छोराछोरीहरु पढ्नका लागि स्कुल पठाएका, गाईभैंसी बाख्रापाठा घर परिसरमा बाँधेर पालेका देखियो ।

न्यायिक समितिमा छलफलका लागि दुवै पक्षहरूलाई २०७५ माघ १ गते मेलमिलापकर्तामार्फत दुवै पक्षबीच छलफल गराउँदा सोही मितिदेखि गीता कार्कीका श्रीमान् डम्बर कार्कीले मादक पदार्थ सेवन गर्न छोडेर आफ्ना जहान, छोराछोरी, घर व्यवहार, छोराछोरीको स्वास्थ, शिक्षा, खान-लाउन सबै व्यवस्था मिलाई दिनेछु भनी सकारात्मक प्रतिक्रिया जनाएपछि गीता कार्कीले पनि एकपटकलाई माफी दिन स्वीकार गर्नुभयो । पक्षहरूबीच सहमति भएर गएको केही महिनापछि पक्षहरूको बारेमा न्यायिक समितिको तर्फबाट मेलमलापकर्ता भवानीप्रसाद ढकाल स्थलगत निरीक्षण गर्न जाँदा दुवै श्रीमान् श्रीमती मिलीजुली घर व्यवहारको काम गरेको, छोराछोरीहरू पढ्नका लागि स्कुल पठाएका, गाईभैंसी बाख्रापाठा घर परिसरमा बाँधेर पालेका देखियो । पीडित गीता कार्कीले तपाईहरूले जादुको छडीजस्तै गराइदिनु भयो हामी ज्यादै खुशी छौं तपाईहरूलाई धन्यवाद दिन्छौ भन्दै थप खुशी व्यक्त गर्न'भयो ।

नेपालका विभिन्न गाउँ टोलमा बस्ने दलित, जनजाति, पिछडा वर्ग, महिलाहरू तथा स्थानीयहरू कसैले पनि कानूनको पहुँचबाट वञ्चित हुन नपरोस्, स-साना विवादहरू समाधान गर्नका लागि अदालतसम्म पुग्न नपरोस्, सानातिना विवादहरू स्थानीय निकायमा नै समाधान गर्न सकियोस् र सबैको न्यायमा पहुँच पुगोस् साथै समय र खर्चको पनि बचत होस् भन्ने

उद्देश्यअनुसार प्रत्येक स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा न्यायिक कार्यसम्बन्धी व्यवस्था भन्ने शीर्षकको दफा ४६ मा गाउँपालिका तथा नगरपालिकामा संविधानको धारा २१७ बमोजिम एक न्यायिक समिति गठन भएको छ । न्यायिक समितिको गाउँपालिकामा उपाध्यक्ष तथा नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गाउँ सभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्यहरूसहित तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने कुरा व्यवस्था रहेको छ। प्रदेश नं. १ सुनसरी जिल्ला रामधुनी नगरपालिकामा रामधुनी नगर उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति २०७५ मङ्सिर ५ गतेबाट सञ्चालन भएको थियो । न्यायिक समितिमा दर्ता भएका थुप्रै विवादहरूमध्ये केही नमुना पनि छन् ।

सन्दर्भ–सामग्री

- गाउँपालिका तथा नगरपालिकाको न्यायिक समिति कार्यसम्पादन स्रोत पुस्तिका, नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँ, चैत, २०७५ ।
- घरेलु हिंसा (कसूर र सजायँ) ऐन, २०६६ नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
- ज्येस्ठ नागरिकसम्बन्धी ऐन, २०६३, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
- तुलाधर, इन्दु, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यास दिग्दर्शन, संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना काठमाडौँ, नेपाल, २०७७ काठमाडौँ ।
- तुलाधर, इन्दु, न्यायिक समिति र लैङ्गिक उत्तरदायित्व, नागरिक दैनिक, आइतबार, ०६ फागुन २०७४ ।
- तुलाधर, इन्दु, स्थानीय तहको न्यायिक समितिको अधिकार, एक्सनएड नेपाल, सन् २०१८ ।
- नेपालको संविधान, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
- प्रधान, मुक्ति नारायण, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, न्यायिक समिति : कार्यविधि र प्रक्रिया, जिल्ला समन्वय समिति रूकुम, २०७५ ।
- नेपालमा न्यायिक समिति नजिकबाट नियाल्दा, नेपाल कानून समाज, २०७६ माघ, काठमाडौँ ।
- विवाद समाधानमा न्यायिक समिति स्रोत सामग्री तथा प्रशिक्षण पुस्तिका, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय सेवा तालिम केन्द्र, नेपाल सरकार, बबरमहल, काठमाडौँ, (मिति नखुलाईएको) ।
- बालबालिकासम्बन्धी ऐन, २०७५ नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।